
दुर्लुङ भुमेकोट


मोदिवेणी धाम १०८ शिवलिङ्ग

# कुश्मा नगरपालिकाको वस्तुगत विवरण
# (Kushma Municipality Profile)
# २०७५



## कुश्मा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, कुश्मा, पर्वत
गण्डकी प्रदेश, नेपाल


कालिगण्डकीमा पाइने शालिग्राम


पौराणिक शिव सती सत्यदेवी मन्दिर, खुर्कोट


खौलालाँकुरी कोट


पञ्चासेको तालवाराही


शिवालयमन्दिर


कालीगण्डकीमा र्‍याफ्टिङ


यान्त्रिक पुल


पञ्चासे


कुश्मा–वलेवा पुल


सहस्रधारा


मोदी खोला


गुप्तेश्वर गुफा


नारायणस्थान मन्दिर


बाटुले घर


कुश्मामा निर्माणाधिन बन्जी जम्प


पवित्र कालीगण्डकी नदी


घुम्तीको झरना


कुश्मा–ग्यादी झोलुङ्गे पुल

# कुश्मा नगरपालिकाको नक्शा



# कुश्मा नगरपालिकाको वस्तुगत विवरण
# (Kushma Municipality Profile)
# २०७५

**प्रकाशक**
कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कुश्मा, पर्वत
गण्डकी प्रदेश, नेपाल

**संरक्षक**
रामचन्द्र जोशी, नगरप्रमुख

**सल्लाहकार**
सीता काफ्ले लामीछाने, नगर उप-प्रमुख
सुवासकुमार लामीछाने, प्रमुख प्रशासकीय अधिकृत

**वस्तुगत विवरण तयारकर्ता**
हिरालाल रेग्मी
लिलाधर सुबेदी
चन्द्रबहादुर क्षेत्री

**प्रकाशन/मुद्रण**
**एलायन्स प्रिन्टर्स एण्ड मिडिया हाउस प्रा.लि.**

मितिः २०७५, असार २५

कुश्मा नगरपालिका

# कुश्मा नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल

मितिः २०७५/०३/२५

## शुभकामना

नेपालको वर्तमान संविधानअनुसार स्थानीय सरकारहरूलाई विभिन्न आर्थिक, राजनैतिक तथा प्रशासनिक अधिकारहरूको उपयोग गर्ने अवसर प्राप्त भएको छ । लामो समयसम्म निर्वाचित जनप्रतिनिधिविहिन अवस्थामा रहेका तत्कालीन स्थानीय निकायहरूको सञ्चालनमा विभिन्न व्यवहारिक कठिनाईहरू उत्पन्न भएका थिए । नयाँ संविधान लागु भएपश्चात् स्थानीय तहहरूको निर्वाचन समेत सम्पन्न भई जननिर्वाचित प्रतिनिधिहरूले स्थानीय सरकारको वागडोर सम्हालीरहेका छन् । परिवर्तित राजनैतिक वातावरणले सिर्जना गरेको जनउत्साह र सरकारप्रतिको जनअपेक्षा पनि बढेर गएको छ । बढ्दो जनआकांक्षालाई पुरागर्ने गरी सङ्घीय तथा प्रादेशिक सरकारबाट प्राप्त अनुदान एवम् आन्तरिक स्रोत समेतको परिचालन गरी विकास र समृद्धिको मार्गमा अघी बढ्ने अभियानमा सम्पूर्ण नगरबासीको सहयोग पुग्ने अपेक्षा गरेको छु ।

नगरपालिकाको सामाजिक, सांस्कृतिक, आर्थिक, भौतिक पूर्वाधार, भौगोलिक, शैक्षिक, जनसाङ्ख्यिक लगायतका विविध पक्षहरूको वास्तविक स्थितिको पहिचान एवम् जानकारीले प्राथमिकता निर्धारण गरी वास्तविक आवश्यकता र जनचाहानामा आधारित योजना निर्माण गर्न र कार्यान्वयन गर्नमा ठूलो सहयोग पुग्दछ । स्थानीय सरकार सञ्चालन ऐन, नियमावली तथा कार्यविधिमा व्यवस्था भएअनुसार नगरपालिकाका विविध पक्षहरू, पर्यटकीय स्थलहरूको चिनारी, नगरपालिकाका अवसर, चुनौती, विकासका सम्भावना समेतलाई समावेश गरी तयार गरिएको यस वस्तुगत विवरणले नगरपालिकाको विकास र समृद्धिका लागि भावि नीति नियम तथा योजना निर्माण कार्यमा सहयोग पुग्ने विश्वास लिएको छु । नगरपालिकाको वस्तुगत विवरण तयार गर्ने जिम्मेवारी पुरा गर्नुहुने टोलीका सदस्यज्यूहरू, विभिन्न वडाका जन प्रतिनिधि साथिहरू, कर्मचारी लगायत यस कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्णलाई धन्यवाद् दिन चाहन्छु ।

रामचन्द्र जोशी
नगर प्रमुख

कुश्मा नगरपालिका

# कुश्मा नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल

मितिः २०७५/०३/२५

## शुभकामना

नेपालको राजनैतिक इतिहासमा लामो समय सम्मको केन्द्रीकृत एकात्मक शासन व्यवस्थाको अन्त्यपश्चात् स्थापित वर्तमान राजनैतिक संरचना अन्तर्गत संविधानतः स्थानीय सरकारहरूलाई विभिन्न आर्थिक, राजनैतिक तथा प्रशासनिक अधिकारहरूको उपयोग गर्ने सुनौलो अवसर प्राप्त भएको छ । नेपालका संविधान-२०७२ लागु भएपश्चात् स्थानीय तहहरूको निर्वाचन समेत सम्पन्न भई जननिर्वाचित प्रतिनिधिहरूले स्थानीय सरकार सञ्चालन गरिरहेका छन् । स्थानीय सरकारहरूले अनेकौं कठिनाईका बावजुद पनि जनचाहनाअनुरूप संविधानले प्रदान गरेका अधिकारहरू उपयोग गर्दै विकास निर्माणका कार्यहरू अगाडि बढाईरहेका छन् । यस सन्दर्भमा नगरबासीका चाहनाहरूलाई सकेसम्म संबोधन गर्ने गरी सङ्घीय तथा प्रादेशिक सरकारबाट प्राप्त अनुदान एवम् आन्तरिक स्रोतको परिचालन गरी विकास र समृद्धिको मार्गमा अघी बढ्ने अभियानमा सम्पूर्ण नगरबासीको सहयोग पुग्ने अपेक्षा गरेको छु ।

नगरपालिकाको सामाजिक, सांस्कृतिक, आर्थिक, भौतिक पूर्वाधार, भौगोलिक, शैक्षिक, जनसाङ्ख्यिक लगायतका विविध पक्षहरूको वास्तविक स्थितिको पहिचान एवम् जानकारीले प्राथमिकता निर्धारण गरी वास्तविक आवश्यकता र जनचाहानामा आधारित योजना निर्माण गर्न र कार्यान्वयन गर्नमा ठूलो सहयोग पुग्दछ । यसै सन्दर्भमा यस नगरपालिकाका आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधारसंग सम्बन्धित विविध पक्षहरू, पर्यटकीय स्थलहरूको चिनारी, नगरपालिकाका अवसर, चुनौती एवम् विकासका सम्भावना समेतलाई समावेश गरी लामो समयसम्म प्राध्यापन पेशामा संलग्न तथा स्थानीय निकायमा रहेर कार्य गर्नुभएका विज्ञ अनुसन्धानकर्ता मित्रहरूबाट मेहनतस्वरूप तयार गरिएको यस वस्तुगत विवरणले नगरपालिकाको विकास र समृद्धिका लागि भावि नीति, नियम तथा योजना निर्माण गर्ने कार्यमा सहयोग पुग्ने छ भन्ने अपेक्षा गरेको छु । नगरपालिकाको वस्तुगत विवरण तयार गर्ने क्रममा सहयोग पुर्‍याउनुहुने नगरप्रमुख, विभिन्न वडाका जन प्रतिनिधि साथिहरू, अध्ययन टोलीका सदस्यहरू, कर्मचारी लगायत सम्पूर्णलाई विशेष धन्यवाद् दिन चाहन्छु ।

सीता काफ्ले लामीछाने
नगर उप-प्रमुख

कुश्मा नगरपालिका

# कुश्मा नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल

मितिः २०७५/०३/२५

## शुभकामना

नेपालको परिवर्तित राजनैतिक संरचनाअनुसार स्थानीय तहको निर्वाचन भई स्थानीय सरकारका रूपमा गाउँपालिका तथा नगरपालिकाहरूको गठन भएको छ । नेपालको वर्तमान संविधानले नै स्थानीय तहहरूलाई विभिन्न आर्थिक तथा प्रशासनिक अधिकारहरूको व्यवस्था गरेको छ । स्थानीय तहहरूले आन्तरिक तथा संघीय एवम् प्रादेशिक सरकारबाट प्राप्त हुने आर्थिक स्रोतको परिचालन गरी आवधिक, रणनैतिक तथा वार्षिक योजना तथा कार्यक्रमहरू निर्माण गरी कार्यान्वयनमा ल्याउने अधिकार प्राप्त गरेका छन् । यसका लागि स्थानीय तहको समग्र पक्षको पहिचान खुल्ने गरी वस्तुगत विवरण तयार गर्नु औचित्यपूर्ण देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, नियमावली तथा कार्यविधिमा व्यवस्था भएअनुसार गाउँपालिका तथा नगरपालिकाहरूले आर्थिक, सामाजिक, सांस्कृतिक, जनसाङ्ख्यिक, भौगोलिक, शैक्षिक जस्ता पक्षहरूलाई समावेश गरी वस्तुगत विवरण तयार गर्ने कुरा उल्लेख भएको छ । यस नगरपालिकाले आर्थिक वर्ष ०७४/०७५ को वार्षिक योजनामा वस्तुगत विवरण तयार गर्ने कार्यक्रम समावेश गरेको सन्दर्भमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्दिष्ट गरेको ढाँचामा नगरपालिकाभित्रका विविध पक्षहरूलाई समावेश गरी तयार गरिएको यस वस्तुगत विवरणले नगरपालिकाको समग्र विकासका लागि आगामी दिनमा आवधिक योजना, रणनैतिक योजना तथा गुरूयोजना निर्माण गरी कार्यान्वयन गर्नमा सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिएको छु ।

वस्तुगत विवरण तयार गर्ने महत्त्वपूर्ण कार्यको जिम्मेवारी वहन गर्नुहुने विज्ञ मित्रहरू, यस कार्यमा सहयोग पुऱ्याउनुहुने नगर प्रमुख, नगर उप-प्रमुख एवम् जनप्रतिनिधिज्यूहरू, कार्यालयका कर्मचारी साथिहरू, विभिन्न वडाका सामाजिक परिचालकहरू एवम् विभिन्न संघ संस्था तथा निकायहरूलाई समेत यस अवसरमा धन्यवाद् दिन चाहन्छु ।

सुवास कुमार लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

# कृतज्ञता ज्ञापन

नेपालमा लामो समयसम्म कायम रहेको केन्द्रिकृत तथा एकात्मक शासन प्रणालीको अन्त्य भई संविधानतः सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यप्रणालीमा प्रवेश गरीसकेपछि भएको स्थानीय निकायको पुनर्संरचनापश्चात् गठित पर्वत जिल्ला अन्तर्गतका सातवटा स्थानीय तहहरू मध्ये कुश्मा नगरपालिका एक हो । संघीय संसद, प्रादेशिक संसद तथा स्थानीय तहहरूको निर्वाचन सम्पन्न भए पश्चात् सङ्घीयता कार्यान्वयनको प्रारम्भिक चरणमा नेपाल प्रवेश गरिसकेको छ । स्थानीय तहहरूलाई संविधानमा नै उल्लेख गरी विभिन्न राजनैतिक तथा आर्थिक अधिकारहरूको व्यवस्था गरिएकोले विगतको तुलनामा स्थानीय तहहरू बढी अधिकारसम्पन्न भएका छन् ।

जनतालाई सरकारको प्रत्यक्ष अनुभुति प्रदान गर्ने सबैभन्दा नजिकको निकाय भनेको नै स्थानीय तहहरू हुन् । स्थानीय तहहरूले स्पष्ट योजना, नीति र कार्यक्रमहरूका साथ आफ्नो क्षेत्रभित्र रहेका आर्थिक तथा मानवीय साधन र स्रोतहरूलाई परिचालन गर्न सकेमा आर्थिक समृद्धिको मार्गमा अगाडि बढ्न सक्ने कुरा निर्वीवाद छ । स्थानीय तहहरूमा आर्थिक स्रोत तथा साधनहरूको एकत्रीकरण भएको छ । यस सन्दर्भमा नगरपालिकाहरूले पनि आफ्नो आर्थिक, भौतिक, भौगोलिक, शैक्षिक, जनसाङ्ख्यिक तथा विभिन्न सामाजिक पूर्वाधारहरको वास्तविक स्थितिको विश्लेषण गरी त्यसको आधारमा आवधिक योजना तथा वार्षिक नीति एवम् कार्यक्रम तय गर्नु सान्दर्भिक र औचित्यपूर्ण हुन्छ । यस तथ्यलाई हृदयगंम गरी कुश्मा नगरपालिकाले आर्थिक वर्ष २०७४/ ०७५ को कार्षिक योजनामा वस्तुगत विवरण तयार गर्ने कार्यक्रम समावेश गरेकोले सोहीअनुसार यो वस्तुगत विवरण तयार गरिएको छ ।

कुश्मा नगरपालिकाको आर्थिक, भौगोलिक, सामाजिक, भौतिक तथा जनसाङ्ख्यिक पक्षहरूका अतिरिक्त यहाँका धार्मिक तथा पर्यटकीय सम्पदास्थलको परिचयका साथै आर्थिक, पर्यटन तथा सामाजिक विकासका सम्भावना र चुनौतीहरूलाई समेत यस विवरणमा समावेश गरिएको छ । प्राकृतिक स्रोतहरू र पर्यटकीय स्थलहरूले धनी रहेको यस नगरपालिकामा विकासका प्रशस्त सम्भावनाहरू रहेका छन् भने त्यति नै मात्रामा चुनौतीहरू पनि रहेका छन् । संविधानतः प्रदत्त अधिकारहरूलाई प्रयोग गरी नगरबासीहरूको आर्थिकस्तर तथा जीवनस्तरमा उल्लेख्य परिवर्तन ल्याई समृद्ध नगरपालिकाका रूपमा स्थापित हुने कुरा चुनौतीपूर्ण रहेको छ । तरपनि विविध आर्थिक, प्राकृतिक स्रोतहरू तथा पर्यटकीय स्थलहरूको समुचित उपयोग र परिचालन गर्न सकियो भने सुन्दर, समुन्नत र समृद्ध नगरपालिकाका रूपमा स्थापित गराउन सक्ने बलियो सम्भावना यस नगरपालिकाको रहेको छ । नगरपालिकाको समृद्धि र उन्नतिका लागि नगरपालिकाका सरकारी निकायहरू, जन निर्वाचित प्रतिनिधिहरू तथा अन्य सरोकारवालाहरूलाई भविश्यमा सञ्चालन गर्न सकिने विभिन्न योजना, कार्यक्रम तथा आवश्यक नीति निर्माणका लागि आधार हुनसक्ने अपेक्षासहित यो वस्तुगत विवरण तयार गरिएको छ ।

नगरपालिकाको वस्तुगत विवरण तयार गर्नेजस्तो महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरेकोमा कुश्मा नगरपालिका कार्यालयप्रति हार्दिक धन्यवाद् ज्ञापन गर्दछौं । नगरपालिकाका प्रमुख रामचन्द्र जोशी, उपप्रमुख सीता काफ्ले लामिछाने लगायत सम्पूर्ण जनप्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृत सुवास कुमार लामिछाने, लेखा अधिकृत कृष्णप्रसाद शर्मा एवम् सम्पूर्ण कर्मचारी मित्रहरू र सामाजिक परिचालकहरूमा आभार व्यक्त गर्दछौं । यस वस्तुगत विवरण तयारीका क्रममा आवश्यक पर्ने सूचना तथा तथ्याङ्क उपलब्ध गराउने विभिन्न सरकारी कार्यालय, संघ संस्था एवम् व्यक्तिहरूप्रति पनि हामी आभार प्रकट गर्दछौं ।

समाजको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक तथा जनसाङ्ख्यिक पक्षहरू परिवर्तनशील भईरहने स्वभावका हुन्छन् । यस वस्तुगत विवरणमा उल्लेख गरिएका सुचना तथा तथ्याङ्कहरू नगरपालिकाको विकासका लागि आवश्यक पर्ने योजना तथा नीति निर्माण गर्नका लागि आधारशीलाको रूपमा रहने छन् भन्ने पूर्ण अपेक्षा गरेका छौं । शिक्षा, स्वास्थ्य, यातायात तथा सामाजिक पूर्वाधारका क्षेत्रको विकास र विस्तार गरी

नगरपालिकाभित्रका आर्थिक, प्राकृतिक तथा मानवीय साधन स्रोतहरूको परिचालन र उपयोग गर्दै एक समृद्ध नगरपालिकाका रूपमा आफूलाई स्थापित गराउनमा यो वस्तुगत विवरणले सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिएका छौं । वस्तुगत विवरणमा यथासम्भव आधिकारिक तथ्याङ्क समावेश गरेका छौं । मानवीय कमजोरी र भुलवश भएका त्रुटीहरू सच्याउने हाम्रो दायित्व हो भन्ने कुरा सम्झेका छौं । परिवर्तित राजनैतिक संरचनाअनुसार उपलब्ध साधन तथा स्रोतको अधिकतम् परिचालनका माध्यमबाट नगरबासीमा उर्लिएका जनअपेक्षाहरूलाई पुरा गरी समृद्ध नगरपालिकाको रूपमा आफूलाई स्थापित गराउनमा नगरपालिकाको सिंगो परिवारलाई आगामी दिनमा सफलता मिलोस भन्ने शुभकामना दिन चाहान्छौं ।

धन्यवाद्

अध्ययन टोली
हिरालाल रेग्मी, टोली नेता
लिलाधर सुबेदी, सदस्य
चन्द्रबहादुर क्षेत्री, सदस्य

# तालिका अनुसूची


| तालिका नं. | तालिका विवरण | पेज नं. |
|---|---|---|
| २.१ | नगरपालिकाको वर्तमानमा कायम भएका वडाहरूको क्षेत्रफल, घरधुरी तथा जनसङ्ख्या विवरण | ५ |
| २.२ | साविक कुश्मा नगरपालिकाको वडागत संरचना | ६ |
| २.३ | नगरपालिकामा मनाइने चाडपर्वहरूको विवरण | ७ |
| २.४ | नगरपालिकामा मनाइने मेलापर्वहरूको विवरण | ८ |
| २.५ | नगरपालिकाका प्रमुख पर्यटकीय स्थलहरूको विवरण | ९ |
| २.६ | नगरपालिकामा रहेका धार्मिक स्थलहरूको विवरण | ११ |
| २.७ | नगरपालिकाको भू-उपयोग स्थिति | १२ |
| २.८ | वडा अनुसार भू-उपयोगको स्थिति र क्षेत्रफल | १३ |
| २.९ | भूस्वामित्वको स्थिति | १४ |
| २.१० | नगरपालिकामा गरिबीको अवस्था | १४ |
| २.११ | नगरपालिकामा क्रियाशील रहेका राजनैतिक दलहरूको विवरण | १५ |
| २.१२ | नगरपालिकाका जननिर्वाचित प्रतिनिधिहरूको विवरण | १६ |
| २.१३ | नगरकार्यपालिकाका पदाधिकारी तथा सदस्यहरूको विवरण | १७ |
| २.१४ | नगरपालिकामा कार्यरत कर्मचारीको विवरण | १८ |
| ३.१ | जनसङ्ख्या वितरणको अवस्था | २० |
| ३.२ | औसत परिवार सङ्ख्या तथा लैङ्गिक अनुपात सम्बन्धी विवरण | २० |
| ३.३ | परिवार सदस्य सङ्ख्याअनुसार घरपरिवार सङ्ख्या | २१ |
| ३.४ | वडाअनुसार घरधुरी, जनसङ्ख्या तथा क्षेत्रफलको विवरण | २१ |
| ३.५ | वडाअनुसार प्रमुख वस्तीहरूको विवरण | २२ |
| ३.६ | उमेर तथा लिङ्गका आधारमा जनसंख्याको विवरण | १४ |
| ३.७ | आर्थिक रूपले सक्रिय जनसङ्ख्याको अवस्था | २४ |
| ३.८ | मातृभाषाको आधारमा जनसंख्याको विवरण | २५ |
| ३.९ | जातियताको आधारमा जनसंख्याको विवरण | २५ |
| ३.१० | सबलाङ्ग र फरक क्षमता भएका जनसङ्ख्याको विवरण | २७ |
| ३.११ | अपाङ्गताको आधारमा जनसंख्या | २७ |
| ३.१२ | अपाङ्गता परिचयपत्र लिएका बालबालिकाको विवरण | २८ |
| ४.१ | छानाको प्रकारको आधारमा घरधुरी विवरण | २९ |
| ४.२ | घरको जगको प्रकारको आधारमा घरपरिवार विवरण | २९ |
| ४.३ | घरको बाहिरी गारोका आधारमा घरपरिवार विवरण | ३० |
| ४.४ | स्वामित्वको आधारमा घरपरिवारको बसोबासको अवस्था | ३१ |
| ४.५ | खानेपानीको स्रोतको आधारमा घरपरिवार सम्बन्धी विवरण | ३२ |
| ४.६ | खाना पकाउने इन्धनको प्रयोगको आधारमा घरपरिवार विवरण | ३३ |
| ४.७ | वत्ती प्रयोगका आधारमा घरपरिवार सङ्ख्या | ३३ |
| ४.८ | उपलब्ध सेवा सुविधाको आधारमा घरपरिवार विवरण | ३४ |
| ४.९ | शौचालय प्रयोगका आधारमा घरपरिवार विवरण | ३५ |
| ४.१० | खुला दिशामुक्त घोषणा मिति र शौचालयको विवरण | ३५ |
| ४.११ | आर्थिक वर्ष ०७३/०७४ र ०७४/ ०७५ को पञ्जीकरणको विवरण | ३६ |
| ४.१२ | वडाअनुसार आर्थिक वर्ष ०७४/०७५ मा सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण | ३६ |
| ४.१३ | लक्षित कार्यक्रमतर्फ भएको विनियोजन तथा खर्चको विवरण | ३७ |
| ४.१४ | नगरपालिकामा रहेका शैक्षिक संस्थाहरूको विवरण | ३७ |

| | | |
|---|---|---|
| ४.१५ | कलेज तथा कक्षा १२ सम्म पठनपाठन हुने विद्यालयको विवरण | ३८ |
| ४.१६ | ५ वर्ष र सो भन्दा माथिकाको साक्षरताको आधारमा जनसंख्याको विवरण | ३९ |
| ४.१७ | विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको विवरण (शैक्षिक सत्र २०७४) | ३९ |
| ४.१८ | ५ वर्ष र सो भन्दा माथिकाको शैक्षिक अवस्था | ४० |
| ४.१९ | कुल साक्षरता दरमा महिलाहरूको हिस्सा | ४० |
| ४.२० | वडा अनुसार साक्षरता प्रतिशत | ४१ |
| ४.२१ | नगरपालिकाका सरकारी विद्यालयमा कार्यरत शिक्षक विवरण | ४२ |
| ४.२२ | विशेष शिक्षा अन्तर्गत स्रोत कक्षामा अध्ययनरत विद्यार्थीको विवरण | ४२ |
| ४.२३ | नगरपालिकामा रहेका सरकारी विद्यालयहरूको विवरण | ४३ |
| ४.२४ | संस्थागत विद्यालयहरूको विवरण | ४५ |
| ४.२५ | लिङ्ग अनुसार बालविवाह सम्बन्धी विवरण (१८ बर्ष मुनीका) | ४५ |
| ४.२६ | कामदारको रूपमा घर/परिवारबाट घरबाहिर गएका बालबालिकाहरूको अवस्था | ४६ |
| ४.२७ | श्रमिक बालबालिकाको प्रकार | ४६ |
| ४.२८ | बालबालिकाहरूको हत्या अपहरण सम्बन्धी विवरण | ४७ |
| ४.२९ | स्वास्थ्य सम्बन्धी सूचकहरु | ४७ |
| ४.३० | नगरपालिकाका विभिन्न वडाहरूमा गठित बालक्लवहरूको विवरण | ४८ |
| ४.३१ | वडागत बालक्लवहरूको विवरण | ४९ |
| ४.३२ | बालक्लव तथा बालसमुहले प्रतिनिधित्व गरेका संघ/संस्थाहरूको विवरण | ४९ |
| ४.३३ | जन्म दर्ता भएका बालबालिकाहरूको संख्या | ५० |
| ४.३४ | परिवारविहिन बालबालिकाको अबस्था | ५० |
| ४.३५ | विभिन्न खोप सेवा प्रयोग गर्नेको विवरण | ५१ |
| ४.३६ | खोप सेवा छोड्ने बालबालिकाको अवस्था | ५१ |
| ४.३७ | विगत ३ बर्षहरूको पोषणको अवस्था | ५२ |
| ४.३८ | बालबालिकामा कुपोषणको अवस्था | ५३ |
| ४.३९ | दीर्घ रोगको कारणले मृत्यु भएका बालबच्चा सम्बन्धी विवरण | ५३ |
| ४.४० | महिला हिंसा सम्बन्धी विवरण | ५३ |
| ४.४१ | विद्यमान स्वास्थ्य सेवा सम्बन्धी विवरण | ५४ |
| ५.१ | सिंचाईका श्रोतहरूको विवरण | ५६ |
| ५.२ | सिंचाई आयोजनाहरूको विवरण | ५७ |
| ५.३ | भू-क्षयबाट प्रभावित क्षेत्र | ५७ |
| ५.४ | ताल/तलैया, प्राकृतिक पोखरीको विवरण | ५८ |
| ५.५ | नगरपालिकामा रहेका होमस्टेहरूको विवरण | ५८ |
| ५.६ | वार्षिक कृषि उत्पादन सम्बन्धी विवरण | ५९ |
| ५.७ | मुख्य पेशा सम्बन्धी विवरण | ६० |
| ५.८ | पशु धन तथा सोबाट हुने उत्पादन सम्बन्धी विवरण | ६० |
| ५.९ | नगरपालिकाका कृषि पकेट क्षेत्रहरू | ६१ |
| ५.१० | कृषि सम्बन्धी दर्ता भएका उद्योगहरूको विवरण | ६१ |
| ५.११ | नगरपालिकामा रहेका बास्तुकला उद्योगहरू | ६२ |
| ५.१२ | नगरपालिका क्षेत्रभित्र रहेका घरेलु तथा साना उद्योगहरूको विवरण | ६२ |
| ५.१३ | नगरपालिका क्षेत्रभित्र रहेका वणिज्य तथा व्यापार सम्बन्धी विवरण | ६५ |
| ५.१४ | वन क्षेत्र / नर्सरी सम्बन्धी विवरण | ६६ |
| ५.१५ | नगरपालिका क्षेत्रमा रहेका सामुदायिक वनहरूको विवरण | ६६ |
| ५.१६ | प्राकृतिक स्रोतको विवरण | ६९ |
| ५.१७ | फोहोरमैला ब्यवस्थापन सम्बन्धी विवरण | ७० |

| | | |
|---|---|---|
| ५.१८ | बसपार्क वा बसस्टेशनहरूको अवस्था | ७० |
| ५.१९ | नगरपालिकाको बस्तीबाट नगरपालिकाको केन्द्र पुग्न लाग्ने अनुमानित समय | ७१ |
| ५.२० | नगरपालिकामा रहेका खुला क्षेत्र तथा स्थापित बजारहरूको विवरण | ७१ |
| ५.२१ | अचल सम्पत्तिको विवरण | ७२ |
| ५.२२ | धार्मिक स्थलको नाम र संख्याको विवरण | ७२ |
| ५.२३ | नगरपालिकाभित्र सडक सञ्जालको विद्यमान् अवस्थाको विवरण | ७३ |
| ५.२४ | निर्माणाधीन तथा स्तर उन्नतिको कार्य भईरहेका नगरस्तरीय सडकहरूको विवरण | ७४ |
| ५.२५ | नगरपालिका क्षेत्रभित्र रूट परमिट लिएर सञ्चालन भएका सवारी साधनहरूको विवरण | ७४ |
| ५.२६ | विद्यमान सतह ढलको अवस्था | ७५ |
| ५.२७ | सार्वजनिक शौचालय सम्बन्धी विवरण | ७५ |
| ५.२८ | प्राकृतिक प्रकोपबाट भएको क्षेतिको विवरण (आ. व. ०७४/०७५ ) | ७६ |
| ५.२९ | शहरी विद्युतीकरण (सामुदायिक बाहेक) को विवरण | ७७ |
| ५.३० | नगरपालिका क्षेत्रमा दुरसञ्चार सम्बन्धी विवरण | ७७ |
| ५.३१ | झोलुङ्गे पुल/पुलपुलेसा सम्बन्धी विवरण | ७८ |
| ५.३२ | व्यापारिक केन्द्रहरूको विवरण | ७९ |
| ५.३३ | नगर क्षेत्रभित्रका सामुदायिक भवनहरूको विवरण | ७९ |
| ५.३४ | सार्वजनिक पार्टी, पौवा र चौतारा सम्बन्धी विवरण | ८० |
| ५.३५ | खेलमैदान सम्बन्धी विवरण | ८१ |
| ५.३६ | पार्क, वनस्पति तथा उद्यान सम्बन्धी विवरण | ८२ |
| ५.३७ | नगरपालिकाको कार्यालयदेखि वडा कार्यालयसम्मको दुरी सम्बन्धी विवरण | ८२ |
| ५.३८ | अन्तर्राष्ट्रिय गैर सरकारी संघ/संस्थाहरूको विवरण | ८३ |
| ५.३९ | नगरपालिकाभित्र रहेका गैर सरकारी संस्थाहरूको विवरण | ८४ |
| ६.१ | नगरपालिकामा रहेका सरकारी कार्यालयहरुको विवरण | ८६ |
| ६.२ | सूरक्षा इकाईको विवरण | ८७ |
| ६.३ | विमानस्थलको विवरण | ८७ |
| ६.४ | शवदाह तथा बधशालाको विवरण | ८८ |
| ६.५ | नगरपालिकामा रहेका सहकारी संस्थाहरूको विवरण | ८८ |
| ६.६ | नगरपालिकामा रहेका बैंक तथा वित्तिय संस्थाहरूको विवरण | ९१ |
| ६.७ | रासायनिक मल बिक्री वितरण गर्ने सहकारी संस्थाहरू | ९२ |
| ६.८ | सुपथ मूल्यका सहकारी पसलको विवरण | ९२ |
| ६.९ | कृषि सेवाकेन्द्र, उपकेन्द्र, कृषि समुह | ९३ |
| ६.१० | पशुसेवा केन्द्र, उपकेन्द्र, कृषक समुहको भवनको अवस्था | ९३ |
| ६.११ | नगरपालिकाभित्र हुलाक सेवा केन्द्रको अवस्था | ९४ |
| ६.१२ | हालका वडा कार्यालय/ नगरपालिकाका भवनहरूको विवरण | ९५ |
| ६.१३ | नगरपालिकामा वित्तीय अवस्थाको विवरण | ९६ |

# विषय सूची


| क्र. सं. | विवरण | पेज नं. |
| --- | --- | --- |
| | कुश्मा नगरपालिकाको नक्शा | |
| | शुभकामना मन्तब्य | |
| | कृतज्ञता ज्ञापन | |
| | तालिका अनुसूची | |
| १ | **अध्ययन विधि** | |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | वस्तुगत विवरण तयार गर्नुको उद्देश्य | १ |
| १.३ | वस्तुगत विवरण तयार गर्नुको औचित्य | २ |
| १.४ | वस्तुगत विवरण तयारीका लागि अपनाईएका विधिहरू | २ |
| १.५ | वस्तुगत विवरणको सिमाहरू | ३ |
| १.६ | वस्तुगत विवरणको संरचना | ३ |
| २ | **परिचय** | |
| २.१ | नगरपालिकाको परिचय | ४ |
| २.२ | भौगोलिक स्वरूप | ७ |
| २.३ | स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरूको विवरण | ७ |
| २.४ | पर्यटकीय स्थलहरूको विवरण | ९ |
| २.५ | नगरपालिका क्षेत्रमा रहेका धार्मिक स्थल तथा मठ मन्दिरहरूको विवरण | ११ |
| २.६ | वर्तमान भू-उपयोग स्थिति | १२ |
| २.७ | वडा अनुसार भू-उपयोगको स्थिति र क्षेत्रफल | १३ |
| २.८ | भूस्वामित्वको स्थिति | १४ |
| २.९ | सामुदायिक मेलमिलाप सम्बन्धी समिति गठन र क्रियाकलाप | १४ |
| २.१० | नगरपालिकामा गरिबीको अवस्था | १४ |
| २.११ | स्थानीय राजनैतिक दलहरू | १५ |
| २.१२ | नगरपालिकाका जन निर्वाचित प्रतिनिधि तथा पदाधिकारीहरूको विवरण | १६ |
| २.१३ | नगरपालिकामा कार्यरत कर्मचारीको विवरण | १८ |
| २.१४ | नगरपालिकाको संगठनात्मक ढाँचा वा संरचना | १९ |
| ३ | **जनसाङ्ख्यिक विवरण तथा विशेषता** | |
| ३.१ | जनसङ्ख्या वितरणको अवस्था | २० |
| ३.२ | घरपरिवारअनुसार औसत परिवार सङ्ख्या तथा कुल जनसङ्ख्यामा लैङ्गिक अनुपात सम्बन्धी विवरण | २० |
| ३.३ | परिवार सदस्य सङ्ख्याअनुसार घरपरिवार सङ्ख्या | २१ |
| ३.४ | वडाअनुसार घरधुरी, जनसङ्ख्या तथा क्षेत्रफलको विवरण | २१ |
| ३.५ | वडाअनुसार प्रमुख वस्तीहरूको विवरण | २२ |
| ३.६ | उमेर तथा लिङ्गका आधारमा जनसंख्याको विवरण | २४ |
| ३.७ | आर्थिक रूपले सक्रिय जनसङ्ख्याको अवस्था | २४ |
| ३.८ | मातृभाषाको आधारमा जनसंख्याको विवरण | २५ |
| ३.९ | जातियताको आधारमा जनसंख्याको विवरण | २५ |
| ३.१० | सबलाङ्ग र फरक क्षमता भएका जनसङ्ख्याको विवरण | २७ |
| ३.११ | अपाङ्गताको आधारमा जनसंख्या | २७ |
| ३.१२ | अपाङ्गता परिचयपत्र लिएका बालबालिकाको विवरण | २८ |

| | | |
|---|---|---|
| ४ | **भौतिक पूर्वाधार, शैक्षिक तथा सामाजिक विकासको अवस्था** | |
| ४.१ | छानाको प्रकारको आधारमा घरधुरी सङ्ख्या | २९ |
| ४.२ | घरपरिवारले प्रयोग गरेको घरको जगको प्रकारको आधारमा घरपरिवार विवरण | २९ |
| ४.३ | घरपरिवारले प्रयोग गरेको घरको बाहिरी गारोको प्रकारका आधारमा घरपरिवार विवरण | ३० |
| ४.४ | स्वामित्वको आधारमा घरपरिवारको बसोबासको अवस्था | ३१ |
| ४.५ | खानेपानीको स्रोतको आधारमा घरपरिवार सम्बन्धी विवरण | ३२ |
| ४.६ | इन्धनको प्रयोगको आधारमा घरपरिवार विवरण | ३३ |
| ४.७ | वत्ती प्रयोगका आधारमा घरपरिवार सङ्ख्या | ३३ |
| ४.८ | उपलब्ध सेवा सुविधाको आधारमा घरपरिवार विवरण | ३४ |
| ४.९ | शौचालय प्रयोगका आधारमा घरपरिवार विवरण | ३५ |
| ४.१० | आर्थिक वर्ष ०७३/०७४ र ०७४/ ०७५ को पञ्जीकरणको विवरण | ३६ |
| ४.११ | वडा अनुसार आर्थिक वर्ष ०७४/०७५ मा सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण | ३६ |
| ४.१२ | वार्षिक कार्यक्रमबाट लक्षित कार्यक्रमतर्फ भएको विनियोजन तथा खर्चको विवरण | ३६ |
| ४.१३ | शैक्षिक संस्थाहरूको विवरण | ३७ |
| ४.१४ | कलेज तथा कक्षा १२ सम्म पठन पाठन हुने शैक्षिक संस्थाको विवरण | ३८ |
| ४.१५ | ५ वर्ष र सो भन्दा माथिकाको साक्षरताको आधारमा जनसङ्ख्याको विवरण | ३८ |
| ४.१६ | विद्यालय तथा क्याम्पसमा अध्ययन गरिरहेका विद्यार्थीहरूको विवरण (शैक्षिक सत्र २०७४) | ३९ |
| ४.१७ | ५ वर्ष र सो भन्दा माथिकाको शैक्षिक अवस्था | ३९ |
| ४.१८ | कुल साक्षरता दरमा महिलाहरूको हिस्सा | ४० |
| ४.१९ | वडा अनुसार साक्षरता प्रतिशत | ४० |
| ४.२० | बालविकास केन्द्रको विवरण | ४२ |
| ४.२१ | तहगत शिक्षक विवरण | ४२ |
| ४.२२ | विशेष शिक्षातर्फ स्रोत कक्षामा अध्ययनरत विद्यार्थीहरूको विवरण | ४२ |
| ४.२३ | शिक्षक तथा विद्यार्थी विवरण | ४३ |
| ४.२४ | लिङ्गअनुसार १८ वर्षमुनीका बालबिबाहको सङ्ख्यात्मक विवरण | ४५ |
| ४.२५ | कामदारको रूपमा घर/परिवारबाट घरबाहिर गएका बालबालिकाहरूको अवस्था | ४६ |
| ४.२६ | बालबालिकाका रोजगारका क्षेत्रहरू तथा यी क्षेत्रहरूमा कार्यरत बालबालिकाहरूको सङ्ख्यात्मक अवस्था | ४६ |
| ४.२७ | बालबालिकाहरूको हत्या तथा अपहरण सम्बन्धी अवस्था | ४७ |
| ४.२८ | नगरपालिकामा बसोबास गर्ने बासिन्दाहरूको स्वास्थ्य तथा सरसफाईको अवस्था | ४७ |
| ४.२९ | नगरपालिकामा बालक्लबहरूको सङ्ख्या र बालक्लबहरूमा आवद्ध बालबालिकाको अवस्था | ४७ |
| ४.३० | वडागतरूपमा बालक्लबमा आवद्ध सामाजिक तथा लैङ्गिक बालबालिकाहरूको सङ्ख्यात्मक अवस्था | ४८ |
| ४.३१ | बालक्लब तथा बालसमूहले प्रतिनिधित्व गरेका संघ संस्थाहरूले प्रतिनिधित्व गरेका संघ संस्थाहरूको विवरण | ४९ |
| ४.३२ | नगरपालिकामा जन्म दर्ता भएका बालबालिकाहरूको विवरण | ५० |
| ४.३३ | नगरपालिकाभित्र परिवारविहिन बालबालिकाको अवस्था | ५० |
| ४.३४ | नगरपालिकामा विभिन्न खोप सेवा प्रयोग गर्नेको विवरण | ५१ |
| ४.३५ | नगरपालिकामा खोप सेवा पुरा नगरी बीचमा छोड्ने बालबालिकाहरूको सङ्ख्या | ५१ |
| ४.३६ | नगरपालिकामा विगत ३ वर्षको पोषणयुक्त खाना खानेहरूको सङ्ख्यात्मक अवस्था | ५२ |
| ४.३७ | नगरपालिकामा कुपोषण लागेका महिला तथा पुरूषहरूको सङ्ख्यात्मक अवस्था | ५२ |
| ४.३८ | दीर्घरोगका कारण नगरपालिकामा मृत्यु भएका बालक र बालिकाहरूको सङ्ख्यात्मक विवरण | ५३ |
| ४.३९ | नगरपालिकामा महिला हिंसा सम्बन्धी विवरणात्मक अवस्था | ५३ |
| ४.४० | विद्यमान स्वास्थ्य सेवाहरू | ५४ |
| ५ | **प्राकृतिक स्रोत, कृषि, उद्योग, पर्यटन, वनजंगल तथा अन्य पूर्वाधारसम्बन्धी विवरण** | |
| ५.१ | नगरपालिकामा सिचाईका स्रोतहरूको अवस्था | ५६ |

| | | |
|---|---|---|
| ५.२ | नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका तथा निर्माणाधीन सिंचाई आयोजनाहरूको विवरण | ५६ |
| ५.३ | नगरपालिका क्षेत्रभित्र भू-क्षयबाट प्रभावित क्षेत्रको विवरण | ५७ |
| ५.४ | नगर क्षेत्रभित्र रहेका ताल/तलैया, प्राकृतिक पोखरीहरूको अवस्था | ५८ |
| ५.५ | नगरपालिकामा रहेका होमस्टेहरूको विवरण | ५८ |
| ५.६ | नगरपालिका क्षेत्रमा रहेका पदमार्गहरूको विवरण | ५९ |
| ५.७ | वार्षिक कृषि उत्पादन सम्बन्धी विवरण | ५९ |
| ५.८ | मुख्य पेशा सम्बन्धी विवरण | ६० |
| ५.९ | पशु धन तथा सोबाट हुने उत्पादन सम्बन्धी विवरण | ६० |
| ५.१० | विशेष व्यावसायिक खेती र उत्पादन हुने मूख्य कृषिबाली | ६१ |
| ५.११ | नगरपालिकामा रहेका बास्तुकला उद्योगहरू | ६२ |
| ५.१२ | औद्योगिक तथा व्यापार, व्यवसाय (निर्माण व्यवसायी समेत) सम्बन्धी विवरण | ६२ |
| ५.१३ | वाणिज्य (व्यापार व्यवसाय) सम्बन्धी बिवरण | ६४ |
| ५.१४ | वन क्षेत्र / नर्सरी सम्बन्धी विवरण | ६५ |
| ५.१५ | नगरपालिका क्षेत्रमा उपभोक्ता समितिलाई हस्तान्तरण भएका तथा नविकरण गरिएका सामुदायिक वनहरू | ६६ |
| ५.१६ | पशुपंक्षी /वन्यजन्तुको विवरण | ६८ |
| ५.१७ | प्राकृतिक स्रोत (खानी/खनिज आदि) | ६८ |
| ५.१८ | वातावरण तथा सरसफाई सम्बन्धी विवरण | ६९ |
| ५.१९ | नगरपालिकाभित्र फोहोरमैला व्यवस्थापन सम्बन्धी विवरण | ७० |
| ५.२० | सेवा प्रवाह विवरण | ७० |
| ५.२१ | नगरपालिकाभित्र बसपार्क ताथा बसस्टेशनको अवस्था | ७० |
| ५.२२ | नगरपालिकाबाट सबैभन्दा टाढा रहेका बस्तीहरूको विवरण | ७१ |
| ५.२३ | नगरपालिका क्षेत्रभित्र रहेका खुला क्षेत्रहरू | ७१ |
| ५.२४ | नगरपालिकाभित्र रहेको सरकारी स्वामीत्वको अचल सम्पत्ति सम्बन्धी विवरण | ७२ |
| ५.२५ | धार्मिक स्थलको नाम र संख्याको विवरण | ७२ |
| ५.२६ | पूर्वाधार विकास अन्तर्गत राजमार्ग तथा ग्रामीण सडकको अवस्था | ७३ |
| ५.२७ | नगरपालिकामा निर्माणाधिन नगरस्तरीय सडकको अवस्था | ७४ |
| ५.२८ | नगरपालिका क्षेत्रभित्र रूट परमिट लिएर सञ्चालन भएका सवारी साधनहरूको विवरण | ७४ |
| ५.२९ | नगरपालिकामा विद्यमान सतह ढलको अवस्था | ७४ |
| ५.३० | नगरपालिकामा सार्वजनिक शौचालय सम्बन्धी विवरण | ७५ |
| ५.३१ | नगरपालिकामा प्राकृतिक प्रकोपबाट भएको क्षेतीको विवरण | ७५ |
| ५.३२ | विपद ब्यवस्थापन पूर्वतयारी सम्बन्धी विवरण | ७६ |
| ५.३३ | नगरपालिकामा विद्युतीकरणको अवस्था | ७६ |
| ५.३४ | नगरपालिका क्षेत्रमा दुरसञ्चार सम्बन्धी विवरण | ७७ |
| ५.३५ | नगरपालिका क्षेत्रभित्र रहेका झोलङ्गेपुल/पुलपुलेसा सम्बन्धी विवरण | ७८ |
| ५.३६ | नगरपालिकाभित्र स्थापीत ब्यापारिक केन्द्रहरूको विवरण | ७८ |
| ५.३७ | नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक भवनको विवरण | ७९ |
| ५.३८ | सार्वजनिक पार्टी, पौवा र चौतारा सम्बन्धी विवरण | ८० |
| ५.३९ | नगरपालिका क्षेत्रमा खेलमैदान सम्बन्धी विवरण | ८१ |
| ५.४० | नगरपालिका क्षेत्रमा पार्क, वनस्पति तथा उद्यानहरूको अवस्था | ८१ |
| ५.४१ | नगरपालिकाको कार्यालयदेखि वडा कार्यालयसम्मको दुरी सम्बन्धी अवस्था | ८२ |
| ५.४२ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ/संस्थाहरूको विवरण | ८३ |
| ५.४३ | नगरपालिकाको गत विगत वर्षको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन सम्बन्धी अवस्था | ८५ |

| | | |
|---|---|---|
| **६** | **सरकारी कार्यालय तथा गैर सरकारी संघ संस्थाहरूको विवरण** | |
| ६.१ | नगरपालिकामा रहेका सरकारी कार्यालयहरूको विवरण | ८६ |
| ६.२ | सूरक्षा इकाईको विवरण | ८७ |
| ६.३ | विमानस्थलको विवरण | ८७ |
| ६.४ | शवदाह तथा पशु बधशालाको विवरण | ८७ |
| ६.५ | कुश्मा नगरपालिकाभित्र सञ्चालनमा रहेका सञ्चारका साधनहरू | ८८ |
| ६.६ | नगरपालिकामा रहेका सहकारी संस्थाहरूको विवरण | ८८ |
| ६.७ | नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका बैंक तथा वित्तिय संस्थाहरूको विवरण | ९१ |
| ६.८ | नगरपालिका क्षेत्रमा रासायनिक मल बिक्री वितरण गर्ने सहकारी संस्थाहरू | ९२ |
| ६.९ | नगरपालिकामा रहेका सुपथ मूल्यका सहकारी पसलको विवरण | ९२ |
| ६.१० | नगरपालिका क्षेत्रमा रहेका कृषि सेवा केन्द्र, उपकेन्द्र र कृषि समुहहरूको सङ्ख्यात्मक अवस्था | ९३ |
| ६.११ | पशुसेवा केन्द्र, उपकेन्द्र र कृषक समुहका भवनको अवस्था | ९३ |
| ६.१२ | नगरपालिकामा हुलाक सेवाको अवस्था | ९४ |
| ६.१३ | साविक गाविस तथा हालका वडा कार्यालयहरूको भवनको अवस्था | ९५ |
| ६.१४ | नगरपालिकामा वित्तिय अवस्था | ९६ |
| **७** | **आर्थिक तथा सामाजिक विकासका अवसर, चुनौती र सम्भावनाहरू** | |
| ७.१ | नगरपालिकाको दीर्घकालिन सोच | ९७ |
| ७.२ | नगरपालिकाका अवसरहरू | ९७ |
| ७.३ | नगरपालिकाका समस्या तथा चुनौतीहरू | ९८ |
| ७.४ | नगरपालिकाका विकासका सम्भावनाहरू | ९८ |
| ७.५ | निश्कर्ष | १०० |
| ७.६ | सुझाव | १०१ |
| | अनुसूची | १०३ |
| | सन्दर्भसूची | ११८ |

# अध्याय एक
# अध्ययन विधि

### १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ मा उल्लेख भएअनुसार गरिएको राजनैतिक विभाजनअनुसार व्यवस्था गरिएका सातवटा प्रदेशहरू मध्ये गण्डकी प्रदेश साविक प्रदेश नम्बर चार (मिति २०७५ आषाढ २२ गतेका दिन चार नं. प्रदेश सभाबाट गण्डकी प्रदेश नामाकरण गर्ने प्रस्ताव दुई तिहाई बहुमतबाट पारित भएको) अन्तर्गतको एक जिल्ला पर्वत हो । विगतमा गरिएको भौगोलिक विभाजनअनुसार पहाडी प्रदेश अन्तर्गत पश्चिमाञ्चल विकास क्षेत्रको साविक धवलागिरि अञ्चलको चारवटा जिल्ला मध्येको एउटा जिल्ला पर्वत हो । पर्वत जिल्लालाई साविक धवलागिरी अञ्चलको प्रवेशद्वारका रूपमा पनि चिनिन्छ । विश्व मानचित्रमा २८° ००′ १९′ देखि २८° ३५′ ५९′ उत्तरी अक्षांश र ८३° ३३′ ४०′ देखि ८३° ४९′ ३०′ पूर्वी देशान्तरसम्म यो जिल्ला अवस्थित छ । ५३६ वर्ग कि.मि. कुल क्षेत्रफल ओगटेको यस जिल्ला समुद्र सतहबाट सेतीवेणी ५२० मिटरदेखि हम्पाल मोहरेडाँडा ३३०९ मिटर सम्मको उचाइमा रहेको छ । यस जिल्लाको पूर्व पश्चिम लम्बाई ७-१० कि.मि. र उत्तर दक्षिण लम्वाई ३७-४४ कि.मि सम्म रहेको छ (जि.वि.स. पर्वत, २०७०) ।

यस जिल्लामा उष्ण, शीतोष्ण र समशीतोष्ण गरी सबै किसिमको हावापानी पाइन्छ । यस जिल्लाको पूर्वी सिमानामा कास्की र स्याङ्जा, पश्चिममा म्याग्दी, बागलुङ र गुल्मी, उत्तरमा म्याग्दी र कास्कीको सीमाना पर्दछ भने दक्षिणमा स्याङ्जा र गुल्मीको भाग पर्दछ । कालञ्जर हम्पाल पर्वत, डहरेको लेक, गोर्ल्याङको लेक, कुश्मा, पञ्चासे, सेतीवेणी, महाशिला, विश्वकै ठूलो मानिएको शालग्राम, गुप्तेश्वर गुफा, अल्पेश्वर गुफा, सहस्रधारा, शालग्रामयुक्त कालीगण्डकी, विभिन्न स्थानमा रहेका ऐतिहासिक तथा प्रसिद्ध प्राचीन कोटहरू जस्ता प्राकृतिक र धार्मिक स्थलहरू रहेको यो जिल्ला पर्या-पर्यटन, धार्मिक पर्यटन, कृषि तथा लघु उद्यम आदिको विकासका लागि बलियो सम्भावना बोकेको जिल्लाका रूपमा चिनिन्छ ।

नेपालको संविधान २०७२ मा व्यवस्था गरिए बमोजिम विक्रम सम्वत् २०७३ मा गरिएको स्थानीय निकायको पुनर्संरचनाअनुसार पर्वत जिल्लाका साविकमा कायम रहेका कुश्मा नगरपालिका र तीनवटा गा. वि. स. हरूलाई समेटेर कुश्मा नगरपालिकाको गठन गरिएको हो । भौगोलिक रूपमा कालीगण्डकीको किनार मोदीवेणी धाम (६८० मिटर) देखि आर्थर डाँडाखर्कमा पर्ने पञ्चासेको भू-भाग (२५१७ मिटर) सम्म यस नगरपालिका फैलिएर रहेको छ । कालीगण्डकी र मोदीखाला किनारको आसपासमा रहेका सम्म परेका पाङ, खुर्कोट बगैचा, अमार्दी, कुश्मा, चुवा, कटुवाचौपारी, पिपलटारी तथा पकुवाको बेंसीफाँटदेखि लिएर जैविक विवधताले भरिपूर्ण उच्च पञ्चासेको लेकसम्म फैलिएको भू-भाग भएकोले बालुवा, गिटीजस्ता नदीजन्य पदार्थदेखि लिएर विभिन्न प्रकारका प्राकृतिक सम्पदा तथा वन पैदावरहरूको प्राचुर्यता यहाँ रहेको छ ।

भौगोलिक बनोट, जनसङ्ख्याको आकार, पेशा, आर्थिक स्रोत, शिक्षा तथा अन्य भौतिक पूर्वाधारहरूको अवस्थाको वास्तविक पहिचान नभएसम्म भविश्यका लागि स्पष्ट योजना तथा कार्यक्रम तय गर्न समस्या पैदा हुने हुन्छ । यस नगरपालिकाको आर्थिक समृद्धि र उन्नतिका लागि आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न यहाँको भौतिक, प्राकृतिक, सामाजिक तथा मानवीय संसाधनको सुक्ष्म रूपमा गरिएको विश्लेषणले सहयोग पुऱ्याउन सक्ने अपेक्षासहित वस्तुगत विवरण तयार गरिएको छ । वि.सं. २०७१ सालमा कुश्मा नगरपालिको गठन हुँदाको वखत समावेश भएका साविकका आठवटा गा.वि.स. हरू र २०७३ मा समावेश गरिएका तीनवटा गा.वि.स. गरी साविकमा कायम रहेका एघारवटा गा.वि.स.हरूको अवस्थालाई यस अध्ययनका लागि आधार मानिएको छ । नेपालको वर्तमान संविधानमा व्यवस्था भएअनुसार स्थानीय तहहरूलाई स्थानीय सरकारको मान्यता प्रदान गरिएको छ । स्थानीय तहहरू पहिलेभन्दा धेरै अधिकारसम्पन्न भएका छन् । स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन तथा नियमावलीमा गाउँपालिका तथा नगरपालिकाहरूले वस्तुगत विवरण तयार गरी त्यसैका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ । वस्तुगत विवरण तयारीका लागि वास्तविक सूचनाहरूको संकलन र तीनिहरूको विश्लेषण गर्नुपर्दछ । यथार्थपरक ढंगले तयार गरिएको वस्तुगत विवरणले नगरपालिका लगायत अन्य सरोकारवाला निकायहरूलाई विकास निर्माणका क्रियाकलाप संचालन गर्न ठूलो सहयोग पुऱ्याउँदछ ।

विकास निर्माणका क्रियाकलापहरू सञ्चालन तथा सार्वजनिक सेवा प्रवाहमा स्थानीय सरकारहरूको भूमिका बढ्दै गईरहेको सन्दर्भमा नगरपालिकाको आर्थिक, भौतिक, सामाजिक, शैक्षिक, जनसाङ्ख्यिक, भौगोलिक, पूर्वाधार आदिजस्ता समग्र अवस्थाका बारेमा उल्लेख गरिएको वस्तुगत विवरणको तयारी एक महत्त्वपूर्ण कार्य हो । यस नगरपालिकामा समावेश भएका साविकका गा.वि.स.हरूले विगतमा गाउँ वस्तुगत विवरण तयार गरेको भए तापनि नयाँ संरचनाअनुसार नगरपालिकाको वस्तुगत विवरण तयार गर्नु आवश्यक देखिएको हुँदा यस अध्ययन कार्य गरिएको छ ।

### १.२ वस्तुगत विवरण तयार गर्नुको उद्देश्य

नगरपालिकाको भौगोलिक, आर्थिक, शैक्षिक जस्ता समग्र पक्षको अध्ययन गरी आवश्यकताअनुसार योजनावद्ध तरिकाबाट विकास प्रक्रियालाई अगाडि बढाई नगरबासीको जीवनस्तरमा वाञ्छित परिवर्तन ल्याउने कार्यलाई यस अध्ययनले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । स्थानीय सरकार सञ्चालन सम्बन्धी नेपालको वर्तमान संविधान, सङ्घीय तथा प्रादेशिक सरकार र स्वयम् स्थानीय तहबाट निर्माण गरिएका ऐन तथा नियमावलीअनुसार संविधानतः आर्थिक तथा राजनैतिक अधिकारप्राप्त नगरपालिकाले आफ्नो विकास निर्माण कार्य

जनमुखी, सहभागितामूलक, प्रभावकारी, सुव्यवस्थित र दिगो प्रतिफल दिने गरी प्राथमिकताका आधारमा आवश्यक योजना तयार पारी सञ्चालन गर्ने कार्यमा यस वस्तुगत विवरणले सहयोग पुऱ्याउन सक्नेछ भन्ने अपेक्षा यस अध्ययनमा राखिएको छ ।

परिवर्तित राजनैतिक सन्दर्भमा स्थानीय निकायहरूको पुनर्संरचनापश्चात् गठित यस नगरपालिकाको भौतिक, आर्थिक, जनसाङ्ख्यिक तथा सामाजिक अवस्थाको विश्लेषण गरी विकासका सम्भावना तथा चुनौतीहरूका बारेमा उजागर गर्ने अभिप्रायका साथ यो अध्ययन गरिएको छ ।

नगरपालिकाले आफ्नो समग्र विकासका लागि उपयुक्त र आवश्यक योजना तथा कार्यक्रमहरू निर्माण गरी तिनीहरूको कार्यान्वयनमार्फत समग्र नगरबासीको आर्थिक तथा सामाजिक स्तरमा उल्लेख्य सुधार गरी समृद्ध र आर्थिक रूपले सक्षम नगरपालिकाको रूपमा स्थापित गराउने मार्गमा सहयोग पुऱ्याउने मूख्य उद्देश्य यस अध्ययनको रहेको छ । यस अध्ययनका अन्य उद्देश्यहरू निम्नअनुसार रहेका छन् :-

- ❖ नगरपालिकाको भौतिक, आर्थिक, सामाजिक, जनसाङ्ख्यिक, शैक्षिक तथा भौगोलिक अवस्थाको विश्लेषण सहितको वस्तुगत विवरण तयार गर्ने ।
- ❖ नगरपालिकाबाट भविष्यमा सञ्चालन गरिने आवधिक योजना तथा वार्षिक कार्यक्रमको लागि प्राथमिकता निर्धारणको लागि आधारस्तम्भ तयार गर्ने ।
- ❖ नगरपालिकाको वास्तविक र सही सूचना संकलन तथा व्यवस्थापन गर्न र कार्ययोजना बनाउन मद्दत पुऱ्याउने ।
- ❖ नगरपालिकाको आर्थिक तथा सामाजिक विकासका सम्भावना र चुनौतीहरू बारेमा प्रकाश पार्ने ।
- ❖ सूचनाबाट विभिन्न निकाय तथा व्यक्तिहरूसंग सम्बन्ध बढाउन सहज हुने हुनाले आपसी सहयोगको वातावरण निमाण गर्ने ।
- ❖ नगरपालिकाभित्र रहेका प्रमुख ऐतिहासिक, प्राकृतिक तथा धार्मिक सम्पदास्थलहरूका बारेमा परिचय दिने ।

## १.३ वस्तुगत विवरण तयार गर्नुको औचित्य

लामो समयसम्मको योजनाबद्ध आर्थिक विकासको परिणामस्वरूप पनि नेपालका स्थानीय निकायहरू आर्थिक रूपले समृद्धिको उच्च तहमा पुग्न सकेको पाइएन । केन्द्रीकृत राज्य व्यवस्थाका कारण स्थानीय तहका साधन तथा स्रोतहरूमाथि केन्द्रको नै बढी अधिकार रहने र केन्द्रीय सरकारको विनियोजित बजेटमार्फत स्थानीय निकायहरू सञ्चालन भइरहँदा जनअपेक्षित रूपमा गाउँमा विकासका आयामहरू समुन्नत अवस्थामा पुग्न सकेनन् । वर्तमान नेपालको संविधान २०७२ ले स्थानीय तह वा सरकारहरूलाई विभिन्न आर्थिक तथा राजनैतिक अधिकारहरू प्रदान गरेको छ । स्थानीय तहहरू पहिलेको तुलनामा बढी अधिकारसम्पन्न हुने भएका छन् । यस सन्दर्भमा पर्वत जिल्लाका साविकमा कायम रहेका कुश्मा नगरपालिका (आठवटा गा.वि.स. अन्तर्गत १८ वटा वडा कायम गरिएको) र ठूलीपोखरी, खौलालाँकुरी एवम् आर्थर गरी तीनवटा गा.वि.स. हरूलाई समावेश गरी गठन गरिएको यस नगरपालिकाको वस्तुगत विवरण तयार नभएकोले वस्तुगत विवरण तयारी गर्ने कार्य गरिएको छ । नगरपालिकाको भौतिक, सामाजिक, शैक्षिक, आर्थिक तथा अन्य विविध पक्षको सुक्ष्म विश्लेषणबाट नै त्यहाँको यथार्थ स्थितिको पहिचान हुन जान्छ । यस नगरपालिकाको आर्थिक तथा सामाजिक अवस्था र आर्थिक स्रोतका बारेमा पहिचान गरी विकासका सम्भावना र चुनौतीहरूलाई समेत उजागर गर्ने उद्धेश्य यस अध्ययनको रहेकाले यसको ठूलो औचित्य तथा महत्त्व रहेको छ । नगरपालिकाको समृद्धि र उन्नतिका लागि नगरपालिकाका सरकारी निकायहरू, जन निर्वाचित प्रतिनिधिहरू तथा अन्य सरोकारवालाहरूलाई भविश्यमा सञ्चालन गर्न सकिने विभिन्न योजना, कार्यक्रम तथा आवश्यक नीति निर्माणका लागि आधार हुनसक्ने अपेक्षासहित यो अध्ययन गरिएको छ । नगरपालिकाको विविध पक्षहरूको वास्तविक स्थितिको तथ्याङ्क र सूचनाबिना कुनैपनि योजनाको सही छनौट हुन सक्दैन । तसर्थ वस्तुगत विवरणको आधारमा प्राथमिकता निर्धारण गरी वास्तविक आवश्यकता र जनताको चाहनामा आधारित कार्यक्रम संचालन गर्न तथा भविष्यका लागि पूर्व तयारी गर्न समेत यसबाट सहयोग पुग्दछ । तसर्थ नगरपालिकाले यस आर्थिक वर्षमा वस्तुगत विवरण तयार गर्ने निर्णय गरे बमोजिम यो अध्ययन गरिएको छ । यस विवरणले निम्न कुरामा मद्दत पुग्ने अपेक्षा गरिएको छः-

- ❖ नगरपालिकाको वास्तविक र सही सूचना संकलन तथा व्यवस्थापन गर्न मद्दत पुग्ने ।
- ❖ नगरपालिकाभित्रका स्रोत, साधन र क्षेमताको पहिचान भई तिनीहरूको सदुपयोग गर्न तथा सम्भावित जोखिमहरूबाट बच्ने उपायहरूको खोजी गर्न सकिने ।
- ❖ नगरपालिकाको भौगोलिक, सामाजिक, आर्थिक, धार्मिक, प्राकृतिक, जनसाङ्ख्यिक, शैक्षिक र मानवीय जीवनका हरेक पक्षहरूका बारेमा जानकारी प्राप्त हुने हुनाले संचालित कार्यक्रमको समीक्षा गरी सुधार, समायोजन वा परिवर्तन गर्न र नयाँ योजना तर्जुमाका लागि पृष्ठपोषण ँभभमदबअप० प्राप्त हुने ।
- ❖ सूचनाबाट विभिन्न निकाय तथा व्यक्तिहरूसँग सम्बन्ध बढाउन सहज हुने हुनाले आपसी सहयोगको वातावरण निर्माण हुने ।

## १.४ वस्तुगत विवरण तयारीका लागि अपनाईएका विधिहरु

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार पारी उपलब्ध गराईएको ढाँचा वा प्रारूपलाई मुख्य आधार मानी नगरपालिकाबाट प्राप्त सुझाव सल्लाह अनुसार नगरपालिकाको वस्तुगत विवरण तयार पारिएको छ । आवश्यकताअनुसार मन्त्रालयले तोकेको ढाँचामा केही थप सूचना तथा विवरणहरूलाई समावेश समेत गरिएको छ । नगरपालिकाबाट वस्तुगत विवरण तयार गर्नका लागि सूचना प्राप्त भएबमोजिम स्थानीय निकायमा रहेर लामो समयसम्म कार्य गरेका विशेषज्ञहरूको समुहबाट नगरपालिकासंग नियमानुसार सम्झौता गरी वस्तुगत विवरण तयार गर्ने कार्यलाई सम्पन्न गरिएको छ । पर्वत जिल्लाको मध्य क्षेत्रमा अवस्थित यस

नगरपालिकाको समग्र पक्षको विकासका सम्भावना र चुनौतीहरू के के छन् ? र समृद्ध नगरपालिकाको रूपमा यसलाई कसरी स्थापित गराउन सकिन्छ भन्ने विषयमा केन्द्रित रही नगरपालिकाका जननिर्वाचित प्रतिनिधि तथा विभिन्न सरोकारवाला व्यक्तिहरूबाट सङ्कलन गरिएका धारणाहरूलाई पनि यस अध्ययनमा समावेश गरिएको छ ।

यस सन्दर्भमा केन्द्रीय तथ्याङ्क विभागबाट प्रकासित सूचना, राष्ट्रिय जनगणना – २०६८ को विस्तृत प्रतिवेदन, जिल्ला समन्वय समिति पर्वत, जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरू, साविकमा कायम रहेका सम्बन्धित गा. वि. स. का अभिलेखहरू, प्रकासित पुस्तक तथा कृतिहरू, नगरपालिकाका निर्वाचित जन प्रतिनिधिहरू, स्थानीय बुद्धिजीवीहरू, समाजसेवी एवम् राजनीतिज्ञसँगको परामर्श, स्थलगत अवलोकन लगायतका स्रोत र विधिहरूलाई आधार मानी आवश्यक सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरी विश्लेषणात्मक, विवरणात्मक तथा व्याख्यात्मक विधिलाई प्रयोग गरी यो वस्तुगत विवरण तयार गरिएको छ ।

## १.५ वस्तुगत विवरणको सिमाहरु

कुनैपनि अध्ययन अनुसन्धान निश्चित क्षेत्र, समय र बजेटको सीमामा आधारित हुन्छ । स्रोत, साधन र समयको पाबन्दीभित्र रही अध्ययन क्षेत्रका उद्देश्य अनुरूपका सत्य र वास्तविक तथ्यहरूलाई उजागर गर्ने गरी अध्ययन कार्यको सीमा निर्धारण गर्नुपर्ने हुन्छ । नगरपालिकाको समग्र पक्षको अध्ययन गरी वस्तुगत विवरण तयार पार्ने कार्य गरिएको भए तापनि यस नगरपालिकाको सन्दर्भमा यो पहिलो कार्य हो । नगरपालिकामा समावेश भएका साविकका गा.वि.स.हरूले विगतमा गाउँ वस्तुगत विवरण तयार गरेको भए तापनि वर्तमानमा परिवर्तित संरचनाअनुसार नगरपालिकाको समग्र तथा एकिकृत वस्तुगत विवरणका लागि अद्यावधिक सूचना तथा तथ्याङ्कहरूको आवश्यकता पर्ने भएकोले मन्त्रालयले तोकेको प्रारूपमा आधारित रही यो वस्तुगत विवरण तयार गरिएको छ । यस वस्तुगत विवरणमा नगरपालिकाको हकमा प्राप्त भएसम्मका तथ्य र सूचनाहरूलाई यथासंभव समावेश गर्ने प्रयत्न गरिएको छ । वस्तुगत विवरण तयार गर्नका लागि पर्वत जिल्लास्थित कुश्मा नगरपालिकासंग सम्झौता गरी संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको मापदण्डको अधीनमा रही तयार गरिएको यस वस्तुगत विवरणका सीमाहरू देहायअनुसार रहेका छन्:-

- ❖ यो वस्तुगत विवरणमा पर्वत जिल्लामा रहेका सातवटा स्थानीय तहहरू मध्ये कुश्मा नगरपालिकाको भौगोलिक, भौतिक, आर्थिक, सामाजिक, शैक्षिक, जनसाङ्ख्यिक, राजनैतिक अवस्था तथा सरकारी र गैर सरकारी संघ संस्था एवम् विकासका पूर्वाधार आदिजस्ता विषय र क्षेत्रहरूको अवस्था मात्र समेटीएको छ ।
- ❖ कुश्मा नगरपालिकाको अलावा जिल्लामा रहेका अन्य स्थानीय तहहरूको विवरणलाई यस अध्ययनमा समावेश गरिएको छैन ।
- ❖ वस्तुगत विवरण तयार गर्नका लागि कुश्मा नगरपालिकासंग गरिएको सम्झौताको सीमाभित्र रही यो कार्य पुरा गरिएको छ ।
- ❖ वस्तुगत विवरण तयारीको कार्यलाई उद्देश्यमूलक र प्रभावकारी बनाउन निश्चित स्रोत, साधनको प्रयोग गरिएको छ ।
- ❖ नगरपालिकासंग गरिएको सम्झौताअनुसार सम्झौतापत्रमा उल्लेख भएको मितिभित्र कार्य सम्पन्न गरी वस्तुगत विवरण नगरपालिकाको कार्यालयमा पेश गर्नेगरी समय सीमा निर्धारण गरिएको छ ।
- ❖ वस्तुगत विवरण तयार गर्दा आवश्यकताअनुसार प्राथमिक तथा सहायक दुबै किसिमका तथ्याङ्कहरूको प्रयोग गरिएको छ ।

## १.६ वस्तुगत विवरणको संरचना

पर्वत जिल्लामा रहेका सातवटा स्थानीय तहहरू मध्ये जिल्लाको मध्य भागमा अवस्थित यस कुश्मा नगरपालिकाको आर्थिक, भौगोलिक, शैक्षिक, सामाजिक, जनसाङ्ख्यिक आदिजस्ता विविध पक्षहरूलाई समावेश गरी सङ्घीय मामला तथा स्थानीय विकास मन्त्रालयले तोकेको सूचनाहरूलाई समावेश गर्ने गरी तयार गरिएको वस्तुगत विवरणको संरचना यसप्रकार रहेको छ :-

- ❖ अध्याय १ मा अध्ययन विधि खण्ड रहेको छ । यसमा अध्ययनको पृष्ठभूमि, वस्तुगत विवरण तयार गर्नुको उद्देश्य, वस्तुगत विवरण तयार गर्नुको औचित्य, वस्तुगत विवरण तयार गर्नका लागि अपनाएको विधि, वस्तुगत विवरणका सीमाहरू तथा वस्तुगत विवरणको संरचनालाई समेटिएको छ ।
- ❖ अध्याय २ मा नगरपालिकाको परिचय खण्डलाई समावेश गरिएको छ । यसमा नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि, नामाकरण, संरचना, भौगोलिक अवस्थिति, सिमाना, भौगोलिक स्वरूप, गाउँपालिभित्रका प्रसिद्ध पर्यटकीय तथा धार्मिक सम्पदास्थलहरू, नगरपालिकाभित्र मनाइने चाडपर्व, मेला उत्सव एवम् नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरूको विवरण, कर्मचारीको विवरण आदिजस्ता विषयहरूलाई समेटिएको छ ।
- ❖ अध्याय ३ मा नगरपालिकाको जनसाङ्ख्यिक विवरण तथा परिदृश्यलाई समाविष्ट गरिएको छ ।
- ❖ अध्याय ४ मा नगरपालिकाको भौतिक पूर्वाधार, शैक्षिक तथा सामाजिक पक्षसंग सम्बन्धित विभिन्न विषय वस्तुहरूलाई समावेश गरिएको छ ।
- ❖ अध्याय ५ मा नगरपालिकाभित्र रहेका विभिन्न वडाहरूको समग्र भौतिक तथा सामाजिक विकासका पूर्वाधारहरू, वनजंगल आदिको अवस्थालाई समावेश गरिएको छ ।
- ❖ अध्याय ६ मा नगरपालिकाभित्र रहेका विभिन्न सरकारी कार्यालय तथा गैर सरकारी संघ संस्थाको विवरणलाई प्रस्तुत गरिएको छ ।
- ❖ अध्याय ७ मा नगरपालिकाको दीर्घकालीन सोच, आर्थिक, सामाजिक विकासका अवसर तथा सम्भावना, चुनौती/समस्या, सुझाव तथा निश्कर्षलाई समावेश गरिएको छ ।

# अध्याय दुई
# परिचय

### २.१. कुश्मा नगरपालिकाको परिचय

नेपालको संविधान २०७२ मा उल्लेख भएअनुसार गरिएको राजनैतिक विभाजनअनुसार व्यवस्था गरिएका सातवटा प्रदेशहरू र ७५३ वटा स्थानीय तहहरूमध्ये गण्डकी प्रदेश (साविक प्रदेश नम्बर चार) पर्वत जिल्ला अन्तर्गत पर्ने एउटा स्थानीय तह कुश्मा नगरपालिका हो । पर्वत जिल्लाको मध्य भाग तथा प्रदेशसभा अन्तर्गत निर्वाचन क्षेत्र नं. १ मा यो नगरपालिका अवस्थित छ । प्रसिद्ध पावनमयी शालग्रामयुक्त कृष्णागण्डकीको तटदेखि ऐतिहासिक तथा पौराणिक महत्त्वको पञ्चासे लेकसम्म विस्तारित यस नगरपालिका पर्या-पर्यटन, धार्मिक पर्यटन, पदयात्रा, जलयात्रा, मनमोहक दृश्यावलोकन, कृषि तथा लघु उद्यम आदिको विकासका लागि बलियो सम्भावना बोकेको क्षेत्रका रूपमा चिनिन्छ । यो नगरपालिका पहाडी भौगोलिक बनावट भएको, प्राकृतिक, सांस्कृतिक तथा सामाजिक विविधताका दृष्टिले महत्त्वपूर्ण र सुन्दर नगरपालिका हो ।

नेपाल सरकारको मिति २०७३ साल फागुन ३० गतेको निर्णयअनुसार पर्वत जिल्लाका साविकमा कायम रहेका ४७ वटा गा.वि.स. र एउटा नगरपालिकालाई समायोजन गरी गठन भएका सातवटा स्थानीय तहहरू (जलजला, मोदी, महाशिला, पैयुँ एवम् बिहादी गरी ५ वटा गाउँपालिका र कुश्मा तथा फलेवास सहित २ वटा नगरपालिका) मध्ये कुश्मा नगरपालिका एक हो । साविकमा कायम रहेका कुश्मा नगरपालिका र ठूलीपोखरी, खौलालाकुँरी एवम् आर्थर डाँडाखर्क सहित तीनवटा गा.वि.स. हरूलाई समावेश गरी १४ वटा वडा रहेको कुश्मा नगरपालिकाको गठन गरिएको छ । पर्वत जिल्लामा साविकमा रहेका पाङ, खुर्कोट, दुर्लुङ, शिवालय, चुवा, पकुवा, पिपलटारी र कटुवाचौपारी समेत आठवटा गा.वि.स.हरूलाई समावेश गरी मिति २०७१ साल वैशाख २५ गते गठन भएको १८ वडासहितको साविक कुश्मा नगरपालिकामा ठूलीपोखरी, खौलालाकुँरी र आर्थरडाँडाखर्क गा.वि.स. समावेश गरी १४ वटा वडा भएको कुश्मा नगरपालिका गठन गरिएको हो ।

साविक धवलागिरि अञ्चलका चारवटा जिल्लामध्ये एक पर्वत जिल्लाको सदरमुकाम कुश्मा नामलाई आधार मानी यस नगरपालिकाको नामाकरण भएको देखिन्छ । प्रसिद्ध कृष्णगण्डकी तथा मोदीखोला (महोदधी गंगा ) को संगमस्थल मोदीबेनी तीर्थस्थलबाट केही माथि उच्च टार तथा कालञ्जर हम्पाल पर्वत (ओमपाल पर्वत) को काखमा रहेको जिल्ला सदरमुकाम कुश्मा क्षेत्र प्राचीन समयमा कुशैकुशको बंगैचाले भरिपूर्ण रहेकोले यसलाई कुशुमपुर भन्ने गरिएको र पछि यो शब्द अपभ्रंश भई कुश्माचौर हुँदै कुश्मा नाम रहन गएको जनविश्वास रहेको छ । विगतको कुनै एक समयमा कुश्माको बाटो हुँदै मुक्तिनाथ जाने क्रममा एकजना योगीले यस ठाउँमा कुशको झाडी तथा सुन्दर फूलहरू अर्थात कुसुमहरूले ढकमक्क भएको देखेर यस ठाउँलाई शुरूमा कुसुम नामाकरण गरेका र पछि कुश्मा भएको यो स्थान पर्वत जिल्लाको मुख्य बजार र सदरमुकाम पनि हो (मेचीदेखि महाकाली, २०३१) । पौराणिककालमा माता पार्वतीको जन्म भएको विश्वास मानिएको पाङ, कुशैकुशको बँगैचा भएको कुशुमपुर (कुश्मा) देखि वैदिक साहित्यमा वर्णित प्रसिद्ध पञ्चासेको आधारक्षेत्रका रूपमा रहेको आर्थर डाँडाखर्कसम्मको भूभागमा यो नगरपालिका फैलिएको छ । लिच्छवी शासनकालमा यस क्षेत्रमा शासन गर्ने सामन्त शासक अरमुडीले कश्मिरी शासक जयापिडका सेनालाई कालीगण्डकीमा बगाईदिएको स्थान हालको अर्मादी र जयापिडलाई लुकाएर राखेको गिरि दुर्गका नामबाट परिचित प्रसिद्ध गुप्तेश्वर गुफा यसै कुश्माको समिपमा रहेका छन् । गुप्तेश्वर गुफामा लुकाएर राखेका जयापिडलाई पछि कश्मिरका मन्त्री आई लगेका थिए भन्ने भनाई रहेको पाइन्छ । पोखरा बागलुङ राजमार्गको सञ्चालन नहुँदासम्म पर्वत जिल्लाको उत्तरी भेग, म्याग्दी जिल्लाका सम्पूर्ण भाग र बागलुङ जिल्लाका अधिकांश भागका मानिसहरू पोखरा, बुटवल आदिजस्ता ठाउँमा आवत जावत गर्नका लागि यही कुश्माको बाटो प्रयोग गर्ने गर्दथे । तत्कालीन समयमा ठूलो व्यापारिक केन्द्रका रूपमा कुश्मा रहेको थियो । यस्तै प्रसिद्ध तीर्थस्थल दामोदरकुण्ड तथा मुक्तिनाथसम्मको पदमार्ग पनि यही कुश्मा हुँदै जाने भएकोले व्यापारी तथा  तीर्थयात्रीहरूले यो स्थान गुल्जार हुने गर्दथ्यो । बाइसी चौबीसी राज्यको शासनकालमा यो नगरपालिकाभित्र पर्ने मोदीखोला भन्दा पूर्वका पकुवा, कटुवाचौपारी, पिपलटारी, ठूलीपोखरी, खौलालाँकुरी र आर्थर डाँडाखर्कको भू-भाग सतहुँ राज्य अन्तर्गत पर्दथ्यो भने मोदीखोला भन्दा पश्चिमका कुश्मा बजार, चुवा, दुर्लुङ, खुर्कोट र पाङका भू-भाग पर्वत राज्य अन्तर्गत पर्दथे । सतहुँ राज्य अन्तर्गत जुम्लीथाना/ जुम्लीठाना र खौलाकोटमा सैन्य केन्द्र तथा किल्लाहरू रहेका थिए भने दुर्लुङकोट, खुर्कोट, तत्तरकोटमा पर्वत राज्यका सैन्य केन्द्र र किल्ला रहेका थिए । नेपालको एकिकरणपश्चात् राणाशासनकालसम्म कुश्मा एउटा प्रमुख व्यापारिक, सैनिक तथा मूख्य प्रशासनिक केन्द्रका रूपमा रहेको थियो । नेपालको एकिकरणपश्चात् यो क्षेत्र पाल्पा गौंडा अन्तर्गत रहेको थियो भने राणाशासनकालमा स्याङ्जा र बागलुङ गौंडाबाट यस क्षेत्रको प्रशासन हेर्ने गरिन्थ्यो । वि. सं. २०१८ सालमा गरिएको भौगोलिक तथा प्रशासनिक विभाजनअनुसार जिल्ला विभाजन हुँदा यो क्षेत्र वर्तमान पर्वत जिल्लामा समावेश गरिएको थियो ।

यस नगरपालिकाको पूर्वी सिमानामा मोदी गाउँपालिका पर्वत एवम् आँधीखोला गाउँपालिका स्याङ्जा र पोखरा लेखनाथ महानगरपालिका कास्कीको भूभाग पर्दछ । पश्चिममा बागलुङ नगरपालिका र जलजला गाउँपालिकाको केही भाग पर्दछ । उत्तरी सिमानामा जलजला र मोदी गाउँपालिकाको भूक्षेत्र पर्दछ भने दक्षिणमा फलेवास र बागलुङ नगरपालिकाको भाग पर्दछ । नगरपालिकाको केन्द्र पर्वत जिल्लाको सदरमुकाम कुश्मामा रहेको छ । यस नगरपालिका २८° १२' ०५" देखि २८° १६' २२" उत्तरी अक्षांस र ८३° ३६' ४०" देखि ८३° ४८' ३३" पूर्वी देशान्तरमा अवस्थित छ । यस नगरपालिकाको कुल क्षेत्रफल ९३.१८ वर्ग किलोमीटर रहेको छ भने समुद्र सतहबाट ६८० मीटर (मोदीबेणीधाम) उचाईदेखि २५१७ (आर्थर डाँडाखर्क) मिटरसम्मको उचाईमा यो नगरपालिका फैलिएर रहेको छ । जनसङ्ख्याको दृष्टिले जिल्लाका सातवटा स्थानीय तहमा पहिलो स्थानमा यो नगरपालिका पर्दछ (जि.स.स., पर्वत, २०७४) । २०६८ सालको जनगणनाअनुसार नगरपालिकामा रहेका १०३११ घरधुरीमा कुल जनसङ्ख्या ३९६०० बराबर रहेको छ । जसमा महिला २१८६१ (५५.२ %) र पुरूषको सङ्ख्या १७७३९ (४४.८%) रहेको छ । यस नगरपालिकाको नवगठित संरचनाअनुसार वडा सङ्ख्या, क्षेत्रफल एवम् वडागत रूपमा जनसङ्ख्याको विवरणलाई विवरणलाई तलको तालिका नं. २.१ मा प्रस्तुत गरिएको छः-

**तालिका नं. २.१**

**नगरपालिकाको वर्तमानमा कायम भएका वडाहरुको क्षेत्रफल, घरधुरी तथा जनसङ्ख्या विवरण**

| वडा नं. | साविक गा.वि.स. तथा न.पा. का वडा | क्षेत्रफल व.कि.मि. | जनसङ्ख्या | | | घरधुरी सङ्ख्या | मतदाता सङ्ख्या (२०७४ ) |
|---|---|---|---|---|---|---|---|
| | | | पुरूष | महिला | जम्मा | | |
| १ | कुश्मा न.पा. १, २, ३, पाङ | ८.६७ | १९८५ | २५८१ | ४५६६ | १२०१ | ३५५९ |
| २ | कुश्मा न.पा. ४, ५, खुर्कोट | १३.२९ | १७२४ | २२२६ | ३९५० | ९५८ | ३१३३ |
| ३ | कुश्मा न.पा. ६, ७, दुर्लुङ | १२.४९ | १२९७ | १७२७ | ३०२४ | ७३६ | २७४८ |
| ४ | कुश्मा न.पा. ८, शिवालय | २.९९ | १२६० | १४६९ | २७२९ | ७३१ | १३३५ |
| ५ | कुश्मा न.पा. ९, शिवालय | २.५४ | २००४ | २१०३ | ४१०७ | ११४२ | ११६६ |
| ६ | कुश्मा न.पा. १०, शिवालय | १.०५ | १७९८ | १८९९ | ३६९७ | ९९६ | ८४३ |
| ७ | कुश्मा न.पा. ११, शिवालय | २.१९ | ९२१ | १०१६ | १९३७ | ५०९ | १२२१ |
| ८ | कुश्मा न.पा. १२, चुवा | ५.१९ | ७७३ | ९८६ | १७५९ | ४३३ | १२६२ |
| ९ | कुश्मा न.पा. १३,१४, कटुवाचौपारी | २.९५ | ९१७ | ११३० | २०४७ | ४९० | १७२५ |
| १० | कुश्मा न.पा. १५,१६, पिपलटारी | ७.५५ | १०७६ | १३३१ | २४०७ | ६२३ | २०२२ |
| ११ | कुश्मा न.पा. १७,१८, पकुवा | ७.५५ | ९८३ | १२१३ | २१९६ | ५६५ | २०२८ |
| १२ | ठूलीपोखरी १-९ सबै वडा | ६.४८ | १०२२ | १४०९ | २४३१ | ६६९ | २१६८ |
| १३ | खौलालाँकुरी १-९ सबै वडा | ६.२७ | ८५८ | १२७४ | २१३२ | ५५५ | १७२८ |
| १४ | आर्थर डाँडाखर्क १-९ सबै वडा | १३.९७ | ११२१ | १४९७ | २६१८ | ७०३ | २३६३ |
| जम्मा | | ९३.१८ | १७७३९ | २१८६१ | ३९६०० | १०३११ | २७३०१ |

स्रोतः सूचना शाखा, जि.स.स. पर्वत, कुश्मा नगरपालिका कार्यालय तथा जिल्ला निर्वाचन कार्यालय, पर्वत २०७४ ।

माथिको तालिकालाई अध्ययन गर्दा यस नगरपालिकाको कुल क्षेत्रफल ९३.१८ वर्ग कि.मि. बराबर रहेको देखिन्छ । क्षेत्रफलका दृष्टिले सबैभन्दा ठूलो वडा नं. १४ (साविक आर्थर डाडाँखर्क गा.वि.स.) रहेको छ भने सानो वडा नं. ६ रहेको छ । सघन बस्तीयुक्त क्षेत्र भएका कारण क्षेत्रफलका हिसाबले चौंथो ठूलो वडा रहेको वडा नं. १ पाङमा जनसङ्ख्या सबैभन्दा बढी रहेको देखिन्छ । सबैभन्दा कम जनसङ्ख्या वडा नं. ८ साविक चुवा गा.वि.स. मा रहेको देखिन्छ ।

वि. सं. २०७१ वैशाख २५ मा पर्वत जिल्लामा पहिलो नगरपालिकाको रूपमा साविक कुश्मा नगरपालिकाको गठन गरिएको थियो । तत्कालिन ५५ वटा गा.वि.सहरू मध्ये जिल्लाको मध्ये भागमा रहेका आठवटा साविकका गा.वि.स.लाई समावेश गरी १८ वडा सहितको कुश्मा नगरपालिकाको गठन भएको थियो । साविक कुश्मा नगरपालिकाको वडागत संरचना देहायअनुसार रहेको थियोः-

**तालिका नं. २.२**
**साविक कुश्मा नगरपालिकाको वडागत संरचना**

| साविक कुश्मा न.पा. का साविक वडाहरू | साविक कुश्मा न.पा. मा समावेश गरिएका साविकका गा.वि.स.हरू | समावेश गरिएका साविक गा.वि.स.का वडाहरू |
|---|---|---|
| १ | पाङ | ४ र ५ |
| २ | पाङ | १, २ र ३ |
| ३ | पाङ | ६, ७, ८ र ९ |
| ४ | खुर्कोट | १, २, ३ र ४ |
| ५ | खुर्कोट | ५, ६, ७, ८ र ९ |
| ६ | दुर्लुङ | १, ३, ४ र ५ |
| ७ | दुर्लुङ | २, ६, ७, ८ र ९ |
| ८ | शिवालय | ६, ७ र ९ |
| ९ | शिवालय | ५ र ८ |
| १० | शिवालय | ४ |
| ११ | शिवालय | १, २ र ३ |
| १२ | चुवा | १ - ९ सबै वडा |
| १३ | कटुवाचौपारी | ५, ६, ७, ८ र ९ |
| १४ | कटुवाचौपारी | १, २, ३ र ४ |
| १५ | पिपलटारी | १, २, ३, ४ र ५ |
| १६ | पिपलटारी | ६, ७, ८ र ९ |
| १७ | पकुवा | १, २, ३ र ४ |
| १८ | पकुवा | ५, ६, ७, ८ र ९ |

स्रोतः कुश्मा नगर कार्यपालिकाको कार्यालय, २०७४ ।

ढुङ्गा, गिटी, बालुवा, जस्ता नदीजन्य पदार्थ, वन पैदावर, सडककर आदिबाट प्राप्त हुने आयको अतिरिक्त व्यक्तिगत कर, मालपोत कर, सम्पत्ति कर तथा संविधानले व्यवस्था गरे अनुरूपका स्रोतबाट प्राप्त हुने आयकर एवम् केन्द्रीय र प्रादेशिक सरकारबाट प्राप्त हुने अनुदान नै आगामी दिनमा नगरपालिकाका आम्दानीका प्रमुख स्रोतहरू हुन् । नगरपालिकाले स्पष्ट योजना, नीति तथा कार्यक्रम निर्माण गरी स्थानीय स्रोतहरूको अधिकतम् परिचालन गर्दै आन्तरिक आय आर्जन वृद्धितर्फ लाग्नुपर्ने हुन्छ । नगरपालिकाको समग्र विकासका लागि आन्तरिक स्रोतको परिचालनबाट प्राप्त हुने राजश्वको ठूलो भूमिका रहेको हुन्छ । यस नगरपालिका पनि प्राकृतिक साधन तथा स्रोतका दृष्टिले धनी रहेको छ । कालीगण्डकी तटीय क्षेत्रका क्रसर उद्योग, ढुङ्गा, गिटी, बालुवा तथा ग्रामीण सडकहरूबाट पटके करका रूपमा प्राप्त हुने राजश्व जिल्ला समन्वय समिति पर्वतमार्फत संकलन हुँदै आएको छ । यो राजश्व सङ्घीय, प्रादेशिक र स्थानीय सरकार वा तहमा भागबण्डा लाग्ने संवैधानिक व्यवस्था भएबाट यसको निश्चित अंश नगरपालिका कोषमा पनि प्राप्त हुने देखिन्छ । प्राकृतिक स्रोतबाट प्राप्त हुने राजश्वलाई संविधानले तीन भाग लाग्ने व्यवस्था गरेको भए तापनि यस बारेमा अझैसम्म प्रष्ट मोडालिटी अहिलेसम्म निर्माण नभएकोले जिल्ला समन्वय समिति पर्वतबाट उठाइएको राजश्व नगरपालिकामा कति भाग जाने हो त्यसको एकिन हुन सकिरहेको छैन । संविधानले प्रदान गरेको अधिकारको प्रयोग गरी आन्तरिक स्रोत परिचालनबाट

नगरपालिकाले आय आर्जन अर्थात राजश्व संकलनका लागि निकै ठूलो प्रयत्न गर्नुपर्ने देखिन्छ । नेपाल सरकारद्वारा स्थानीय तहको पुनर्संरचना गर्दाका बखत नगरपालिकाको केन्द्र जिल्लाको सदरमुकाम कुश्मामा कायम गरिएको छ ।

पञ्चासे, जुम्लीठाना, मोदीखोलामा निर्माण गरिएका कुश्मादेखि झादी र मुडिकुवा जोड्ने नेपालकै अग्ला र लामा झोलुङ्गे पुलहरू, कालीगण्डकीमा निर्माण गरिएको कुश्मादेखि बागलुङ बलेवाको कैया जोड्ने नेपालकै अर्को एक लामो तथा अग्लो झोलुङ्गे पुल, कुश्मादेखि बलेवा विमानस्थल नजिकको भाग जोड्ने यान्त्रिक पुल (Mechanical Bridge) र कुश्मा बलेवाको बीचमा कालीगण्डकीमा निर्माणाधीन बञ्जीजम्पिङ तथा रोप साइकिलिङ स्थल, तत्तरकोट कालिका, सहस्रधारा दिव्यधाम, अरमुडी भन्ने शासकले राज्य गरेको ऐतिहासिक स्थल अर्मादी, खुर्कोट, लालेश्वर गुफा, अल्पेश्वर गुफा, गुप्तेश्वर गुफा, दुर्लुङकोट, मोदीवेणी धाम, खौलाकोट, बाटुलेचौर, साङदाङ दोर्जे छोलिङ गुम्बा लगायत विभिन्न स्थानमा रहेका मठ, मन्दिर, गुम्बा, मस्जिद तथा देवालयहरू जस्ता प्रसिद्ध ऐतिहासिक, प्राकृतिक तथा धार्मिक सम्पदास्थलहरूले धनी रहेको हुँदा पर्यटकीय तथा आर्थिक विकासको प्रवल सम्भावना यस नगरपालिकाको रहेको छ ।

लामो समयसम्मको योजनाबद्ध आर्थिक विकासको परिणामस्वरूप पनि नेपालका स्थानीय निकायहरू आर्थिक रूपले समृद्धिको उच्च तहमा पुग्न सकेको पाइएन । केन्द्रीकृत राज्य व्यवस्थाका कारण स्थानीय तहका साधन तथा स्रोतहरूमाथि केन्द्रको नै बढी अधिकार रहने र केन्द्रीय सरकारको विनियोजित बजेटमार्फत स्थानीय निकायहरू सञ्चालन भइरहँदा जन अपेक्षित रूपमा गाउँमा विकासका आयामहरू समुन्नत अवस्थामा पुग्न सकेनन् । वर्तमान नेपालको संविधान २०७२ ले स्थानीय तहहरूलाई विभिन्न आर्थिक तथा राजनैतिक अधिकारहरू प्रदान गरेको छ । स्थानीय सरकारहरू अधिकार सम्पन्न हुने भएका छन् ।

यस नगरपालिकामा कालीगण्डकी किनारको आसपासमा रहेका सम्म परेका बेंसीफाँटदेखि लिएर उच्च लेकसम्म फैलिएको भू-भाग भएकोले बालुवादेखि लिएर विभिन्न प्रकारका जडिबुटीहरूको प्राचुर्यता रहेको छ । यीनै प्राकृतिक साधन तथा स्रोतको उपयोग र यहाँका पर्यटकीय तथा धार्मिक सम्पदास्थलहरूको माध्यमबाट नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा ठूलो योगदान पुग्ने देखिन्छ ।

## २.२ भौगोलिक स्वरुप

कालीगण्डकीको किनार मोदीवेणी धाम (६८० मिटर) देखि आर्थर डाडाँखर्कको पञ्चासे (२५१७ मिटर) सम्म फैलिएको यस नगरपालिकाको अधिकांश भाग भिरालो रहेको छ । कालीगण्डकी तथा मोदीखोलाको तटीय क्षेत्रमा रहेका पाङ, खुर्कोट बगैचा, अर्मादी, कुश्मा, चुवा, पकुवा, कटुवाचौपारी, पिपलटारीका केही भागहरूमा अलि सम्म परेको फराकिला फाँटहरू रहेका छन् । दुर्लुङ, ठूलीपोखरी, खौलालाकुरी र आर्थरको प्राय सबैजसो भाग पाल्टे परेको भिरालो रहेको छ । नगरपालिकाका केही भागमा अग्ला भिरपहरा पनि रहेका छन् । पञ्चासे क्षेत्र लगायत प्रायः सबै वडामा बाक्लो वनक्षेत्र रहेको छ । नगरपालिकामा पानीका प्रशस्त स्रोतहरू रहेका छन् । कालीगण्डकी, मोदीखोला, जहरेखोला, भ्यापलेखोला, खहरेखोला, रतिखोला, अम्बोटखोला, फाप्रेखोला, रिठेखोला, तमादीखोला, दमुवाखोला, सुन्दरेखोला, केवादीखोला तथा मल्याङ्दीखोला यस नगरपालिकामा रहेका पानीका प्रमुख स्रोतहरू हुन् ।

## २.३ स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरुको विवरण

**चाडपर्व:**

यस नगरपालिकामा बसोबास गर्ने मुख्य जातजातिहरूमा ब्राम्हण, क्षेत्री, नेवार, दमाई, कामी, सार्की, दशनामी, ठकुरी, मगर, गुरूङ, थकाली, राई, कुमाल, बोटे, यादव आदि रहेका छन् । अधिकांश मानिसहरूको मुख्य धर्म हिन्दु रहेको छ । बौद्ध धर्म, मुस्लिम र क्रिश्चियन धर्मालम्वीहरूको बसोबास पनि यहाँ रहेको छ । दसैं, तिहार, लोसार, इद, रमजान, क्रिसमस जस्ता चाडपर्व नगरक्षेत्रका मानिसहरूले मनाउने गर्दछन् । यी बाहेक विभिन्न समुदायहरूले वर्षभरि नै विभिन्न प्रकारका चाडपर्व मनाउने गर्दछन् । नगरपालिकामा रहेका विभिन्न समुदायले मान्दै आएका प्रमुख चाडपर्वहरूको विवरणलाई तलको तालिका नं. २.३ मा प्रस्तुत गरिएको छः-

**तालिका नं. २.३**
**नगरपालिकामा मनाइने चाडपर्वहरुको विवरण**

| क्र. स. | चाडपर्व | मनाउने मुख्य जाति |
|---|---|---|
| १ | नयाँवर्ष, वैशाखे सक्रान्ति | सबै जात जाति |
| २ | बुद्ध पुर्णिमा | गुरूङ, मगर |
| ३ | जेष्ठी पुर्णिमा | मगर |
| ४ | दसहरा | ब्राम्हण, क्षेत्री, ठकुरी, मगर, नेवार |

| | | |
|---|---|---|
| ५ | कर्कट वा साउने  सक्रान्ति | ब्राम्हण, क्षेत्री, ठकुरी, मगर |
| ६ | नाग पञ्चमी | ब्राम्हण, क्षेत्री, ठकुरी, नेवार, मगर |
| ७ | कृष्णजन्माष्टमी | ब्राम्हण, क्षेत्री, ठकुरी |
| ८ | जनैपुर्णिमा | ब्राम्हण, क्षेत्री, ठकुरी, नेवार |
| ९ | हरितालिका, तीज | ब्राम्हण, क्षेत्री, ठकुरी, दमाई, कामी, सार्की, नेवार |
| १० | सोह्रश्राद्ध | ब्राम्हण, क्षेत्री, ठकुरी, नेवार |
| ११ | दसैं, तिहार | मुस्लिम र क्रिश्चीयन बाहेक प्रायः सबै जात जातिहरू |
| १२ | माघे सक्रान्ति | ब्राम्हण, क्षेत्री, ठकुरी, मगर, गुरूङ, नेवार |
| १३ | फागुपूर्णिमा | प्रायः सबै जात जातिहरू |
| १४ | चैतेदसै वा चैत्राष्ठमी रामनवमी | प्रायः सबै जात जातिहरू |
| १५ | लोसार | गुरूङ, थकाली |
| १६ | इद तथा रमजान | मुसलमान |
| १७ | क्रिसमस | क्रिश्चीयन धर्मालम्बी |
| १८ | गाइजात्रा, लाखेनाच, रोपाईनाच | नेवार |

**मेला तथा पर्वः**

यस नगरपालिकामा विभिन्न चाडपर्व तथा तिथिहरूमा विभिन्न स्थानमा मेला तथा पर्वहरू लाग्ने गर्दछन् । बसाई सराई, वैदेशिक रोजगार तथा आधुनिक संस्कृतिको विस्तारका कारण विगतका समयमा जस्तो मेला पर्वहरू लाग्ने गरेको पाईदैन । स्थानीय युवाक्लब तथा संघ संस्थाहरूले केही मात्रामा भएपनि मेला पर्वको आयोजना गर्दै आएका छन् । नगरपालिकामा मनाईने मेला तथा पर्वहरूको विवरणलाई तलको तालिका नं. २.४ मा प्रस्तुत गरिएको छः-

**तालिका नं. २.४**
**नगरपालिकामा मनाइने मेलापर्वहरुको विवरण**

| क्र. सं. | मेला तथा पर्व | मनाइने महिना | तिथि | मेला लाग्ने स्थान |
|---|---|---|---|---|
| १ | नयाँवर्ष, वैशाखे सक्रान्ती | वैशाख | | |
| २ | बुद्ध पुर्णिमा | वैशाख, जेठ | वैशाख शुक्ल पूर्णिमा | |
| ३ | जेष्ठी पुर्णिमा | जेठ | जेठ शुक्ल पूर्णिमा | |
| ४ | कर्कट वा साउने  सक्रान्ती | श्रावण | | |
| ५ | कृष्णजन्माष्टमी | भाद्र | | |
| ६ | जनैपुर्णिमा | भाद्र | | |
| ७ | हरितालिका, तीज | भाद्र | | विभिन्न स्थानमा रहेका शिवालय मन्दिरमा पूजाआजा |
| ८ | गाइजात्रा, लाखेनाच, रोपाईनाच | | | नेवार समुदायका मानिसहरूले विभिन्न पर्वमा मनाउने पर्व |
| ९ | माघे सक्रान्ती | माघ | | |

## २.४ पर्यटकीय स्थलहरुको विवरण

यस नगरपालिकामा पौराणिक, ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेका विभिन्न पर्यटकीयस्थलहरू रहेका छन् । नगरक्षेत्र भित्रका प्राकृतिक, धार्मिक सम्पदास्थल लगायत मानव निर्मित अन्य संरचनाहरू आन्तरिक तथा वाह्य पर्यटकहरूका लागि आकर्षणका केन्द्रहरू हुन सक्दछन् । उपयुक्त योजनाका साथ यी पर्यटकीय स्थलहरूको संवर्द्धन, आवश्यक पूर्वाधारहरूको निर्माण, विकास र प्रचार प्रसार गर्न सकेमा नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा ठूलो योगदान पुग्न सक्ने देखिन्छ । नगरपालिका क्षेत्रभित्र रहेका प्रमुख पर्यटकीय स्थलहरूको परिचय तथा विवरणलाई तलको तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ । यी पर्यटकीय स्थलहरूको विस्तृतरूपमा चर्चा अनुसूची - ३ मा गरिएको छ ।

**तालिका नं. २.५**
**नगरपालिकाका प्रमुख पर्यटकीय स्थलहरुको विवरण**

| क्र.सं. | पर्यटकीय स्थलहरू | वडा नं. | स्थलको महत्त्व |
|---|---|---|---|
| १ | भग्नावशेष पाङ दरवार | १ | पर्वत राज्यका अन्तिम राजा कीर्तिवम मल्लका सन्तानलाई भिमसेन थापाले वनारसबाट नेपाल झिकाइ पाङ क्षेत्रमा बसोबास गर्ने व्यवस्था मिलाएपछि निजहरूले निर्माण गरेको दरबार, अहिले भग्नावशेष भईसकेको, ऐतिहासिक स्थलका रूपमा परिचित । |
| २ | सहस्रधारा दिव्यधाम | १ | पौराणिक कथनअनुसार माता पार्वतीले स्नान गर्ने स्थल, पहाडको गर्भबाट वर्षैभरी सहस्रधाराहरू प्रवाहित भईरहने । |
| ३ | अरमादी | २ | लिच्छवीकालीन समयमा अरमुडी भन्ने सामन्त शासकले कश्मिरका शासक जयापिडलाई परास्त गरेको स्थल, अरमुडीको शासनकालमा राज्यको प्रमुख किल्ला मानिएको स्थानका रूपमा इतिहासकारहरूले उल्लेख गरेको ऐतिहासिक स्थल । |
| ४ | दुर्लुङकोट | ३ | लिच्छवी शासनकालमा भूरे टाकुरे राजाहरूले राज्य गरेको स्थान । मल्लकालीन समयमा पर्वत राज्यको महत्त्वपूर्ण सैन्य अखडा तथा राजश्व संकलन गर्ने ऐतिहासिक स्थल । भूमे देवता र देवी भगवतीको मन्दिर रहेको, मनोरम प्राकृतिक दृश्यहरू अवलोकन गर्न सकिने स्थल । |
| ५ | गुप्तेश्वर गुफा | ४ | माता पार्वती गुप्तवास बसेको भन्ने विश्वास मानिएको स्थल । लिच्छवी शासनकालमा अरमुडी भन्ने यस क्षेत्रका शासकले जयापिड भन्ने कश्मिरी शासकलाई यसै गुफामा लुकाएर राखेका थिए भन्ने भनाइ रहेको । |
| ६ | मोदीवेणी धाम | ५ | कालीगण्डकी र मोदीखोलाको संगमस्थल, नृसिंह भगवानको मन्दिर रहेको यो स्थल जिल्लाकै प्रमुख धार्मिक सम्पदास्थलका रूपमा परिचित छ । पौराणिक तथा धार्मिक महत्त्व बोकेको पावन पूण्य क्षेत्र । |
| ७ | अल्पेश्वर गुफा | ९ | विभिन्न प्रकारका देवी देवताहरूको आकृति तथा दृश्य देखिने । हजारौं चमेराहरूको बासस्थान रहेको । गुफाभित्र ठाउँ ठाउँमा विभिन्न झरनाहरू अवलोकन गर्न सकिने । |
| ८ | बाटुलेचौर | १२ | महत्त्वपूर्ण पौराणिक स्थल । राजा दशरथले आफ्ना भान्जा श्रवणकुमारलाई हत्या गरेको पश्चातापमा यज्ञ लगाएको स्थान । |
| ९ | खौलाकोट कालिका | १३ | मल्लकालीन समयमा बाइसी चौबीसी राज्य अन्तर्गत सतहुँ राज्यको प्रमुख सैन्य अखडा, विशेषतः ज्ञादी, वितलव तथा पकुवा सिल्मी क्षेत्रको कर संकलन गर्ने केन्द्रका रूपमा रहेको । |

| | | | |
|---|---|---|---|
| १० | जुम्लीठाना | १३ | जुम्लाबाट आएका जुम्ली राजाहरूले राज्य गरेको स्थान । मल्लकालीन समयमा बाइसी चौबीसी राज्य अन्तर्गत सतहुँ राज्यको प्रमुख सैन्य किल्ला । ऐतिहासिक महत्त्व रहेको । सुन्दर प्राकृतिक दृश्यहरू अवलोकन गर्न सकिने स्थल । |
| ११ | तत्तरकोट कालिका | १ | नेपालमा भूरे टाकुरे राजाहरूले राज्य गर्ने समयमा स्थापना गरिएको कोटमन्दिर । मनोरम प्राकृतिक स्थलहरूको अवलोकन गर्न सकिने, मल्लकालीन समयका पुराना हात हतियार रहेको । पाङ क्षेत्रमा पहिलो मूख्य बस्ती बसेको ठाउँका रूपमा मानिएको स्थल । |
| १२ | पञ्चासे | १४ | जैविक विविधताले भरिपूर्ण, सयौँथरी सुनाखरी पाइने, वैदिक साहित्यमा समेत वर्णित अत्यन्तै पावन र पुण्य भूमि । हिमालय श्रृंखलाहरू र मनोरम प्राकृतिक दृश्यहरू अवलोकन गर्न सकिने पर्यटकीय स्थल । |
| १३ | जलयात्रा आधारस्थल, नयाँपुल | २ | प्रसिद्ध कालीगण्डकीमा जलयात्रा (Rafting) को आधारस्थल । नयाँपुलबाट शुरू हुने जलयात्रा स्याङजाको मिर्मिसम्म पुगेर अन्त्य हुन्छ । |
| १४ | कुश्मा बलेवा जोड्ने यान्त्रिक पुल | | कालीगण्डकीमा पर्वत उद्योग वाणिज्य संघको पहलमा स्थानीयबासीहरूको लगानीमा नेपालका प्राविधिकहरूद्वारा केबलकारको डिजाइनमा निर्माण भएको मेकानिकल पुल । फलामे लट्ठाका माध्यमबाट दुईवटा डिब्बाहरू वारीपारी गर्ने । कुश्मा र बलेवा क्षेत्रलाई जोड्ने पुल । |
| १५ | मोदीखोलामा निर्मित कुश्मा ज्ञादी जोड्ने झोलुङ्गेपुल | | कुश्मा बजार र कटुवाचौपारीलाई जोड्ने मोदीखोलामा निर्माण गरिएको यो पुल शुरूमा नेपालकै अग्लो र लामो पुलका रूपमा प्रसिद्धि कमाएको थियो । वि. संस २०६७ सालमा निर्माण भएको यो पुल ३४४ मिटर लामो र मोदीखोला किनारबाट १३५ मिटर अग्लो स्थानमा रहेको छ । |
| १६ | कालीगण्डकीमा निर्मित कुश्मा बलेवा (कैया) जोड्ने झोलुङ्गेपुल | | कालीगण्डकीमा निर्मित यो पुलपनि नेपालकै लामो र अग्लो पुलका रूपमा परिचित छ । कालीगण्डकीको सुन्दर दृश्य साथै मोदीवेणीधामको दर्शन गर्न सकिने यो पुलले कुश्मा र बलेवाको कैयालाई जोडेको छ । वि. सं. २०७१ सालमा निर्माण भएको यो पुलको लम्बाई ३४७ मिटर रहेको छ भने कालीगण्डकी किनारदेखि १५६ मिटर उचाइमा यो पुल निर्माण भएको छ । |
| १७ | मोदीखोलामा निर्मित कुश्मा मुडिकुवा जोड्ने झोलुङ्गेपुल | | ३५९ मिटर लामो र १५५.७० मिटर उचाईमा निर्मित यो अर्को लामो र अग्लो पुलले कुश्मा र मुडिकुवालाई जोड्दछ । वि. सं. २०७३ सालदेखि यो पुल सञ्चालनमा आएको हो । |
| १८ | कालीगण्डकीमा निर्माणाधीन बञ्जीजम्पिङ र रोप साइकिलिङ स्थल | | साहसिक पर्यटनका लागि प्रसिद्धि पाएको खेल बञ्जीजम्पिङका निम्ती कुश्मा र बलेवा जोड्ने कालीगण्डकीमा निर्माणाधीन । निर्माण सम्पन्न भएपछि साहसिक पर्यटन पवर्द्धनमा ठूलो सहयोग पुग्ने विश्वास गरिएको । कालीगण्डकी माथि करिब ५२५ मिटर लामो र २२८ मिटरको उचाईमा यो पुलको निर्माण कार्य भईरहेको छ । यस स्थान नजिकै अर्को एक साहसिक खेल रोप साइकिलिङ स्थलको पनि निर्माण हुने चरणमा रहेको छ । |
| १९ | मोदीखोलामा निर्मित कुश्मा अधिकारीफाँट जोड्ने झोलुङ्गेपुल | | कुश्मा नगरपालिकाको वडा नं. ८ खरेहा र वडा नं. ९ स्थित अधिकारीफांट जोड्ने करिब ३५९ मिटर लामो यो पुल मोदीखोलामाथि निर्माणको क्रममा रहेको छ । |

स्रोतः विभिन्न प्रकाशित पुस्तकहरू एवम् स्थलगत अवलोकन, २०७४ ।

## २.५ नगरपालिका क्षेत्रमा रहेका धार्मिक स्थल तथा मठ मन्दिरहरुको विवरण

यस नगरपालिकामा महत्त्वपूर्ण ऐतिहासिक, पौराणिक तथा धार्मिक सम्पदास्थलहरू रहेका छन् । यो क्षेत्र

पौराणिक महत्त्व बोकेको क्षेत्र पनि हो । माता पार्वतीको जन्म भएको विश्वास मानिएको पाङ, वैदिक साहित्यमा वर्णन गरिएको पञ्चासे, ऐतिहासिक कोटघरहरू तथा विभिन्न धर्मालम्बी तथा सम्प्रदायका मानिसहरूले आस्थापूर्वक पूजाआजा गर्ने मठ, मन्दिर, गुम्बा, चर्च, मस्जिद तथा देवालयहरू यहाँ रहेका छन् । विभिन्न जात जातिका मानिसहरूले कुलपूजा गर्ने स्थानमा कुल मन्दिरहरू, भैरमथान, झाँक्रीथान, भूमेथान तथा मण्डली थानहरू रहेका छन् । नगरपालिकामा रहेका प्रमुख मठमन्दिर तथा धार्मिक स्थलहरूको विवरणलाई तलको तालिका नं. २.६ मा प्रस्तुत गरिएको छः-

**तालिका नं. २.६**

**नगरपालिकामा रहेका धार्मिक स्थलहरुको विवरण**

| सि. नं. | धार्मिक स्थलको नाम | रहेको स्थान वा वडा | सि. नं. | धार्मिक स्थलको नाम | रहेको स्थान वा वडा |
|---|---|---|---|---|---|
| १ | तत्तरकोट कालिका | १ | ४१ | शिवालय मन्दिर, रोहोटे | ७ |
| २ | लक्ष्मीनारायण मन्दिर | १ | ४२ | दुर्गा मन्दिर | ७ |
| ३ | सहस्रधारा दिव्यधाम | १ | ४३ | भगवती मन्दिर | ७ |
| ४ | पार्वती गुफा, पार्वती गरा | १ | ४४ | रूद्रेश्वर महादेव मन्दिर | ८ |
| ५ | मुक्तिनारायण बैंकटेश्वर मन्दिर | १ | ४५ | लालेश्वर महादेव मन्दिर | ८ |
| ६ | ॐकारेश्वर मन्दिर | १ | ४६ | देवी मन्दिर | ८ |
| ७ | नृसिङ गौमती लक्ष्मीनारायण मन्दिर | २ | ४७ | गणेश मन्दिर | ८ |
| ८ | गणेश मन्दिर | २ | ४८ | लालेश्वर गुफा | ८ |
| ९ | शिव मन्दिर | २ | ४९ | सरस्वती मन्दिर | ८ |
| १० | गाईखुर कामधेनु मन्दिर | २ | ५० | अल्पेश्वर गुफा | ९ |
| ११ | खुर्कोट | २ | ५१ | पाठेश्वरी मन्दिर | ९ |
| १२ | रूद्रेश्वर तथा प्रणामेश्वर मन्दिर | २ | ५२ | दुर्गा भवानी मन्दिर | ९ |
| १३ | राधाकृष्ण वृन्दावनधाम | २ | ५३ | वरदायीनी देवी मन्दिर | ९ |
| १४ | चन्द्रेश्वर महादेव मन्दिर | २ | ५४ | वद्रीनारायण मन्दिर | ९ |
| १५ | मोक्षश्वर महादेव मन्दिर | २ | ५५ | शिव मन्दिर | |
| १६ | शिव सत्यदेवी मन्दिर | २ | ५६ | राधाकृष्ण मन्दिर | ९ |
| १७ | कोट कालिका मन्दिर | २ | ५७ | लक्ष्मीनारायण मन्दिर | ९ |
| १८ | कालिका देवीस्थान | २ | ५८ | भिमसेन मन्दिर | ९ |
| १९ | शिवमन्दिरहरू (६वटा) | २ | ५९ | पुर्णेश्वर शिवालय मन्दिर | १० |
| २० | दुर्लुङकोट वा भूमेकोट | ३ | ६० | भगवती मन्दिर | १० |
| २१ | शिव मन्दिर | ३ | ६१ | छापादेवी मन्दिर | ११ |
| २२ | गुफा मन्दिर | ३ | ६२ | चण्डीथान देवी मन्दिर | ११ |
| २३ | वराहथान मन्दिर | ३ | ६३ | लामाठा देवी मन्दिर | ११ |
| २४ | देवी भगवती मन्दिर | ३ | ६४ | पकुवा देवी मन्दिर | ११ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | झाक्रीथान मन्दिर | ३ | ६५ | पाथ्राबरी देवी मन्दिर | ११ |
| २६ | शिव पार्वती मन्दिर | ३ | ६६ | चर्च | ११ |
| २७ | चर्च | ३ | ६७ | बाटुलेचौर देवीथान मन्दिर | १२ |
| २८ | गायत्री मन्दिर | ४ | ६८ | लामपाटेश्वर महादेव मन्दिर | १२ |
| २९ | गुप्तेश्वर गुफा | ४ | ६९ | पूवादेवी मन्दिर | १२ |
| ३० | भिमेश्वर नारायण मन्दिर | ४ | ७० | खौलाकोट | १३ |
| ३१ | राधाकृष्ण मन्दिर | ४ | ७१ | जुम्लीठाना वा जुम्लीथान | १३ |
| ३२ | आनन्द गुम्बा | ४ | ७२ | चन्द्रकोट | १३ |
| ३३ | पाथीभरा माता मन्दिर | ४ | ७३ | देउराली | १३ |
| ३४ | मोदीबेणी धाम | ५ | ७४ | शिवालय मन्दिर | १३ |
| ३५ | गोपाङघाट गुम्बा | ५ | ७५ | देवी भगवती मन्दिर (निर्माणाधीन) | १३ |
| ३६ | भगवती मन्दिर | ५ | ७६ | साङदाङ दोर्जे छोलिङ गुम्बा | १४ |
| ३७ | गणेश मन्दिर | ५ | ७७ | कालिका भगवती मन्दिर | १४ |
| ३८ | मस्जिद | ५ | ७८ | शिवालय मन्दिर | १४ |
| ३९ | रूद्रेश्वर शिवालय मन्दिर | ७ | ७९ | | |
| ४० | राम मन्दिर | ७ | | | |

स्रोतः स्थलगत अवलोकन तथा सामाजिक परिचालकहरूसंगबाट प्राप्त सूचना, २०७४ ।

## २.६ वर्तमान भू–उपयोग स्थिति

यस नगरपालिका कालीगण्डकी किनारदेखि पञ्चासेसम्म फैलिएकोले खेतीयोग्य फाँट, बेंसी, पाखा, चरनक्षेत्र तथा वनजंगलले ढाकिएको छ । जिल्ला कृषि विकास कार्यालय, पर्वतले आ.व. २०७३/०७४ मा प्रकाशित गरेको तथ्याङ्क पुस्तिकाअनुसार तपसिलका वडाहरूमा तपसिल बमोजिम क्षेत्रफलको तथ्याङ्क प्रकाशन गरेको छ । कुस्मा नगरपालिकामा सबैभन्दा ठूलो वनजङ्गल रहेको वडा नं. १४ आर्थर हो, जहाँ पर्वत जिल्लाकै सुन्दर पर्यटकीय स्थल पञ्चासे क्षेत्र रहेको छ जुन वडा नं. १४ मा ६२५ हे.सम्म फैलिएको छ । सबैभन्दा कम वनक्षेत्र वडा नं. १२ ठूलीपोखरीमा ४५ हे. मात्र रहेको छ । सबैभन्दा बढी खेत वडा नं. ११ पकुवामा ३१५ हे. रहेको छ । बाँझो जग्गा सबैभन्दा वडा नं. ३ दुर्लुङमा २५५.०७ हे. रहेको छ । साविक शिवालय गा.वि.स.का हालका ४ वटा वडाहरूको तथ्याङ्क एकमुष्टरूपमा रहेको छ । नगरपालिकामा समावेश गरिएका साविकका गा.वि.स.हरू एवम् समग्र नगरपालिकाको भू-उपयोग स्थितिको विवरणलाई तलको तालिका नं. २.७ मा प्रस्तुत गरिएको छः-

**तालिका नं. २.७**
**नगरपालिकाको भू–उपयोग स्थिति**

| साविक कुश्मा नगरपालिका वडा तथा गा.वि.स= | हाल कायम गरिएका वडा | खेत (हेक्टर) | पाखोबारी (हेक्टर) | वन जंगल (हेक्टर) | घर बाँझो तथा अन्य (हेक्टर) | जम्मा क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|---|---|
| न. पा. वडा नं. १,२,३ पाङ | १ | २२७ | ३०५ | १३१ | २०३.५ | ८६६.५ |
| न. पा. वडा नं. ४,५ खुर्कोट | २ | २६२ | २३० | ३०२ | ९०.२३ | ८८४.२३ |
| न. पा. वडा नं. ६,७ दुर्लुङ | ३ | ३३६ | ३२६ | २७५ | २५५.०७ | ११९२.०७ |
| न. पा. वडा नं. ८,९,१०,११ शिवालय | ४, ५, ६, ७ | ११५ | १६० | ४६९ | १६५.६१ | ९०९.६१ |
| न. पा. वडा नं. १२ चुवा | ८ | १२४ | ५२ | ७५ | २६.६ | २७७.६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| न.पा. वडा नं. १३, १४ कटुवाचौपारी | ९ | १४६ | ८२ | ११९ | ६१.७३ | ४०८.७३ |
| न. पा. वडा नं. १५,१६ पिपलटारी | १० | २३४ | १७४ | १५४ | ४१.६८ | ६०३.६८ |
| न. पा. वडा नं. १७, १८ पकुवा | ११ | ३१५ | १५८ | १०९ | ३५.३६ | ६१७.३६ |
| ठूलीपोखरी | १२ | २३१ | १५५ | ४५ | ९८.५ | ५२९.५ |
| खौलालाँकुरी | १३ | २२३ | १६६ | २०३ | ८४.६९ | ६७६.६९ |
| आर्थर डाँडाखर्क | १४ | ३१२ | ४०५ | ६२५ | १०४.१७ | १४४६.१७ |
| जम्मा | | २५२५ | २२१३ | २५०७ | ११६७.१४ | ८४१२.१४ |
| प्रतिशत | | ३०.०२ | २६.३० | २९.८० | १३.८८ | १०० |

स्रोतः कृषि विकास कार्यालय, पर्वत, २०७१ ।

यस नगरपालिकाको समग्र भू-उपयोगको स्थिति हेर्दा कुल क्षेत्रफल ८४१२.१४ हेक्टरमध्ये वनजंगलले ढाकेको क्षेत्र (२९.८०%) रहेको छ । खेती गरिंदै आएको जग्गामा खेतको अंश जम्मा ३०.०२ प्रतिशत र पाखोबारीको अंश २६.३० प्रतिशत बराबर रहेको देखिन्छ । नगरपालिकामा समावेश भएका साविकका गा. वि. स.मा क्षेत्रफलको हिसाबले सबैभन्दा सानो चुवा (वडा नं. ८) रहेको र ठूलो आर्थर डाँडाखर्क (वडा नं. १४) रहेको छ ।

## २.७ वडा अनुसार भू-उपयोगको स्थिति र क्षेत्रफल

नगरपालिकामा समावेश भएका साविकका गा.वि.स. अनुसार हाल कायम भएका वडाहरूमा रहेको जग्गामध्ये उपयोग गरिएको जग्गाको विवरणलाई हेर्दा नगरपालिकाको कूल क्षेत्रफल ५९४५ हेक्टरमध्ये कृषिमा प्रयोग भएको क्षेत्रफल ३५७९ हे. अर्थात ६०% रहेको छ । अन्य क्षेत्रफल २३६६ हे. रहेको छ । साविका शिवालय गा.वि.स.का हाल ४ वटा वडामा कूल ५०७ हेक्टरमध्ये १९७ हेक्टर मात्रै कृषिमा प्रयोग भएको क्षेत्रफल रहेको छ । वडा नं. ३ दुर्लुङमा वन जङ्गल, पाखो लगायतको जग्गा जमिन सबैभन्दा बढी देखिन्छ । जहाँ ३७२ हेक्टर यस्तो प्रकारको जग्गा जमिन रहेको छ । वडा नं. ८ चुवामा सबैभन्दा कम कृषि भूमि ९६ हेक्टर, अन्य क्षेत्रफल ४५ हेक्टर मात्रै रहेको छ । कूल १४ वडा मध्ये सबैभन्दा बढी कृषिमा प्रयोग भएको क्षेत्रफल वडा नं. १४ आर्थरमा ५९१ हे. रहेको छ । तर हाल भने यहाँ धेरै जग्गा जमिन बाँझो अवस्थामा रहेको छ । यससम्बन्धी विवरणलाई तलको तालिका नं. २.८ मा प्रस्तुत गरिएको छः-

**तालिका नं. २.८**

**वडा अनुसार भू-उपयोगको स्थिति र क्षेत्रफल**

| वडाहरू | कृषिमा प्रयोग भएको क्षेत्रफल (हे.) | अन्य क्षेत्रफल (हे.) | जम्मा क्षेत्रफल (हे.) |
|---|---|---|---|
| १ | ४४१ | ३४८ | ७८९ |
| २ | ३११ | २५६ | ५६७ |
| ३ | ५१५ | ३७२ | ८८७ |
| ४,५,६,७ | १९७ | ३१० | ५०७ |
| ८ | ९६ | ४५ | १४१ |
| ९ | १७५ | १९५ | ३७० |
| १० | ३०० | २१९ | ५१९ |
| ११ | ३५३ | ९५ | ४४८ |
| १२ | २९७ | १७७ | ४७४ |
| १३ | ३०३ | २६३ | ५६६ |
| १४ | ५९१ | १८६ | ७७७ |
| जम्मा | ३५७९ | २३६६ | ५९४५ |

श्रोतः जिल्ला वन कार्यालय, पर्वत, सामुदायिक वन अनुगमन प्रतिवेदन, २०७२/०७३ ।

## २.८ भू-स्वामित्वको स्थिति

नगरपालिकामा रहेका घरपरिवारहरूको भू-स्वामित्वको स्थिती अध्ययन गर्दा ४ रोपनीभन्दा कम हुने परिवारको सङ्ख्या १८.३२% रहेको देखिन्छ । १० देखि २० रोपनी हुने परिवारको सङ्ख्या २२.३% रहेको छ । ४ देखि १० रोपनी हुने परिवारको

सङ्ख्या ३०.९९% रहेको छ । २० देखि ४० रोपनी हुने परिवारको सङ्ख्या ७% रहेको छ । ४० देखि ६० रोपनी हुने परिवारको सङ्ख्या २०.४०% रहेको छ । त्यस्तै सबैभन्दा बढी ६० देखि ८० रोपनी जमीन हुने परिवारको सङ्ख्या १.२६% रहेको छ । भू-स्वामित्व सम्बन्धी विवरणलाई तलको तालिका नं. २.९ मा प्रस्तुत गरिएको छः-

**तालिका नं. २.९**

**नगरपालिकामा भू-स्वामित्वको स्थिति**

| विवरण | प्रतिशत् |
|---|---|
| भूमिहिन परिवार | १ |
| २ रोपनीभन्दा कम जमिन भएको परिवार | ६.५ |
| २ देखि ४ रो. जमीन भएको परिवार | ११ |
| ४ देखि १० रो. जमीन भएको परिवार | ३०.९९ |
| १० देखि २० रो. जमीन भएको परिवार | २२.३ |
| २० देखि ४० रो. जमीन भएका परिवार | ७ |
| ४० देखि ६० रो. जमीन भएका परिवार | २०.४० |
| ६० देखि ८० रो. जमीन भएका परिवार | १.२६ |
| जम्मा घरधुरी | १०३११ |

श्रोतः जिल्ला कृषि विकास कार्यालय, पर्वत, आ.व. २०७२/०७३

## २.९ सामुदायिक मेलमिलाप सम्बन्धी समिति गठन र क्रियाकलाप

यस नगरपालिकामा हालसम्म मेलमिलाप सम्बन्धी समिति गठन गर्ने लगायतका अन्य क्रियाकलापहरू सञ्चालन हुन सकेका छैनन । नगरपालिकास्तरमा उपप्रमुखको संयोजकत्वमा सामुदायिक मेलमिलाप सम्बन्धी समिति गठन हुने व्यवस्था रहेको भए तापनि वडाहरूमा यससम्बन्धी समितिहरू गठन भएका छैनन् । नगरपालिकाबाट सदरमुकाम कुस्मामा जिल्ला अदालत लगायतका निकायमा जटिल मुद्दाहरू जाने गर्दछन भने सामान्य प्रकृतिका बिषयमा स्थानीयरूपमा छलफल गरी मेलमिलाप हुने गरेको छ ।

## २.१० नगरपालिकामा गरिबीको अवस्था

गरिबीको विश्लेषण गर्दा शिरगणना सूचक, गरिबीको गहनता र गरिबीको विषमतालाई मुख्य आधार मानिएको हुन्छ । शिरगणना सूचकले निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्या कति छ भनेर मापन गर्दछ । गरिबीको गहनताले कुल गरिबहरू मध्ये पनि गरिब गरिबहरूबीच कति गहिरो असमानता छ भन्ने कुरा देखाउँछ । गरिबीको गहनता जति बढी भयो उति नै देशमा गरिबीको दबाब परिरहेको हुन्छ । गरिबीको विषमताले गरिब मानिएकाहरू मध्ये कति प्रतिशत गरिबहरू गरिबीको रेखाभन्दा कतिले टाढा छन् भन्ने कुरा मापन गर्दछ । गरिबीको विषमता जति बढी हुन्छ त्यति नै बढी मात्रामा गरिबीको समस्या पैदा हुने गर्दछ । केन्द्रीय तथ्याङ्क विभागद्वारा सन २००९/२०१० मा गरिएको तेस्रो जीवनस्तर मापन सर्वेक्षणअनुसार प्रतिव्यक्ति औसत आम्दानी रू. १९२६१ लाई आधार मान्दा राष्ट्रिय स्तरमा गरिबीको रेखामुनिको जनसङ्ख्या २१.६ प्रतिशत ( आ.व. २०७४) रहेको छ । यस नगरपालिकामा गरिबीको अवस्था तथा विवरणलाई तलको तालिका नं. २.१० मा प्रस्तुत गरिएको छः-

**तालिका नं. २.१०**

**नगरपालिकामा गरिबीको अवस्था**

| साविक नगरपालिकाका वडा तथा गा. वि. स. | हाल कायम भएका वडा | गरिबीको दर | गरिबीको विषमता | गरिबीको गहनता |
|---|---|---|---|---|
| न. पा. वडा नं. १,२,३ पाङ | १ | १२.५४ | २.४२ | ०.७३ |
| न. पा. वडा नं. ४,५ खुर्कोट | २ | १२.५४ | २.४२ | ०.७३ |
| न. पा. वडा नं. ६,७ दुर्लुङ | ३ | १३.७८ | २.७९ | ०.८७ |
| न. पा. वडा नं. ८,९,१०,११ शिवालय | ४, ५, ६, ७ | २.३६ | ०.३९ | ०.११ |

| | | | | |
|---|---|---|---|---|
| न. पा. वडा नं. १२ चुवा | ८ | ४.५३ | ०.८ | ०.२३ |
| न.पा. वडा नं. १३, १४ कटुवाचौपारी | ९ | ७.२९ | १.२९ | ०.३६ |
| न. पा. वडा नं. १५,१६ पिपलटारी | १० | ७.२९ | १.२९ | ०.३६ |
| न. पा. वडा नं. १७, १८ पकुवा | ११ | १०.७७ | २.० | ०.५८ |
| ठूलीपोखरी | १२ | ७.२९ | १.२९ | ०.३६ |
| खौलालँकुरी | १३ | १४.८३ | २.८४ | ०.८४ |
| आर्थर डाँडाखर्क | १४ | १४.८३ | २.८४ | ०.८४ |
| कुश्मा नगरपालिका | | ९.८ | २.६७ | ०.५४ |

स्रोतः राष्ट्रिय जनगणना, २०६८, केन्द्रीय तथ्याङ्क विभाग ।

माथिको तालिकामा देखाइएअनुसार नगरपालिकामा सविक शिवालयग गा.वि.स.मा गरिबीको रेखामुनिको जनसङ्ख्या सबैभन्दा कम र खौलालँकुरी एवम् आर्थर डाँडाखर्क गा.वि.स.मा सबैभन्दा बढी रहेको देखिन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार पर्वत जिल्लाको समग्र गरिबीको अवस्थासंग तुलना गर्दा गरिबीको रेखामुनि रहेको जनसङ्ख्या, गरिबीको गहनता र विषमता यस नगरपालिकामा कम रहेको देखिन्छ ।

## २.११ स्थानीय राजनैतिक दलहरु

यस नगरपालिकामा गत स्थानीय निर्वाचनमा जिल्ला निर्वाचन कार्यालयमा दल दर्ता गराई विभिन्न पदमा उम्मेदवारी दिएका विभिन्न स्थानीय राजनैतिक दलहरू रहेका छन् । यी मध्ये नेपाल कम्युनिष्ट पार्टी एमाले र नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रबीच एकिकरण भई नेपाल कम्युनिष्ट पार्टीको गठन गरिएको छ । साविकका गा.वि.स.मा विभिन्न राजनैतिक दलहरूका प्रमुखहरू रहेको भए तापनि नगरपालिकाको गठन भईसकेपछि सो अनुसार सबै राजनैतिक दलहरूले नगरपालिकास्तरीय दलको प्रमुख चयन गरेको नदेखिएकोले कुस्मा नगरपालिकाले उपलब्ध गराएको तथ्यांकअनुसार ठूला दलहरू नेपाल कम्युनिष्ट पार्टीबाट दुइ जनाको नाम र नेपाली कांग्रेसबाट एकजनाको नाम प्राप्त भएको छ भने अन्य पार्टी नगरपालिकामा क्रियाशील रहेता पनि नाम विवरण उपलब्ध भै सकेको छैन । नगरपालिकाभित्र क्रियाशील राजनैतिक दलहरूको विवरणलाई तलको तालिका नं. २.११ मा प्रस्तुत गरिएको छः-

**तालिका नं. २.११**

**नगरपालिकामा क्रियाशील रहेका राजनैतिक दलहरुको विवरण**

| दलको नाम | नाम, थर | पद |
|---|---|---|
| नेपाल कम्युनिष्ट पार्टी | यम गुरूङ (तत्कालीन नेकपा एमाले), शंकर गिरी (तत्कालीन नेकपा माओवादी केन्द्रबाट) | नगर संयोजक तथा सचिवालय सदस्य |
| नेपाली काँग्रेस | कुलराज पोखेल | प्रतिनिधि |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | - | - |
| राष्ट्रिय जनमुक्ति पार्टी | - | - |
| नयाँशक्ति पार्टी, नेपाल | - | - |
| राष्ट्रिय जनमोर्चा, नेपाल | - | - |
| ने. क. पा. क्रान्तिकारी माओवादी | - | - |
| ने. क. पा. माओवादी | - | - |
| नेपाल परिवार दल | - | - |
| ने. क. पा. माले | - | - |

स्रोतः कुश्मा नगरपालिका, पर्वत, २०७५ असार ।

## २.१२ नगरपालिकाका जन निर्वाचित प्रतिनिधि तथा पदाधिकारीहरुको विवरण

नेपालमा वि.सं. २०५४ मा भएको स्थानीय निकायहरूको निर्वाचनपश्चात् करिब २० वर्षसम्म उक्त तहको निर्वाचन सम्पन्न हुन सकेको थिएन । स्थानीय स्वायत्त शासन ऐन २०५५ र सरकारले व्यवस्था गरेको कार्यविधि अनुसार स्थानीय निकायहरू सञ्चालन

भइरहेका थिए । नेपालको संविधान २०७२ मा व्यवस्था भएअनुसार वि. सं. २०७४ मा सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा यस नगरपालिकाको प्रमुख तथा उपप्रमुख दुबै पदमा नेपाली काँग्रेसका उम्मेदवार विजयी भएका थिए । नगरपालिकामा रहेका चौधवटा वडामध्ये नौवटा वडामा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (तत्कालीन नेकपा एमाले) बाट र पाँचवटा वडामा नेपाली काँग्रेसबाट वडा अध्यक्ष निर्वाचित भएका छन् । त्यस्तै वडा सदस्य पदमा नेपाल कम्युनिष्ट पार्टी (तत्कालीन नेपाल कम्युनिष्ट पार्टी एमाले) बाट २८ र नेपाली काँग्रेसबाट २८ जना निर्वाचित भएका छन् । यस नगरपालिकाका जन निर्वाचित प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा वडा सदस्यहरूको विवरणलाई तलको तालिका नं. २.१२ मा प्रस्तुत गरिएको छः-

**तालिका नं. २.१२**

**नगरपालिकाका जननिर्वाचित प्रतिनिधिहरुको विवरण**

| नगर प्रमुखः रामचन्द्र जोशी (सम्बद्ध राजनैतिक दल -नेपाली काँग्रेस) | | | नगर उपप्रमुखः सीता कुमारी काफ्ले लामिछाने (सम्बद्ध राजनैतिक दल -नेपाली काँग्रेस) | | |
|---|---|---|---|---|---|
| वडा नं. | अध्यक्ष | सदस्य महिला | सदस्य दलित महिला | सदस्य खुला | सदस्य खुला |
| १ | देवेन्द्रप्रसाद सुबेदी | विमला शर्मा | सुमित्रा विश्वकर्मा | टिकाबहादुर सुबेदी | विरेन्द्र रिजाल |
| सम्बद्ध पार्टी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाली काँग्रेस |
| २ | यदुनाथ शर्मा | शान्ति शर्मा कुमाल | मायादेवी दर्जी | कालीभक्त शर्मा | दलबहादुर क्षेत्री |
| सम्बद्ध पार्टी | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ३ | तेजप्रसाद पाध्या | सुधा गुरूङ | तारादेवी सर्किनी | राजकुमार गुरूङ | यमनाथ शर्मा |
| सम्बद्ध पार्टी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ४ | मिनाकुमारी कर्माचार्य | तिलकुमारी शर्मा | हिना परियार | विष्णु शर्मा | टेकनारायण श्रेष्ठ |
| सम्बद्ध पार्टी | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाली काँग्रेस |
| ५ | चित्रकला भारती शर्मा | लालकुमारी कार्की चापागाई सि.के. | लक्ष्मी सुनार | उत्तम ढकाल | नरेन्द्रबहादर खत्री |
| सम्बद्ध पार्टी | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाली काँग्रेस |
| ६ | रूद्र गिरि | सुमित्रा पौडेल | सविता वि.क. | डम्बर गिरि | ज्ञानबहादुर भण्डारी |
| सम्बद्ध पार्टी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ७ | सुवासचन्द्र पौडेल | कमला श्रेष्ठ | टिका नेपाली | परशुराम पुरी | निलराज पुरी |
| सम्बद्ध पार्टी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ८ | राजकुमार क्षेत्री | निर्मला शर्मा | सिता समुन्द्रीया | सुरेन्द्र के.सी. | कृष्णबहादुर घर्ती |
| सम्बद्ध पार्टी | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाली काँग्रेस |
| ९ | कृष्णप्रसाद लामीछाने | विन्दुकुमारी पौडेल | सावित्री नेपाली | विष्णुहरि पराजुली | खगराज अधिकारी |
| सम्बद्ध पार्टी | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाली काँग्रेस | नेपाली काँग्रेस |
| १० | सुजन वि.क. | सितादेवी शर्मा | सुमित्रा वोसेल | शान्ता पौडेल | दिवाकर शर्मा तिवारी |

| | | | | | |
|---|---|---|---|---|---|
| सम्बद्ध पार्टी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ११ | शिवप्रसाद पौडेल | राधिकाकुमारी शर्मा | गिता सुनार बि.के. | गोपाल बहादुर नेपाली | बाबुराम पौडेल |
| सम्बद्ध पार्टी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १२ | राजेन्द्र पौडेल | धनुमाया पौडेल | सरस्वती वि. क. | महेन्द्र सुवेदी | डिल्लीराम सुवेदी |
| सम्बद्ध पार्टी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाली काँग्रेस | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाली काँग्रेस | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १३ | जंगबहादुर के. सी. | कल्पनादेवी शर्मा | देवी नेपाली | टिकाराम लम्साल | ओमप्रकास शर्मा |
| सम्बद्ध पार्टी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १४ | भिमप्रसाद गुरूङ | नन्दकला क्षेत्री | देवी कुमारी विश्वकर्मा | होमनाथ रिमाल | इन्द्रबहादुर गुरूङ |
| सम्बद्ध पार्टी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |

स्रोतः जिल्ला निर्वाचन कार्यालय, पर्वत, २०७४ ।

**तालिका नं. २.१३**

**नगर कार्यपालिकाका पदाधिकारी तथा सदस्यहरुको विवरण**

| क्र. सं. | पदाधिकारीको नाम, थर | क्र. सं. | पदाधिकारीको नाम, थर |
|---|---|---|---|
| १ | रामचन्द्र जोशी, प्रमुख | १३ | शिवप्रसाद पौडेल, वडा अध्यक्ष वडा नं. ११ |
| २ | सीता कुमारी काफ्ले लामिछाने, उपप्रमुख | १४ | राजेन्द्र पौडेल, वडा अध्यक्ष वडा नं. १२ |
| ३ | देवेन्द्रप्रसाद सुबेदी, वडा अध्यक्ष वडा नं. १ | १५ | जंगबहादुर के. सी., वडा अध्यक्ष वडा नं. १३ |
| ४ | यदुनाथ शर्मा, वडा अध्यक्ष वडा नं. २ | १६ | भिमप्रसाद गुरूङ, वडा अध्यक्ष वडा नं. १४ |
| ५ | तेजप्रसाद पाध्या, वडा अध्यक्ष वडा नं. ३ | १७ | डम्बर बहादुर नेपाली, कार्यपालिका सदस्य |
| ६ | मिनाकुमारी कर्माचार्य, वडा अध्यक्ष वडा नं. ४ | १८ | देवेन्द्र बहादुर नेपाली, कार्यपालिका सदस्य |
| ७ | चित्रकला भारती शर्मा, वडा अध्यक्ष वडा नं. ५ | १९ | तारादेवी सर्किनी, कार्यपालिका सदस्य |
| ८ | रूद्र गिरि, वडा अध्यक्ष वडा नं. ६ | २० | राधिकाकुमारी शर्मा, कार्यपालिका सदस्य |
| ९ | सुवासचन्द्र पौडेल, वडा अध्यक्ष वडा नं. ७ | २१ | सुमित्रा पौडेल, कार्यपालिका सदस्य |
| १० | राजकुमार क्षेत्री, वडा अध्यक्ष वडा नं. ८ | २२ | नन्दकला क्षेत्री, कार्यपालिका सदस्य |
| ११ | कृष्णप्रसाद लामीछाने, वडा अध्यक्ष वडा नं. ९ | २३ | देवी नेपाली, कार्यपालिका सदस्य |
| १२ | सुजन वि.क., वडा अध्यक्ष वडा नं. १० | २४ | मनोहर विश्वकर्मा पौडेल ( जिल्ला समन्वय समिति पर्वतको प्रमुखमा निर्वाचित हुनुभएको ) |

स्रोतः जिल्ला निर्वाचन कार्यालय, पर्वत, २०७४ ।

## २.१३ नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण

यस नगरपालिकामा कार्यरत कर्मचारीहरूको विवरण अर्थात नगरपालिकाको संगठनात्मक ढाँचा देहायअनुसार रहेको छः-

**तालिका नं. २.१४**

**नगरपालिकामा कार्यरत कर्मचारीको विवरण**

| सि.नं. | कर्मचारीको नाम, थर | पद | | |
|---|---|---|---|---|
| १ | सुवास कुमार लामिछाने | प्रमुख प्रशासकीय अधिकृत | शिक्षा शाखातर्फ कार्यरत कर्मचारी | |
| २ | कृष्णप्रसाद शर्मा | लेखा अधिकृत | कर्मचारीको नाम, थर | पद |
| ३ | आशिष शाक्य | ईन्जिनियर | राजेन्द्रबहादुर क्षेत्री | शिक्षा अधिकृत |
| ४ | सञ्जय लामिछाने | ईन्जिनियर | प्रेम शर्मा सुवेदी | स्रोत व्यक्ति |
| ५ | मदन शर्मा पौडेल | पञ्जिकाधिकारी | रामप्रसाद लामिछाने | स्रोत व्यक्ति |
| ६ | टेकनारायण सुवेदी | नायब सुब्बा | कुमार उपाध्याय | स्रोत व्यक्ति |
| ७ | चक्रपाणि सुवेदी | नायब सुब्बा | | |
| ८ | जगत बहादुर जोशी | नायब सुब्बा | पुनर्निर्माण प्राधिकरणतर्फ कार्यरत कर्मचारी | |
| ९ | विन्दुकुमारी शर्मा पौडेल रेग्मी | नायब सुब्बा | कर्मचारीको नाम, थर | पद |
| १० | प्रताप शर्मा | नायब सुब्बा | सिद्धार्थराज वास्तोला | ईन्जिनियर |
| ११ | यमनाथ शर्मा | लेखापाल | सागर रेग्मी | सव ईन्जिनियर |
| १२ | टेकप्रसाद भुषाल | कार्यालय सहायक, पाँचौ | सन्तोषकुमार कार्की | असिस्टेण्ट सव ईन्जिनियर |
| १३ | यामप्रसाद शर्मा पौडेल | कार्यालय सहायक, पाँचौ | | |
| १४ | अनु श्रेष्ठ | कार्यालय सहायक, पाँचौ | स्वास्थ्य शाखातर्फ कार्यरत कर्मचारी | |
| १५ | सन्तोषप्रसाद उपाध्याय | कम्प्युटर अपरेटर | कर्मचारीको नाम, थर | पद |
| १६ | उत्तम पौडेल | कम्प्युटर अपरेटर | उमाकान्त सापकोटा | जनस्वास्थ्य अधिकृत |
| १७ | सुनिल काफ्ले | सव ईन्जिनियर | यामप्रसाद शर्मा | सि. अ. हे. व. |
| १८ | लालप्रसाद पाध्या | कार्यालय सहायक, चौंथो | कृषि शाखातर्फ कार्यरत कर्मचारी | |
| १९ | अर्जुनप्रसाद चापागाई | असिस्टेण्ट सव ईन्जिनियर | कर्मचारीको नाम, थर | पद |
| २० | पुरूषोत्तम सुवेदी | असिस्टेण्ट सव ईन्जिनियर | सोनी राना | वागवानी विकास अधिकृत |
| २१ | अजिता शर्मा | कार्यालय सहायक, चौंथो | | |
| २२ | विरेन्द्र विष्ट | अमिन | पशुसेवा शाखातर्फ कार्यरत कर्मचारी | |
| २३ | बालकृष्ण शर्मा | खरिदार | कर्मचारिको नाम, थर | पद |
| २४ | शोभाकान्त पौडेल | खा. पा. स. टे. | विश्वनाथ गौतम | पशु विकास अधिकृत |
| २५ | हेमराज ढकाल | खरिदार | | |
| २६ | अनिता पुर्जा | कार्यालय सहायक, चौंथो | | |
| २७ | छत्रनाथ पौडेल | खरिदार | | |
| २८ | मोहोलाल लामिछाने | खरिदार | | |
| २९ | ज्योतिन्द्र चापागाई | खरिदार | नगरपालिकामा कार्यरत सामाजिक परिचालकहरूको विवरण | |
| ३० | लेखनाथ रेग्मी | खरिदार | नाम, थर | कार्यरत वडा |
| ३१ | सुरेश लामिछाने | खरिदार | खगेश्वरी शर्मा | १ |

| | | | | |
|---|---|---|---|---|
| ३२ | सिर्जना शर्मा | खरिदार | सचिना कुमारी शर्मा | २ |
| ३३ | विष्णुप्रसाद पौडेल | कार्यालय सहायक, चौंथो | सुर्यबाबु गिरी | ३ |
| ३४ | टेकबहादुर परियार | कार्यालय सहायक, चौंथो | लक्ष्मी कुमारी वसेल | ४, ५, ६, ७ |
| ३५ | विक्रम चापागाई | सहायक कम्प्युटर अपरेटर | अम्बिका अधिकारी | ८ |
| ३६ | रवि श्रेष्ठ | सहायक कम्प्युटर अपरेटर | जमुना सुवेदी | ९ |
| ३७ | कल्पना के.सी. | सहायक कम्प्युटर अपरेटर | पिताम्बर नेपाली | १० |
| ३८ | खिमलाल शर्मा | कार्यालय सहायक, चौंथो | तारादेवी शर्मा | ११ |
| ३९ | प्रकाशकुमार रेग्मी | सवारी चालक | रमेश पौडेल | १२ |
| ४० | चिरञ्जीवी शर्मा | दमकल चालक | तेजप्रसाद शर्मा | १३ |
| ४१ | कृष्णलाल पुरी | कार्यालय सहयोगी | कल्पना शर्मा | १४ |
| ४२ | रनबहादुर जि.सि. | कार्यालय सहयोगी | | |
| ४३ | लक्ष्मीदेवी शर्मा | कार्यालय सहयोगी | | |
| ४४ | प्रेमलाल गिरी | कार्यालय सहयोगी | | |
| ४५ | शिवबहादुर पौडेल | कार्यालय सहयोगी | | |

स्रोतः प्रशासन शाखा, कुश्मा नगरपालिका, पर्वत, २०७५ जेठ ।

## २.१४ नगरपालिकाको संगठनात्मक ढाँचा वा संरचना

नगरपालिकाको संगठनात्मक ढाँचा वा संरचनाका सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले व्यवस्था गरेअनुसार २५ हजारदेखि ५० हजारसम्म जनसङ्ख्या भएका नगरपालिकाहरूको संगठनात्मक ढाँचा वा संरचना यसप्रकार रहेको छः-

**कुश्मा नगरपालिकाको संगठनात्मक ढाँचा वा संरचना**



# अध्याय तीन
# जनसाङ्ख्यिक विवरण/विशेषता

### ३.१ जनसङ्ख्या वितरणको अवस्था (२०५८-२०६८)

कुश्मा नगरपालिकाको गठन २०७१ सालमा भएको हो । यहाँ दुईवटा जनगणना वर्षको जनसङ्ख्या सम्बन्धी विवरण प्रस्तुतिका लागि यस नगरपालिकामा हाल समावेश भएका साविकका ११ वटा गा.वि.स. हरूको जनसङ्ख्यालाई आधार मानिएको छ । यस नगरपालिकामा जनगणना वर्ष २०५८ र २०६८ को आधारमा रहेको कुल जनसङ्ख्या, जनसङ्ख्या अनुपात, औषत वृद्धिदर, परिवारको औषत आकारको विवरणलाई तलको तालिका नं. ३.१ मा प्रस्तुत गरिएको छः-

**तालिका नं. ३.१**

**जनसङ्ख्या वितरणको अवस्था**

| विवरण | जनगणना वर्ष | |
|---|---|---|
| | २०५८ | २०६८ |
| कुल जनसङ्ख्या | ३८४७५ | ३९६०० |
| महिला | २०४२८ | २१८६१ |
| पुरूष | १८०४७ | १७७३९ |
| घर परिवार सङ्ख्या | ८३७३ | १०३११ |
| जनघनत्व | ४१२.९ | ४२४.९८ |
| औषत वृद्धिदर | - | ०.२९ |
| परिवारको औषत आकार | ४.५९ | ३.८४ |
| महिला पुरूष अनुपात (प्रति १०० जना महिलामा पुरूषको सङ्ख्या) | ८८.३४ | ८१.१४ |

स्रोतः राष्ट्रिय जनगणना वर्ष, २०६८, २०५८, केन्द्रीय तथ्याङ्क विभाग ।

नगरपालिकाको जनसङ्ख्या वितरणको अवस्थाको अध्ययन गर्दा जनगणना वर्ष २०५८ को तुलनामा २०६८ मा समग्रमा कुल जनसङ्ख्या ११२५ बराबरले बढेको देखिन्छ । जनगणना वर्ष २०५८ को तुलनामा २०६८ मा महिलाको सङ्ख्या १४३३ बराबरले बढेको र पुरूषको सङ्ख्या ३०८ बराबरले घटेको देखिन्छ । महिला पुरूष अनुपात अघिल्लो २०५८ को जनगणनाको तुलनामा २०६८ मा घटेको देखिन्छ भने जनघनत्व बढेको छ । कुल जनसङ्ख्याको औषत वृद्धिदर ०.२९ प्रतिशत बराबरले बढेको देखिन्छ ।

### ३.२ घरपरिवारअनुसार औसत परिवार सङ्ख्या तथा कुल जनसङ्ख्यामा लैङ्गिक अनुपात सम्बन्धी विवरण

यस नगरपालिकामा घरपरिवारअनुसार औसत परिवार सङ्ख्या र कुल जनसङ्ख्यामा लैङ्गिक अनुपातको विवरण देहायअनुसार रहेको छः-

**तालिका नं. ३.२**

**औसत परिवार सङ्ख्या तथा लैङ्गिक अनुपात सम्बन्धी विवरण**

| साविक नगरपालिकाका वडा तथा गा. वि. स. | हाल कायम वडा | घरपरिवार सङ्ख्या | जनसङ्ख्या | | | औसत परिवार सङ्ख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | | | कुल | पुरूष | महिला | | |
| कुश्मा न.पा. १,२,३ पाङ | १ | १२०१ | ४५६६ | १९८५ | २५८१ | ३.८० | ७६.९१ |
| कुश्मा न.पा. ४ र ५ खुर्कोट | २ | ९५८ | ३९५० | १७२४ | २२२६ | ४.१२ | ७७.४५ |
| कुश्मा न.पा. ६ र ७ दुर्लुङ | ३ | ७३६ | ३०२४ | १२९७ | १७२७ | ४.११ | ७५.१० |
| कुश्मा न.पा. ८, ९,१०,११ शिवालय | ४,५,६,७ | ३३७८ | १२४७० | ५९८३ | ६४८७ | ३.६९ | ९२.२३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कुश्मा न.पा. १२ चुवा | ८ | ४३३ | १७५९ | ७७३ | ९८६ | ४.०६ | ७८.४० |
| कुश्मा न.पा. १३ र १४ कटुवाचौपारी | ९ | ४९० | २०४७ | ९१७ | ११३० | ४.१८ | ८१.१५ |
| कुश्मा न.पा. १५ र १६ पिपलटारी | १० | ६२३ | २४०७ | १०७६ | १३३१ | ३.८६ | ८०.८४ |
| कुश्मा न.पा. १७ र १८ पकुवा | ११ | ५६५ | २१९६ | ९८३ | १२१३ | ३.८९ | ८१.०४ |
| ठूलीपोखरी | १२ | ६६९ | २४३१ | १०२२ | १४०९ | ३.६३ | ७२.५३ |
| खौलालाँकुरी | १३ | ५५५ | २१३२ | ८५८ | १२७४ | ३.८४ | ६७.३५ |
| आर्थर डाँडाखर्क | १४ | ७०३ | २६१८ | ११२१ | १४९७ | ४.१० | ७४.८८ |
| कुल जम्मा | | १०३११ | ३९६०० | १७७३९ | २१८६१ | ३.८४ | ८१.१४ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग,राष्ट्रिय जनगणना, २०६८ ।

माथिको तालिकाअनुसार यस नगरपालिकामा औसत परिवार र लैङ्गिक अनुपातको विवरणलाई अध्ययन गर्दा सबैभन्दा कम औसत परिवार सङ्ख्या वडा नं. १० पिपलटारी र बढी औसत परिवार सङ्ख्या  वडा नं. ९ कटुवाचौपारमि रहेको देखिन्छ भने लैङ्गिक अनुपात सबैभन्दा बढी साविकको शिवालय गा.वि.स. र हालको वडा नं. ४,५,६ र ७ मा तथा कम खौलालाँकुरीमा रहेको देखिन्छ ।

### ३.३ परिवार सदस्य सङ्ख्याअनुसार घरपरिवार सङ्ख्या

यस नगरपालिकामा परिवार सदस्य सङ्ख्याअनुसार घरपरिवार सङ्ख्याको विवरण देहायअनुसार रहेको छः-

**तालिका नं. ३.३**

**परिवार सदस्य सङ्ख्याअनुसार घरपरिवार सङ्ख्या**

| परिवार सदस्य सङ्ख्या | १ जना | २ जना | ३ जना | ४ जना | ५ जना | ६ जना | ७ जना | ८ जना | ९ जना | १० जना र + | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घर परिवार सङ्ख्या | १०११ | १६२४ | २०७३ | २२०८ | १६३४ | ९७२ | ४१२ | १७८ | १०४ | ९५ | १०३११ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग,राष्ट्रिय जनगणना, २०६८ ।

यस नगरपालिकामा परिवार सदस्य सङ्ख्याअनुसार घरपरिवार सङ्ख्याको विवरणलाई अध्ययन गर्दा कुल १०३११ परिपरिवार मध्ये सबैभन्दा बढी (२२०८) चारजना परिवार सदस्य भएको घरपरिवार रहेको र त्यसपछि दोस्रो स्थानमा तीनजना परिवार भएको घरपरिवार (२०७३) रहेको र दश जनाभन्दा बढी परिवार सदस्य भएको घरपरिवार सबैभन्दा कम (९५) रहेको देखिन्छ ।

### ३.४ वडाअनुसार घरधुरी, जनसङ्ख्या तथा क्षेत्रफलको विवरण

पर्वत जिल्लामा रहेका साविकका एघारवटा गा.वि.स. हरूलाई समावेश गरी गठन गरिएको यस नगरपालिकामा हाल कायम भएका वडाहरूमा रहेको जनसङ्ख्या,  घरपरिवार, क्षेत्रफल तथा जनघनत्वको विवरणलाई देहायअनुसार प्रस्तुत गरिएको छः-

**तालिका नं. ३.४**

**वडाअनुसार घरधुरी, जनसङ्ख्या तथा क्षेत्रफलको विवरण**

| वडा नं. | घर परिवार सङ्ख्या | जनसङ्ख्या | | | क्षेत्रफल व.कि.मि. | जनघनत्त्व |
|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | | |
| १ | १२०१ | १९८५ | २५८१ | ४५६६ | ८.६७ | ५२६.६४ |
| २ | ९५८ | १७२४ | २२२६ | ३९५० | १३.२९ | २९७.२१ |
| ३ | ७३६ | १२९७ | १७२७ | ३०२४ | १२.४९ | २४२.११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ७३१ | १२६० | १४६९ | २७२९ | २.९९ | ९१२.७ |
| ५ | ११४२ | २००४ | २१०३ | ४१०७ | २.५४ | १६१६.९२ |
| ६ | ९९६ | १७९८ | १८९९ | ३६९७ | १.०५ | ३५२०.९५ |
| ७ | ५०९ | ९२१ | १०१६ | १९३७ | २.१९ | ८८४.४७ |
| ८ | ४३३ | ७७३ | ९८६ | १७५९ | ५.१९ | ३३८.९२ |
| ९ | ४९० | ९१७ | ११३० | २०४७ | २.९५ | ६९३.८९ |
| १० | ६२३ | १०७६ | १३३१ | २४०७ | ७.५५ | ३१८.८ |
| ११ | ५६५ | ९८३ | १२१३ | २१९६ | ७.५५ | २९०.८६ |
| १२ | ६६९ | १०२२ | १४०९ | २४३१ | ६.४८ | ३७५.१५ |
| १३ | ५५५ | ८५८ | १२७४ | २१३२ | ६.२७ | ३४०.०३ |
| १४ | ७०३ | ११२१ | १४९७ | २६१८ | १३.९७ | १८७.४ |
| जम्मा | १०३११ | १७७३९ | २१८६१ | ३९६०० | ९३.१८ | ४२४.९८ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ एवम् सूचना शाखा, जिसस, पर्वत २०७४ ।

नगरपालिकामा हाल कायम भएका वडाहरूमा रहेको घरधुरी, जनसङ्ख्या, क्षेत्रफल तथा जनघनत्त्वको विवरणको अध्ययन गर्दा क्षेत्रफलका आधारमा सबैभन्दा सानो वडा नं. ६ भए तापनि जनसङ्ख्याको दृष्टिले सबैभन्दा बढी जनसङ्ख्या र १ नं. वडामा रहेको छ भने जनघनत्व वडा नं ६ मा सबैभन्दा बढी रहेको देखिन्छ । भौगोलिक आधारमा सबैभन्दा ठूलो वडा नं. १४ रहेको देखिन्छ जहाँ जम्मा २६१८ बराबर मात्र जनसङ्ख्या रहेको छ । जनसङ्ख्याको दृष्टिले यो वडा सातौं स्थानमा रहेको देखिन्छ । नगरपालिकामा कुल जनघनत्त्व ४२४.९८ बराबर रहेको छ । नगरपालिकामा रहेको कुल जनसङ्ख्या ३९६०० मा पुरूषको तुलनामा महिलाको जनसङ्ख्या ४१२२ बराबरले बढी रहेको देखिन्छ । सङ्घीय मामला तथा सामान्य प्रशासन मन्त्रालयले नगरपालिकाको क्षेत्र निर्धारण गर्दा नगरपालिकाको कुल क्षेत्रफल ९३.१८ वर्ग कि.मि. निर्धारण गरेको छ ।

### ३.५ वडाअनुसार प्रमुख बस्तीहरुको विवरण

विगतमा एउटा गा.वि.स.मा नौवटा वडाहरू रहने र प्रत्येक वडामा विभिन्न बस्तीहरू रहेका थिए । वर्तमान राजनैतिक संरचनाअनुसार धेरैजसो स्थानीय तहमा साविकका सिंगो गा.वि.स.लाई नै एउटा वडा कायम गरिएकोले गाउँटोलमा रहेका यी बस्तीको पहिचान विस्तारै हराउने होकी भन्ने आशंका पैदा भएको छ । गाउँपालिका तथा नगरपालिका कार्यालयबाट सम्पादन हुने काममा बस्तीको भन्दा पनि वडाको पहिचानलाई प्राथमिकता दिने परिपाटीले गर्दा बस्तीको नाम चर्चाबाट हराउने स्थिति आएको छ । यस नगरपालिकामा विभिन्न जातजातिका मानिसहरूको बसोबास भएका बस्तीहरू रहेका छन् । यस नगरपालिकाका चौधवटा वडाहरूमा रहेका प्रमुख बस्तीहरूको विवरणलाई तलको तालिका नं. ३.५ मा प्रस्तुत गरिएको छः-

**तालिका नं. ३.५**

**वडाअनुसार प्रमुख बस्तीहरुको विवरण**

| वडा नं. | प्रमुख बस्तीहरू | बसोबास गर्ने जातिहरू |
|---|---|---|
| १ | सहस्रधारा, तल्लो पाङ, सुन्दरटोल, कान्लेबारी, सिम्लेटोल, कुनाचौर, टार, वैरागीथर, रिजालथर, पौडेलथर, मालढुङ्गा, वडहरेचौर, ठाडाटोल, नुवार सुबेदीथर, सारीकाटे, नेपाने, तत्तरकोट, भाटेपानी, दारिमबोट, वल्लो सिंघाली, काउले, जुकेपानी, भिरमुनि, आँगाखेत, गाँवा, ढकढके | क्षेत्री, ब्राम्हण, कामी, मगर, दमाइ, नेवार, गुरूङ, दशनामी सन्यासी, ठकुरी, माझी, कुमाल, राइ |
| २ | अर्मादी, नयाँपुल, सालघारी, वास्तोलाथर, ठाँटी, बगैचा, पौडेल धर्मशाला, सुबेदीथर, रेग्मीथर, सेरा, अर्यालटोल, नारीकोट, घारीकोट, तीसमुरे, गैरा, निमेलथर, बाघदुला, लामपाटा, चकालीथर, बाजुङेथर, मोरूवालीथर, खगाले, चिनेथर, सालबोट, ढाँड, मेजरथर, वितलवथर, क्यादी, पात्ले, खाल्टा, आटीथर, गोलेविसौना, पाथ्रेढुङ्गा, गहते, हर्राखर्क, गगनपानी, फलाटे, कोटगाउँ, मडकिना, काउराबोट, बोडिस्वारा, सिमटे, ठूलोस्वारा, कौशिनी, | क्षेत्री, ब्राम्हण, दमाइ, कामी, मगर, दशनामी, सार्की, नेवार, दशनामी सन्यासी, ठकुरी, घर्ती भुजेल, तामाङ |

| | | |
|---|---|---|
| ३ | भुजेलथान, कोटगाउँ, कोटथर, चुत्रे विसाउना, देउराली, थुम, सल्यान, रनार, गुरूङटोल, सुर्यप्रकासडाँडा, फाप्रे, पात्ले, सोती, घोगेनी, बाँसस्वारा, काफलचौर, गैराघर, सरूनचौर ढकालबारी, चनौटे, बुकेनी, डाँडाखेत, गुफा, मुडलचौतारी, निम्ने कचुरे, गिजेट, अम्बोट, भारती | क्षेत्री, ब्राम्हण, गुरूङ ठकुरी, दमाइ, कामी, सार्की , मगर, नेवार |
| ४ | अर्मादी, छमर्के, पाखाथर, राधाकृष्णटोल, पुरानोचौकी, गैराटोल, बाटापारी, बजार मुनि, पुरानो बजार, चिलाउने चौपारी | क्षेत्री, ब्राम्हण, नेवार, दमाइ, कामी, सार्की, गुरूङ, मगर, माझी, कुमाल, राइ, तामाङ, यादव, मुसलमान, लिम्बु तेली, ठाकुर |
| ५ | भण्डारीटोल, कुमालटोल, मेलमिलापचोक, गोपाङघाट, गुम्बाटोल, ओमशान्तिटोल, मोदीवेनी, वडगाउँ, पुलचोक | ब्राम्हण, मगर, क्षेत्री, दशनामी सन्यासी, दमाइ, सार्की, ठकुरी, दमाइ, कामी, गुरूङ क्षेत्री, ब्राम्हण, नेवार, दमाइ, कामी, सार्की, गुरूङ, मगर, माझी, कुमाल, राइ, तामाङ, यादव, मुसलमान, लिम्बु, तेली, ठाकुर |
| ६ | बँगैचाटोल, सिरानघरटोल, प्रगतिचोक, मैत्रीचोक, धनेश्वरचोक, साझाचोक | क्षेत्री, ब्राम्हण, नेवार, दशनामी सन्यासी, दमाइ, कामी, सार्की, गुरूङ, मगर, माझी, कुमाल, राइ, तामाङ, यादव, मुसलमान, लिम्वु, तेली, ठाकुर |
| ७ | आचार्यटोल, दुर्लुङचोक, खरेहा, फलामखानीटोल, रोहोटे, गोदाम, पुरीटोल, माझीगाउँ, गौरीडाँडा | क्षेत्री, ब्राम्हण, नेवार, दशनामी सन्यासी, दमाइ, कामी, सार्की, गुरूङ, मगर, माझी, कुमाल |
| ८ | मराङसिङ, पाखाथोक, विमिराबोट, आहालडाँडा, खोरियाडाँडा,, हर्राचौर, डय, राम्चे, पन्ध्रमुरे, चाइनाटोल, डहरापरी, दलितबस्ती, घारी, डिलघर, पिपलबोट, रखालथर, डिल, मोटरबाटोटोल, सहरबाटो, सिम, सालघारी, दोबिल्ला, परादी | क्षेत्री, ब्राम्हण, दमाइ, मगर, कामी, नेवार, दशनामी सन्यासी, ठकुरी |
| ९ | कटुवाचौपारी, छेउरखण्ड, लामाचौर गायत्रीटोल, चपाइफाँट, साइकलचोक, देउपूजा, सुबेदीचौर, ढकालथर, हटिया | क्षेत्री, ब्राम्हण, दमाइ, कामी, नेवार, सार्की |
| १० | विर्ता कटुवा, सालघारी, सिमखेत, आमडाँडा, गहते, कालीमाटी, लुवा, पिपलटारी, टारी, देउपुरे, तमादी, वितलव, चनौटे, माझीगाउँ, उपल्थरा, ठूलापाखा | क्षेत्री, ब्राम्हण, दमाइ, कामी, सार्की, दशनामी सन्यासी, |
| ११ | सिल्मीफाँट, छोरखेत, काउले, लामाठा, पाखाघर, रत्नचोकटोल, रानीस्वारा, सेरा, सुनटारी, गंगटे, फाँटटोल, लामाके, लामादेटोल, रखालथर, पकुवाफाँट, कमलोट, ओढारे, चुत्रेनीडाँडा, छाप, भालुखोला | क्षेत्री, ब्राम्हण, ठकुरी, दशनामी सन्यासी, दमाइ, कामी, नेवार, सार्की |
| १२ | बुमी, लामपाटा, बाटुलेचौर, कोलपाटा, भकुण्डे, गोलीखेल्नेडाँडा, मल्याङदी, टार, गैरा, देउरालीडाँडा, अर्चले, बारीको पुछार, ढाँडस्वारा, खेतार, सिंधाली, अबलाडाँडा, चोरकाटे, भञ्याङ्, डाँडाघर, खोलापारी, सिम्दिनी, टुटुङ्गा, माझपानी, झाँक्रीखोला, अर्जीकोट, पुवापोखरी, जिमिरे, वडाचौर, पोखरी, पाचुङ्गे, वर्जला, पैयुँस्वारा, रोहोटे, राम्चेमुनी, खोरियापानी, तिनढुङ्गे, घोडाचौर, रिप, माटेपानी | क्षेत्री, ब्राम्हण, दमाइ, कामी, सार्की, घर्ती भुजेल |
| १३ | चपाइथर, चनौटे, थुम्का, वाम्रा, हिले, पहिरा, कोलेकीचौपारी, चालिसेडाँडा, मगरपानी, खौला, ओकादी, कुनादी, विरौटा, मुलयाथर, कान्ले, घुस्तुङ, अम्बोट | क्षेत्री, ब्राम्हण, दमाइ, कामी, सार्की |
| १४ | गरने, सेराटारी, कारबारे, डाँडाखर्क, भयाउनी, राले, घोगे कुसुन्नेवास, छापस्वारा, औसेलुचौर, जैपारे, वर्गे, साइस्वारा, दुब्लेस्वारा, पारीगाउँ, पोखरीचौर, डाँडास्वारा, अँधेरीनेटा, नेटा, माझकटेरा, खाल्टा, बाहुनकाउले, बगालथोक, राय, स्यानीस्वारा, काउलेपारी, रकमेडाँडा, पारीगाउँ । | क्षेत्री, ब्राम्हण, दमाइ, कामी, सार्की, गुरूङ |

स्रोतः स्थलगत अवलोकन तथा सम्बन्धित वडाका सामाजिक परिचालकसंगबाट लिईएको जानकारी, २०७४ ।

### ३.६ उमेर तथा लिङ्गका आधारमा जनसङ्ख्याको विवरण

वि. सं. २०६८ मा गरिएको राष्ट्रिय जनगणनाअनुसार यस नगरपालिकामा विभिन्न उमेर समुह अनुसार जनसङ्ख्या विवरण यसप्रकार रहेको छः-

**तालिका नं. ३.६**

**उमेर तथा लिङ्गका आधारमा जनसङ्ख्याको विवरण**

| उमेर समुह | पुरूष | महिला | तेश्रो लिङ्गी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| ५ वर्ष भन्दा मुनि | १८८० | १६६८ | ० | ३५४८ | आश्रित जनसङ्ख्या |
| ५ - ९ वर्षसम्म | २२७६ | २१६४ | ० | ४४४० | |
| १० - १४ वर्षसम्म | २५५४ | २५९७ | ० | ५१५१ | |
| ५ देखि १४ वर्ष सम्मको जम्मा | ६७१० | ६४२९ | | १३१३९ | |
| १५ - १८ वर्षसम्म | २१२१ | २४०१ | ० | ४५२२ | सक्रिय जनसङ्ख्या |
| १९ - २४ वर्षसम्म | १२२७ | २१५९ | ० | ३३८६ | |
| २५ - ४५ वर्षसम्म | ३६२३ | ५८८९ | ० | ९५१२ | |
| ४६ - ५९ वर्षसम्म | २१३८ | २६४६ | ० | ४७८४ | |
| १५ देखि ५९ वर्ष सम्मको जम्मा | ९१०९ | १३०९५ | ० | २२२०४ | |
| ६० - ६९ वर्षसम्म | १०६५ | १४१० | ० | २४७५ | आश्रित जनसङ्ख्या |
| ७० वर्षभन्दा माथि | ८५५ | ९२७ | ० | १७८२ | |
| ६० वर्षभन्दा माथिको जम्मा | १९२० | २३३७ | ० | ४२५७ | |
| कुल जम्मा | १७७३९ | २१८६१ | | ३९६०० | |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।

नगरपालिकामा रहेको उमेर तथा लिङ्गअनुसारको जनसङ्ख्याको बनोटलाई विश्लेषण गर्दा समग्रमा पुरूषको तुलनामा महिला जनसङ्ख्या बढी रहेको देखिए तापनि १४ वर्षभन्दा मुनिको जनसङ्ख्यामा महिलाको तुलनामा पुरूषको सङ्ख्या २८१ जनाले बढी देखिन्छ । १५ देखि ५९ वर्षसम्मको जनसङ्ख्यामा पुरूषको तुलनामा महिलाको सङ्ख्या ३९८६ बराबरले र ६० वर्ष भन्दा माथिको जनसङ्ख्यामा ४१७ जना बराबरले महिलाहरूको सङ्ख्या धेरै रहेको देखिन्छ ।

### ३.७ आर्थिक रुपले सक्रिय जनसङ्ख्याको अवस्था

जनसङ्ख्याको संरचनालाई सैद्दान्तिक रूपमा विश्लेषण गर्दा १५ वर्षदेखि ५९ वर्षसम्मको जनसङ्ख्यालाई आर्थिक रूपले सक्रिय जनसङ्ख्या मानिन्छ भने अन्य समूहको जनसङ्ख्यालाई परनिर्भर जनसङ्ख्या मान्ने गरिन्छ । १५ देखि ५९ वर्ष सम्मको जनसङ्ख्याको मात्रा जति बढी हुन्छ त्यति नै बढी मात्रामा आर्थिक आय उपार्जनका क्रियाकलापमा वृद्धि हुने विश्वास मानिन्छ । राष्ट्रिय जनगणना - २०६८ अनुसार यस नगरपालिकामा आर्थिकरूपले सक्रिय र निश्क्रीय जनसङ्ख्याको विवरणलाई तलको तालिका नं. ३.७ मा प्रस्तुत गरिएको छः-

**तालिका नं. ३.७**

**आर्थिक रुपले सक्रिय जनसङ्ख्याको अवस्था**

| उमेर समुह | महिला | पुरूष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ० - १४ वर्ष | ६४२९ | ६७१० | १३१३९ | ३३.१८ |
| १५- ५९ वर्ष | १३०९५ | ९१०९ | २२२०४ | ५६.०७ |
| ६० वर्ष भन्दा माथि | २३३७ | १९२० | ४२५७ | १०.७५ |
| जम्मा | २१८६१ | १७७३९ | ३९६०० | १०० |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।

यस नगरपालिकाको कुल जनसङ्ख्याको संरचनालाई नियाल्दा १५-५९ वर्षसम्मको जनसङ्ख्याको अंश ५६.०७ % रहेको छ भने १५ वर्षभन्दा कम र ६० वर्षभन्दा माथिको जनसङ्ख्याको अंश ४३.९३ % बराबर रहेको

छ । तुलनात्मक रूपले सक्रिय जनसङ्ख्याको मात्रा बढी देखिए तापनि झण्डै ५६ जना मानिसले शारीरिक श्रम गरेर १०० जनालाई पाल्नुपर्ने स्थिति यहाँ रहेको देखिन्छ । सक्रिय जनसङ्ख्याको मात्रामा पुरूषको तुलनामा महिलाहरूको जनसङ्ख्या ३९८६ बराबरले बढी रहेको देखिन्छ ।

### ३.८ मातृभाषाको आधारमा जनसङ्ख्याको विवरण

नेपालमा सङ्घीयताको बहश चलिरहँदा प्रारम्भिक दिनहरूमा सङ्घीय राज्यको पहिचान के हुने ? तिनीहरूको नामाकरण के आधारमा हुने ? भन्ने जस्ता विषयमा गहन बहश तथा छलफलहरू भएका थिए । नेपाल बहुभाषिक, बहुजातीय तथा बहुसांस्कृतिक विशेषताहरूको संगमयुक्त फूलबारी हो । विभिन्न धर्म, संस्कृति, परम्परा अपनाउने र भाषा भाषिकाका समुदायहरू एक आपसमा मिलेर सदाचार र समन्वयपूर्ण सामाजिक जीवनयापन नै नेपालीहरूको अनुपम विशेषता हो । यस नगरपालिकामा विभिन्न जात जातिहरूको बसोबास रहेको छ । ब्राह्मण, क्षेत्री, मगर, दमाइ, कामी, सार्की, ठकुरी, दशनामी, गुरूङ, नेवार, राइ, लिम्बु, यादव, मुसलमान आदिजस्ता विभिन्न जातजतिका मानिसहरूको बसोबास रहेको यस नगरपालिकामा अधिकांश मानिसको मूख्य भाषा नेपाली रहेको छ । यस नगरपालिकामा रहेको मातृभाषाअनुसारको जनसङ्ख्या विवरणलाई तलको तालिका नं. ३.८ मा प्रस्तुत गरिएको छः-

**तालिका नं. ३.८**
**मातृभाषाको आधारमा जनसङ्ख्याको विवरण**

| क्र. सं. | मातृभाषा | जनसङ्ख्या | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरूष | | |
| १ | नेपाली | २०८२९ | १६७५४ | ३७५८३ | ९४.९१ |
| २ | गुरूङ | ६२४ | ४९७ | ११२१ | २.८३ |
| ३ | नेवार | २३० | २१७ | ४४७ | १.१३ |
| ४ | मगर | ७१ | ५३ | १२४ | ०.३२ |
| ५ | मैथिली | १७ | ५४ | ७१ | ०.१८ |
| ६ | भोजपुरी | १३ | ५७ | ७० | ०.१७ |
| ७ | तामाङ | १० | २१ | ३१ | ०.०७ |
| ८ | हिन्दी | १३ | २५ | ३८ | ०.०९ |
| ९ | थकाली | १० | १२ | २२ | ०.०६ |
| १० | अन्य | ४४ | ४९ | ९३ | ०.२४ |
| | जम्मा | २१८६१ | १७७३९ | ३९६०० | १०० |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।

मातृभाषा अनुसारको जनसाङ्ख्यिक संरचनाको अध्ययन गर्दा यस नगरपालिकामा ३७५८३ जना वा ९४. ९१ प्रतिशत मानिसहरूको मुख्य भाषा नेपाली रहेको देखिन्छ । जम्मा २०१७ जना वा ५.०९ % मानिसहरूले मात्र नेपाली भाषा बाहेकका अन्य भाषा बोल्ने गरेको तथ्य माथिको तालिकाको अध्ययन गर्दा प्रष्ट हुन्छ ।

### ३.९ जातियताको आधारमा जनसङ्ख्याको विवरण

कुनैपनि समाजको निर्माणमा त्यहाँका जातजातिहरूको ठूलो योगदान रहेको हन्छ । हरेक जातिका सामाजिक रहन सहन, संस्कृति, धर्म, परम्परा, विकास सम्बन्धी दृष्टिकोण, पेशाप्रतिको दृष्टिकोण, राजनैतिक तथा सामाजिक संस्कार आदिले आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा प्रत्यक्षतः प्रभाव पारेको हुन्छ । यस नगरपालिकामा ब्राह्मण, क्षेत्री, सार्की, दमाइ, कामी, ठकुरी, गुरूङ, दशनामी, नेवार, मगर, राइ, लिम्बु, यादव, मुसलमान, घर्ती भुजेल, माझी, कुमाल लगायत विभिन्न जात जातिका मानिसहरूको बसोबास रहेको छ । २०६८ सालको जनगणनाका आधारमा कुश्मा नगरपालिकामा समावेश गरिएका साविकका सातवटा गा.वि.स.मा रहेको जनसङ्ख्याको समग्र जातिगत विवरणलाई देहायअनुसार तालिका नं. ३.९ मा पस्तुत गरिएको छः-

**तालिका नं. ३.९**

**जातियताको आधारमा जनसङ्ख्याको विवरण**

| क्र. सं. | जातिगत विवरण | जनसङ्ख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| १ | ब्राम्हण | ७३४० | ९३०५ | १६६४५ | ४२.०४ |
| २ | क्षेत्री | २३९४ | ३१२५ | ५५१९ | १३.९४ |
| ३ | सार्की | १६१० | १९६९ | ३५७९ | ९.०४ |
| ४ | कामी | १५६४ | १८३५ | ३३९९ | ८.५९ |
| ५ | दमाई | १२४६ | १५४० | २७८६ | ७.०३ |
| ६ | गुरुङ | ७४१ | ९४४ | १६८५ | ४.२६ |
| ७ | मगर | ७५८ | ८८१ | १६३९ | ४.१४ |
| ८ | नेवार | ६६४ | ७३९ | १४०३ | ३.५४ |
| ९ | दशनामी/ सन्यासी | ५०७ | ६३५ | ११४२ | २.८९ |
| १० | ठकुरी | २०५ | २११ | ४१६ | १.०५ |
| ११ | मुसलमान | १४७ | १२९ | २७६ | ०.७० |
| १२ | माझी/ बोटे | १११ | १२४ | २३५ | ०.६ |
| १३ | घर्ती भुजेल | ७७ | ९१ | १६८ | ०.४२ |
| १४ | कुमाल | ६७ | ६९ | १३६ | ०.३४ |
| १५ | तामाङ | ६८ | ५१ | ११९ | ०.३० |
| १६ | राई | ३० | ४४ | ७४ | ०.१८ |
| १७ | थकाली | २९ | ३२ | ६१ | ०.१५ |
| १८ | थारू | ३१ | २२ | ५३ | ०.१३ |
| १९ | यादव | २२ | ७ | २९ | ०.०७ |
| २० | तेली | १० | ६ | १६ | ०.०४ |
| २१ | लिम्बु | १० | ६ | १६ | ०.०४ |
| २२ | हलुवाई | ६ | ६ | १२ | ०.०३ |
| २३ | हजाम/ ठाकुर | ११ | ० | ११ | ०.०२ |
| २४ | अन्य | ९१ | ९० | १८१ | ०.४६ |
| जम्मा | | १७७३९ | २१८६१ | ३९६०० | १०० |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।

नगरपालिकाको समग्र जातिगत विवरणलाई अध्ययन गर्दा सबैभन्दा बढी ब्राम्हण जाती (४२.०४% ) रहेको देखिन्छ भने क्षेत्री, सार्की, कामी, दमाई क्रमशः दोस्रो, तेस्रो र चौंथो स्थानमा रहेको देखिन्छ । दलित वर्गको कुल जनसङ्ख्या ९७६४ बराबर रहेको छ । सबैभन्दा कम हजाम/ठाकुर जातिको जनसङ्ख्या जम्मा ११ रहेको देखिन्छ ।

## ३.१० सबलाङ्ग र फरक क्षमता भएका जनसङ्ख्याको विवरण

नगरपालिकामा बसोबास गर्ने कुल जनसङ्ख्यामा विभिन्न फरक क्षेमता भएका र सबलाङ्ग मानिसहरूको विवरणलाई तलको तालिका नं. ३.१० मा प्रस्तुत गरिएको छः–

**तालिका नं. ३.१०**

**सबलाङ्ग र फरक क्षमता भएका जनसङ्ख्याको विवरण**

| जनसङ्ख्या | | सबलाङ्ग ज.सं. | फरक क्षेमता वा अशक्तता भएका जनसङ्ख्याको मात्रा | | | | | | | | जम्मा अपाङ्ग | अपाङ्ग प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | शारीरिक अपांग | दृष्टि विहिन | बहिरा | बहिरा/ दृष्टिविहिन | बोल्न नसक्ने | मानसिक रोगी | बौद्धिक अपाङ्ग | बहु अपाङ्ग | | |
| जम्मा | ३९६०० | ३८७२९ | ३४२ | १३९ | १३६ | ११ | १०२ | ६१ | ३२ | ४८ | ८७१ | २.२ |
| पुरूष | १७७३९ | १७२५७ | २०३ | ६९ | ७० | ७ | ५५ | ३४ | १८ | २६ | ४८२ | २.७१ |
| महिला | २१८६१ | २१४७२ | १३९ | ७० | ६६ | ४ | ४७ | २७ | १४ | २२ | ३८९ | १.७८ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।

माथिको तालिकालाई अध्ययन गर्दा यस नगरपालिकामा पुरूषको भन्दा महिलाको जनसङ्ख्या बढी रहेको भए तापनि फरक क्षेमता भएको जनसङ्ख्यामा महिलाको तुलनामा पुरूषको सङ्ख्या ९३ जनाले बढी रहेको देखिन्छ । फरक क्षेमता भएको जनसङ्ख्यामा पूर्ण शारीरिक अपाङ्गताको सङ्ख्या सबैभन्दा बढी रहेको देखिन्छ भने बहिरा र दृष्टिविहिन दुबै अपाङ्गता भएको सङ्ख्या कम रहेको छ । नगरपालिकामा कुल जनसङ्ख्याको २.२ प्रतिशत मानिसहरू विभिन्न वर्गका फरक क्षेमता भएका रहेका छन् भने ९७.८ प्रतिशत मानिसहरू सबलाङ्ग रहेको देखिन्छ ।

## ३.११ अपाङ्गताको आधारमा जनसङ्ख्या

यस नगरपालिकामा समावेश भएका साविकका एघारवटा गा.वि.स.हरूको २०६८ सालको जनगणनाअनुसार  विभिन्न प्रकारको अपाङ्गताको विवरण तालिका नं ३.१० मा प्रस्तुत गरिएको छ । यस नगरपालिकामा आर्थिक वर्ष ०७४/०७५ (२०७४ श्रावण १ देखि २०७५ असार २४ गतेसम्म, एक वर्षमा) मा विभिन्न प्रकारको अपाङ्गता परिचयपत्र लिनेको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ । आर्थिक वर्ष ०७४/०७५ मा मात्र विभिन्न प्रकारको अपाङ्गता परिचयपत्र लिने व्यक्तिहरूको विवरणलाई तलको तालिका नं. ३.११ मा प्रस्तुत गरिएको छः–

**तालिका नं. ३.११**

**अपाङ्गताको आधारमा जनसङ्ख्या**

| लिङ्ग जम्मा | जम्मा अपाङ्गता सङ्ख्या | अपाङ्गताका आधारमा जनसङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | पूर्ण अशक्त अपाङ्गता (रातो रङको) | अति अशक्त अपाङ्गता (निलो रङको) | मध्यम अपाङ्गता (पहेंलो रङको) | सामान्य अपाङ्गता (सेतो रङको) |
| जम्मा | ५७ | ५ | १८ | १५ | १९ |
| पुरुष | ३८ | ४ | १० | १० | १४ |
| महिला | १९ | १ | ८ | ५ | ५ |

स्रोतः महिला विकास शाखा, पर्वत, २०७५, असार ।

माथिको तालिकामा नगरपालिकामा यस आर्थिक वर्षमा महिला तथा बाल बालिका कार्यालयबाट विभिन्न प्रकारको अपाङ्गता परिचयपत्र लिएकाको विवरण प्रस्तुत गरिएको छ । यसमा बालक र बालिकाको विवरण देखाईएको छैन । महिला तथा बालबालिका कार्यालय पर्वतबाट प्राप्त तथ्याङ्कअनुसार यस आर्थिक वर्षमा समग्र पर्वत जिल्लाबाट अपाङ्गता परिचयपत्र लिने व्यक्तिहरू (बाल बालिका बाहेक) जम्मा १६८ जना रहेका छन् । जसमा रातो रङको परिचयपत्र लिने १९ (महिला ६, पुरूष १०), निलो रङको परिचयपत्र लिने ६६ (महिला २४, पुरूष ४२), पहेंलो रङको परिचयपत्र लिने ३५ (महिला १४, पुरूष २१) र सेतो रङको परिचयपत्र लिने ५१ (महिला १५, पुरूष ३६) जना रहेका छन् जसमा यस नगरपालिकाबाट यस आर्थिक वर्षमा ५७ जनाले अपाङ्गता परिचयपत्र लिएको देखिन्छ ।

### ३.१२ अपाङ्गता परिचयपत्र लिएका बालबालिकाको विवरण

कुश्मा नगरपालिकामा समावेश भएका साविकका गा.वि.स.मा विभिन्न प्रकारको अपाङ्गता परिचयपत्र लिएका व्यक्तिहरूको विवरणमा बालक र बालिकाको सङ्ख्या अलग्गै प्रस्तुत गर्ने गरिएको थिएन । यस आर्थिक वर्ष (२०७४ श्रावण १ देखि २०७५ असार २४ गतेसम्म, एक वर्षमा) मा महिला तथा बालबालिका कार्यालय पर्वतबाट समग्र पर्वत जिल्लाभरिबाट ६ जना बालक र ७ जना बालिका गरी जम्मा १३ जनाले विभिन्न प्रकारको अपाङ्गता परिचयपत्र लिएको देखिन्छ । आर्थिक वर्ष ०७४/०७५ मा यस नगरपालिकाबाट विभिन्न प्रकारको अपाङ्गता परिचयपत्र लिने बालक तथा बालिकाको विवरणलाई तलको तालिका नं. ३.१२ मा प्रस्तुत गरिएको छः-

**तालिका नं. ३.१२**
**अपाङ्गता परिचयपत्र लिएका बालबालिकाको विवरण**

| अपाङ्गता परिचय पत्रको किसिम | परिचयपत्र लिएका बालबालिकाको सङ्ख्या | | |
|---|---|---|---|
| | बालिका | बालक | जम्मा |
| पूर्ण अशक्त अपाङ्गता (रातो रङको) | ० | ० | ० |
| अति अशक्त अपाङ्गता (निलो रङको) | २ | ० | २ |
| मध्यम अपाङ्गता (पहेंलो रङको) | २ | ० | २ |
| सामान्य अपाङ्गता (सेतो रङको) | २ | ३ | ५ |
| जम्मा | ६ | ३ | ९ |

स्रोतः महिला विकास शाखा, पर्वत, २०७५, असार ।

# अध्याय चार
# भौतिक पूर्वाधार, शैक्षिक तथा सामाजिक विकासको अवस्था

### ४.१. छानाको प्रकारको आधारमा घरधुरी सङ्ख्या

नगरपालिकाभित्र सहस्रधारा, छमर्के, कुश्मा बजार, खरेहा, चुवाको राजमार्ग क्षेत्र, साइकलचोक, दोबिल्ला आदि स्थानमा बढी मात्रामा र अन्य ग्रामीण बस्तीहरूमा फाट्टफुट्ट रूपमा ढलान गरिएका घरहरू भए तापनि अधिकांश घरहरू ढुङ्गा तथा जस्तापाताले छाइएका छन् भने केही घरहरू खरले छाएका छाना भएका रहेका छन् । छानाको प्रकारका आधारमा नगरपालिकामा रहेका घरहरूको विवरण यसप्रकार रहेको छः-

**तालिका नं. ४.१**

**छानाको प्रकारको आधारमा घरधुरी विवरण**

| क्र. सं. | घरको प्रकार | साविकका गा.वि.स.हरूको घरधुरी सङ्ख्या विवरण | | | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | न.पा. १,२,३ पाङ | न.पा. ४ र ५ खुर्कोट | न.पा. ३ र ७ दुर्लुङ | न.पा. ८,९,१०, ११ शिवालय | न.पा. १२ चुवा | न.पा. १३ र १४ कटुवाचौपारी | न.पा. १५ र १६ पिपलटारी | न.पा. १७ र १८ पकुवा | ठूलीपोखरी | खोलालाकुरी | आर्थर | | |
| | | १ | २ | ३ | ४,५,६,७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | | |
| १ | फुस तथा खरले छाएको | ८२ | ५२ | ३८ | २२ | ५ | १५ | २४ | ३० | ३० | ४७ | १४२ | ४८७ | ४.७२ |
| २ | जस्ता / च्यादरले छाएको | ५६८ | ३६४ | ५०० | १६४७ | ३७५ | ३७३ | ३०१ | ३३२ | ३७४ | ३२० | १८८ | ५३४२ | ५१.८१ |
| ३ | ढुङ्गाले छाएको | ५३१ | ५३७ | १९६ | ६३ | ३४ | ८४ | २९६ | २०२ | २५८ | १८८ | ३७१ | २७६० | २६.७६ |
| ४ | आर सी.सी. | १५ | ५ | ० | १६१२ | १६ | १८ | १ | ० | ५ | ० | ० | १६७२ | १६.२२ |
| ५ | काठले छाएको | १ | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ३ | ०.०३ |
| ६ | माटोले छाएको | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | अन्य | ० | ० | १ | १ | ३ | ० | ० | ० | ० | ० | ० | ५ | ०.०५ |
| ८ | उल्लेख नभएको | ४ | ० | १ | ३१ | ० | ० | १ | १ | २ | ० | २ | ४२ | ०.४१ |
| जम्मा | | १२०१ | ९५८ | ७३६ | ३३७८ | ४३३ | ४९० | ६२३ | ५६५ | ६६९ | ५५५ | ७०३ | १०३११ | १०० |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।

माथिको तालिकालाई अध्ययन गर्दा नगरपालिकामा रहेका १०३११ घरहरू मध्ये सबैभन्दा धैरै ५३४२ (५१.८१%) जस्ता पाताले छाएको र त्यसपछि दोस्रो स्थानमा ढुङ्गाको छाना भएका घरहरू रहेको देखिन्छ । पक्की घरहरूको सङ्ख्या जम्मा १६७२ (१६.२२ %) बराबर रहेको देखिन्छ । २०६८ को जनगणनासम्म वडा नं. ३, ११, १३ र १४ मा आरसीसी घरहरू निर्माण भएको देखिदैन । गाउँ गाउँमा पनि फाट्टफुट्ट रूपमा ढलान घरहरूको निर्माण हुन थालेको र बजार क्षेत्रमा घर निर्माणका कार्यहरू तीव्र रूपमा भईरहेकोले वर्तमानमा यो अवस्थामा परिवर्तन आएको छ ।

### ४.२. घरपरिवारले प्रयोग गरेको घरको जगको प्रकारको आधारमा घरपरिवार विवरण

नगरपालिकामा घरपरिवारले प्रयोग गरेको घरको जगको प्रकारका आधारमा घरपरिवारको विवरण देहायअनुसार रहेको छः–

## तालिका नं. ४.२
## घरको जगको प्रकारको आधारमा घरपरिवार विवरण

| घरको जग विवरण | साविक नगरपालिका तथा गा.वि.स.मा रहेका घरपरिवार सङ्ख्या | | | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | न.पा. १,२,३ पाङ | न.पा. ४ र ५ खुर्कोट | न.पा. ६ र ७ दुर्लुङ | न.पा. ८,९,१० ,११ शिवालय | न.पा. १२ चुवा | न.पा. १३ र१४ कटुवाचौपारी | न.पा. १५ र१६ पिपलटारी | न.पा. १७ १८ पकुवा | ठूलीपोखरी | खोलालाकुरी | आर्थर | | |
| | १ | २ | ३ | ४,५,६.७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | | |
| माटोको जोडाइ भएका | ११३१ | ९३३ | ७१३ | १४४५ | ३७१ | ४७६ | ६१३ | ५४८ | ६६० | ५५४ | ६९९ | ८१४३ | ७८.९७ |
| सिमेण्टको जोडाइ भएका | ५९ | १० | २ | १२१० | ३४ | १२ | ० | १ | २ | ० | ० | १३३० | १२.९ |
| ढलान पिलर सहित | २ | ३ | ० | ६८९ | ६ | १ | २ | ० | ३ | ० | ० | ७०६ | ६.८५ |
| काठको खम्बा गाडेका | ५ | १२ | २० | ५ | २२ | १ | ७ | १४ | २ | १ | ३ | ९२ | ०.८९ |
| अन्य | २ | ० | ० | ५ | ० | ० | ० | १ | ० | ० | ० | ८ | ०.०८ |
| नखुलेको | २ | ० | १ | २४ | ० | ० | १ | १ | २ | ० | १ | ३२ | ०.३१ |
| जम्मा घर परिवार | १२०१ | ९५८ | ७३६ | ३३७८ | ४३३ | ४९० | ६२३ | ५६५ | ६६९ | ५५५ | ७०३ | १०३११ | १०० |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।

नगरपालिकामा रहेका घरपरिवारले प्रयोग गरेको घरको जगको आधारमा घरपरिवारको विवरणलाई अध्ययन गर्दा सबैभन्दा बढी ८१४३ (७८.९७ प्रतिशत) घरपरिवारले माटोको जोडाइ भएका घर निर्माण गरेको देखिन्छ । परिचय खुलेकोमा सबैभन्दा कम काठको खम्बा गाडेका घरहरू ९२ वटा रहेका छन् भने ७०६ वटा घरहरू ढलान पिलरसहितको जग भएको र सिमेण्टको जोडाइका जग भएका घरहरू १३३० वटा रहेको देखिन्छ ।

### ४.३ घरपरिवारले प्रयोग गरेको घरको बाहिरी गारोको प्रकारका आधारमा घरपरिवार विवरण

नगरपालिकामा घरपरिवारले प्रयोग गरेको घरको गारोको प्रकारका आधारमा घरपरिवारको विवरण देहायअनुसार रहेको छः–

## तालिका नं. ४.३
## घरको बाहिरी गारोका आधारमा घरपरिवार विवरण

| वडा नं. | साविकका गा.वि.स. तथा न.पा. का वडा | घरको गारोमा प्रयोग भएको सामग्रीका आधारमा घरपरिवारको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | माटो | सीमेण्ट र इट्टा | काठको फलेक | बाँस | काँचो इट्टा | अन्य | उल्लेख नभएको | जम्मा |
| १ | कुश्मा न.पा. १,२,३ पाङ | १०९१ | ७६ | ५ | ७ | १३ | ६ | ३ | १२०१ |
| २ | कुश्मा न.पा. ४ र ५ खुर्कोट | ९०० | २८ | १२ | १६ | ० | २ | ० | ९५८ |
| ३ | कुश्मा न.पा. ६ र ७ दुर्लुङ | ७०९ | ५ | १० | १० | ० | १ | १ | ७३६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | कुश्मा न.पा. ८ शिवालय | १३०७ | १९७९ | ६ | ७ | २ | ५१ | २६ | ३३७८ |
| ५ | कुश्मा न.पा. ९ शिवालय | | | | | | | | |
| ६ | कुश्मा न.पा. १० शिवालय | | | | | | | | |
| ७ | कुश्मा न.पा. ११ शिवालय | | | | | | | | |
| ८ | कुश्मा न.पा. १२ चुवा | ३४३ | ४७ | १८ | १ | १ | २३ | ० | ४३३ |
| ९ | कुश्मा न.पा. १३ र १४ कटुवाचौपारी | ४५७ | २१ | ० | १ | १० | १ | ० | ४९० |
| १० | कुश्मा न.पा. १५ र १६ पिपलटारी | ६०८ | ६ | १ | ६ | ० | ० | २ | ६२३ |
| ११ | कुश्मा न.पा. १७ र १८ पकुवा | ५४५ | ३ | ० | १४ | ० | २ | १ | ५६५ |
| १२ | ठूलीपोखरी | ६५७ | ८ | ० | २ | ० | ० | २ | ६६९ |
| १३ | खौलालाँकुरी | ५५३ | ० | १ | ० | ० | ० | १ | ५५५ |
| १४ | आर्थर डाँडाखर्क | ६९७ | ० | ० | ३ | ० | १ | २ | ७०३ |
| | जम्मा | ७८६७ | २१७३ | ५३ | ६७ | २६ | ८७ | ३८ | १०३११ |
| | प्रतिशत | ७६.२९ | २१.०८ | ०.५१ | ०.६५ | ०.२५ | ०.८५ | ०.३७ | १०० |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।

यस नगरपालिकामा रहेका घरपरिवारले घरको गारोमा सबैभन्दा बढी ७६.२९% ले माटोको जडान गरेको र २१.०८ प्रतिशतले सिमेण्ट र इट्टाको जडान गरेको देखिन्छ ।

## ४.४. स्वामित्वको आधारमा घरपरिवारको बसोबासको अवस्था

यस नगरपालिकामा रहेका कुल घरपरिवार मध्ये स्वामित्वका आधारमा बसोबासको अवस्था यसप्रकार रहेको छः-

**तालिका नं. ४.४**

**स्वामित्वको आधारमा घरपरिवारको बसोबासको अवस्था**

| हाल कायम वडा | साविक नगरपालिकाका वडा तथा गा. वि. स. | घरपविार सङ्ख्या | स्वामित्वको आधारमा घर परिवार सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | निजी | भाडामा | संस्थागत | अन्य |
| १ | कुश्मा न.पा. १,२,३ पाङ | १२०१ | १०६२ | ६३ | ३ | ७३ |
| २ | कुश्मा न.पा. ४ र ५ खुर्कोट | ९५८ | ८८९ | ५१ | ५ | १३ |
| ३ | कुश्मा न.पा. ६ र ७ दुर्लुङ | ७३६ | ७०७ | १० | २ | १७ |
| ४ | कुश्मा न.पा. ८, ९,१०,११ शिवालय | ३३७८ | १४६२ | १८०२ | ७३ | ४१ |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | कुश्मा न.पा. १२ चुवा | ४३३ | ३९१ | ३० | ४ | ८ |
| ९ | कुश्मा न.पा. १३ र १४ कटुवाचौपारी | ४९० | ४३५ | ४२ | २ | ११ |
| १० | कुश्मा न.पा. १५ र १६ पिपलटारी | ६२३ | ६०८ | १० | ० | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | कुश्मा न.पा. १७ र १८ पकुवा | ५६५ | ५४९ | ४ | ० | १२ |
| १२ | ठूलीपोखरी | ६६९ | ६४८ | ४ | ८ | ९ |
| १३ | खौलालाँकुरी | ५५५ | ५४२ | १ | १ | ११ |
| १४ | आर्थर डाँडाखर्क | ७०३ | ६८१ | २ | ० | २० |
| जम्मा | | १०३११ | ७९७४ | २०१९ | ९८ | २२० |
| प्रतिशत | | १०० | ७७.३३ | १९.५९ | ०.९५ | २.१३ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।

नगरपालिकामा स्वामित्वका आधारमा घरपरिवारको बसोबासको अवस्थालाई अध्ययन गर्दा सबैभन्दा बढी निजी स्वामित्व भएका ७७.३३ प्रतिशत घरपरिवार रहेका देखिन्छन् भने १९.५९ प्रतिशत घरपरिवार भाडामा र ९८ घरपरिवारको स्वामित्व संस्थागत तथा २२० घरपरिवारको स्वामित्व अन्य प्रकारको रहेको देखिन्छ ।

### ४.५. खानेपानीको स्रोतको आधारमा घरपरिवार सम्बन्धी विवरण

नगरपालिकामा रहेका घरपरिवारले प्रयोग गर्ने खानेपानीको स्रोतका आधारमा घरपरिवारको अवस्था यसप्रकार रहेको छः-

**तालिका नं. ४.५**
**खानेपानीको स्रोतको आधारमा घरपरिवार सम्बन्धी विवरण**

| क्र.सं. | खानेपानीको स्रोतहरू | साविकका गा.वि.स.हरूको घरपरिवार सङ्ख्या विवरण | | | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | न.पा. १,२,३ पाङ | न.पा. ४ र ५ खुर्कोट | न.पा. ३ र ७ दुर्लुङ | न.पा. ८,९,१०,११ शिवालय | न.पा. १२ चुवा | न.पा. १३ र १४ कटुवाचौपारी | न.पा. १५ र १६ पिपलटारी | न.पा. १७ र १८ पकुवा | ठूलीपोखरी | खौलालाकुरी | आर्थर | | |
| | | १ | २ | ३ | ४,५,६,७ | ८ | ९ | १० | . ११ | १२ | १३ | १४ | | |
| १ | पाइपधारा | ६६७ | ९०४ | ६३३ | ३०६१ | ४३३ | ४५७ | ५९० | ५४५ | ३६४ | ५१० | ६५४ | ८८१८ | ८५.५२ |
| २ | ट्युबवेल / हेण्डपम्प | ४ | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ७ | ०.०७ |
| ३ | ढाकिएको इनार / कुवा | २ | ० | ३ | ९ | ० | ० | ० | ० | ७७ | १ | ८ | १०० | ०.९७ |
| ४ | नढाकिएको इनार/ कुवा | २६ | ३ | ६ | १ | ० | ३ | ९ | १ | १४ | २८ | २८ | ११९ | १.१५ |
| ५ | मूलको पानी | ५०० | ४६ | ९१ | २७६ | ० | २३ | २० | १६ | २१२ | १२ | १० | १२०६ | ११.७ |
| ६ | खोला/ नदीको पानी | ० | ० | १ | १७ | ० | ५ | ३ | २ | ० | ४ | ३ | ३५ | ०.३४ |
| ७ | अन्य | १ | ३ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ६ | ०.०६ |
| ८ | उल्लेख नभएको | १ | ० | १ | १४ | ० | ० | १ | १ | २ | ० | ० | २० | ०.१९ |
| जम्मा घरपरिवार | | १२०१ | ९५८ | ७३६ | ३३७८ | ४३३ | ४९० | ६२३ | ५६५ | ६६९ | ५५५ | ७०३ | १०३११ | १०० |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।

यस नगरपालिकामा रहेका कुल १०३११ घरपरिवारमध्ये ८८१८ घरपरिवार (८५.५२%) ले पाइपधाराको पानीको उपभोग गरेको देखिन्छ भने १२०६ घरपरिवार (११.७%) ले अझैपनि मूलको पानी उपभोग गर्ने गरेको देखिन्छ । नगरपालिकामा अधिकांश घरपरिवारमा पाइपधाराबाट खानेपानीको सुविधा पुगेको तथ्य माथिको तालिकाबाट देखिन्छ ।

### ४.६. इन्धनको प्रयोगको आधारमा घरपरिवार विवरण

यस नगरपालिकामा कुश्मा बजार क्षेत्रमा रहेका सबैजसो घरपरिवारले खाना पकाउने इन्धनका रूपमा एल.पी ग्यास प्रयोग गर्ने गरेको पाइए तापनि बजार क्षेत्र भन्दा बाहिर रहेका नगरपालिकाका वडाहरूमा खाना पकाउने इन्धनको रूपमा अधिकांशतः काठ दाउराको नै प्रयोग गर्ने गरेको पाइन्छ । खाना पकाउने तथा अन्य प्रयोजनका लागि घरपरिवारले प्रयोग गर्ने इन्धनका आधारमा नगरपालिकामा रहेका घरधुरीको विवरण यसप्रकार रहेको छः-

**तालिका नं. ४.६**

**खाना पकाउने इन्धनको प्रयोगको आधारमा घरपरिवार विवरण**

| क्र. सं. | इन्धनको प्रकार | साविकका गा.वि.स.हरूको घरपरिवार सङ्ख्या विवरण | | | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | न.पा. १,२,३ पाङ | न.पा. ४ र ५ खुर्कोट | न.पा. ३ र ७ दुर्लुङ | न.पा. ८,९,१०,११ शिवालय | न.पा. १२ चुवा | न.पा. १३ र १४ कटुवाचौपारी | न.पा. १५ र १६ पिपलटारी | न.पा. १७ र १८ पकुवा | ठुलीपोखरी | खोलालाकुरी | आर्थर | | |
| | | १ | २ | ३ | ४,५,६,७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | | |
| १ | दाउरा | १११८ | ८७७ | ७२७ | ७४४ | ३८६ | ४४२ | ६१६ | ५५७ | ६५६ | ५५० | ६९५ | ७३६८ | ७१.४५ |
| २ | मट्टीतेल | ६ | ० | १ | ५७ | १ | ० | १ | ० | १ | ३ | ६ | ७६ | ०.७४ |
| ३ | एल. पी. ग्यास | ६७ | ५२ | ४ | २५३९ | ४४ | ४७ | २ | ७ | ९ | १ | ० | २७७२ | २६.८८ |
| ४ | गुइठा | २ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ३ | ०.०३ |
| ५ | गोबर ग्यास | ६ | २९ | १ | २० | २ | १ | ३ | ० | १ | १ | २ | ६६ | ०.६५ |
| ६ | बिजुली | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | २ | ०.०२ |
| ७ | अन्य | १ | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ३ | ०.०३ |
| ८ | उल्लेख नभएको | १ | ० | २ | १४ | ० | ० | १ | १ | २ | ० | ० | २१ | ०.२० |
| जम्मा घर परिवार | | १२०१ | ९५८ | ७३६ | ३३७८ | ४३३ | ४९० | ६२३ | ५६५ | ६६९ | ५५५ | ७०३ | १०३११ | १०० |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।

नगरपालिकामा घरपरिवारले प्रयोग गर्ने घरेलु इन्धन प्रयोगको स्थितिलाई हेर्दा सबैभन्दा बढी (७३६८) ७१.४५ प्रतिशत घरपरिवारले दाउराको प्रयोग गरेको देखिन्छ । एल.पी. ग्यास प्रयोगकर्ता घरपरिवार जम्मा २७७२ (२६.८८%) रहेका छन् भने ६६ घरले गोबरग्यास, ७६ घरले मट्टितेल प्रयोग गर्ने गरेको देखिन्छ । बिजुली र गुइठा प्रयोग गर्ने जम्मा ५ घरहरू देखिन्छन् । २१ घरपरिवारले आफूले प्रयोग गर्ने इन्धनका बारेमा केही उल्लेख गरेका पाइदैन । यसबाट नगरपालिकाबासीहरू घरेलु इन्धनका लागि काठ दाउरामा नै अत्यधिक निर्भर रहेको प्रष्ट हुन्छ ।

### ४.७. बत्ती प्रयोगका आधारमा घरपरिवार सङ्ख्या

नगरपालिकामा बत्ती प्रयोगका आधारमा घरपरिवारको विवरण देहायअनुसार रहेको छः-

**तालिका नं. ४.७**

**बत्ती प्रयोगका आधारमा घरपरिवार सङ्ख्या**

| बत्तीको प्रकार | बत्ती प्रयोगका आधारमा साविकका गा.वि.स.मा रहेका घरपरिवार सङ्ख्या | | | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | न.पा. १,२,३ पाङ | न.पा. ४ र ५ खुर्कोट | न.पा. ३ र ७ दुर्लुङ | न.पा. ८,९,१०,११ शिवालय | न.पा. १२ चुवा | न.पा. १३ र १४ कटुवाचौपारी | न.पा. १५ र १६ पिपलटारी | न.पा. १७ र १८ पकुवा | ठुलीपोखरी | खोलालाकुरी | आर्थर | | |
| | १ | २ | ३ | ४,५,६,७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | | |
| बिजुली | ११०० | ९०० | ६८२ | ३२९३ | ४२४ | ४७६ | ५९४ | ५३३ | ६४८ | ४२७ | २३७ | ९३१४ | ९०.३३ |
| मट्टितेल | ९१ | ४२ | ५१ | ५८ | ७ | १४ | २८ | २७ | १८ | २२ | ३५९ | ७१७ | ६.९५ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वायोग्यास | ५ | ३ | ० | ५ | ० | ० | ० | १ | १ | ० | १ | १६ | ०.१५ |
| सोलार | २ | ० | ० | २ | १ | ० | ० | १ | ० | ७३ | १०६ | १८५ | १.८ |
| अन्य | २ | १३ | १ | ५ | १ | ० | ० | २ | ० | ३३ | ० | ५७ | ०.५६ |
| उल्लेख नभएको | १ | ० | २ | १५ | ० | ० | १ | १ | २ | ० | ० | २२ | ०.२१ |
| जम्मा घरपरिवार | १२०१ | ९५८ | ७३६ | ३३७८ | ४३३ | ४९० | ६२३ | ५६५ | ६६९ | ५५५ | ७०३ | १०३११ | १०० |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।

यस नगरपालिकामा रहेका वडाहरूमा बत्तीका लागि विगतमा मट्टितेलको अत्यधिक प्रयोग हुने गरेको भए तापनि वर्तमानमा सबै वडामा बिजुलीको सुविधा भएकोले अत्यधिक घरपरिवारले बत्ती बाल्नका लागि बिजुलीको प्रयोग बढाउँदै लगेको स्थिति रहेको छ । नगरपालिकामा रहेका कुल १०३११ घरपरिवारमध्ये ९३१४ (९०.३३%) घरपरिवारले बत्तीको रूपमा बिजुलीको प्रयोग गर्दै आएको तथ्य माथिको तालिकाको अध्ययन गर्दा स्पष्ट हुन्छ । ७१७ घरपरिवारले अझैपनि मट्टितेलको टुकी प्रयोग गर्ने र १८५ घरपरिवारले सोलारबत्तीको प्रयोग गर्ने गरेको देखिन्छ । बाँकी घरपरिवारले बत्तीका रूपमा बायोग्यास तथा अन्य माध्यमको प्रयोग गर्दै आएको देखिन्छ ।

## ४.८ उपलब्ध सेवा सुविधाको आधारमा घरपरिवार विवरण

टेलिफोन, रेडियो, टेलिभिजन, केबललाइन, कम्प्युटर, इण्टरनेट, मोबाइल, फ्रिजमेशीन, साइकल तथा मोटरसाइकल आदिजस्ता सेवा सुविधा प्रयोगका आधारमा यस नगरपालिकामा रहेका १०३११ घरपरिवारको अवस्था देहायअनुसार रहेको छः-

**तालिका नं. ४.८**

**उपलब्ध सेवा सुविधाको आधारमा घरपरिवार विवरण**

| क्र. सं. | सेवा सुविधाको विवरण | सāविक नगरपालिकाका वडा तथा गा. वि. स. का घरपविार सङ्ख्या | | | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | न.पा. १,२,३ पाङ | न.पा. ४ र ५ खुर्कोट | न.पा. ६ र ७ दुर्लुङ | न.पा. ८,९,१०,११ शिवालय | न.पा. १२ चुवा | न.पा. १३ र १४ कटुवाचौपारी | न.पा. १५ र १६ पिपलटारी | न.पा. १७ र १८ पकुवा | ठुलीपोखरी | छोलाखकुरी | आर्थर | | |
| | | १ | २ | ३ | ४,५,६,७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | | |
| १ | कुनै सेवा सुविधा नभएका | १६३ | १०३ | ७३ | १५४ | ५७ | ३७ | ८४ | ६६ | ७१ | २१ | १०३ | ९३२ | ९.०३ |
| २ | कम्तीमा एउटा सुविधा भएका | १०३२ | ८४२ | ६५५ | ३१७९ | ३७६ | ४४५ | ५३६ | ४८२ | ५९७ | ४८२ | ५९२ | ९२१८ | ८९.३४ |
| ३ | रेडियो भएका | ६०७ | ५९५ | ४४५ | १४४५ | २८८ | ३३९ | ३४९ | ३२९ | ५०५ | ३९६ | ४८१ | ५७७९ | ५६.०५ |
| ४ | टेलीभिजन भएका | १५१ | ४४१ | १३९ | १७३६ | २७८ | १८४ | ११३ | १०५ | ४६ | ९ | ४१ | ३२४३ | ३१.४५ |
| ५ | केवललाइन जोडेका | ३९९ | २९६ | ३०३ | २०५८ | २७४ | २५९ | २५० | १८९ | २३६ | ६ | ३८ | ४३०८ | ४१.७८ |
| ६ | कम्प्युटर भएका | १८ | ३६ | ५ | ५२३ | २२ | २३ | १५ | ७ | ८ | ० | ० | ६५७ | ६.३७ |
| ७ | इण्टरनेट सुविधा भएका | ७ | ९ | ० | २८५ | ७ | १६ | १२ | २ | ५ | ० | ० | ३४३ | ३.३२ |
| ८ | टेलिफोन भएका | ४ | १० | ० | ६५१ | ३ | ७ | ४ | ६ | ३ | २ | २ | ६९२ | ६.७१ |
| ९ | मोवाइलसेवा प्रयोगकर्ता | ८८८ | ७८५ | ५९८ | २९१६ | ३४९ | ४०० | ४८७ | ४३२ | ५३५ | ३९० | ४४६ | ८२२६ | ८०.३६ |
| १० | गाडी भएका | १ | ६ | ० | ७९ | ३ | १ | ० | २ | २ | ० | ० | ९४ | ०.९१ |
| ११ | मोटरसाइकल भएका | १७ | ५ | २ | २९६ | १० | ७ | ३ | २ | ६ | १ | ० | ३४९ | ३.३८ |
| १२ | साइकल भएका | १२ | ५ | ० | १७३ | ४ | १४ | ३ | २ | २ | ० | २ | २१७ | २.१० |
| १३ | अन्य साधन | ५ | ३ | २ | १३ | १ | १ | १ | ० | ० | ० | ० | २६ | ०.२५ |
| १४ | फ्रिज भएका | ८ | २२ | ० | ५१५ | २८ | १८ | ६ | ० | ४ | ० | १ | ६०२ | ५.८३ |
| १५ | उल्लेख नभएको | ६ | १३ | ८ | ४५ | ० | ८ | ३ | १७ | १ | ५२ | ८ | १६१ | १.५६ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।

नगरपालिकामा माथि प्रस्तुत गरिएका सेवा तथा सुविधा प्रयोगकर्ता घरपरिवारको अवस्थालाई अध्ययन गर्दा कुल १०३११ घरपरिवार मध्ये ९.०३ प्रतिशत घरपरिवारले यस किसिमका कुनैपनि सुविधा उपयोग गरेको देखिंदैन । ८९.३४ प्रतिशत घरपरिवारमा कम्तीमा एउटामात्र भएपनि यो सुविधा पुगेको छ । दुईतिहाईभन्दा बढी घरपरिवारमा सञ्चारको सेवा पुगेको देखिन्छ । माथिको तालिकामा प्रस्तुत तथ्याङ्कहरू २०६८ सालको जनगणनामा आधारित भएकोले हाल सबै वडामा यी सेवाको उपयोग गर्ने घरपरिवारको सङ्ख्या बढेको छ ।

## ४.९ शौचालय प्रयोगका आधारमा घरपरिवार विवरण

नगरपालिकामा समावेश भएका साविकका एघारवटा गा.वि.स. मा शौचालय प्रयोगका आधारमा घरपरिवारको विवरण यसप्रकार रहेको छः-

**तालिका नं. ४.९**

**शौचालय प्रयोगका आधारमा घरपरिवार विवरण**

| क्र.सं. | चर्पीको प्रयोग | साविकका गा.वि.स.हरूको घरपरिवार सङ्ख्या विवरण | | | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | न.पा. १,२,३ पाङ | न.पा. ४ र ५ खुर्कोट | न.पा. ६ र ७ दुर्लुङ | न.पा. ८,९,१०,११ शिवालय | न.पा. १२ चुवा | न.पा. १३ र १४ कटुवाचौपारी | न.पा. १५ र १६ पिपलटारी | न.पा. १७ र १८ पकुवा | ठूलीपोखरी | खोलालाकुरी | आर्थर | | |
| | | १ | २ | ३ | ४,५,६,७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | | |
| १ | चर्पी नभएको | २६७ | ७२ | ११४ | ५८ | ५५ | १२ | ६३ | ४० | २३ | ९१ | ६३ | ८५८ | ८.३३ |
| २ | फलस भएको (सेप्टीट्यांक सहित) | ४५४ | ४७१ | ४३४ | २७०४ | २८६ | ३२३ | ४१६ | ३५५ | ४६५ | ३११ | ५२१ | ६७४० | ६५.३७ |
| ३ | साधारण | ४७९ | ४१५ | १८६ | ६०१ | ९२ | १५५ | १४३ | १६९ | १८० | १५३ | ११९ | २६९२ | २६.१० |
| ४ | उल्लेख नभएको | १ | ० | २ | १५ | ० | ० | १ | १ | १ | ० | ० | २१ | ०.२० |
| जम्मा | | १२०१ | ९५८ | ७३६ | ३३७८ | ४३३ | ४९० | ६२३ | ५६५ | ६६९ | ५५५ | ७०३ | १०३११ | १०० |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।

नगरपालिकामा शौचालय प्रयोगका आधारमा घरपरिवारको स्थितिलाई अध्ययन गर्दा ८५८ घरपरिवारमा चर्पीको सुविधा नभएको देखिन्छ । ६७४० (६५.३७ %) घरपरिवारमा सेफ्टीट्याङ्क सहितको पक्की शौचालय रहेको देखिन्छ भने २६९२ (२६.१०%) घरपरिवारमा साधारण किसिमको शौचालय रहेको देखिन्छ । यस नगरपालिकामा समावेश भएका साविक नगरपालिकाका सबै वडा तथा गा.वि.स.हरू खुला दिशामुक्त घोषणा भइसकेका छन् । यस नगरपालिकामा समावेश भएका साविकका एघारवटा गा.वि.स.हरू खुला दिसामुक्त भएको मिति र त्यस समयसम्ममा निर्माण भएका शौचालयको विवरण यसप्रकार रहेको छः-

**तालिका नं. ४.१०**

**खुला दिशामुक्त घोषणा मिति र शौचालयको विवरण**

| साविक गा.वि.स. | खुला दिशामुक्त घोषणा मिति | जम्मा घरपरिवार | शौचालयको विवरण | | | घोषणा मितिसम्म चर्पी नभएका घरपरिवार सङ्ख्या |
|---|---|---|---|---|---|---|
| | | | पक्की | कच्ची | जम्मा | |
| पाङ | २०६९/०९/२६ | १२०१ | १०७२ | १०३ | ११७५ | २६ |
| खुर्कोट | २०६९/०९/१५ | ९५८ | ७०१ | २०१ | ९०२ | ५६ |
| दुर्लुङ | २०६९/११/३० | ७३६ | ६६० | ७६ | ७३६ | ० |
| शिवालय | २०६९/१०/०९ | ३३७८ | ३३२७ | १५ | ३३४२ | ३६ |
| चुवा | २०६९/१०/१२ | ४३३ | ३७२ | ० | ३७२ | ६१ |
| कटुवाचौपारी | २०६९/११/१६ | ४९० | ४५६ | ० | ४५६ | ३४ |
| पिपलटारी | २०६८/१०/२६ | ६२३ | ६०१ | २२ | ६२३ | ० |
| पकुवा | २०६९/०३/०४ | ५६५ | ५४७ | ० | ५४७ | १८ |
| ठूलीपोखरी | २०६८/०६/१८ | ६६९ | ६३९ | २० | ६५९ | १० |
| खौलालाँकुरी | २०६९/११/१० | ५५५ | ४५२ | १०३ | ५५५ | ० |
| आर्थर डाँडाखर्क | २०६८/१२/२० | ७०३ | ७०३ | ० | | ० |

स्रोतः पर्वत जिल्ला वस्तुगत विवरण, २०७२ ।

## ४.१० आर्थिक वर्ष ०७३/०७४ र ०७४/ ०७५ को पञ्जीकरणको विवरण

नगरपालिकामा गत वर्ष २०७४ बैशाख १ देखि चैत्र मशान्त सम्मको तथा गत अघिल्लो वर्ष २०७३ बैशाख १ देखि चैत्र मशान्त सम्मको व्यक्तिगत घटना दर्ताको विवरण यसप्रकार रहेको छः-

**तालिका नं. ४.११**

**आर्थिक वर्ष ०७३/०७४ र ०७४/ ०७५ को पञ्जीकरणको विवरण**

| क्र. सं. | विवरण | आर्थिक वर्ष ०७३/०७४ | | | आर्थिक वर्ष ०७४/०७५ | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा दर्ता सङ्ख्या | महिला | पुरूष | जम्मा दर्ता सङ्ख्या | महिला | पुरूष |
| १ | जन्म दर्ता | १०२० | ५०९ | ५११ | १५२४ | ७८१ | ७४३ |
| २ | मृत्यु दर्ता | २६६ | १२९ | १३७ | ३८७ | १९२ | १९५ |
| ३ | सम्बन्ध विच्छेद | ५ | – | – | ४ | – | – |
| ४ | बसाईसराई | आएको १२ र गएको ११ | – | – | आएको ३३ र गएको ६२ | – | – |
| ५ | बिबाह दर्ता | ३५७ | – | – | ५७६ | – | – |

स्रोतः नगर कार्यपालिकाको कार्यालय, कुश्मा, पर्वत, २०७५ ।

## ४.११ वडा अनुसार आर्थिक वर्ष ०७४/०७५ मा सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण

यस गाउँपलिकामा हाल कायम भएका वडाअनुसार आर्थिक वर्ष ०७४/०७५ मा सामाजिक सूरक्षा भत्ता पाउने व्यक्तिहरूको विवरणलाई विवरणलाई तलको तालिका नं. ४.१२ मा प्रस्तुत गरिएको छः-

**तालिका नं. ४.१२**

**वडाअनुसार आर्थिक वर्ष ०७४/०७५ मा सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण**

| वडा नं. | जेष्ठ नागरिक भत्ता | दलित जेष्ठ नागरिक भत्ता | एकल महिला भत्ता | विधवा भत्ता | लोपोन्मुख जाति भत्ता | पूर्ण अपांगता भत्ता | अति अपांगता भत्ता | दलित बालबालिका भत्ता | कुल जम्मा | जेष्ठ नागरिक औषधोपचार भत्ता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३४० | १३८ | ० | १६० | ० | ४ | १२ | १८९ | ८४३ | ४०२ |
| २ | २१८ | ९३ | ० | १५२ | ० | २ | २२ | १२३ | ६१० | २५२ |
| ३ | १८९ | १२९ | ० | ११३ | ० | ९ | २४ | २१० | ६७४ | २५० |
| ४ | ८१ | ४४ | ० | ४६ | ० | २ | ३ | ६७ | २४३ | २५० |
| ५ | ४७ | ३ | ० | ३७ | ० | २ | ३ | ३ | ९५ | ९२ |
| ६ | २३ | ० | ० | १९ | ० | ० | २ | ० | ४४ | ४८ |
| ७ | ५६ | ४३ | ० | ५६ | ० | ० | ० | ३७ | १९२ | २८ |
| ८ | ८८ | ४२ | ० | ५८ | ० | ० | ७ | ४३ | २३८ | ७९ |
| ९ | १५५ | ४८ | ० | ६७ | ० | ६ | ९ | ४६ | ३३१ | ० |
| १० | १४५ | १०४ | ० | ९६ | १ | १४ | १६ | ७९ | ४५५ | ० |
| ११ | १४१ | १०४ | ० | १०३ | ० | १२ | १५ | १३० | ५०५ | ० |
| १२ | २२९ | ९० | ० | ७९ | ० | १६ | ७ | ३४ | ४५५ | ० |
| १३ | २०३ | १३८ | ० | १३१ | ० | ४ | ९ | ६१ | ५४६ | ० |
| १४ | २९७ | १२५ | ३ | १४६ | ० | ९ | ७ | १७९ | ७६६ | ० |
| जम्मा | २२१२ | ११०१ | ३ | १२६३ | १ | ८० | १३६ | १२०१ | ५९९७ | २७०७ |

स्रोतः कुश्मा नगरपालिकाको कार्यालय, पर्वत, २०७५ ।

## ४.१२ वार्षिक कार्यक्रमबाट लक्षित कार्यक्रमतर्फ भएको विनियोजन तथा खर्चको विवरण

नगरपालिकाको गठनपश्चात् वि.स. २०७४ मा सम्पन्न भएको पहिलो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूको सभाबाट पारित भएका आर्थिक वर्ष ०७४/०७५ का लागि वार्षिक योजना तथा कार्यक्रमबाट विभिन्न योजनामा बजेट विनियोजन गरिएको छ । लक्षित कार्यक्रमतर्फ भएको विनियोजन तथा खर्चको विवरण लाई तलको तालिकामा देखाईएको छ । यहाँ वडागत रूपमा विनियोजित रकमबाट प्रत्येक वडाले लक्षित कार्यक्रमतर्फ विनियोजन गरेको रकमलाई समावेश गरिएको छैन ।

**तालिका नं. ४.१३**

**लक्षित कार्यक्रमतर्फ भएको विनियोजन तथा खर्चको विवरण**

खर्च रू. हजारमा

| आर्थिक वर्ष | लक्षित कार्यक्रम | विनियोजित रकम (कार्यालय सञ्चालन खर्च बाहेक) | खर्च रकम |
|---|---|---|---|
| २०७४/०७५ | महिलातर्फ लक्षित कार्यक्रम<br>❖ घरेलु तथा लघु उद्यम तालिम<br>❖ क्षमता अभिवृद्धि<br>❖ प्रोत्साहन/ आमा समुह भवन निर्माण | ११८२.०० | योजना तथा कार्यक्रम चालु अवस्थामा रहेका |
| | बालबालिकातर्फ<br>❖ बाल विकास/खाजा व्यवस्थापन<br>❖ बाल कक्षा व्यवस्थापन, तथा सामग्री खरिद | २१२.०० | योजना तथा कार्यक्रम चालु अवस्थामा रहेका |
| | दलित, जनजाति वा सीमान्तकृतवर्ग, जेष्ठ नागरिकतर्फ<br>❖ दलितवर्ग क्षेमता अभिवृद्धि, आरन सुधार,<br>❖ जनजाति उत्थान विकास कार्यक्रम तथा क्षमता अभिवृद्धि<br>❖ जेष्ठ नागरिक सम्मान तथा अपांगता क्षेमता अभिवृद्धि | ६००० | योजना तथा कार्यक्रम चालु अवस्थामा रहेका |
| | अन्य<br>❖ कृषि विकास ( वडागत रूपमा विनियोजन गरेको बाहेक) | ८३०७.५० | योजना तथा कार्यक्रम चालु अवस्थामा रहेका |
| | जम्मा | १५७०१.५ | |

स्रोतः नगरपालिका कार्यालय, कुश्मा, २०७४ ।

माथिको तालिकाको अध्ययन गर्दा नगरपालिकाले कृषि विकास, महिला, बालबालिका, जनजाती, दलित, जेष्ठ नागरिक, अपांग आदि विभिन्न लक्षितवर्गका लागि विभिन्न कार्यक्रमहरूमा खर्च गर्ने गरी रू. एक करोड सन्ताउन्न लाख एक हजार पाँच सय बराबरको बजेट विनियोजन गरेको देखिन्छ । नगरपालिकाले आ.व. ०७४/०७५ का लागि कार्यान्वयनमा ल्याउने विभिन्न योजना तथा कार्यक्रमहरू र सो कार्यक्रमका लागि विनियोजित बजेटको विवरणलाई अनुसूचीमा प्रस्तुत गरिएको छ ।

## ४.१३ शैक्षिक संस्थाहरुको विवरण

यस नगरपालिकामा विभिन्न तहसम्म पठन पाठन हुने सरकारी, सामुदायिक तथा संस्थागत शैक्षिक संस्थाहरूको विवरण देहाय अनुसार रहेको छः-

**तालिका नं. ४.१४**

**नगरपालिकामा रहेका शैक्षिक संस्थाहरुको विवरण**

| विवरण | सरकारी | सामुदायिक | संस्थागत | कुल |
|---|---|---|---|---|
| प्रा. वि. | ४६ | ० | - | ४६ |
| नि.मा.वि., आधारभूत | २ | ० | ७ | ९ |
| मा.वि. (१० कक्षा सम्म) | ८ | ० | ६ | १४ |
| मा.वि. (१२ कक्षा सम्म) | १० | ० | १ | ११ |
| क्याम्पस | ० | ३ | ० | ३ |
| वेद विद्याश्रम | १ | | ० | १ |
| मदरसा | - | - | - | - |
| अन्य<br>❖ प्राविधिक शिक्षालय<br>❖ सीप विकास तालिम केन्द्र<br>❖ सामुदायिक बाल विकास केन्द्र | | <br>१<br>३ | | १<br><br>३ |
| जम्मा | ६७ | ७ | १४ | ८८ |

स्रोतः जिल्ला शिक्षा कार्यालय, पर्वत, २०७४ ।

## ४.१४ कलेज तथा कक्षा १२ सम्म पठन पाठन हुने शैक्षिक संस्थाको विवरण

यस नगरपालिकामा समावेश गरिएका साविकका एघारवटा गा.वि.स. हरूमा स्थापना भएका शैक्षिक संस्थाहरूको विवरण हेर्दा स्नातक तहसम्म पठन पाठन हुने तीनवटा सामुदायिक क्याम्पस रहेका छन् । त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा स्नातक तहमा मानविकी, व्यवस्थापन र शिक्षाशास्त्र विषयको पठन पाठनका लागि स्वीकृति प्राप्त गरी जनस्तरमा वा सामुदायिक स्तरमा यी क्याम्पसहरू सञ्चालित छन् । कक्षा ११/१२ मा विज्ञान विषयको पठन पाठन हुने एउटा सामुदायिक मा. वि. रहेको छ । नगरपालिकामा कक्षा १२ सम्म पढाई हुने दशवटा सरकारी र एउटा संस्थागत मा.वि. रहेका छन् । यस नगरपालिकामा स्नातक तह तथा कक्षा १२ सम्म पठन पाठन हुने शैक्षिक संस्थाको विवरण यसप्रकार रहेको छ :-

**तालिका नं. ४.१५**

**कलेज तथा कक्षा १२ सम्म पठन पाठन हुने विद्यालयको विवरण**

| क्र. सं. | क्याम्पस तथा १२ कक्षासम्म पढाइ हुने विद्यालयको नाम | ठेगाना | सञ्चालित तह तथा कार्यक्रम | विद्यार्थी सङ्ख्या | | | सरकारी दरबन्दीका शिक्षक सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | जम्मा | |
| १ | गुप्तेश्वर बहुमुखी क्याम्पस | कुश्मा न. पा.-४ | स्नातक, मानविकि, शिक्षा, व्यवस्थापन | ८४ | २३६ | ३२० | – |
| २ | जनता सुदर्शन बहुमुखी क्याम्पस | कुश्मा न. पा.-४ | स्नातक, शिक्षा, मानविकी,व्यवस्थापन, | १५ | ५५ | ७० | – |
| ३ | शिवालय बहुमुखी क्याम्पस | कुश्मा न. पा. -४ | स्नातक, शिक्षा, व्यवस्थापन | ५६ | १५३ | २०९ | – |
| क्याम्पसतर्फ जम्मा | | | | १५५ | ४४४ | ५९९ | – |
| ४ | पाङ धैरेनी मा. वि. | कुश्मा न. पा.- १ | +२, व्यवस्थापन, शिक्षा | २१ | २५ | ४६ | २ |
| ५ | हिमालय मा. वि. | कुश्मा न. पा. -२ | +२, व्यवस्थापन, शिक्षा | ३० | ७० | १०० | २ |
| ६ | काफलचौर मा. वि. | कुश्मा न. पा.- ३ | +२, शिक्षा | २० | २६ | ४६ | २ |
| ७ | नारायण मा.वि. | कुश्मा न. पा.- ४ | +२,विज्ञान, मानविकी, व्यवस्थापन शिक्षा , | १३८ | २३१ | ३६९ | ३ |
| ८ | शिवालय नमुना मा. वि. | कुश्मा न. पा.- ६ | +२, मानविकी, शिक्षा, व्यवस्थापन | ५६ | १०५ | १६१ | २ |
| ९ | विरेन्द्र मा. वि. | कुश्मा न. पा.- ११ | +२, शिक्षा, व्यवस्थापन | २३ | ३० | ५३ | २ |
| १० | विश्वज्योति मा. वि. | कुश्मा न. पा.- ११ | +२, शिक्षा, व्यवस्थापन | १४ | २३ | ३७ | २ |
| ११ | पूर्णेश्वर मा. वि. | कुश्मा न. पा.- १० | +२, शिक्षा, व्यवस्थापन | ३५ | ४९ | ८४ | २ |
| १२ | जनता सुदर्शन मा. वि. | कुश्मा न. पा.- १२ | +२, शिक्षा, व्यवस्थापन | ७० | ४९ | ११९ | २ |
| १३ | पञ्चकोशी मा. वि. | कुश्मा न. पा.- १४ | +२, शिक्षा | १५ | २१ | ३६ | २ |
| ११ र १२ कक्षातर्फ जम्मा (सरकारी विद्यालयतर्फ ) | | | | ४२२ | ६२९ | १०५१ | २० |
| १४ | नमुना आवासीय मा. वि. (संस्थागततर्फ) | कुश्मा न. पा.- ७ | +२, व्यवस्थापन | ६५ | ६९ | १३४ | – |
| जम्मा | | | | ६४२ | ११४२ | १७८४ | |

स्रोतः सम्बन्धित क्याम्पस तथा विद्यालय प्रशासनबाट प्राप्त सूचना, २०७४ ।

## ४.१५ ५ वर्ष र सो भन्दा माथिकाको साक्षरताको आधारमा जनसङ्ख्याको विवरण

नगरपालिकामा ५ वर्ष र सोभन्दा माथि उमेर भएका जनसङ्ख्यामा साक्षरताको स्थिति देहायअनुसार रहेको छः-

### तालिका नं. ४.१६
### ५ वर्ष र सो भन्दा माथिकाको साक्षरताको आधारमा जनसङ्ख्याको विवरण

| लिङ्ग | ५ वर्ष र सो भन्दा माथिको जनसङ्ख्या | जनसङ्ख्याको अवस्था | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | लेख्न र पढ्न सक्ने | प्रतिशत | पढ्न मात्रै सक्ने | प्रतिशत | पढ्न लेख्न नसक्ने | प्रतिशत | थाहा नभएको | प्रतिशत |
| जम्मा | ३६०५२ | २७१९७ | ७५.४४ | ७७४ | २.१५ | ८०५८ | २२.३५ | २३ | ०.०६ |
| महिला | २०१९३ | १३७५४ | ६८.११ | ४०५ | २.०१ | ६०१९ | २९.८१ | १५ | ०.०७ |
| पुरुष | १५८५९ | १३४४३ | ८४.७६ | ३६९ | २.३२ | २०३९ | १२.८५ | ८ | ०.०५ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०६८ ।

नगरपालिकामा ५ वर्ष भन्दा माथिको जनसङ्ख्यामा साक्षरताको स्थितिलाई अध्ययन गर्दा कुल ३६०५२ जना मध्ये ७५.४४% मानिसहरू लेख्न/पढन सक्ने र २२.३५% पढन लेख्न नसक्ने रहेको देखिन्छ । ५ वर्ष माथिकाको जनसङ्ख्यामा पुरुषको तुलनामा महिलाको सङ्ख्या ४३३४ ले बढी रहेको देखिन्छ । साक्षरताको अवस्था हेर्दा ५ वर्ष माथिको जनसङ्ख्यामा महिलाको तुलनामा पुरुषको साक्षरता दर अर्थात लेख्न र पढ्न सक्ने सङ्ख्या बढी देखिन्छ । महिला ६८.११% र पुरुष ८४.७६% बराबर साक्षर रहेका छन् भने २९.८१% महिला र १२.८५% पुरुषहरू पढ्न लेख्न नसक्ने रहेका छन् ।

## ४.१६ विद्यालय तथा क्याम्पसमा अध्ययन गरिरहेका विद्यार्थीहरुको विवरण (शैक्षिक सत्र २०७४)

यस नगरपालिकामा सतसट्ठीवटा सरकारी र १४ वटा संस्थागत विद्यालयहरू रहेका छन् । शैक्षिक सत्र २०७४ मा नगरपालिकाका विभिन्न विद्यालयमा रहेका विद्यार्थीहरूको विवरण हेर्दा सरकारी विद्यालयतर्फ कक्षा १० सम्म ५९३० जना र कक्षा ११ र १२ मा १०५१ जना गरी जम्मा ६९८१ विद्यार्थी रहेको देखिन्छ । संस्थागत विद्यालयतर्फ कक्षा ११ र १२ मा १३४ र क्याम्पसतर्फ जम्मा ५९९ जना विद्यार्थी रहेको देखिन्छ । नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न शैक्षिक संस्थामा विभिन्न तहका विद्यार्थीहरूको विवरण यसप्रकार रहेको छ :-

### तालिका नं. ४.१७
### विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको विवरण (शैक्षिक सत्र २०७४)

| तह | विद्यार्थी सङ्ख्या | कैफियत |
|---|---|---|
| प्राथमिक (१–५) | २५६१ | – |
| निम्न माध्यमिक (६–८) | १८७८ | – |
| माध्यमिक सरकारी (९–१०) सम्म मात्र | १४९१ | – |
| कक्षा १ देखि १० सम्म | ५९३० | |
| माध्यमिक सरकारी (११–१२ मा मात्र) | १०५१ | १० वटा |
| सरकारी विद्यालयतर्फ जम्मा | ६९८१ | |
| माध्यमिक संस्थागत (११–१२ मा मात्र) | १३४ | १ वटा |
| कक्षा ११ र १२ मा मात्र | ११८५ | १०५१ +१३४ |
| क्याम्पस (स्नातक तह) | ५९९ | ३ वटा |
| जम्मा | ७७१४ | ५९३०+१०५१+१३४+५९९ |

स्रोतः जिल्ला शिक्षा कार्यालय, पर्वत एवम् कुश्मा नगर शिक्षा शाखा, २०७४ ।

## ४.१७ ५ वर्ष र सो भन्दा माथिकाको शैक्षिक अवस्था

नगरपालिकामा पाँचवर्ष र सोभन्दा माथि उमेर पुगेको जनसङ्ख्यामा साक्षर तथा विभिन्न तहको शैक्षिक योग्यताप्राप्त व्यक्तिहरूको विवरण यसप्रकार रहेको छः-

**तालिका नं. ४.१८**

**५ वर्ष र सो भन्दा माथिकाको शैक्षिक अवस्था**

| लिङ्ग | जम्मा | जनसङ्ख्याको अवस्था | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भरखर पढाइ शुरु गरेका | प्रा.वि. | नि.मा.वि. | मा.वि. | एस.एल.सी. | प्र.प्र. तह/०+२ | स्नातक | स्नातकोत्तर | अन्य | अनौपचारिक | तह नखुलेको |
| जम्मा | २७५१३ | १०२० | ९२८४ | ५५३८ | ३६८३ | ४३७१ | १७१२ | ७२० | २५२ | १२ | ८११ | ११० |
| महिला | १३९०५ | ४५३ | ४७४८ | ३०५९ | १९४७ | २१८७ | ७५३ | २२३ | ४२ | ८ | ३९९ | ५६ |
| पुरूष | १३६०८ | ५६७ | ४५३६ | २४७९ | १७३६ | २१८४ | ९५९ | ४९७ | ११० | ४ | ४१२ | ५४ |

स्रोतः राष्ट्रिय जनगणना, २०६८ ।

नगरपालिकामा पाँच वर्ष र सोभन्दा माथि उमेर पुगेको जनसङ्ख्यामा विभिन्न तहको शैक्षिक योग्यताप्राप्त व्यक्तिहरूको विवरण अध्ययन गर्दा प्रा.वि, नि.मा.वि., मा.वि., एसएलसी उत्तिर्ण गरेको जनसङ्ख्यामा पुरूषको तुलनामा महिलाको सङ्ख्या बढी रहेको देखिन्छ भने प्रविणता प्रमाणपत्र/ प्लस टु, स्नातक र स्नातकोत्तर तह उत्तिर्ण तथा भरखर पढाई शुरू गरेको जनसङ्ख्यामा महिलाहरू भन्दा पुरूषहरू बढी मात्रामा रहेको देखिन्छ ।

## ४.१८ कुल साक्षरता दरमा महिलाहरुको हिस्सा

नगरपालिकामा रहेको कुल जनसङ्ख्यामा ५ वर्ष उमेर भन्दा माथिको जनसङ्ख्याका आधारमा कुल साक्षरतामा महिलाहरूको साक्षरता दरको अवस्था देहायअनुसार रहेको छः-

**तालिका नं. ४.१९**

**कुल साक्षरता दरमा महिलाहरुको हिस्सा**

| विवरण | कुल जनसङ्ख्या | ५ वर्ष भन्दा माथिको जनसङ्ख्या | ५ वर्ष भन्दा माथिको जनसङ्ख्यामा साक्षरता विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | साक्षर जनसङ्ख्या | प्रतिशत | निरक्षर जनसङ्ख्या | प्रतिशत |
| पुरूष | १७७३९ | १५८५९ | १३८१२ | ८७.०९ | २०४७ | १२.९१ |
| महिला | २१८६१ | २०१९३ | १४१५९ | ७०.११ | ६०३४ | २९.८९ |
| जम्मा | ३९६०० | ३६०५२ | २७९७१ | ७७.५९ | ८०८१ | २२.४१ |

स्रोतः राष्ट्रिय जनगणना, २०६८ ।

माथिको तालिकामा प्रस्तुत गरिएको साक्षरता दरको स्थितिलाई अध्ययन गर्दा नगरपालिकामा कुल जनसङ्ख्यामा पुरूषको तुलनामा महिलाको सङ्ख्या बढी रहेको भए तापनि साक्षर जनसङ्ख्याको अवस्था हेर्दा पुरूषको तुलनामा महिला साक्षरता दर तुलनात्मक रूपमा कम रहेको देखिन्छ । नगरपालिकामा ५ वर्ष भन्दा माथिको जनसङ्ख्यामा साक्षरता विवरणलाई अध्ययन गर्दा पुरूषको जनसङ्ख्या १५८५९ मध्ये २०४७ जना (१२.९१ %), महिला जनसङ्ख्या २१८६१ २०१९३ मध्ये ६०३४ जना (२९.८९%) महिलाहरू र समग्रमा ८०८१ जना (२२.४१ %) मानिसहरू निरक्षर रहेको देखिन्छ ।

## ४.१९ वडाअनुसार साक्षरता प्रतिशत

यस नगरपालिकामा वडाअनुसार महिला र पुरूषको साक्षरताको अवस्था निम्नाानुसार रहेको छः-

**तालिका नं. ४.२०**
**वडा अनुसार साक्षरता प्रतिशत**

| वर्तमानमा कायम भएका वडा | साक्षरता दर प्रतिशत | |
|---|---|---|
| १ (साविक पाङ गा.वि.स.) | औसतमा | ७०.०९ |
| | महिला | ६२.४२ |
| | पुरूष | ८०.४३ |
| २ (साविक खुर्कोट गा.वि.स.) | औसतमा | ७४.२० |
| | महिला | ६६.८० |
| | पुरूष | ८४.१४ |
| ३ (साविक दुर्लुङ गा.वि.स.) | औसतमा | ६८.२८ |
| | महिला | ६१.२६ |
| | पुरूष | ७८.०४ |
| ४, ५, ६ र ७ (साविक शिवालय गा.वि.स.) | औसतमा | ८५.५५ |
| | महिला | ७९.६९ |
| | पुरूष | ९२.०९ |
| ८ (साविक चुवा गा.वि.स.) | औसतमा | ७६.०० |
| | महिला | ६७.४३ |
| | पुरूष | ८७.४६ |
| ९ (साविक कटुवाचौपारी गा.वि.स.) | औसतमा | ७३.५४ |
| | महिला | ६६.०४ |
| | पुरूष | ८३.११ |
| १० (साविक पिपलटारी गा.वि.स.) | औसतमा | ७१.३४ |
| | महिला | ६२.५२ |
| | पुरूष | ८२.७२ |
| ११ (साविक पिपलटारी गा.वि.स.) | औसतमा | ६९.९८ |
| | महिला | ६२.८४ |
| | पुरूष | ७८.९८ |
| १२ (साविक ठूलीपोखरी गा.वि.स.) | औसतमा | ७१.४५ |
| | महिला | ६४.३६ |
| | पुरूष | ८१.६९ |
| १३ (साविक खौलालाँकुरी गा.वि.स.) | औसतमा | ६४.५० |
| | महिला | ५९.१९ |
| | पुरूष | ७२.६२ |
| १४ (साविक आर्थर डाडाँखर्क गा.वि.स.) | औसतमा | ६८.५९ |
| | महिला | ६०.०७ |
| | पुरूष | ८०.३९ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०६८ ।

नगरपालिकामा समावेश गरिएका साविकका एघारवटा गा.वि.स. तथा वर्तमानमा कायम भएका वडाहरूमा ५ वर्ष भन्दा माथिको जनसङ्ख्यामा समग्र साक्षरता दरलाई नियाल्दा सबैभन्दा धेरै साक्षरता दर साविक शिवालय गा. वि.स. हालको वडा नं. ४, ५, ६ र ७ मा (८५.५५%) रहेको देखिन्छ भने सबैभन्दा कम साक्षरता दर साविकको खौलालाँकुरी गा.वि.स. हालको वडा नं. १३ मा (६४.५०%) रहेको देखिन्छ । पुरूष तथा महिला साक्षरताको स्थिति अध्ययन गर्दा पनि शिवालय (वडा नं. ४, ५, ६ र ७)

मा सबैभन्दा बढी र खौलालँकुरीमा सबैभन्दा कम रहेको देखिन्छ । साविकको शिवालय गा.वि.स. लाई चारवटा वडामा विभाजन गरिएकोले यहाँ सोहीअनुसार साक्षरता दरलाई उल्लेख गरिएको हो ।

### ४.२० बालविकास केन्द्रको विवरण

नगरपालिकामा रहेका धेरैजसो विद्यालयमा बाल विकास केन्द्रहरू रहेका छन् । विद्यालयमा सञ्चालित बाल बिकास केन्द्र बाहेक यस नगरपालिकामा समुदायमा आधारित बाल विकास केन्द्र र सिकाई केन्द्रको विवरण निम्न बमोजिम रहेको छः-

**समुदायमा आधारित वालविकास केन्द्रको विवरणः-**

१. भवानी बालविकास केन्द्र, कुश्मा -१
२. पिपलपोखरी बालविकास केन्द्र, कुश्मा -२
३. सिद्धेश्वर बालविकास केन्द्र, कुश्मा -२

**समुदायमा आधारित सिकाई केन्द्रको विवरणः-**

१. पर्वत सामुदायिक सिकाई केन्द्र, कुश्मा न. पा. - २
२. कृष्णगण्डकी सामुदायिक सिकाई केन्द कुश्मा न. पा. - ६
३. जनज्योति सामुदायिक सिकाई केन्द्र, कुश्मा न. पा. - १०

### ४.२१ तहगत शिक्षक विवरण

नगरपालिकाका सरकारी विद्यालयमा विभिन्न तहमा कार्यरत शिक्षकहरूको विवरण देहायअनुसार रहेको छः-

**तालिका नं. ४.२१**

**नगरपालिकाका सरकारी विद्यालयमा कार्यरत शिक्षक विवरण**

| तह | स्वीकृत दरबन्दीमा कार्यरत | | | परियोजना | राहात दरबन्दीमा कार्यरत | PCF मा कार्यरत | तालिम प्राप्त | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | स्थायी | अस्थायी | | | | | |
| प्रा. वि | २८२ | २२३ | ५९ | - | २६ | - | - | ३०८ |
| नि. मा. वि. | ६१ | ४९ | १२ | - | १२ | - | - | ७३ |
| मा. वि. | ५९ | ४१ | १८ | - | २२ | - | - | ८१ |
| ०+२ | २१ | ० | २१ | | ० | | | २१ |
| जम्मा | ४२३ | ३१३ | ११० | - | ६० | - | - | ४८३ |

स्रोतः जिल्ला शिक्षा कार्यालय, पर्वत तथा कुश्मा नगर शिक्षा शाखा, २०७४।

### ४.२२ विशेष शिक्षातर्फ स्रोत कक्षामा अध्ययनरत विद्यार्थीहरुको विवरण

कुश्मा नगरपालिकाभित्र विशेष शिक्षातर्फ स्रोत कक्षा सञ्चालन भएको विद्यालयको सङ्ख्या एउटा मात्र रहेको छ । वि. सं. २०६५ सालभन्दा पूर्व पूर्णेश्वर मा. वि. वितलवमा मा सञ्चालन भईरहेको स्रोत कक्षा वि.सं. २०६५ श्रावणदेखि शालिजा मा.वि. जलजला-६ मा सञ्चालन गरिएको थियो । फरक क्षेमता भएका दृष्टिविहिनहरूले अध्ययन गर्ने यो कक्षा शालिजामा भौगोलिक कठिनाईका कारण विद्यार्थीहरूलाई असुविधा भएकोले वि. सं. २०७३ श्रावणदेखि कुश्मा नगरपालिका वडा नं. ६ स्थित शिवालय नमुना मा. वि. मा सञ्चालन भईरहेको छ । वर्तमानमा गुल्मी, म्याग्दी, बागलुङ, तनहुँ र पर्वत जिल्लाका विद्यार्थीहरूले अध्ययन गर्दछन् । यस विशेष शिक्षालाई प्लान नेपाल भन्ने संस्थाले आर्थिक सहयोग गर्दै आईरहेको छ । विशेष शिक्षा अन्तर्गत स्रोत कक्षामा अध्ययनरत दृष्टिविहिन विद्यार्थीहरूको विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका नं. ४.२२**

**विशेष शिक्षा अन्तर्गत स्रोत कक्षामा अध्ययनरत विद्यार्थीको विवरण**

| क्र. सं. | विशेष कक्षा सञ्चालन भएको विद्यालय | विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा |
| १ | शिवालय नमुना मा. वि. | ९ | १३ | २२ |
| | | पूर्ण दृष्टिविहिनः ८ | | |
| | | अल्पदृष्टिः १४ | | |

स्रोतः प्रशासन शाखा, शिवालय मा.वि. कुश्मा पर्वत, २०७४ ।

## ४.२३ शिक्षक तथा विद्यार्थी विवरण

नगरपालिकामा प्राथमिक तहदेखि माध्यमिक तहसम्म पठन पाठन हुने सतसट्ठीवटा सार्वजनिक वा सरकारी विद्यालयहरू सञ्चालनमा रहेका छन् । नगरपालिकामा कक्षा ११ र १२ सम्म पठन पाठन हुने दशवटा सरकारी माध्यमिक विद्यालयहरू र एकवटा संस्थागत विद्यालय रहेका छन् । कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीहरूको विवरणलाई अघिल्लो तालिकामा प्रस्तुत गरिएकोले यहाँ कक्षा १० सम्म मात्र अध्ययन गर्ने विद्यार्थीहरूको विवरणलाई उल्लेख गरिएको छ । ११ र १२ कक्षासम्म पठन पाठन हुने माध्यमिक विद्यालयमा रहेका प्लस टु तर्फको सरकारी दरबन्दीमा रहेका शिक्षक सङ्ख्या पनि यहाँ समावेश गरिएको छैन । नगरपालिकामा सरकारी स्तरमा सञ्चालित विभिन्न विद्यालयहरूमा शैक्षिक सत्र २०७४ मा रहेका विद्यार्थी सङ्ख्या, कार्यरत शिक्षक सङ्ख्या, शिक्षक विद्यार्थी अनुपात तथा सञ्चालित तहहरूको विवरणलाई तलको तालिका नं. ४.२३ मा प्रस्तुत गरिएको छः-

**तालिका नं. ४.२३**
**नगरपालिकामा रहेका सरकारी विद्यालयहरुको विवरण**

| क्र. सं. | विद्यालयको नाम | सञ्चालित तह | विद्यार्थी सङ्ख्या | | | शिक्षक सङ्ख्या | विद्यार्थी शिक्षक अनुपात (STR) |
|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | | |
| १ | अम्बोट प्रा. वि., दुर्लुङ | १–५ | ५ | ७ | १२ | २ | ६ |
| २ | अर्मादी प्रा. वि., शिवालय | १–५ | १६ | १५ | ३१ | ६ | ५.१६ |
| ३ | बालमन्दिर प्रा. वि., शिवालय | १–५ | ३५ | ३४ | ६९ | ८ | ८.६ |
| ४ | वसन्त प्रा. वि., रोहोटे, ठूलीपोखरी | १–५ | ४ | ८ | १२ | ४ | ३ |
| ५ | भगवती प्रा. वि., खौलालाँकुरी | १–५ | १७ | ९ | २६ | ३ | ८.६ |
| ६ | भगवती प्रा. वि. पकुवा | १–५ | १५ | ११ | २६ | ३ | ८.६ |
| ७ | विरेन्द्र मा. वि. पकुवा | १–१२ | ८५ | ५३ | १३८ | १४ | ९.८ |
| ८ | विश्वज्योति मा. वि. सिल्मी | १–१२ | ९५ | ८५ | १८० | १३ | १३.८ |
| ९ | चण्डीका प्रा. वि., वोडिस्वारा, खुर्कोट | १–५ | १० | ४ | १४ | ३ | ४.६ |
| १० | दालपोखरी प्रा.वि., दुर्लुङ | १–५ | ३५ | २५ | ६० | ५ | १२ |
| ११ | देविस्थान प्रा.वि., ठूलीपोखरी | १–५ | ३९ | २१ | ६० | ४ | १५ |
| १२ | धौलागिरी प्रा. वि., पिपलटारी | १–३ | ५ | ३ | ८ | २ | ४ |
| १३ | गणेश प्रा. वि., पाङ | १–३ | २५ | १५ | ४० | ३ | १३.३ |
| १४ | गर्णेश्वर प्रा. वि., खुर्कोट | १–५ | ४० | ४२ | ८२ | ६ | १३.६ |
| १५ | गायत्री प्रा. वि., लामाचौर, कटुवाचौपारी | १–५ | ११ | ४ | १५ | ५ | ३ |
| १६ | गुप्तेश्वर वेद वेदाङ्ग पाठशाला, शिवालय | १–५ | ० | १४ | १४ | ३ | ४.६ |
| १७ | हर्राचौर प्रा. वि., चुवा | १–३ | ४ | ८ | १२ | २ | ६ |
| १८ | हिमालय मा. वि., खुर्कोट | १–१२ | १६५ | ९७ | २६२ | २० | १३.१ |
| १९ | जगदम्बा प्रा. वि., खुर्कोट | १–३ | ३ | १० | १३ | ३ | ४.३ |
| २० | जनएकता प्रा. वि., आर्थर | १–३ | ४ | ७ | ११ | २ | ५.५ |
| २१ | जनजागृति प्रा. वि., खौला | १–५ | १८ | ८ | २६ | ४ | ६.५ |
| २२ | जनजागृति प्रा. वि., शिवालय | १–३ | ९ | ५ | १४ | २ | ७ |
| २३ | जनज्योति प्रा. वि., मुलपानीटार | १–३ | ५ | ६ | ११ | २ | ५.५ |
| २४ | जनकल्याण प्रा. वि., आर्थर | १–३ | ११ | ३ | १४ | २ | ७ |
| २५ | जनप्रिय प्रा. वि., आर्थर | १–३ | ८ | ५ | १३ | १ | १३ |
| २६ | जनप्रिय प्रा. वि., कटुवाचौपारी | १–५ | २१ | १५ | ३६ | ५ | ७.२ |
| २७ | जनक मा. वि., पिपलटारी | १–१० | १०४ | ७६ | १८० | १४ | १२.८५ |
| २८ | जनश्रम प्रा. वि., दुर्लुङ | १–५ | ७ | ५ | १२ | ३ | ४ |
| २९ | जनता प्रा. वि., पकुवा | १–३ | ९ | ६ | १५ | ४ | ३.७५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३० | जनता सुदर्शन मा. वि., ठूलीपोखरी | १–१२ | ९७ | ९८ | १९५ | १५ | १३ |
| ३१ | कालिका मा. वि., खुर्कोट | १–१० | १६० | १३५ | २९५ | १४ | २१.०७ |
| ३२ | कामधेनु प्रा. वि., खुर्कोट | १–३ | ६ | २ | ८ | ३ | २.६६ |
| ३३ | काफलचौर मा. वि., दुर्लुङ | १–१२ | १३१ | १०५ | २३६ | १७ | १३.८ |
| ३४ | खरेहा प्रा. वि., खरेहा | १–५ | १७ | १२ | २९ | ५ | ५.८ |
| ३५ | खरिबोट गोविन्दनाथ देवशर्मा मा. वि., पाङ | १–१० | १३९ | १४७ | २८६ | १३ | २२ |
| ३६ | खौलालाँकुरी मा. वि., खौला | १–१० | ११८ | १०७ | २२५ | १० | २२.५ |
| ३७ | लाँकुरी प्रा. वि., पिपलटारी | १–५ | ७ | ९ | १६ | ४ | ४ |
| ३८ | लक्ष्मी प्रा. वि., आँगाखेत, पाङ | १–३ | ६ | ९ | १५ | २ | ७.५ |
| ३९ | महेन्द्र प्रा. वि., लादेपोखरी, खौला | १–५ | १८ | १२ | ३० | ४ | ७.५ |
| ४० | मंगलोदय मा. वि., चुवा | १–१० | ११५ | १२२ | २३७ | १५ | १५.८ |
| ४१ | मराङसिङ प्रा. वि., चुवा | १–३ | ७ | ४ | ११ | २ | ५.५ |
| ४२ | नारायण मा. वि., कुश्मा | १–१२ | ३८७ | ३२५ | ७१२ | २३ | ३०.९ |
| ४३ | नवजागृत प्रा. वि., खौला | १–५ | १५ | १० | २५ | ३ | ८.३ |
| ४४ | नवरत्न प्रा. वि., बगालथोक, आर्थर | १–५ | १२ | ९ | २१ | ३ | ७ |
| ४५ | नुवार सुबेदी थर मा. वि., पाङ | १–१० | ९५ | ७९ | १७४ | १३ | १३.३८ |
| ४६ | पञ्चकोशी मा. वि., आर्थर | १–१२ | १२० | १३७ | २५७ | १४ | १८.३५ |
| ४७ | पञ्चरत्न प्रा. वि., आर्थर | १–५ | २८ | ४० | ६८ | ४ | १७ |
| ४८ | पाङ धैरेनी मा. वि., पाङ | १–१२ | १०६ | ७२ | १७८ | १४ | १२.७१ |
| ४९ | पिपलटारी प्रा. वि., पिपलटारी | १–५ | ७ | ४ | ११ | ३ | ३.६६ |
| ५० | प्रगति प्रा. वि., आर्थर | १–५ | ७ | ८ | १५ | २ | ७.५ |
| ५१ | पूर्णेश्वर मा. वि., वितलव | १–१२ | ९४ | १०८ | २०२ | १७ | ११.८ |
| ५२ | पुस्प मदन प्रा. वि., ठूलीपोखरी | १–३ | ७ | ६ | १३ | २ | ६.५ |
| ५३ | रानीस्वारा प्रा. वि., पकुवा | १–३ | १२ | ८ | २० | ३ | ६.६ |
| ५४ | शहिद शुक्र प्रा. वि., ठूलीपोखरी | १–५ | ६ | ५ | ११ | ४ | २.७ |
| ५५ | स्यानीपोखरी प्रा. वि., पकुवा | १–५ | २४ | १९ | ४३ | ६ | ७.१ |
| ५६ | सरस्वती प्रा. वि., काउले, आर्थर | १–५ | १६ | १० | २६ | ४ | ६.५ |
| ५७ | सार्वजनिक मा. वि., कटुवाचौपारी | १–१० | ७९ | ७२ | १५१ | १५ | १०.०६ |
| ५८ | शिवालय नमुना मा. वि., शिवालय | १–१२ | २३७ | २१२ | ४४९ | २३ | १९.५२ |
| ५९ | श्रमिक प्रा. वि., पाङ | १–५ | २० | ६ | २६ | ३ | ८.६ |
| ६० | शुभकल्याण आधारभूत विद्यालय, आर्थर | १–८ | ४३ | ३९ | ८२ | ८ | १०.२५ |
| ६१ | सिद्धेश्वर प्रा. वि., तमादी, पिपलटारी | १–५ | ७ | २३ | ३० | ३ | १० |
| ६२ | सिंधाली प्रा. वि., पाङ | १–५ | १९ | २३ | ४२ | ५ | ८.५ |
| ६३ | शिशुकल्याण प्रा. वि., चनौटे, खौला | १–५ | १० | ८ | १८ | ३ | ६ |
| ६४ | सुर्यप्रकाश मा. वि., दुर्लुङ | १–१० | ९८ | ८४ | १८२ | १६ | ११.३ |
| ६५ | सुर्योदय प्रा. वि., खुर्कोट | १–५ | २५ | १८ | ४३ | ७ | ६.१ |
| ६६ | त्रिभुवन आधारभूत विद्यालय, ठूलीपोखरी | १–८ | ५५ | ६३ | ११८ | ५ | २३.६ |
| ६७ | युवावर्ष प्रा. वि., शिवालय | १–५ | १६ | ८ | २४ | ७ | ३.४ |
| | जम्मा | | ३१७१ | २७५९ | ५९३० | ४६२ | १२.७८ |

स्रोतः जिल्ला शिक्षा कार्यालय, पर्वत एवम् नगर शिक्षा शाखा, कुश्मा नगरपालिका २०७४ ।

नगरपालिकामा सञ्चालित निजी विद्यालयहरूको विवरण यसप्रकार रहेको छः-

**तालिका नं. ४.२४**

**संस्थागत विद्यालयहरुको विवरण**

| क्र. सं. | विद्यालयको नाम | सञ्चालित तह | विद्यार्थी सङ्ख्या | | | शिक्षक सङ्ख्या | विद्यार्थी शिक्षक अनुपात (STR) |
|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | | |
| १ | आदर्श अंग्रेजी आवासीय मा. वि., कुश्मा | १–१० | | | | | |
| २ | राष्ट्रिय बाल शिक्षा सदन अंग्रेजी आवासीय मा. वि., कुश्मा | १–१० | | | | | |
| ३ | कालीगण्डकी एकेडेमी, कुश्मा | १–१० | | | | | |
| ४ | शहिद स्मारक अंग्रेजी आवासीय मा. वि., कुश्मा | १–१० | | | | | |
| ५ | नमुना अंग्रेजी आवासीय मा. वि., कुश्मा | १–१२ | | | | | |
| ६ | पर्वत गुरूकुल एकेडेमी, कुश्मा | १–१० | | | | | |
| ७ | आइवल एकेडेमी, कटुवाचौपारी | १–१० | | | | | |
| ८ | ग्लोबल चिल्ड्रेन एकेडेमी, पाङ | | | | | | |
| ९ | टिआर इङलिस बोर्डिङ स्कुल, पाङ | | | | | | |
| १० | पाथफाइन्डर इङलिस बोर्डिङ स्कुल, दुर्लुङ | | | | | | |
| ११ | सनराइज इङलिस बोर्डिङ स्कुल, खुर्कोट | | | | | | |
| १२ | मुनलाइट एकेडेमी, चुवा | १–५ | | | | | |
| १३ | इनक्लुसिभ इङलिस बोर्डिङ स्कुल, ठूलीपोखरी | १–५ | | | | | |
| १४ | ग्लोबल चिल्ड्रेन एकेडेमी, कुश्मा | १–५ | | | | | |

स्रोतः प्याब्सन पर्वत, २०७४ ।

### ४.२४ लिङ्गअनुसार १८ वर्षमुनीका बालबिबाहको सङ्ख्यात्मक विवरण

नेपाली समाजको विकासक्रमलाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभाव पार्ने तत्वहरू मध्ये एक महत्त्वपूर्ण तत्वमा धर्म, संस्कार, परम्परा र सामाजिक मुल्य मान्यता आदि पर्दछन् । पुरूषप्रधान देशहरूमा पुरूषको सामाजिक तथा आर्थिक अवस्थाको तुलनामा महिलाको अवस्था कमजोर देखिन्छ । अधिकार, सम्पत्ति, अवसरमा महिलाको तुलनामा पुरूषको पहुँच बढी रहेको छ । नगरपालिकामा बालक र बालिकाको उमेर अनुसार विवाहको अवस्था तलको तालिका नं ४.२५ मा उल्लेख गरिएको छः–

**तालिका नं. ४.२५**

**लिङ्ग अनुसार बालविवाह सम्बन्धी विवरण (१८ वर्ष मुनीका)**

| लिङ्ग | सङ्ख्या |
|---|---|
| बालिका | ७१ |
| बालक | २८ |
| जम्मा | ९९ |

स्रोतः कुश्मा नगरपालिकाका सामाजिक परिचालकहरूबाट प्राप्त सूचना, २०७४ ।

तालिका न. ४.२५ अनुसार आर्थिक वर्ष २०७४/०७५ मा ७१ जना बालिका र २८ जना बालक गरी जम्मा ९९ जना बालबालिकाहरूको १८ वर्ष उमेर पुरा नभई विवाह भएको छ । यी मध्ये १० जनाको अर्थात ३७ जोडीको पहिला सम्बन्धपछि विवाह (Love Marriage) भएको छ भने बाँकी २५ जना युवाको मागी विवाह भएको छ । यो सङ्ख्या बालमैत्रीको दृष्टिले ठूलो मानिन्छ । यो सङ्ख्यालाई शुन्यमा झार्नको लागि सचेतना अभिवृद्धी कार्यक्रममा जोड दिनुपर्ने हुन्छ । यो तथ्याङ्क औपचारिक अर्थात कुनै कार्यालयको अभिलेखबाट लिएको नभई वडा कार्यालयमा कार्यरत सामाजिक परिचालकबाट प्राप्त भएको हो ।

### ४.२५ कामदारको रुपमा घर छोडेर घर बाहिर जान बाध्य बालक तथा बालिकाहरुको अवस्था

आर्थिक अवस्थाका कारण १८ वर्ष मुनीका बालबालिकाहरू आफ्ना आमा बुवाको काख छोड्न बाध्य छन् । अति गरीब घर परिवारमा बालक तथा बालिकाहरू रोजगारीका लागि शहरी क्षेत्रहरू जस्तो पोखरा, काठमाडौ हुँदै भार तसम्म पुगेको अवस्था छ । आफ्नो क्षमता अभिवृद्धि गरी योग्य नागरिक बन्ने तथा बनाउने यो महत्वपूर्ण उमेर समुहका लागि राज्यले अनिवार्य शिक्षाको ब्यवस्था गरेको छ । अतः नगरपालिकामा रोजगारको लागि घरपरिवार छोड्न बाध्य बालबालिकाको सङ्ख्यात्मक अवस्थालाई तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.२६**

**कामदारको रुपमा घर/परिवारबाट बाहिर गएका बालबालिकाहरुको अवस्था**

| लिङ्ग | सङ्ख्या |
|---|---|
| बालिका | २४ (कुश्मा, पोखरा बागलुङ्ग आदि ठाउँहरूमा) |
| बालक | ५७ (भारत, काठमाडौ लगायतका ठाउँमा) |
| जम्मा | ८१ |

स्रोतः सामाजिक परिचालकबाट प्राप्त सूचना, २०७४ ।

माथि उल्लेखित तालिकाअनुसार नगरपालिकाका १४ वटा वडाहरूमा जम्मा ८१ जना बालबालिकाहरू जागिर खान घर छोडेर बाहिर गएका छन् । यी बालबालिकाहरू मध्ये बालकहरू धेरै भारत अनि काठमाडौं, पोखरा बागलुङ आदि ठाउँहरूमा गएको पाइयो । यिनीहरू नि.मा.वि. सम्मको शिक्षा हासिल गरी विद्यालय छोडेको देखियो भने उमेर १५ वर्ष माथिका रहेको पाइयो ।  तर बालिकाहरू भने आफ्ना ईष्टमित्रहरूको घरमा स्थानीय स्तरमा काम गर्दै आएको देखियो । जातिय दृष्टिले हेर्दा दलित वर्गमा यो सङ्ख्या बढी रहेको छ ।

### ४.२६ बालबालिकाका रोजगारका क्षेत्रहरु तथा यी क्षेत्रहरुमा कार्यरत बालबालिकाहरुको सङ्ख्यात्मक अवस्था

विगतका वर्षहरूको तुलनामा गत वर्ष रोजगारीका लागि घरबाहिर जाने बालबालिकाहरूको सङ्ख्या घटेको देखिएको छ । तर यो सङ्ख्या शुन्य हुन सकेको छैन । सरकारले ल्याएको बालमैत्री स्थानीय शासन सहितको अवधारणाका कारण यो सङ्ख्यामा कटौती भएको हो । नगरपालिका भित्रका बालबालिकाहरू ब्यक्तिको घर, होटल तथा उद्योगहरूमा सलग्न रहेको विवरण तल तालिकामा उल्लेख गरिएको छः-

**तालिका नं. ४.२७**

**श्रमिक बालबालिकाको प्रकार**

| क्र.स. | काममदारको विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | घरेलु कामदार | १६ जना | |
| २ | होटल तथा रेष्टुरेण्ट | ३७ जना | |
| ३ | उद्योग तथा ब्यवसाय | २८ जना | |
| ४ | अन्य | ८१ | |

स्रोतः महिला तथा बालबालिका कार्यालय, पर्वत, २०७४ ।

तालिकाअनुसार घरेलु कामदार र उद्योग तथा ब्यबसाय भन्दा होटल तथा रेष्टुरेन्टमा धेरै बालकहरू कामदारको रूपमा काम गर्दै आएका छन् । जातिय आधारमा हेर्दा दलित वर्ग जस्तै कामी, दमाई तथा सार्की थरका धेरै बालबालिकाहरू श्रमिकका रूपमा कार्यरत रहेको पाइयो । यिनीहरूको उमेर १५ वर्षमाथि र १८ वर्षमुनी रहेको छ ।

### ४.२७ बालबालिकाहरुको हत्या तथा अपहरण सम्बन्धी अवस्था

नेपालका विभन्न ग्रामीण तथा शहरी क्षेत्रहरुमा बालबालिकाहरूको अपहरण गर्ने, हत्या गर्ने जस्ता जघन्य अपराधहरू भईरहेको तथ्य बाहिर आईरहेका छन् । गरिबी, लैङ्गिक विभेद समाजिक कुरिती तथा भारतसँगको खुला सिमानाका कारण नेपालबाट देश भित्र तथा बाहिर बालबालिकाहरू अपहरित हुने तथा मृत्यु हुने गरेको छ । अपहरित तथा मृत्यु हुने बालबालिकाहरूको सङ्ख्यात्मक अवस्थाका बारेमा तलको तालिका नं. ४.२८ मा उल्लेख गरिएको छः–

**तालिका नं. ४.२८**

**बालबालिकाहरुको हत्या अपहरण सम्बन्धी विवरण**

| घटना विवरण | घटनाहरूको सङ्ख्या | घटना घटेको स्थान | उजुरीको सङ्ख्या | अदालतमा परेका मुद्दाहरूको सङ्ख्या | पीडित बनाइएका बालबालिकाहरूको सङ्ख्या | | | उद्धार गरिएका बालबालिकाहरूको सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| हत्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| अपहरण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

स्रोतः महिला तथा बालबालिका कार्यालय, पर्वत, २०७४ ।

आर्थिक वर्ष २०७४/०७५ मा नगरपालिका क्षेत्रभित्र कुनै पनि बालबालिकाहरू घटनामा परी उजुरी दर्ता भएको पाइएन । उद्दार गरिएको बालबालिकाहरको सङ्ख्या शुन्य रहेको पाइयो । परिवारभित्र घरेलु हिंशाका घटनाहरू सबै बाहिर नआउने हुँदा पनि घटनाहरू दर्ता नभएका हुन सक्छन् । दर्ता नभएका घटनाहरूको अभिलेखिकरण हुँदैन । यस्ता घटनाहरूको न्युनीकरणको लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ । बालमैत्री स्थानीय शासनतिर समुदायलाई उन्मुख गराउन सके यस्ता घटनाहरू शुन्यमा झार्न गाऱ्हो हुनेछैन ।

## ४.२८ नगरपालिकामा बसोबास गर्ने बासिन्दाहरुको स्वास्थ्य तथा सरसफाईको अवस्था

सरकारले मानव विकास सूचकांकलाई वृद्धि गर्नका लागि सुरक्षित मातृत्व, सुनौलो हजार दिन, अनिवार्य शौचालयको प्रयोग आदि जस्ता कार्यक्रमहरूलाई गैर सरकारी संघ/संस्थाहरू मार्फत सञ्चालन गर्दै आएको छ । हाम्रो जिल्ला ओ.डि.एफ. घोषणा गर्ने जिल्लामा छैटौं स्थानमा रहेको छ । उल्लिखित कारणहरूले यस नगरपालिकामा विगत वर्षहरूको तुलनामा पछिल्लो वर्ष अर्थात आर्थिक वर्ष २०७४/०७५ मा शिशु मृत्युदरमा क्रमशः कमी आएको छ । नगरपालिकामा समावेश भएका साविकका सबै गा. वि. स. हरू खुला दिशामुक्त भैसकेकोले पक्की तथा कच्ची शौचालयहरूको निर्माण भैसकेको छ । शौचालय प्रयोग गर्नेहरूको सङ्ख्या सहित सरसफाई सम्बन्धी नगरपालिकाको अवस्था तलको तालिकामा उल्लेख गरिएको छ :-

**तालिका नं. ४.२९**

**स्वास्थ्य सम्बन्धी सूचकहरु**

| सूचक | दर |
|---|---|
| शिशु मृत्युदर | - |
| कुपोषणको अवस्था | ३.१५ % |
| चर्पीको पहुँच भएको जनसङ्ख्या | १०० % |

स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, पर्वत, २०७४ ।

विगतका वर्षहरूको तुलनामा शिशु मृत्युदर पनि कम हुँदै गएको छ । सबै घरधुरीहरूमा अनिवार्य शौचालयको ब्यवस्था भएका कारण शौचालय प्रयोग गर्नेहरूको सङ्ख्या १०० प्रतिशत पुगेको हो । जिल्ला सदरमुकाम पेरीफेरीको क्षेत्र हुनुको साथै नगरपालिकामा हालसम्म स्वच्छ खानेपानी, पूर्ण आनीबानी परिवर्तन, लगायतका WASH सम्बन्धी कार्यक्रमहरू सञ्चालन हुँदै आएकोले स्वास्थ्य र सरसफाईमा जिल्लामा तुलनात्मक रूपमा यो नगरपालिका अघि रहेको छ ।

## ४.२९ नगरपालिकामा बालक्लबहरुको सङ्ख्या र बालक्लबहरुमा आवद्ध बालबालिकाको अवस्था

नेपाल सरकार २०६४ सालदेखि बालमैत्री स्थानीय शासनलाई समावेशीकरणको एउटा चोटिलो कम्पोनेन्टको रूपमा लिएर विभिन्न कार्यक्रमहरू सहित अघि बढेको हो । "बालबालिका भविष्यका कर्णधार हुन" भन्ने मान्यताका आधारमा साविक जिविस तथा गाविसहरूले पनि बालमैत्री कार्यक्रमहरूलाई प्राथमिकता दिएर कार्यान्वयन गरे । हाल पर्वतमा मोदी गाउँपालिकाको वडा नं. ८ चित्रेलाई बालमैत्री स्थानीय शासन सहितको वडा घोषणा गर्ने कार्य सम्पन्न भईसकेको छ । नगरपालिकाभित्र समुदायस्तर तथा विद्यालयस्तरमा गठित बालक्लबहरू र यी बालक्लबहरूमा आवद्ध बालबालिकाहरूको सङ्ख्या तल तालिकामा देखाईएको छः-

**तालिका नं. ४.३०**

**नगरपालिकाका विभिन्न वडाहरुमा गठित बालक्लबहरुको विवरण**

| समूदायमा आधारित बालक्लबहरू | | | | | विद्यालयमा आधारित बालक्लबहरू | | | |
|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | बालक्लबहरूको कूल सङ्ख्या | बालिका सङ्ख्या | बालक सङ्ख्या | जम्मा | बालक्लबको कूल सङ्ख्या | बालिका सङ्ख्या | बालक सङ्ख्या | जम्मा |
| १ | ३ | १९ | १४ | ३३ | ० | ० | ० | ० |
| २ | २ | १६ | १० | २६ | ० | ० | ० | ० |
| ३ | २ | १६ | १४ | ३० | ० | ० | ० | ० |
| ४ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | २ | २० | १४ | ३४ | ० | ० | ० | ० |
| ८ | १ | ८ | ५ | १३ | ० | ० | ० | ० |
| ९ | २ | १८ | १६ | ३४ | ० | ० | ० | ० |
| १० | २ | २१ | १३ | ३४ | ० | ० | ० | ० |
| ११ | २ | १३ | १३ | २६ | ० | ० | ० | ० |
| १२ | ६ | २४ | ३८ | ६२ | ५ | २८ | ३५ | ६३ |
| १३ | २ | १८ | १२ | ३० | ५ | ३२ | २३ | ५५ |
| १४ | २ | १४ | १२ | २६ | ० | ० | ० | ० |
| कूल जम्मा | **२६** | **१८७** | **१६१** | **१३४८** | **१०** | **६०** | **५८** | **११८** |

स्रोतः कुश्मा नगरपालिकाका विभिन्न वडाका सामाजिक परिचालकबाट प्राप्त सूचना, २०७४ ।

माथिको तालिका नं. ४.३० अनुसार सबैभन्दा बढी बालक्लबहरूको सङ्ख्या अन्य वडाहरूमा भन्दा वडा नं. १२ ठूलीपोखरीमा ११ वटा रहेका छन् भने सबैभन्दा कम बालक्लबहरू नगरपालिकाको वडा नं. ८ चुवामा जम्मा १ वटा रहेको देखिन्छ । त्यसैगरी सबैभन्दा बढी बालक्लबका पदाधिकारीहरू वडा नं. १२ ठूलीपोखरीमा रहेका छन् । यहाँ बालिकाको सङ्ख्या २८ र बालकको सङ्ख्या ७३ रहेको छ । आर्थिक वर्ष २०७४/०७५ मा नेपाल सरकारको उद्देश्य अनुरूप बालबालिकाहरको संगठन बालक्लबहरूको सङ्ख्यामा विगतका वर्षहरूको तुलनामा बृद्धि भएको पाइयो । बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने सन्दर्भमा गठित यी क्लबहरूको सङ्ख्या विद्यालय हाताभित्र भन्दा समुदायमा बढी रहेको तालिकाले देखाएको छ । लैङ्गिक दृष्टिले बालकको तुलनामा बालिकाको सङ्ख्या थोरै रहेको छ । विद्यालयमा गठित बालक्लबको सङ्ख्या १० मात्र रहेको छ भने समुदायमा गठित बालक्लबहरूको सङ्ख्या २६ रहेको छ । जिल्ला बालकल्याण समितिमा जिल्लाभरिबाट दर्ता बालक्लबहरूको सङ्ख्या जम्मा २९ रहेका छन् ।

### ४.३० वडागतरुपमा बालक्लबमा आवद्ध सामाजिक तथा लैङ्गिक बालबालिकाहरुको सङ्ख्यात्मक अवस्था

विगत वर्षदेखिको सामाजिक विभेद, लैङ्गिक विभेद तथा असमानताका कारण समाजमा सबै बर्ग र तहको समान हैंसियत छैन । जिल्लामा जातिय आधारमा बाहुन तथा नेवार जातीहरू भन्दा कामी, दमाईं र सार्की विकासमा पछि परेको आकाडाहरूले देखाएको छ । बाहुन भन्दा आदिवासी जनजातीहरूको अवस्था पनि पछि रहेको छ । क्रसकटिङ सवालका आधारमा विश्लेषण गर्दा बाहुनभित्र पनि अति गरिव तथा निमुखाहरूको सङ्ख्या उल्लेख्य रहेको छ । गरिबी तथा सामाजिक पछौटेपनको प्रत्यक्ष असर महिला तथा बालबालिकालाई परेको छ । तर सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको पहलमा विभिन्न सचेतना अभिबृद्धि सम्बन्धी तालिमहरू सहित विभिन्न कार्यक्रम व्यापकरूपमा सञ्चालन हुँदै आएका कारण यो सङ्ख्यामा कटौती हुँदै आएको छ । यस सम्बन्धी विवरण तलको तालिका नं. ४.३१ मा उल्लेख गरिएको छ :-

## तालिका नं. ४.३१
## वडागत बालक्लबहरुको विवरण

| वडा नं. | बालिका सदस्य सङ्ख्या | | | जम्मा | बालक सदस्य सङ्ख्या | | | जम्मा | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | | दलित | जनजाती | अन्य | | |
| १ | ५ | १ | १३ | १९ | ४ | ० | १० | १४ | ३३ |
| २ | ३ | २ | ११ | १६ | ३ | २ | ५ | १० | २६ |
| ३ | ६ | ३ | ७ | १६ | ५ | २ | ७ | १४ | ३० |
| ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | ९ | ३ | ८ | २० | ७ | २ | ५ | १४ | ३४ |
| ८ | ३ | १ | ४ | ८ | २ | ० | ३ | ५ | १३ |
| ९ | ६ | ३ | ९ | १८ | ५ | १ | १० | १६ | ३४ |
| १० | ५ | ३ | १३ | २१ | ४ | २ | ७ | १३ | ३४ |
| ११ | ३ | १ | ९ | १३ | ३ | २ | ८ | १३ | २६ |
| १२ | ११ | ० | ४१ | ५२ | ९ | ० | ६४ | ७३ | ११५ |
| १३ | १० | ६ | ३७ | ५३ | ७ | ४ | २१ | ३२ | ८५ |
| १४ | ४ | ८ | ३ | १५ | ५ | ४ | २ | ११ | २६ |
| **जम्मा** | ६५ | ३१ | १५५ | २५१ | ५४ | १९ | १४२ | २१५ | ४६६ |

स्रोतः सामाजिक परिचालकको रिपोर्ट तथा वडा कार्यालयहरू, २०७४ ।

माथिको तालिकाअनुसार सबैभन्दा बढी बालक्लबमा आबद्ध दलित समुदायका बालवालिकाहरू वडा नं. १२ ठूलीपोखरीमा रहेका छन् । यो वडामा दलितका मात्र २० जना बालबालिकाहरू बालक्लबमा सदस्यको रूपमा कार्यरत छन् । जम्मा ४६६ जना बालक्लबका सदस्यहरूमा ११९ जना अर्थात २५.५३ % बालबालिकाहरू दलित परिवारका रहेका छन् । आदिवासी जनजाती समुदायका जम्मा ५० जना १०.७२ % बालबालिकाहरू रहेका छन् । जम्मा २९७ अर्थात ६३.७३% बालबालिकाहरू अन्य वर्गका रहेका छन् । माथिको तालिकाअनुसार समावेशी विकासतर्फको प्रवृत्तिमा थप तिव्रता दिनुपर्ने देखिन्छ ।

### ४.३१ बालक्लब तथा बालसमूहले प्रतिनिधित्व गरेका संघ संस्थाहरुले प्रतिनिधित्व गरेका संघ संस्थाहरुको विवरण

नेपाल सरकारले जारी गरेका विभिन्न कानूनहरू तथा साविक स्थानीय निकायहरू जस्तै गाविस, जिविसहरूले तर्जुमा गरेका कार्यविधिहरूमा बालक्लबका प्रतिनिधिहरूलाई संघ संस्थाहरूमा प्रतिनिधित्व गराउनुपर्ने ब्यवस्था गरेको थियो । यी संघ संस्थाहरूमा विद्यालय ब्यवस्थापन समितिहरू, स्वास्थ्य चौकी ब्यवस्थापन समितिहरू, साविकका वडा नागरिक मञ्चहरू, नागरिक सचेतना केन्द्रहरू, एकिकृत योजना तर्जुमा समितिहरू आदि रहेका थिए । तर स्थानीय तहको परिवर्तित संरचनाअनुसार हालका सबै विद्यालयहरू तथा स्वास्थ्य चौकीहरूमा बालक्लबका पदाधिकारीहरूको ब्यवस्थालाई आत्मसाथ गरी प्रतिनिधित्व गराउन सकेको देखिदैंन । नगरपालिकामा बालबालिकाले प्रतिनिधित्व गरेका संघ संस्थाहरूको विवरण तल तालिकामा दिइएको छः-

## तालिका नं. ४.३२
## बालक्लब तथा बालसमुहले प्रतिनिधित्व गरेका संघ/संस्थाहरुको विवरण

| क्र.स. | समितिको नाम | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|
| | | बालक सङ्ख्या | बालिका सङ्ख्या | |
| १ | - | ० | ० | ० |

स्रोतः कुश्मा नगरपालिकाका वडा कार्यालयहरू, पर्वत, २०७४ ।

माथिको तालिकाअनुसार कुश्मा नगरपालिका १४ वटा वडाहरू मध्ये कुनै वडामा पनि विद्यालय ब्यवस्थापन समितिहरूमा बालबालिकाको प्रतिनिधित्व भएको देखिदैंन । कार्यविधिहरूमा बालक्लबको प्रतिनिधिहरूलाई प्रतिनिधित्व गराउने ब्यवस्था भएको भएपनि सम्बन्धित क्षेत्रको ऐन तथा नियमावलीहरूमा बाध्यात्मक ब्यवस्था नभएका कारण संघ संस्थाहरूमा बालक्लबको प्रतिनिधित्व शुन्यप्राय देखिन्छ । आ.व. २०७४/०७५ सम्मको अवस्थाअनुसार विभिन्न संघ संस्थामा बालक्लबको प्रतिनिधित्व शुन्य रहेको देखिएकोले अब स्थानीय तहले कानूनको ब्यवस्था गरी स्थानीय स्तरका प्रत्येक संघ संस्थाहरूमा बालक्लबको सक्रिय सहभागिता बढाउनुपर्ने देखिन्छ ।

## ४.३२ नगरपालिकामा जन्म दर्ता भएका बालबालिकाहरुको विवरण

सरकारले मानव जीवनमा घट्ने तथा घट्न सक्ने महत्वपूर्ण घटनाहरू अनिवार्यरूपमा साविक गाविस/नगरपालिकाका वडाहरू र हाल स्थानीय तहको वडास्तरमा दर्ता गर्नुपर्ने ब्यवस्था गरेको छ । यी घटनाहरूमा जन्म, विवाह, बसाईंसराईं, सम्बन्ध विच्छेद र मृत्यु रहेका छन् । यी घटनाहरू मध्ये सम्बन्ध विच्छेद बाहेक अन्य घटनाहरू सबै गाउँपालिका तथा नगरपालिकाका वडाहरूमा वडा सचिव वा तोकिएको कर्मचारीहरूले गर्ने कानूनी ब्यवस्था रहेको छ । यस किसिमको कानूनी ब्यवस्था हुँदा हुँदै पनि सबै घटनाहरू दर्ता हुन सकेका छैनन् । अतः नगरपालिकामा जन्म दर्ता नगरिकन बालपोषणको सुविधा नदिने, विद्यालयमा भर्ना नगर्ने जस्ता कानूनी प्रावधानको ब्यवस्था गरिएको छ । नगरपालिकामा जन्म दर्ता गराउने बालबालिकाहरूको सङ्ख्यात्मक विवरणलाई तलको तालिकामा दिइएको छः-

**तालिका नं. ४.३३**

**जन्म दर्ता भएका बालबालिकाहरुको सङ्ख्या**

| आर्थिक वर्ष | कुल जन्मदर्ता सङ्ख्या | | | कैफियत |
|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | |
| २०७३/०७४ | ५०९ | ५११ | १०२० | |
| २०७४/०७५ | ७८१ | ७४३ | १५२४ | |

स्रोतः कुश्मा नगर कार्यपालिकाको कार्यालय, पर्वत, २०७५ ।

माथि उल्लेखित तालिकाअनुसार आर्थिक वर्ष २०७३/०७४ मा नगरपालिकामा जम्मा १०२० जना बालबालिकाको जन्म दर्ता भएको पाईयो । उल्लेखित तथ्याङ्कअनुसार यस आ.व.मा बालिका ५०९ र बालकको सङ्ख्या ५११ रहेको छ । यो आ.व.मा बालिकाको भन्दा बालकको सङ्ख्या बढी रहेको छ । आ.व. २०७४/०७५ मा भने बालिकाको सङ्ख्या ७८१ र बालकको सङ्ख्या ७४३ गरी जम्मा १५२४ रहेको छ । अघिल्लो वर्षको तुलनामा पछिल्लो वर्षमा ५०४ ले बढी बालबालिकाको जन्म दर्ता भएको देखिन्छ । पछिल्लो वर्षमा जन्म दर्ता गर्ने बालकको सङ्ख्या भन्दा बालिकाको सङ्ख्या ३८ ले बढी रहेको छ ।

## ४.३३ नगरपालिकाभित्र परिवारविहिन बालबालिकाको अवस्था

नगरपालिकाभित्र परिवारविहिन अर्थात जन्म दिने बुवा आमा, दाजु भाई लगायत अन्य पारिवारिक सदस्यहरू विहिन बालबालिकाहरूको विवरण खोजी त्यस्ता बालबालिकाहरूलाई राज्यले संरक्षण गर्ने वातावरण तयार गर्न स्थानीय तहहरू सक्रिय रहेका छन् । राज्यमा सडकबालकको सङ्ख्या शुन्य बनाउने राज्यको एक महत्वपूर्ण उद्देश्य पनि हो । विभिन्न कानूनहरूका कारण हाल सडक बालबालिकाहरूको सङ्ख्यामा कटौती हुँदै गएको छ । परिवारविहिन बालबालिकाहरूलाई संरक्षण गर्नका लागि विभिन्न संघ संस्थाहरू पनि सक्रिय रहेका छन् । संरक्षणविहिन भएकै कारण बालबालिकाहरू विदेशमा बेचिन परेको, दास बस्न परेको, अकालमा मृत्युको मुखमा पुगेको, विद्यालय शिक्षाबाट बञ्चित हुन परेको, कुपोषणमा फसेको आदि समस्याहरू भोल्नुपरेको छ । नगरपालिकाभित्र पारिवारिक संरक्षणविहिन बालबालिकाहरूको सङ्ख्यात्मक विवरण तल तालिकामा उल्लेख गरिएको छः-

**तालिका नं. ४.३४**

**. परिवारविहिन बालबालिकाको विवरण**

| विवरण | बालिका | बालक | जम्मा | कैफियत |
|---|---|---|---|---|
| पारिवारिक संरक्षणविहिन बालबालिकाको कुल सङ्ख्या | ८ | ४ | १२ | |
| पारिवारिक वयस्क ब्यक्ति नभई बालबालिका मात्र भएको अवस्थामा रहेका बालवालिकाहरू | – | – | – | – |
| आफन्तको संरक्षणमा रहेका बालबालिकाहरू | ८ | ४ | १२ | – |
| संस्थागत संरक्षणमा रहेका बालबालिकाहरू | – | – | – | – |
| सडक बालबालिकाहरू | – | – | – | – |

| | | | | |
|---|---|---|---|---|
| जेलमा रहेका बालबालिकाहरू | – | – | – | – |
| हिंशा/यातना पीडित | — | – | – | – |
| अलपत्र वा वेवारिसे अवस्थामा फेला परेका | – | – | – | – |
| बेचविखनमा परेका बालबालिकाहरू | – | – | – | – |
| जम्मा | ८ | ४ | १२ | – |

स्रोतः वडामा कार्यरत सामाजिक परिचालकबाट प्राप्त, २०७५ ।

माथिको तालिकामा संरक्षणविहिन बालबालिकाहरूको विवरण उल्लेख गरिएको छ । तालिकामा उल्लिखित तथ्याङ्कअनुसार जम्मा ८ जना बालिकाहरू आमा बाबुको अभावमा आफन्तको घरमा ज्यला मजदुरी गर्दै आएका छन् । आमा बाबु गुमाएका बालकहरूको सङ्ख्या भने जम्मा ४ रहेको छ । वडा नं. २ मा छोरी ४ वटा, वडा नं. ३ मा १ जना, वडा नं. ७ मा छोरा २ जना, वडा नं. ८ चुवामा दलित परिवारकी छोरी १ जना, वडा नं. ९ मा बालक १ र बालिका १ गरी जम्मा २ जना, वडा नं. १० मा बालिका १ जना र वडा नं. ११ मा बालक १ जना गरी जम्मा १२ जना रहेका छन् । यी बालबालिकाहरू जन्म दिने आमाबाबुविहिन भएकाले आफन्तको संरक्षणमा रहेका छन् । यो नगरपालिकामा सडक बालकको सङ्ख्या र जेलमा रहेका बालबालिकाको सङ्ख्या भने शुन्य रहेको छ । अलपत्र वा वेवारिसे अवस्थाका बालबालिकाहरूको सङ्ख्या पनि शुन्य रहेको छ । जातिय हिसावले ५ जना बालबालिकाहरू दलित परिवारका रहेका छन् ।

### ४.३४ नगरपालिकामा विभिन्न खोप प्रयोग गर्नेहरूको सङ्ख्या

मानव विकासको लागि अनिवार्य सर्तको रूपमा रहेको दीर्घ जीवनलाई थप ब्यवस्थित गर्न नेपाल सरकारले विगत बर्षहरूदेखि नै दातृनिकायसँग समन्वय गरी खोपलाई अभियानको रूपमा कार्यान्वयन गर्नको लागि पञ्चवर्षीय योजनाको प्राथमिकतामा राखेको थियो । २५ वर्षे सहश्राब्दी विकास लक्ष्यमा दीर्घजीवनसँग सम्बन्धित ७ वटा सूचकहरू स्वास्थ्यसँग सम्बन्धित थिए । हाल नेपाल सरकारबाट तय गरिएका दिगो विकासका सूचकहरूमा पनि स्वास्थ्य क्षेत्रलाई प्राथमिकताको सूचीमा राखिएको छ । सरकारले विभिन्न दातृ निकायहरूको आर्थिक तथा प्राविधिक सहयोगमा देशभित्र सरकारी तथा गैर सरकारी संघ/संस्थाहरूको समेत सक्रियतामा क्रमशः खोप लगाउनेहरूको सङ्ख्या पुरा गरी दीर्घ रोग पूर्णरूपमा निवारण गर्ने प्रयाश गरेको छ । सरकारले अभियानको रूपमा सञ्चालन गर्दै आएको विभिन्न रोग निरोधक खोपहरूको बारेमा तल तालिकामा उल्लेख गरिएको छः-

**तालिका नं. ४.३५**
**विभिन्न खोप सेवा प्रयोग गर्नेको विवरण**

| क्र.स. | विवरण | २०७२/२०७३ | २०७३/०७४ | २०७४/०७५ |
|---|---|---|---|---|
| | | सङ्ख्या | सङ्ख्या | सङ्ख्या |
| १ | वि.सि.जि. | ६१६ | ५५८ | ५१० |
| २ | डि.पी.टी. | ६७४ | ६५८ | ६४२ |
| ३ | हेपटाईटिस बी. | ६७४ | ६५८ | ६४२ |
| ४ | दादुरा | ६४८ | ५७२ | ६३६ |
| ५ | पोलियो ३ | ६७४ | ६५६ | ६६० |
| ६ | टि.टि (गर्भवती महिला) | ७५६ | ६१२ | ५७० |
| | जम्मा | ४०४२ | ३७१४ | ३६६० |

स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, पर्वत, २०७४ ।

माथि उल्लिखित तालिकाअनुसार विभिन्न प्रकारका खोपहरूको सेवा लिने लाभग्राहीहरूको सङ्ख्यामा क्रमशः कटौती हुँदै गएको तथ्याङ्कले देखाएको छ । आ.व. २०७२/०७३ मा सबै प्रकारका खोप लगाउने लाभग्राहीहरूको सख्या ४०४२ जना रहेका छन् । क्रमशः आ.व. २०७१/०७२ मा यो सङ्ख्या ३७१४ मा झरेको छ । त्यसैगरी आ.व. २०७२/०७३ मा यो सङ्ख्या ३६६० मा मात्र सीमित छ ।

### ४.३५ नगरपालिकामा खोप सेवा पुरा नगरी बीचमा छोड्ने बालबालिकाहरुको सङ्ख्या

नेपाल अन्तर्राष्ट्रिय सन्धी सम्झौतामा पक्ष बनेर गरेको कबुललाई पुरा गर्नका लागि राष्ट्रिय अभियानको रूपमा सरकारले विभिन्न खोप अभियान सञ्चालन गर्दै आएको छ । सञ्चालन गरिएका विभिन्न रोगहरूको निराकरण गर्नका लागि खोपहरूको

डोज पुरा हुनुपर्दछ । बीचमै छोडियो भने खोपले काम गर्न सक्दैन । गाउँघरमा विभिन्न परम्परागत कुरिती, कामको ब्यस्तता, सचेतनाको अभाव, आर्थिक समस्या आदिका कारण खोपको मात्रा पुरा नगरी बीचमा छोड्नेहरूको सङ्ख्या ग्रामीण क्षेत्रमा मात्र नभएर शहरी क्षेत्रमा पनि ठूलो सङ्ख्यामा रहेको थियो । तर विगत केही वर्षदेखिको प्रयाशस्वरूप यो सङ्ख्यामा भारी कटौती भएको छ । कुश्मा नगरपालिकामा खोप सेवा पुरा नगरी बीचमा छोड्ने बालबालिकाहरूको सङ्ख्यात्मक विवरण तलको तालिका नं. ४.३६ मा उल्लेख गरिएको छः–

**तालिका नं. ४.३६**

**खोप सेवा छोड्ने बालबालिकाको विवरण**

| क्र.स. | विवरण | २०७२/०७३ | २०७३/०७४ | २०७४/०७५ |
|---|---|---|---|---|
| | | **सङ्ख्या** | **सङ्ख्या** | **सङ्ख्या** |
| १ | वि.सि.जि. दादुरा, हेपटाईटिस बि. | – | – | – |
| २ | डि.पि.टी.एच.आई.भी एड्स र डि.पि.टि. ⁄हेपाटाईटिस वि. ⁄एच.आई.भी. एड्स | – | – | – |
| ३ | खोप नलगाइएका बालबालिका | – | – | – |

स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, पर्वत, २०७४ ।

माथि तालिकामा उल्लेख भए अनुसार विगत तीन वर्षको विभिन्न दीर्घ रोगबाट टाढा रहनको लागि नेपाल सरकारले अभियानको रूपमा सञ्चालन गरेका कार्यक्रमहरू हुन् । जिल्ला स्वास्थ्य कार्यालयको विगत तीन बर्षको प्रगती प्रतिवेदन हेर्दा खोप सेवाबाट बञ्चित बालबालिकाहरूको सङ्ख्या शून्य रहेको पाईयो ।

### ४.३६ नगरपालिकामा विगत ३ वर्षको पोषणयुक्त खाना खानेहरुको सङ्ख्यात्मक अवस्था

राज्यले राष्ट्रमा योग्य नागरिक तयार गर्नका लागि गर्भावस्था, सुत्केरी अवस्था लगायत सुनौलो हजार दिनभित्रको अवधिलाई विशेष महत्त्वको रूपमा लिइ कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । बालबालिकालाई विशेष गरी पोषण, औषधी तथा खोपहरूको आवश्यकता पर्दछ । नगरपालिकाभित्र खोप लगायत औषधी र पोषणयुक्त खानेकुराहरूको ब्यवस्था गर्न सक्ने घरधुरीहरूको विवरण तल तालिकामा उल्लेख गरिएको छः–

**तालिका नं. ४.३७**

**विगत ३ वर्षहरुको पोषणको अवस्था**

| सुचकहरू | ०७२/०७३ | ०७३/०७४ | ०७४/०७५ |
|---|---|---|---|
| ५ वर्ष भन्दा मूनीका वृद्धि अनूगमन | – | – | – |
| गर्भवती महिलाहरूको लागि आइरन चक्की वितरण (जना) | ५६६ | ४४० | ४२२ |
| गर्भवती महिलाहरूले प्राप्त गरेको जूकााको औषधी (जना) | ५६२ | ४३८ | ३९८ |
| सूत्केरी भएका महिलाहरूको लागि भिटामिन ए वितरण (जना) | ३८२ | २३८ | २०८ |
| ६ महिनादेखि ५ वर्षसम्मका बच्चाहरूलाई खूवाएको भिटामिन ए (जना) | ३७६४ | ३११४ | ३१६२ |
| १ देखि ५ वर्षसम्मका बच्चाहरूलाई खूवाएको जूकाको औषधी (जना) | २२८० | २२९६ | १९१४ |
| कूल जम्मा | ७५५४ | ६५२६ | ६१०४ |

स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, पर्वत, २०७४ ।

माथि उल्लिखित तालिकाअनुसार आइरन चक्कीको वितरणका साथै जुकाको औषधी, भिटामिन ए को वितरण आदिमा विगत तीन वर्षको ट्रेण्डलाई हेर्दा द्रुत प्रगती भएको देखिन्छ । आ.व. २०७२/०७३ मा ७५५४ लाभग्राहीहरूको सङ्ख्या रहेकोमा २ वर्ष पछि आ.व. २०७४/०७५ मा ६१०४ मा झरेको छ ।

### ४.३७ नगरपालिकामा कुपोषण लागेका महिला तथा पुरुषहरुको सङ्ख्यात्मक अवस्था

नेपालको विगतको गरिबीको अवस्था अहिलेको भन्दा बढी जर्जर थियो । ग्रामीण क्षेत्र गरिबीबाट मात्र ग्रसित थिएन । यो क्षेत्र निरक्षर, कुपोषण, रोग, भोक आदिको बलियो घर थियो । तर अहिले गरिबीको दर घट्दै जानु, सचेतना अभिवृद्धि हुँदै जानु, साक्षरताको दरमा वृद्धि हुनु, लैङ्गिक विभेदमा कमी आउनु आदि कारणले कुपोषण भएका बालबालिकाहरूको सङ्ख्या क्रमशः

घट्दै गएको तथ्याङ्कले देखाएको छ । त्यसको प्रभाव यो नगरपालिकामा पनि परेको छ । हाल नगरपालिकामा देखिएको कुपोषणको अवस्थालाई तलको तालिकामा देखाएको छ ।

**तालिका नं. ४.३८**
**बालबालिकामा कुपोषणको अवस्था**

| लिङ्ग | सङ्ख्या | कैफियत |
|---|---|---|
| बालक | ३६ | |
| बालिका | ४८ | |
| जम्मा | ८४ | |

स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, पर्वत, २०७४ ।

आर्थिक वर्ष २०७४/०७५ मा नगरपालिकामा बालबालिकाको कुपोषणको अवस्थाका बारेमा उल्लेख गरिएको छ । तालिकामा उल्लेखित तथ्याङ्कअनुसार नगरपालिकाभित्र जम्मा कुपोषण लागेका बालकको सङ्ख्या ३६ रहेको छ । उमेरअनुसार वजन र उचाई नपुगेका बालिकाहरूको सङ्ख्या बालकको भन्दा बढी अर्थात ४८ रहेको छ । नगरपालिकाभित्र कुल ८४ जना बालबालिकाहरू पोषणयुक्त भएको देखिएन । जेण्डरको दृष्टिले बालकको भन्दा बालिकाको सङ्ख्या बढी रहेको छ ।

### ४.३८ दीर्घरोगका कारण नगरपालिकामा मृत्यु भएका बालक र बालिकाहरुको सङ्ख्यात्मक विवरण

नगरपालिकाभित्र विगत वर्षमा दिर्घरोगहरू जस्तै एच.आई.भी./एड्स, मलेरिया, क्षयरोग, मुटुरोग आदि जस्ता रोगहरूको कारण मृत्यु भएका ब्यक्तिहरू यदि नगरपालिकाभित्र भए योजना तर्जुमा गर्दा यी रोगहरू निवारण गर्ने कार्यक्रमहरू समावेश गर्न सहज हुन्छ । यस्ता रोगहरूलाई देशबाट निवारण गर्ने राष्ट्रिय लक्ष्य भएकाले यिनीहरूको संक्रमणका बारेमा थाहा पाउन आवश्यक छ । यी रोगहरूको नगरपालिकाभित्रको अवस्थाका बारेमा तल तालिकामा उल्लेख गरिएको छः-

**तालिका नं. ४.३९**
**दीर्घ रोगको कारणले मृत्यु भएका बालबच्चा सम्बन्धी विवरण**

| रोगको नाम | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| एच.आई.भी./एड्स | - | - | - |
| मलेरिया | - | - | - |
| क्षयरोग | - | - | - |
| मुटु सम्बन्धी | - | - | - |
| मेनेन्जाईटिस | - | - | - |
| कुपोषण | - | - | - |
| अन्य | - | - | - |
| जम्मा | - | - | - |

स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, पर्वत, २०७४ ।

नेपालमा झण्डै ४० वर्ष अगाडि नेपालीहरूको प्रमुख मृत्युको कारण बनेका यी दीर्घ रोगहरू आर्थिक वर्ष २०७४/०७५ मा आइपुग्दा सुन्यमा झार्न नगरपालिका सफल भएको छ । मलेरिया, क्षयरोग, मुटु, मेनेन्जाईटिस आदि रोगहरू नेपालका पुराना रोगहरू हुन भने एच.आई भी./एड्सको प्रकोप पछाडिका वर्षहरूमा बढेर आयो । तर नेपाल सरकार लगायत निजी तथा गैर सरकारी संघ/संस्थाहरूको अथक प्रयाशका कारण माथि उल्लिखित दीर्घ रोगहरूलाई शुन्यमा झार्न सकिएको हो ।

### ४.३९ नगरपालिकामा महिला हिंसा सम्बन्धी विवरणात्मक अवस्था

नेपाली समाज धर्म, परम्परा, संस्कृति तथा सामाजिक मुल्य र मान्यताका आधारमा अघि बढेको छ । नेपाली समाजमा अहिले पनि लैङ्गिक विभेद, आर्थिक विभेद, भौगोलिक विभेद, जातीय विभेद, उमेरको विभेद आदि रहेका छन् । आफ्नै श्रीमान् वा परिवारबाट पिडामा परेका महिलाहरू, दोस्रो विवाहबाट पिडित महिलाहरू, बेचविखनमा परेका महिलाहरूको उत्थानको लागि धेरै कानूनहरू तर्जुमा भई कार्यान्यन भईरहेका छन् । तर समाजमा छिटपुटरूपमा यस किसिमका हिंसाजन्य घटनाहरू घटीरहेको पाईन्छ । दोस्रो विवाहलाई राज्यले निषेध गरेको भए तापनि दोस्रो विवाहका कारण पिडित महिलाहरूको सङ्ख्या भने समाजमा

ठूलो आकारमा रहेको छ । यस नगरपालिकामा महिला हिंशासम्बन्धी विवरण तल तालिकामा उल्लेख गरिएको छः-

**तालिका नं. ४.४०**

**महिला हिंशासम्बन्धी विवरण**

| सि.नं. | विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | घरेलु हिंशाबाट पिडित | ० | |
| २ | दोस्रो विवाहको बहिनी (सौता) रहेको | २०८ | |
| ३ | बेचविखनमा परेको | ० | |
| ४ | श्रीमान्‌बाट पिडित/पिछडिएका | ० | |
| ५ | द्वन्द्वबाट पिडित | ० | |
| ६ | सामाजिक कुरिती लगाइएका | ० | |
| | जम्मा | २०८ | |

स्रोतः जिल्ला महिला विकास कार्यालय र जिल्ला प्रहरी कार्यालय पर्वत,२०७४ ।

माथि तालिकामा उल्लिखित विवरणअनुसार घरेलु हिंशाबाट पिडित महिला तथा पुरूषहरूको विवरण कुनै पनि औपचारिक संघ संस्थाहरूमा अभिलेखिकरण भएको पाइएन । दोस्रो विवाह भएका कारण जीवित दिदी बहिनी अर्थात सौताहरूको सङ्ख्या भने २०८ रहेको छ । वडा नं. १, २, ३, १२ र १३ मा एकजना पुरूषले ३ जना विवाह गरी हाल ३ जना दिदी बहिनी जीवित रहेको पाईयो । नगरपालिकाभित्र बेचविखनमा परेकाहरूको सङ्ख्या शुन्य रहेको छ । श्रीमान्‌बाट पीडित महिलाहरूको सङ्ख्या पनि चालु आ.व.मा कार्यालयमा अभिलेखिकरण भएको छैन । द्वन्द्वबाट पिडितहरूको सङ्ख्या शुन्य देखिन्छ । चालु आर्थिक वर्षमा सामाजिक कुरितीहरू जस्तै बोक्सी, बोक्सो, लामाधामी, आदिका बारेमा दर्ता भएको सवाल शुन्य रहेको छ ।

### ४.४० विद्यमान स्वास्थ्य सेवाहरु

नगरपालिकामा विद्यमान स्वास्थ्य सम्बन्धी सुविधाको विवरण यसप्रकार रहेको छः-

**तालिका नं. ४.४१**

**विद्यमान स्वास्थ्य सेवा सम्बन्धी विवरण**

| क्र. सं. | स्वास्थ्य सेवा | सङ्ख्या | बेड सङ्ख्या |
|---|---|---|---|
| १ | सरकारी अस्पताल | १ | १५ |
| २ | प्रसुती गृह | - | |
| ३ | बाल अस्पताल | - | |
| ४ | आयुर्वेद अस्पताल | - | |
| ५ | प्राकृतिक चिकित्सा | - | |
| ६ | स्वास्थ्य चौकी | ९ | |
| ७ | उप स्वास्थ्य चौकी | - | |
| ८ | प्राथमिक स्वास्थ्य सेवा केन्द्र | १ | |
| ९ | शहरी स्वास्थ्य इकाई केन्द्र | ३ | |
| १० | गाउँघर क्लिनिक सेवा केन्द्र | १० | |
| ११ | गाउँघर क्लिनिक सेवा केन्द्रबाट सेवा लिने प्रतिशत | १२.४५ | |
| १२ | कुल विरामीहरू मध्ये ओपिडी बहिरंग सेवा लिनेको प्रतिशत | ९०.७२ | |
| १३ | निजी अस्पताल | १ | |
| १४ | फार्मेसी | - | |
| १५ | चिकित्सक सङ्ख्या जिल्ला अस्पताल (स्थायी) | २ | |
| १६ | वर्थिङ सेण्टर | ५ | |
| १७ | पोली क्लिनिक | - | |

| | | | |
|---|---|---|---|
| १८ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने | १५० | |
| १९ | महिला स्वयम सेविका सङ्ख्या | १०० | |
| २० | टि.बी. उपचार केन्द्र | ११ | |
| २१ | परिवार नियोजनका ५ र ३ विधिको सेवा उपलब्ध गराउने संस्थाको सङ्ख्या | ११ | |
| २२ | बि. ओ. सी. (आधारभूत) | | |
| २३ | सि.इ.ओ.सी. अपरेसन सेवा उपलब्ध स्वास्थ्य संस्था सङ्ख्या | | |
| २४ | गर्भवती जाँच पहिलो पटकको प्रतिशत (०७३/ ०७४) | ५३.४५ | |
| २५ | गर्भवती जाँच चौथो पटकसममको प्रतिशत (०७३/ ०७४) | ५५.६७ | |
| | | | |

स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, पर्वत, २०७४ ।

# अध्याय पाँच
# प्राकृतिक स्रोत, कृषि, उद्योग, पर्यटन, वनजंगल तथा अन्य पूर्वाधारसम्बन्धी विवरण

**५.१ नगरपालिकामा सिचाईका स्रोतहरुको अवस्था**

प्राकृतिक श्रोतले भरीपूर्ण यो नगरपालिकामा सामुदायिक वन, पानीका श्रोतहरू जस्तैः ठाडाखोला, मूल, खोल्सा, पोखरी आदि रहेका छन् । यहँा नगरपालिकाको पश्चिमबाट कालीगण्डकी  र बीचबाट मोदीखोला बगेको छ । नगरपालिका अन्तर्गतका सबै वडाहरूमा वर्षायाममा बग्ने धेरै सङ्ख्यामा र हिउँद याममा समेत पानी बग्ने ठाडाखोलाहरू रहेका छन् । सबै खोला खाल्सी तथा मुलहरूको उपयोग भने हुन सकेको छैन । नगरपालिकाभित्र रहेका प्रमुख सिंचाईका श्रोतहरूलाई तलको तालिकामा उल्लेख गरिएको छः-

**तालिका नं. ५.१**
**सिंचाईका श्रोतहरुको विवरण**

| क्र. स. | सिंचाइको श्रोतको नाम | स्थान/वडा | दुरी कि.मी. औसतमा |
|---|---|---|---|
| १ | कालीगण्डकी, दमाहखोला, जुकेपानी मूल | वडा नं. १ पाङ | १.५ कि.मी. |
| २ | रिठेखोला, खहरेखोला, क्यादीखोला, वोडीस्वाँरा, कालीगण्डकी, धारापानीको मूल, भतेरपाटा खोला, श्यालखोला, जुकेपानी खोला, | वडा नं. १ र २ | २ कि.मी. |
| ३ | ठूलोखोला, फाप्रेखोला, नुहारखोला, अम्बोटखोला | वडा नं. ३ दुर्लुङ्ग | १ कि.मी. |
| ४ | डम्डारेखोला, फाप्रेखोला, खहरेखोला, पातलपानी काँडाको मूल, चिउडाँडामूल | वडा नं. ४, ५, ६ र ७ | २ कि.मी. |
| ९ | मल्याङ्गदीखोला र चिन्नेखोला | वडा नं. ९ | ५ कि.मी. |
| १० | चिन्नेखोला, मल्याङ्गदीखोला, ठाडेखोला, थाउनेखोला, झाँक्रीखोला | वडा नं. १० | २ कि.मी |
| ११ | जहरेखोला, भालुखोला, मथेखोला, चालिसेकुलो, जिम्महालको कुलो, विरूवा सिंचाईं | वडा नं. ११ | ३ कि.मी. |
| १२ | मल्याङ्गदीखोला, झाँक्रीखोला, शालिमडाडा, कमेरेखोला, खोरियापानी, | वडा नं. १२ ठूलीपोखरी | ४ कि.मी. |
| १३ | नाईटेखोला, मल्याङ्गदीखोला, तिजुखोला, कामीखोला, ओकादीखोला | वडा नं. १३ खौलालाँकुरी | ५ कि.मी. |
| १४ | टुनीखोला, चिलाउनेखोला, महावीरखोला | वडा नं. १४ आर्थर | ३ कि.मी |

स्रोतः कुश्मा नगरपालिकाका वडा कार्यालयहरू, २०७४ ।

नगरपालिकाभित्र विभिन्न वडाहरूमा रहेका पानीका श्रोतहरूको पहिचान गर्दा सबै वडाहरूमा वर्षे सिंचाई गर्नको लागि श्रोत प्रर्याप्त रहेको छ । नगरपालिकाको वडा नं. १ देखि वडा नं. १४ सम्म ५२ वटा खोलाहरू रहेका छन् । यिनीहरू औसत २ कि.मी.को दुरीबाट सिंचाईं गर्न सकिने संभावना बोकेका खोलाहरू हुन् । कालीगण्डकी, दमाहखोला, मल्याङ्गदीखोला, झाँक्रीखोला, मोदी आदि प्रमुख श्रोतहरू हुन भने अन्य श्रोतहरू वर्षे मौसममा उपयोग हुने प्रकृतिका हुन ।

**५.२ नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका तथा निर्माणाधीन सिंचाई आयोजनाहरुको विवरण**

कुश्मा नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका तथा निर्माणाधीन सिंचाई आयोजनाहरूको विवरण यसप्रकार रहेको छः-

**तालिका नं. ५.२**

**सिंचाई आयोजनाहरुको विवरण**

| क्र.सं. | सिंचाई प्रणालीको नाम | स्थान | क्षेत्रफल (हेक्टर) | लाभान्वित परिवार सङ्ख्या | अवस्था |
|---|---|---|---|---|---|
| १ | लामपाटा सिंचाई प्रणाली | खुर्कोट | ३० | ५६ | सञ्चालनमा रहेको |
| २ | जहरेखोला सिंचाई प्रणाली | पकुवा | ६० | १८० | सञ्चालनमा रहेको |
| ३ | मराङसिङ सिंचाई प्रणाली | चुवा | १८ | ४७ | सञ्चालनमा रहेको |
| ४ | सुन्दरेखोला सिंचाई प्रणाली | चुवा | १९ | ५० | सञ्चालनमा रहेको |
| ५ | सुनटारी सिंचाई प्रणाली | पकुवा | ८ | २० | सञ्चालनमा रहेको |
| ६ | आमडाँडा सिंचाई प्रणाली | पिपलटारी | २० | ७२ | सञ्चालनमा रहेको |
| ७ | आर्थर सिंचाई प्रणाली | आर्थर | १२ | ४२ | सञ्चालनमा रहेको |
| ८ | सानोवगर सिंचाई प्रणाली | शिवालय | २८ | ५० | सञ्चालनमा रहेको |
| ९ | झादी सिंचाई प्रणाली | कटुवाचौपारी | १०० | २२३ | सञ्चालनमा रहेको |
| १० | सिल्मी सिंचाई प्रणाली | पिपलटारी | १०२ | २५० | सञ्चालनमा रहेको |
| ११ | तमादीखोला सिंचाई प्रणाली | शिवालय | ८ | ६१ | सञ्चालनमा रहेको |
| १२ | साठीमुरे सिंचाई प्रणाली | दुर्लुङ | ९ | ३२ | सञ्चालनमा रहेको |
| १३ | गुरूङ फाप्रे सिंचाई प्रणाली | दुर्लुङ | १० | २५ | सञ्चालनमा रहेका |
| १४ | सुन्दरेखोला सिंचाई प्रणाली दोस्रो | चुवा | ७ | २५ | सञ्चालनमा रहेको |
| १५ | क्यादीछहरा सिंचाई प्रणाली | खुर्कोट | ८ | १० | सञ्चालनमा रहेका |
| १६ | खुर्कोट पाङ सिंचाई प्रणाली | खुर्कोट, पाङ | ९५ | ३९६ | सञ्चालनमा रहेका |
| १७ | कोटगाउँ सिंचाई योजना | खुर्कोट | ५० | ७८ | निर्माणाधीन |
| १८ | डन्डुरे सिंचाई योजना | आर्थर | | १०६ | निर्माणाधीन |
| १९ | टुनीखोला सिंचाई योजना | आर्थर | ३० | ८५ | निर्माणाधीन |
| २० | सानोवगर सिंचाई योजना | शिवालय | १० | १७ | निर्माणाधीन |
| २१ | काप्राबोट सिंचाई योजना | दुर्लुङ | १० | २५ | निर्माणाधीन |

स्रोतः प.सिं.वि.सब डिभिजन नम्बर २, पर्वत, २०७४ ।

## ५.३ नगरपालिका क्षेत्रभित्र भू-क्षयबाट प्रभावित क्षेत्रको विवरण

कुश्मा नगरपालिकाको धेरैजसो भाग पहाडी भिरालो भू-बनोट भएको र अव्यवस्थित तथा अवैज्ञानिक तरिकाले निर्माण गरिएका ग्रामीण सडकहरूको कारण केही क्षेत्रहरू भू-क्षयको उच्च जोखिममा रहेका छन् । प्राकृतिक रूपमा पनि वर्षायाममा खोलाहरूमा आउने बाढीका कारण पनि भू-क्षयको जोखिम बढाएका छन् । नगरपालिका क्षेत्रभित्र भू-क्षयको उच्च जोखिम भएका स्थानहरूको विवरणलाई यसप्रकार प्रस्तुत गरिएको छः-

**तालिका नं. ५.३**

**भू-क्षयबाट प्रभावित क्षेत्र**

| क्र. सं. | उप जलाधार क्षेत्र | मोहडा | प्रभावित क्षेत्र |
|---|---|---|---|
| १ | मल्याङ्दीखोला | उत्तर दक्षिण | खौला, ठूलीपोखरी, पिपलटारी |
| २ | कुश्मा दुर्लुङ सडक १० कि.मि. | दक्षिण पश्चिम | शिवालय, दुर्लुङ |
| ३ | दोविल्ला फलेवास सडक क्षेत्र १५ कि.मि. | उत्तर पश्चिम | कटुवाचौपारी, पिपलटारी |
| ४ | दोविल्ला सिल्मी आर्थर सडक क्षेत्रको जहरेखोलाको भाग | उत्तर दक्षिण | पकुवा, खौला |
| ५ | डिमुवा राम्जा सडक क्षेत्र ९ कि. मि. | पूर्व पश्चिम | पकुवा |

स्रोतः वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका, जिल्ला कृषि विकास कार्यालय, पर्वत २०७४ ।

### ५.४ नगर क्षेत्रभित्र रहेका ताल/तलैया, प्राकृतिक पोखरीहरुको अवस्था

कुश्मा नगरपालिकाभित्र जलस्रोत पर्याप्त मात्रामा रहेको देखिन्छ । यहाँ उत्पादनमूलक जमिन, सामुदायिक बन, ढुङ्गाका खानीहरू, पानीका साना साना तालहरू तथा प्राकृतिक पोखरीहरू रहेका छन् । यहाँ रहेका प्राकृतिक पोखरी तथा तालहरूको उपयोगबाट सिंचाई सुविधामा विस्तार गर्न सकिने बलियो संभावना रहेको छ । नगरपालिकामा ताल तलैया तथा प्राकृतिक पोखरीहरूको सङ्ख्यात्मक अवस्थाका बारेमा तल तालिकामा उल्लेख गरिएको छः-

**तालिका नं. ५.४**

**ताल/तलैया, प्राकृतिक पोखरीको विवरण**

| क्र.स. | पोखरीको सङ्ख्या | स्थान | वडा नं. |
|---|---|---|---|
| १ | ५ वटा पोखरी | पाङ | १ |
| २ | ७ वटा चौतारी | खुर्कोट | २ |
| ३ | १४ पोखरी | दुर्लुङ | ३ |
| ४ | ० | शिवालय | ४ |
| ५ | ० | शिवालय | ५ |
| ६ | ० | शिवालय | ६ |
| ७ | १ पोखरी | शिवालय | ७ |
| ८ | ४ वटा पोखरी | चुवा | ८ |
| ९ | २ वटा पोखरी | कटुवाचौपारी | ९ |
| १० | ७ पोखरी | पिपलटारी | १० |
| ११ | ५ वटा पोखरी | पकुवा | ११ |
| १२ | १ | ठूलीपोखरी | १२ |
| १३ | ११ पोखरी | खौलालाकुरी | १३ |
| १४ | १३ वटा पोखरी | आर्थरडाडाखर्क | १४ |
| | ञ्ञ्घघद्द ६९ ढ^द्द | | |

स्रोत : नगरपालिकाका विभिन्न वडाका सामाजिक परिचालकबाट प्राप्त सूचना , २०७४ ।

माथि उल्लिखित तालिकाअनुसार कुश्मा नगरपालिकाभित्र जम्मा ६९ वटा प्राकृतिक ताल तथा पोखरीहरू रहेका छन् । सबैभन्दा बढी पोखरीहरू वडा नं. ३ दुर्लुङ्मा १४ वटा रहेका छन् । बडा नं. १४ आर्थरमा १३ वटा पोखरीहरू रहेका छन् भने वडा नं १, १०, ११ र १३ मा क्रमशः ५, ७, ५ र वडा नं १३ मा ११ वटा पोखरीहरू रहेका छन् । वडा नं. १२ ठूलीपोखरीमा १ वटा पोखरी मात्र रहेको छ । यही पोखरीको नामबाट ठूलीपोखरीको नाम रहेकाले यसको महत्त्व बढी रहेको छ । पोखरी मध्येको कुश्मा नगरपालिकाको सबैभन्दा ठूलो पोखरी पनि यही हो । वडा नं ४, ५ र ६ मा एउटा पनि पोखरी रहेको छैन । यी पोखरीहरूमा प्राकृतिक मात्र नभई पलाष्टिकका सिंचाई पोखरीहरू समेत रहेका छन् ।

### ५.५ नगरपालिकामा रहेका होमस्टेहरुको विवरण

नगरपालिकामा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि घर आवास (होमस्टे) सेवाले ठूलो सहयोग पुऱ्याउँदै आएको छ । ग्रामीण भेगमा पर्यटन क्षेत्रको विकासको लागि ठूला ठूला होटेल तथा रेष्टुराँको स्थापना र सञ्चालन गर्न नसकिएको अवस्थामा यस किसिमका घरावास सुविधाले पर्यटन क्षेत्रको विकासमा सहयोग पुऱ्याउन सक्ने देखिन्छ । नगरपालिका क्षेत्रमा गुरूङ समुदायको बस्ती रहेको वडा नं. १४ आर्थर डाँडाखर्कमा तीनवटा होमस्टेहरू सञ्चालनमा रहेका छन् । यसका अलावा खौलालाँकुरी र दुर्लुङमा पनि होमस्टे सेवा सञ्चालन गर्न सकिने संभावना रहेको छ । यी होमस्टेहरूको मुख्य आकर्षण भनेको नै गुरूङ संस्कृति र परम्पराको अवलोकन सहितको न्यानो आतित्थ्यतापूर्ण बसोबास हो । यस नगरपालिकामा रहेका होमस्टेहरूको विवरणलाई देहायअनुसार उल्लेख गरिएको छः-

### तालिका नं. ५.५
### नगरपालिकामा रहेका होमस्टेहरुको विवरण

| सि. नं. | होमस्टेको नाम | वडा नं. | निर्माण तथा व्यवस्थापन सहयोग | आकर्षण | क्षमता |
|---|---|---|---|---|---|
| १ | काउले आर्थर होमस्टे | कुश्मा - १४, आर्थर डाँडाखर्क | साविक जिल्ला विकास समिति, पर्वत | प्राकृतिक दृश्यावलोकन, गुरूङ संस्कृतिको पहिचान, पञ्चासे क्षेत्र अवलोकनका लागि सूविधा | पाँचवटा घरमा १५ वटा विस्तारा |
| २ | सुनाखरी होमस्टे | कुश्मा - १४, आर्थर डाँडाखक | माछापुच्छ्रे विकास संस्थाको सहजीकरण | प्राकृतिक दृश्यावलोकन, गुरूङ संस्कृतिको पहिचान, पञ्चासे क्षेत्र अवलोकनका लागि सूविधा | १० वटा घरमा तीसवटा विस्तारा |
| ३ | पञ्चकोशी होमस्टे | कुश्मा - १४, आर्थर डाँडाखर्क | | प्राकृतिक दृश्यावलोकन, गुरूङ संस्कृतिको पहिचान । मह, स्ट्रेवरी र अन्य मौलिक उत्पादनहरूको उपभोग गर्न पाइने । पञ्चासे क्षेत्र अवलोकनका लागि सूविधा | ११ वटा घरमा ४० वटा विस्तारा |

स्रोतः जिल्ला पर्यटन विकास गुरूयोजना, पर्वत, २०७० ।

## ५.६ नगरपालिका क्षेत्रमा रहेका पदमार्गहरुको विवरण

नगरपालिकाको विकास र समृद्धिको प्रमुख आधारका रूपमा रहेको एक क्षेत्र पर्यटन पनि हो । पर्यटन उद्योगको विकासका लागि पर्यटकीयस्थल, न्यानो आतित्थ्यता, होटेल, रेष्टुरेण्ट, रिसोर्ट, शान्त र रमणीय पदमार्ग आदिको योगदान ठूलो रहेको हुन्छ । यस नगरपालिकामा विभिन्न स्थानमा पर्यटकीय पदमार्गहरूको विकास र विस्तार गर्न सकिने संभावना रहेको छ । जिल्ला पर्यटन विकास गुरूयोजना २०७० ले पहिचान तथा सिफारिस गरेअनुसार नगरपालिका क्षेत्रमा रहेका पर्यटकीय पदमार्गहरूको विवरण यसप्रकार रहेको छः-

क. पोखराको फेवाताल - पञ्चासे- आर्थर - अँधेरीनेटा - जुम्लीथाना - कार्कीनेटा - डहरे देउराली हुँदै सेतीवेनी । यो पदमार्गको पञ्चासेदेखि सेतीवेनीसम्मको दुरी झण्डै ५० कि.मि बराबर रहेको छ ।

ख. कुश्मा - कार्कीनेटा - डहरे (८ कि.मि.) । पोखरा बागलुङ भूपि शेरचन राजमार्गको निर्माण हुनुभन्दा पूर्व यो मार्ग निकै नै चलनचल्तीमा आएको ऐतिहासिक तथा व्यापारिक पदमार्ग हो । पोखरा तथा वुटवल जान आउन र व्यापारका लागि यस क्षेत्रका मानिसहरूले यो मार्गको प्रयोग गर्ने गर्दथे ।

ग. सहस्रधारा - खरिबोट पाङ - अर्चले - बनौं - हल्जुरे - सिर्पु - हम्पाल पर्वत (११ कि.मि.)

यी पदमार्गहरूको प्रमुख गन्तब्यस्थल पञ्चासे, डहरे र कालञ्जर हम्पाल पर्वत रहेकोले यस नगरपालिकाले यी पदमार्गलाई प्रवर्द्धन गर्न सक्ने हो भने नगरपालिका क्षेत्रको पर्यटन विकासमा उल्लेख्य योगदान पुग्न सक्ने बलियो सम्भावना रहेको छ ।

## ५.७ वार्षिक कृषि उत्पादन सम्बन्धी विवरण

नगरपालिका क्षेत्रभित्र उत्पादित कूल १२३१८६ क्विन्टल अन्नबाली मध्ये ४०.६५% धान, मकै ३५.८७%, कोदो १३.०४% र गहुँ १०.४४% उत्पादन हुने गर्दछ । तेलहन बाली सामान्यरूपमा ६०७.६४ क्विण्टल मात्रै उत्पादन हुने गर्दछ । आलु, प्याज, लसुन, काउली आदि जस्ता तरकारीहरू भने २८१० क्वि. उत्पादन हुने देखिएको छ । गेडागुडीहरूमा बोडी, मास, सिमी, मस्याङ, मुसुरो उत्पादन हुने गर्दछ । अदुवा, बेसार जस्ता मसलादार बस्तुको उत्पादन समेत यहाँ हुने गर्दछ । फलफुल तर्फ केरा, आँप, सुन्तला, कटहर जस्ता फलफुल बढी पाइने गर्दछ । नगरपालिका क्षेत्रभित्र उत्पादित कृषि उपजको विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छः-

### तालिका नं. ५.६
### वार्षिक कृषि उत्पादन सम्बन्धी विवरण

| बाली/उत्पादन समूह | आर्थिक वर्ष २०७२।०७३ | |
|---|---|---|
| | क्षेत्रफल (रोपनीमा) | उत्पादन (क्विन्टलमा) |
| अन्नबाली | | |
| धान | ३७७०८ | ५००८४ |
| मकै | ५६१४० | ४४१९२ |
| कोदो | ३४४६६ | १६०७२ |

| | | |
|---|---|---|
| गहुँ | १०२५७ | १२८३८ |
| दलहन बाली | | |
| मास, बोडी, सिमी, मस्याङ, मुसुरो | ३१३७ | ११६४ |
| तेलहन बाली | | |
| तोरी, सर्सिम, सूर्यमुखी | १४५३ | ६०७.६४ |
| तरकारीबाली | | |
| आलु, प्याज, काउली, भण्टा, बन्दा, गोलभेडा, रामतोरिया, साग | २८२९ | १८०४६ |
| अदुवा, बेसार, लसुन, प्याज, खुर्सानी | ५३४ | २८१० |
| फलफुल खेती | | |
| केरा, आँप, सुन्तला, भुइकटहर | ४१५० | ८६४८ |

श्रोतः जिल्ला कृषि विकास कार्यालय, तथ्यांक पुस्तिका, २०७२/०७३

### ५.८ मूख्य पेशा सम्बन्धी विवरण

कुस्मा नगरपालिकामा कृषि तथा पशु व्यवसाय गर्ने परिवार सङ्ख्या सबैभन्दा बढी ५१% अर्थात ५२५९ परिवार सङ्ख्या रहेका छन । व्यापार व्यवसाय गर्ने परिवार सङ्ख्या ६% अर्थात ६१९ परिवार सङ्ख्या, स्वदेश तथा विदेशमा नोकरी गर्ने परिवार सङ्ख्या २०% अर्थात २०६२ रहेका छन त्यस्तै दैनिक ज्यालादारी गर्ने ११% अर्थात ११३४ घरपरिवार रहेका छन भने वैदेशिक रोजगार गर्ने परिवार सङ्ख्या १२% अर्थात १२३७ परिवार सङ्ख्या रहेका छन् । नगरपालिकाको पेशा सम्बन्धी विवरण यसप्रकार रहेको छः-

**तालिका नं. ५.७**
**मूख्य पेशा सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | परिवार सङ्ख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | कृषि तथा पशु | ५२५९ | ५१ |
| १.२ | व्यापार | ६१९ | ६ |
| २.३ | नोकरी | २०६२ | २० |
| २.४ | दैनिक ज्यालादारी | ११३४ | ११ |
| २.५ | वैदेशिक रोजगार | १२३७ | १२ |
| | जम्मा | १०३११ | १०० |

श्रोतः जिल्ला कृषि विकास कार्यालय, पर्वतको प्रतिवेदन, आ.व. २०७२/२०७३ ।

### ५.९ पशु धन तथा सोबाट हुने उत्पादनको अवस्था सम्बन्धी विवरण

जिल्ला पशु सेवा कार्यालयले लिएको तथ्याङ्क हेर्दा उन्नत जातका गाई ९२७ वटा, भैसी ४९४ वटा तथा स्थानीय जातका गाईगोरू ५४७७ वटा र भैसी राँगा ७०२५ वटा रहेका छन । गाई र भैसीले गरी ७५३८ मे.टन दूध दिने गर्दछन । सुंगुर, बंगुरको सङ्ख्या २५९३ रहेको देखिन्छ । स्थानीय जात तथा उन्नत जातका कुखुराहरू समेत यहाँ पाल्ने गरिन्छ । हाँस ३५८२ वटा पालेको देखिन्छ । खरायोको सङ्ख्या सामान्यरूपमा रहेको देखिन्छ । अधिकांश क्षेत्र गर्मी हावापानी भएका कारण च्याङ्ग्रा यहाँ हुदैन । यस सम्बन्धी विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका नं. ५.८**
**पशु धन तथा सोबाट हुने उत्पादन सम्बन्धी विवरण**

| क्र. सं. | किसिम | सङ्ख्या | | | उत्पादन | |
|---|---|---|---|---|---|---|
| १ | पशुधन | स्थानीय | उन्नत | जम्मा | दूध (मे.टन) | मासु (मे.टन) |
| क | गाइगोरू | ५४७७ | ९२७ | ६४०४ | २९०६ | ० |
| ख | भैसी राँगा | ६५३१ | ४९४ | ७०२५ | ४६३२ | ३४२ |
| ग | बोका खसी बाखा | ७६०९ | ८३४ | ८४४३ | ० | २६९ |
| घ | भेडा च्याङ्ग्रा | ५७९ | ५२१ | ११०० | ० | ३७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ङ | सुँगुर बंगुर | १५२७ | १०६६ | २५९३ | ० | १०३ |
| च | खरायो | ० | १३९ | १३९ | ० | ० |
| २ | पंक्षी | स्थानीय | उन्नत | जम्मा | अण्डा सङ्ख्या | |
| क | कुखुरा | २४५५६ | १११० | २५६६६ | १२५०४०० | १५६ |
| | हाँस | ३५८२ | | ३५८२ | ५४००० | २ |

श्रोतः जिल्ला पशु सेवा कार्यालय, पर्वत । आ.व. २०७२/०७३ को वार्षिक प्रगति प्रतिवेदन सहितको प्रोफाइल ।

## ५.१० विशेष व्यावसायिक खेती र उत्पादन हुने मूख्य कृषिबाली

यस नगरपालिकामा उत्पादन हुने मुख्य कृषिबालीहरूको विवरण यसप्रकार रहेको छः-

**क. नगरपालिकाको प्रमुख बाली**

यस नगरपालिकामा तपसिलका प्रमुख बालीहरू उत्पादन हुने गर्दछ ।

क) प्रमुख खाद्यान्न बालीहरूः धान, मकै, कोदो, गहुँ, जौ, फापर ।

ख) दलहन बालीहरूः बोडी, सिमी, सिल्टुङ, मास, भटमास, केराउ, मुसुरो, ।

ग) तरकारीः आलु, मूला, रायो, बन्दा, काउली, घिरौला, लौका, फर्सी, करेला, जुकेनी आदि ।

घ) फलफूलः सुन्तला, नासपति, केरा, आरूबखडा, लिचि, अम्बा, आँप आदि ।

ङ) तरकारी बीउः रायो, मुला, गाजर, गोलभेडा, कात्रो, जुकेनी, काउली, चम्सुर आदि ।

च) नगदे बालीः अदुवा, लसुन, बेसार, कफि आदि ।

छ) तेलहन बालीः तोरी

**ख. कृषि पकेट क्षेत्रहरुः**

नेपाल एक कृषिप्रधान मुलुक हो । व्यवसायिक कृषि पेशा पनि विसतारै बढ्दै गईरहेको छ । पर्वत जिल्लामा विभिन्न खाद्यान्न, तरकारी, माहुरीपालन, आलु र फलफूलका पकेट क्षेत्रहरू निर्धारण गरी विशेष प्याकेजका रूपमा विविध कार्यक्रमहरू सञ्चालित हुँदै आएका छन् । यी पकेट क्षेत्रमा सञ्चालित कृषि व्यवसायहरू केही व्यवसायिक, केही अर्ध व्यवसायिक र केही व्यवसायोन्मुख प्रकृतिका रहेका छन् । यस नगरपालिका तपसिल बमोजिमका कृषि पकेट क्षेत्रहरू सञ्चालित हुँदै आईरहेका छन्:-

**तालिका नं. ५.९**

**नगरपालिकाका कृषि पकेट क्षेत्रहरु**

| क्र. सं. | बाली | आयोजना शुरू भएको वर्ष | वडा |
|---|---|---|---|
| १ | खाद्यान्न बाली उत्पादन | आ.व. ०५८/०५९ | कुश्मा न. पा. ९ - कटुवाचौपारी |
| २ | ताजा तरकारी | आ.व. ०६०/०६१ | कुश्मा न. पा. ४,५ - शिवालय |
| ३ | तरकारी बीउ | आ.व. ०५८/०५९ | कुश्मा न. पा. २ - खुर्कोट |
| ४ | खाद्यान्न बाली बीउ | आ.व. ०५८/०५९ | कुश्मा न. पा. २ - खुर्कोट |
| ५ | मौरीपालन | आ.व. ०६०/०६१ | कुश्मा न. पा. १२ - ठूलीपोखरी |
| ६ | आलु | आ.व. ०५८/०५९ | कुश्मा न. पा. ३ दुर्लङ, २- खुर्कोट |

स्रोतः कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका, २०७२/०७३ ।

**ग. कृषि सम्बन्धी दर्ता भएका उद्योगहरुको विवरण**

यस नगरपालिकामा तपसिल बमोजिमका कृषि सम्बन्धी उद्योगहरू दर्ता भएका छन्:-

**तालिका नं. ५.१०**

**कृषि सम्बन्धी दर्ता भएका उद्योगहरुको विवरण**

| क्र. सं. | उद्योगको नाम | ठेगाना | किसिम | स्थिर पूँजी | चालु पूँजी | कूल पूँजी |
|---|---|---|---|---|---|---|
| १ | सोल्टी कृषि फर्म | कुश्मा-८, चुवा | प्राइभेट | ६,५०,०००/- | ३,५०,०००/- | १०,००,०००/- |
| २ | लगनशील युवा कृषि फर्म. | कुश्मा-३, दुर्लुङ | साझेदारी | १२,००,०००/- | १३,००,०००/- | २५,००,०००/- |
| ३ | कालीगण्डकी अर्गानिक एग्रीकल्चर फर्म | कुश्मा-१, पाङ | प्राइभेट | ५,००,००० /- | ५,००,०००/- | १०,००,०००/- |
| ४ | सरस्वती कृषि फर्म | कुश्मा-१, पाङ | प्राइभेट | ५,५०,००० /- | ४,५०,०००/- | १०,००,०००/- |

स्रोतः जिल्ला खाद्य सुरक्षा प्रोफाईल पुस्तिका, कृषि विकास कार्यालय, पर्वत ।

### ५.११ नगरपालिकामा रहेका बास्तुकला उद्योगहरु

यस नगरपालिकामा परम्परागत सीप तथा प्रविधिको प्रयोग गरी सञ्चालन गर्न सकिने बास्तुकलासंग सम्बन्धित उद्योगहरू खासै रहेका छैनन् । डोको नाम्लो बुन्ने, ढाकाका कपडाहरू बुन्ने जस्ता उद्योगहरू नगण्य मात्रामा सञ्चालित भएको देखिन्छ । घरेलु तथा साना उद्योग विकास समितिमा रहेको तथ्यांक हेर्दा, यस नगरपालिकामा झोला उद्योग, भाङग्रा, स्वीटर, ढाका कपडा आदि जस्ता बास्तुकला उद्योगहरू रहेका छन । बजार क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रहरूमा बास्तुकला उद्योगहरू रहेको देखिन्छ । नगरपालिकाका बास्तुकलासंग सम्बन्धीत उद्योगहरूको विवरण निम्न तालिकाबाट हेन सकिन्छ :-

**तालिका नं. ५.११**

**नगरपालिकामा रहेका बास्तुकला उद्योगहरु**

| सि.नं. | वडा | बास्तुकला उद्योग |
|---|---|---|
| १ | कुश्मा बजार भन्दा बाहिरका ग्रामीण क्षेत्रमा रहेका वडाहरू | काठ र चोयाकोत्राका सामान्य उद्योगहरू |
| २ | वडा नं. १४ (आर्थर) | भाङग्रा, झोला, ढाका |

स्रोतः घरेलु तथा साना उद्योग विकास समिति,पर्वत २०७१ ।

### ५.१२ औद्योगिक तथा व्यापार, व्यवसाय (निर्माण व्यवसायी समेत) सम्बन्धी विवरण

यस कुश्मा नगरपालिका क्षेत्रभित्र घरेलु तथा साना उद्योग विकास समितिमा दर्ता भएका कूल १०२७ वटा उद्योग मध्ये सबैभन्दा बढी रेष्टुरेण्टहरू २०८ वटा छन भने कुटानी पिसानी मिलहरू १०१ वटा रहेका छन । सार्वजनिक निर्माण कार्य गर्ने निर्माण व्यवसायीहरूको सख्या ७९ रहेको छ । फर्निचर, झ्याल, ढोका निर्माण गर्ने उद्योगको संख्या ६९ रहेको छ । ग्रिल, सटर, च्यानलगेट निर्माण गर्ने उद्योगको संख्या २७ रहेको छ । नगरपालिकामा पूर्वाधार निर्माणका कार्यसँग सम्बन्धित उद्योग, होटल रेष्टुरेण्ट र कृषि पशुजन्य उद्योगको संख्या बढी रहेको देखिन्छ । कृषि तथा पशु तर्फका उद्योगहरू ७१ वटा रहेका छन् । सुनचाँदीका गहना निर्माण गर्ने उद्योगको संख्या समेत २७ रहेको छ भने सिलाई कटाई गर्ने उद्योग व्यवसायहरू ३७ वटा दर्ता भएको देखिन्छ । कुश्मा नगरपालिकामा रहेका उद्योग तथा व्यवसायहरूको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका नं. ५.१२**

**नगरपालिका क्षेत्रभित्र रहेका घरेलु तथा साना उद्योगहरुको विवरण**

| सि.नं. | उद्योग व्यवसायको विवरण | जम्मा संख्या |
|---|---|---|
| १ | सार्वजनिक निर्माण | ७९ |
| २ | पशुपंक्षि दाना उत्पादन | २ |
| ३ | मेटल सामाग्री उत्पादन | १ |
| ४ | कुटानी पिसानी मिल | १०१ |
| ५ | फर्निचर, झ्याल ढोका उद्योग | ६९ |
| ६ | बाँस निगालो सामान तयार गर्ने | २ |
| ७ | चकलेट उत्पादन | १ |
| ८ | कक्रिट ब्लक उद्योग | १२ |
| ९ | पाउरोटी उद्योग | ४ |
| १० | ग्रिल, सटर, च्यानल निर्माण | २७ |
| ११ | आल्मुनियम झ्याल ढोका तथा पार्टेसन | ५ |
| १२ | कपाल कटिङ्ग | १ |
| १३ | साइकल तथा ग्याँस चुलो मर्मत | १ |
| १४ | सोडा लेमन तयार | १ |
| १५ | ढुवानी सेवा | ३ |
| १६ | स्टेशनरी मसलन्द सामान | २ |
| १७ | फोटो फ्रेम | १ |
| १८ | आइसक्रिम | २ |
| १९ | भुजिया तथा नमकिन | १ |
| २० | साबुन | २ |
| २१ | कपडा सिलाई कटाई | ३७ |

| | | |
|---|---|---|
| २२ | इम्ब्राइडरी प्रशिक्षण | १ |
| २३ | रोडा उत्पादन | १ |
| २४ | कम्प्यूटर प्रशिक्षण | १ |
| २५ | दुग्धपदार्थ उत्पादन | ५ |
| २६ | मौरीघार निर्माण | १ |
| २७ | मैनबत्ती | १ |
| २८ | फ्लाक्स तथा डिजिटल प्रिन्ट | १ |
| २९ | टर्कि चरा उत्पादन | १ |
| ३० | कागज उद्योग | १ |
| ३१ | छपाई कार्य | ९ |
| ३२ | होटल व्यवसाय | ६ |
| ३३ | रेष्टुरेण्ट | २०८ |
| ३४ | केबुल नेटवर्क | २ |
| ३५ | फिल्म गित निर्माण | १ |
| ३६ | चलचित्र प्रदर्शन | १ |
| ३७ | इट्टा उत्पादन | २ |
| ३८ | सिन्के अगरबत्ती | १ |
| ३९ | पेन उत्पादन | १ |
| ४० | सिरक डसना बनाउने | २ |
| ४१ | कुखुराको दाना उत्पादन | १ |
| ४२ | सिन्के चाउचाउ | २ |
| ४३ | ब्यूटिसीयन | ८ |
| ४४ | मसला उत्पादन | ३ |
| ४५ | प्राविधिक तथा परामर्श सेवा | ७ |
| ४६ | सीप विकास तालिम | १ |
| ४७ | फोटोग्राफी तालिम | २ |
| ४८ | फोटो धुलाई | ४ |
| ४९ | स्नुकर पुल खेल | ३ |
| ५० | हलभाडा | २ |
| ५१ | टेण्ट हाउस | १ |
| ५२ | लेखापढी व्यवसायी | २ |
| १४ | १४ वटा चौतारी | आर्थरडाडँखर्क | १३ वटा प्रयोग भईरहेका | |
| जम्मा | १७९ | | | |

स्रोतः नगरपालिकाका वडा कार्यालय तथा सामाजिक परिचालकमार्फत प्राप्त सुचना, २०७४ ।

यस नगरपालिकामा अन्य ठाउँहरूमा जस्तै सार्वजनिक पार्टी, पौवा र चौताराहरूको सङ्ख्या रहेको तथ्य माथिको तालिकाबाट देखिन्छ । वडाका प्रत्येक बस्तीहरूमा ग्रामीण सडकहरू पुग्नु, सामुदायिक भवन तथा स्कुलहरूका भवनहरू ठूलो सङ्ख्यामा निर्माण हुँदै जानु आदिका कारण १९ औं तथा २० औं शताब्दीमा खनिएका तथा निर्माण भएका पार्टी पौवाहरू अधिकांश नासिएका छन् । नगरपालिकाभित्र वडा नं. ५ कुश्मामा सबैभन्दा बढी ३ वटा पौवा रहेका छन् भने अन्य वडाहरूमा एक दुईवटा मात्र रहेका छन् । यी पौवाहरूको उपयोग पनि कम मात्रमा भएको देखिएको छ । सबैभन्दा बढी चौतारीको सङ्ख्या

वडा नं. १० पिपलटारीमा २३ रहेको छ भने ठूलीपोखरीमा २१, पाङ्मा १८, दुर्लुङ्मा १७ चुवामा १५ को सङ्ख्यामा रहेका छन् । कुश्मा नगरपालिकाका १४ वटा वडाहरू मध्ये वडा नं. ६ कुश्मामा चौताराको सङ्ख्या सून्य रहेको छ ।

### ५.३९ नगरपालिका क्षेत्रमा खेलमैदान सम्बन्धी विवरण

विद्यालय हाताभित्र सीमित खेलमैदानहरू अहिले समुदायमा पनि विस्तार हुन थालेका छन् । खेलको महत्व दिनानुदिन बढीरहेको बर्तमान अवस्थामा समुदायमा खेलमैदानको सङ्ख्यामा बृद्धि हुनु स्वभाविक हो । खेलतर्फको रूची बाहुन क्षेत्रीहरूको तुलनामा मगर तथा गुरूङ्ग जातीहरूमा बढी रहेको पाईन्छ । नगरपालिकाभित्र गुरूङ्ग, मगरजातीहरूको बाहुल्यता भएका वस्तीहरूमा खेलमैदानको सङ्ख्या बढी रहेको छ । नगरपालिकामा रहेका र प्रयोगमा आएका खेलमैदानहरूको सङ्ख्या तल तालिका नं. ५.३५ मा उल्लेख गरिएको छः-

**तालिका नं. ५.३५**
**खेलमैदान सम्बन्धी विवरण**

| वडा नं. | खेलमैदानको किसिम र अनुमानित क्षेत्रफल | स्थान | उपयोगको अवस्था (कसले उपयोग गर्दछ) | कैफियत |
|---|---|---|---|---|
| १ | १ खेलमैदान (२.३ रोपनी) | पाङ विद्यालय हाता बाहिर | समुदायले | |
| २ | १ खेलमैदान (२ रोपनी) | खुर्कोट | समुदायले | |
| ३ | ४ वटा खेलमैदान (औषतमा १.५ रोपनी) | दुर्लुङ | समुदायले | |
| ४ | ० | ० | समुदायले | |
| ५ | १ वटा (५ रोपनी) | वडागाउँ | समुदायले | |
| ६ | ० | ० | समुदायले | |
| ७ | ० | ० | समुदायले | |
| ८ | १ वटा | चुवा | समुदायले | |
| ९ | २ वटा (२.६ रोपनी) | कटुवाचौपारी | समुदायले | |
| १० | ० | ० | समुदायले | |
| ११ | १ वटा ( १ रोपनी) | पकुवा | समुदायले | |
| १२ | ० | ० | समुदायले | |
| १३ | १ वटा (१.७ रोपनी) | खौला | समुदायले | |
| १४ | २ वटा (१.५ रोपनी) | आर्थर र डाँडाखर्क | समुदायले | |
| | जम्मा | | | |

स्रोतः नगरपालिकाका विभिन्न वडाका सामाजिक परिचालक तथा वडा कार्यालयहरू, २०७४ ।

माथिको तालिकामा नगरपालिकाका वडाहरूमा भएको खेलमैदानका बारेमा उल्लेख गरिएको छ । तालिकामा विद्यालय हाताभित्रका वाहेक अन्य मैदानहरूका बारेमा मात्र व्याख्या गरिएको छ । नगरपालिका भित्र समुदायको पहुँचमा रहेको झण्डै २० रोपनी जग्गा १४ वटा खेलमैदानले ओगटेका छन् । नगरपालिकाभित्र खेलमैदानहरूको सङ्ख्या धेरै नभएको तथ्याङ्कले देखाएको छ । भएका खेलमैदानहरू पनि स्रोत साधन र पूर्वाधारयुक्त नभएको अवस्था छ । प्रर्याप्त जग्गाको अभाव देखिएको छ भने अर्को तर्फ खेलमैदानको लागि समुदायमा सोचको पनि अभाव रहेको छ ।

### ५.४० नगरपालिका क्षेत्रमा पार्क, वनस्पति तथा उद्यानहरुको अवस्था

पार्क उद्यान लगायतका क्षेत्रहरूमा अहिले राज्य तथा समुदाय दुवैको चासो बढ्दै गएको छ । स्थानीय सरकार सञ्चालन ऐनमा प्रत्येक स्थानीय तहले कार्यक्रम तथा बजेटको ब्यवस्था गरी सबै वडाहरूमा बालउद्यान, पार्क तथा बनस्पतिजन्य मनोरञ्जन आरामदायी स्थानहरूको विकासमा विशेष जोड दिनुपर्ने गरी ब्यवस्था गरेको छ । सार्वजनिक स्थानको लोप हुँदै गइरहेको बर्तमान अवस्थामा यी संरचनाहरूको महत्व समुदायस्तरमा बढ्दै गएको हो । नगरपालिकाको १३ वटा वडामा उल्लेखित स्थानहरूको सङ्ख्या शुन्य रहेको छ । नगरपालिकाले बालउद्यानको लागि जग्गाको खोजी गरिरहेको र हालसम्म निर्णय नभएको जनाएको छ । वडा नं. ४ माझमेलामा अमृत जोशी स्मृति पार्कको निर्माण केही वर्ष अघी भएको भए तापनि यसलाई अहिलेसम्म व्यवस्थित बनाउन सकिएको छैन । पोखरा बागलुङ राजमार्गसंग जोडिएको स्थान माझमेलामा गुप्तेश्वर सामुदायिक वन उपभोक्ता समितिले नयाँ पार्कको निर्माण कार्य अन्तिम चरणमा पुऱ्याएको छ । नगरपालिकामा पार्क तथा उद्यान सम्बन्धी अवस्थालाई तलको तालिका नं. ५.३६ मा उल्लेख गरिएको छः-

**तालिका नं. ५.३६**

**पार्क, वनस्पति तथा उद्यान सम्बन्धी विवरण**

| क्र. स. | पार्क तथा वालउद्यानको विवरण | स्थान तथा वडा नं. | सञ्चालक | कैफियत |
|---|---|---|---|---|
| १ | – | पाङ | – | |
| २ | – | खुर्कोट | – | |
| ३ | – | दुर्लुङ | – | |
| ४ | अमृत जोशी स्मृतिपार्क, हरित पार्क (निर्माणाधीन) | माझमेला, शिवालय | गुप्तेश्वर सामुदायिक वन उपभोक्ता समिति | |
| ५ | – | शिवालय | – | |
| ६ | – | शिवालय | – | |
| ७ | – | शिवालय | – | |
| ८ | – | चुवा | – | |
| ९ | – | कटुवाचौपारी | – | |
| १० | – | पिपलटारी | – | |
| ११ | – | पकुवा | – | |
| १२ | – | ठूलीपोखरी | – | |
| १३ | – | खौलालाँकुरी | – | |
| १४ | – | आर्थरडाडँखर्क | – | |
| | जम्मा | | | |

स्रोतः नगर कार्यपालिकाको कार्यालय, कुश्मा, २०७४ ।

### ५.४१ नगरपालिकाको कार्यालयदेखि वडा कार्यालयसम्मको दुरी सम्बन्धी अवस्था

संघीय ब्यववस्था अन्तर्गत नवगठित नगरपालिकाहरूले साविकका धेरै गाविसहरूलाई समेटेका छन् । तोकिएको न्युनतम जनसङ्ख्या पुग्नुपर्ने र वडा विभाजन गर्न नपाईने कानूनी ब्यवस्थाका कारण वडाका विभिन्न बस्तीहरूबाट नगरपालिकाको कार्यालयसम्म पुग्न धेरै समय लाग्ने बस्तीहरू पनि रहेका छन् । पहाडी जिल्लामा गठित यस्ता नगरपालिकाका केन्द्रहरूमा पुग्न लाग्ने समय र फर्कीन लाग्ने समय फरक रहेको छ । यस नगरपालिकाका वडाहरूबाट नगरपालिकाको केन्द्र कुश्मा बजारसम्मको दुरीको विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छः-

**तालिका नं. ५.३७**

**नगरपालिकाको कार्यालयदेखि वडा कार्यालयसम्मको दुरी सम्बन्धी विवरण**

| वडा नं. | नाम | नगर केन्द्र रहेको स्थान | वडा केन्द्रसम्मको दुरी (कि.मी.) |
|---|---|---|---|
| १ | पाङ | कुश्मा | १० कि.मी. |
| २ | खुर्कोट | कुश्मा | ७ कि.मी. |
| ३ | दुर्लुङ | कुश्मा | ९ कि.मी. |
| ४ | शिवालय, | कुश्मा | ० कि.मी. |
| ५ | शिवालय | कुश्मा | ० कि.मी. |
| ६ | शिवालय | कुश्मा | ० कि.मी. |
| ७ | शिवालय | कुश्मा | ० कि.मी. |
| ८ | चुवा | कुश्मा | ५ कि.मी. |
| ९ | कटुवाचौपारी | कुश्मा | ६ कि.मी. |
| १० | पिपलटारी | कुश्मा | १२ कि.मी. |
| ११ | पकुवा | कुश्मा | १२ कि.मी. |
| १२ | ठूलीपोखरी | कुश्मा | १५ कि.मी. |
| १३ | खौलालाकुरी | कुश्मा | २० कि.मी. |
| १४ | आर्थरडाडाखर्क | कुश्मा | २३ कि.मी. |

स्रोतः नगर कार्य पालिकाको कार्यालय, कुश्मा ।

कुश्मा नगरपालिकाको केन्द्र कुश्मा बजारमा रहेको छ । यहाँबाट सबैभन्दा टाढा वडा नं. १४ अन्तर्गतको काउले बस्ती पर्दछ भने त्यसपछि टाढा क्रमशः वडा नं. १३ खौला, वडा नं १२ को ठूलीपोखरी र वडा नं. ११ को पकुवाको रानीश्वारा पर्दछन् । यसैगरी वडा नं. १० पिपलटारी, वडा नं. १ पाङ र वडा नं. ३ दुर्लुङ लगायतका वडाहरू पनि नगरकेन्द्रबाट अलि टाढा पर्दछन् । वडा नं. ४, वडा नं. ५ वडा नं. ६ र वडा नं. ७ कुश्मा बजारसँगै जोडिएका वडा हुन् भने वडा नं. ८ चुवा र वडा नं. ९ कटुवाचौपारी पनि कुश्माबजारबाट नजिक रहेका छन्

## ५.४२ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ/संस्थाहरुको विवरण

वि.सं २००४ मा "ग्राम विकास"बाट शुरू भएको गैर सरकारी संस्थाको भूमिका हालका दिनहरूमा व्यापक रूपमा बृद्धि हुँदै आएको छ । नेपाली जनताको दोस्रो ठूलो जनआन्दोलन २०४७ सालपछि स्थापीत बहुदलीय ब्यवस्थाको शुरूवातीसँगै गैर सरकारी संस्थाहरूको सङ्ख्यामा बृद्धि भएको हो । दातृ निकायहरू तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले सिधै स्थानीय समुदायमा काम गर्न नपाउने कानूनी प्रावधानका कारण पनि गैर सरकारी संस्थाहरूको सङ्ख्या तथा भूमिकामा परिवर्तन आएको हो । विश्वमा बढ्दै गएको निजीकरणको प्रभाव तथा विश्वब्यापीकरणको विस्तारका कारण पनि गैर सरकारी संघ संस्थाहरूलाई मौलाउने अवसर मिलेको हो भन्न सकिन्छ । यिनीहरूको प्रमुख काम भनेको राज्यले तर्जुमा गरेको नीति तथा कार्यक्रमलाई सहयोग पुर्‍याउनु हो । अतः नगरपालिकामा हाल कार्यरत गैर सरकारी संघ संस्थाहरू र अन्तर्राष्टिय गैर सरकारी संघ संस्थाहरूको विवरणलाई तल तालिकामा उल्लेख गरिएको छः-

### क. INGO को विवरण

**तालिका नं. ५.३८**
**अन्तर्राष्ट्रिय गैर सरकारी संघ/संस्थाहरुको विवरण**

| क्र. स. | INGO को नाम | रहेको स्थान | उद्देश्य/कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | USAID | जिल्ला सदरमूकाम | परिवार नियोजनामा सहयोग | |
| २ | RWSSP | कूश्मा | सरसफाई र स्वच्छ खानेपानी | |
| ३ | RAP3 | कूश्मा | ग्रामीण सडकको स्तर उन्नती | |
| ४ | British welfare | पोखरा | स्वच्छ खानेपानी | |

स्रोतः नगरपालिकाको कार्यालय, कुश्मा, पर्वत, २०७४ ।

पर्वत जिल्लाको सदरमुकाममा रहेको यो नगरपालिकामा ४ वटा INGOs मात्र कार्यान्वयन भईरहेका छन् । तालिकाअनुसार USAID, RWSSP, RAP3 र British welfare विभिन्न वडाहरूमा सञ्चालित छन् । USAID ले स्वास्थ्यसँग सम्बन्धित क्षेत्र जस्तै परिवार नियोजन जस्ता कार्यक्रमहरूमा विशेष जोड दिने गरेको छ । RWSSP ले स्वच्छ खानेपानी र शौचालय निर्माण र सचेतना अभिवृद्धि गर्ने कार्यहरू सञ्चालन गर्दै आएको छ । British welfare ले खानेपानीका योजनाहरूको निर्माण तथा संरक्षणमा जोड दिँदै आएको छ ।

### ख. NGO हरूको विवरण

कुश्मा नगरपालिकामा केन्द्रीय तथा सम्पर्क कार्यालयहरू सञ्चालन गर्नेगरी जिल्लाका विभिन्न साविक गाविसहरू तथा हालका गाउँपालिका तथा नगरपालिकाहरूमा काम गर्ने गरी जिल्ला प्रशासन कार्यालय पर्वतमा दर्ता भएका संस्थाहरू रहेका छन् । तर विविध कार्यक्रम सहित नगरपालिका क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाहरूको सङ्ख्या भने धेरै कम छ । कुश्मा बजार पर्वत जिल्लाको जिल्ला सदरमुकाम रहेका स्थान भएका कारण नगरपालिकामा क्रियाशील NGOs हरूको कार्यालय यहाँ रहेको छ । आय आर्जन, क्षमता अभिबृद्धि, महिला सशक्तिकरण, उद्यम विकास, खानेपानी लगायत पूर्वाधार निर्माणको कार्यहरूमा विशेष जोड दिँदै आएका यी संस्थाहरू ग्रामीण क्षेत्रमा समेत कार्यरत छन् । कुश्मा नगरपालिकाभित्र गैर सरकारी संस्था महासंघ तथा लोकतान्त्रिक गैर सरकारी संस्था महासंघमा आवद्ध रहेका क्रियाशील गैर सरकारी संघ संस्था तथा युवा क्लबहरूको विवरण देहायअनुसार रहेको छः-

**तालिका न.. ५.३९**

**नगरपालिकाभित्र रहेका गैर सरकारी संस्थाहरुको विवरण**

- राष्ट्रिय शैक्षिक तथा सामजिक विकास संस्था, शिवालय
- खुर्कोट युवा क्लब, खुर्कोट
- धौलागिरि युवा क्लब, शिवालय
- विकासका लागि स्वावलम्बन प्रवर्द्धन समिति, शिवालय
- पर्वतीय विकास मञ्च नेपाल, खुर्कोट
- चौतर्फी स्रोत विकास मञ्च, शिवालय
- नवचेतना सामुदायिक विकास केन्द्र, कटुवाचौपारी
- ग्रामीण विकास केन्द्र, ठूलीपोखरी
- नेपाल अपाङ्ग उत्थान समाज, शिवालय
- स्वास्थ्य, वातावरण, जिवीकोपार्जन तथा शान्ति समाज नेपाल, शिवालय
- जिल्ला लघु उद्यमी संघ, शिवालय
- जनकल्याण सामाजिक महिला समुह, शिवालय
- सफा कुश्माका लागि सामुहिक अभियान, शिवालय
- सामाजिक जनचेतना मञ्च, शिवालय
- एकिकृत समाज दायित्व स्रोत विकास केन्द्र, खुर्कोट
- एकल महिला सञ्जाल, शिवालय
- डानार पर्वत, शिवालय
- समाज विकास केन्द्र, शिवालय
- पर्वत पर्यटन प्रवर्द्धन केन्द्र, शिवालय
- नेपाल भारतीय भु.पु. सैनिक कल्याणकारी समिति, शिवालय
- पूर्णेश्वर भुतपूर्व विद्यार्थी समाज, पिपलटारी
- सेवानिवृत निजामति कर्मचारी संस्था, शिवालय
- साझा स्वतन्त्र बौद्धिक मञ्च, दुर्लुङ
- ग्रामीण विकास मञ्च नेपाल, पिपलटारी
- जन एकता युवा ब्लव, खुर्कोट
- आमा मिलन संघ, दुर्लुङ
- जैविक विविधता तथा वातावरणका लागि स्थानीय पहल, शिवालय
- एकता युवा क्लब, शिवालय
- ग्रामीण वातावरण समाज पर्वत, शिवालय
- दलित एकता महिला समुह, कुश्मा
- समाज विकास केन्द्र, कुश्मा
- युनेस्को साथिसंग शिक्षा कार्यक्रम, कुश्मा
- ग्रामीण विकास केन्द्र, कटुवाचौपारी
- जिल्ला कफी व्यवसायी संघ, शिवालय
- संयुक्त मगर युवा क्लब, शिवालय
- विकासका लागि शिक्षा, कुश्मा
- विकास व्यवस्थापन केन्द्र, कुश्मा
- सञ्चार नेपाल, कुश्मा
- मानव अधिकारका लागि एकल महिला समुह, शिवालय
- जनअधिकार तथा वातावरण समाज नेपाल, शिवालय
- उर्जातथा वातावरणयि विकास संस्था, शिवालय
- समानता वातावरण तथा विकासका लागि एक्यवद्धता कार्यक्रम नेपाल, शिवालय
- दिगो उद्यम वातावरण तथा महिला जागरण समाज, शिवालय
- निवृत शिक्षक समाज, शिवालय
- पिपल्स युथ क्लब, शिवालय
- मानवीय विकास तथा वातावरण सरोकार समाज नेपाल, शिवालय
- राष्ट्रिय दलित विकास संस्था, शिवालय
- नारी उत्थान समाज, शिवालय
- ग्रामीण उत्पीडित समुदाय विकास केन्द्र, शिवालय
- दलित जन समाज नेपाल, शिवालय
- समाज सुधार सेवा मञ्च, शिवालय
- पर्वत मिलन क्लब, शिवालय
- ग्रामीण क्षेत्र विकास युवा मञ्च, दुर्लुङ
- दियालो बहुउद्देश्यीय सामुदायिक विकास केन्द्र, शिवालय
- झादी युवा क्लब, कटुवाचौपारी
- सिर्जनशील उर्जा प्रवर्द्धन केन्द्र, शिवालय
- आत्मनिर्भर विकास मञ्च, शिवालय
- जनज्योति युवा क्लब, पिपलटारी
- नेपाल ग्रामीण विकास संस्था, शिवालय
- धौलागिरि सामुदायिक स्रोत विकास केन्द्र, शिवालय
- युवा चेतना सामुदायिक विकास संस्था, शिवालय
- पर्वत मिलन महिला समुह, शिवालय
- सत्कर्म नेपाल शिवालय, कुश्मा
- वातावरण, कृषि नीति अनुसन्धान प्रसार एवं विकास केन्द्र शिवालय
- फ्रन्ट लाइन नेपाल उद्यमशलिता तथा विकास संस्था, शिवालय
- हिमालय भु.पू. विद्यार्थी समाज, खुर्कोट
- नेपाल ग्रामीण विकास संस्था, शिवालय
- परिवर्तन नेपाल, कुश्मा
- सामाजिक सेवा क्लब, कुश्मा
- नारायण मा.वि भु.पू. विद्यार्थी संघ, शिवालय
- नव गुफा युवा क्लब, शिवालय
- गुप्तेश्वर महिला जागरण समाज, शिवालय
- मानवीय स्रोत विकास केन्द्र, शिवालय

| | |
|---|---|
| ❖ समाज, साहित्य तथा संस्कृति विकास केन्द्र, शिवालय<br>❖ वातावरण संरक्षण तथा संस्कृति विकास केन्द्र, शिवालय<br>❖ ग्रामीण स्रोत तथा जनचेतना विकास संस्था, शिवालय<br>❖ महिला संरक्षण सञ्जाल, शिवालय<br>❖ युवा पाइला नेपाल, शिवालय<br>❖ नव प्रतिभा युवा क्लब, शिवालय<br>❖ हृदयरोग विकास केन्द्र, शिवालय<br>❖ सुनाखरी युवा क्लब, आर्थर<br>❖ छमर्के आमा समूह, शिवालय<br>❖ महिला उत्थान केन्द्र, शिवालय<br>❖ धौलागिरि वन उपभोक्ता महिला विकास समिति, शिवालय<br>❖ पर्वत युनेस्को केन्द्र, शिवालय | ❖ सामुदायिक परिवर्तन तथा कल्याण प्रतिष्ठान, शिवालय<br>❖ नमुना दलित विकास मञ्च, ठूलीपोखरी<br>❖ मितेरी युवा क्लब, दुर्लुङ<br>❖ एनजिओ नेटवर्क, कुश्मा<br>❖ फरवार्ड नेपाल, कुश्मा<br>❖ पर्यटन सूचना तथा समाज विकास संस्था, शिवालय<br>❖ देउराली आमा समुह, शिवालय<br>❖ देवीस्थान महिला समुह, शिवालय |

स्रोतः गै.स.स. महासंघ तथा लोकतान्त्रिक गै.स.स. महासंघ पर्वत, २०७४ ।

### ५.४३ नगरपालिकाको गत विगत वर्षको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन सम्बन्धी अवस्था

कुश्मा नगरपालिकाको गठन सर्वप्रथम वि. सं. २०७१ सालमा भएको थियो । नगरपालिकाको गठन भए यता साविक संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत वित्तीय आयोगले निर्धारण गरेका न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका विभिन्न सूचकहरूका आधारमा आर्थिक वर्ष ०७२/ ०७३ को मात्र न्यूनतम शर्त तथा कार्य सम्पादन मापन मूल्याङ्कन गरिएको थियो । न्यूनतम शर्त तथा कार्य सम्पादन मापन प्रतिवेदनअनुसार यस नगरपालिकाले जम्मा ४१ अंक प्राप्त गरेकोले न्यूनतम शर्त मापन तथा कार्यसम्पादन मूल्याङ्कन दुबैमा अनुत्तीर्ण रहेको थियो । त्यसपछिका आर्थिक वर्षमा नगरपालिकाको न्यूनतम शर्त तथा कार्य सम्पादन मापन मूल्याङ्कन कार्य गरिएको देखिदैंन । ( स्थानीय निकायहरूको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन प्रतिवेदन -२०७४) ।

# अध्याय छ
# सरकारी कार्यालय तथा गैर सरकारी संघ संस्थाहरुको विवरण

### ६.१ सरकारी कार्यालयहरुको विवरण

पर्वत जिल्लाको सदरमुकाम कुश्मा यही नगरपालिकाभित्र पर्ने भएकोले यहाँ जिल्लास्थित सबैजसो सरकारी कार्यालयहरू रहेका छन् । वर्तमान नयाँ परिवर्तित राजनैतिक संरचनाअन्तर्गत सदरमुकाममा रहेका केही सरकारी कार्यालयहरू स्थानीय तहमा स्थानान्तरण हुने भएका छन् । सदरमुकाममा रहेका सरकारी निकायले गर्ने धेरैजसो सेवा प्रवाह अब स्थानीय तहबाट हुने भएकोले आगामी आर्थिक वर्षदेखि केहीमात्र कार्यालयहरू नगरपालिका क्षेत्रभित्र रहने अवस्था देखिन्छ । नगरपालिकामा रहेका सरकारी कार्यालयहरूको विवरण यसप्रकार रहेको छः-

**तालिका नं. ६.१**

**नगरपालिकामा रहेका सरकारी कार्यालयहरुको विवरण**

| सि. नं. | कार्यालय | कार्यालयको टेलिफोन नम्बर |
|---|---|---|
| १ | पर्वत जिल्ला अदालत | ०६७-४२०१९५ |
| २ | जिल्ला प्रशासन कार्यालय | ०६७-४२०१३३/४२०१३४ |
| ३ | जिल्ला समन्वय समितिको कार्यालय | ०६७-४२०१५४ |
| ४ | जिल्ला सरकारी वकिलको कार्यालय | ०६७-४२०१२१ |
| ५ | जिल्ला कृषि विकास कार्यालय | ०६७-४२०१३०/४२०५२३ |
| ६ | जिल्ला शिक्षा कार्यालय | ०६७-४२०१०५ |
| ७ | जिल्ला युवा समितिको कार्यालय | - |
| ८ | जिल्ला वन कार्यालय | ०६७-४२०१३५ |
| ९ | जिल्ला पशुसेवा कार्यालय | ०६७-४२०१२३ |
| १० | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | ०६७-४२०११० |
| ११ | जिल्ला स्वास्थ्य कार्यालय | ०६७-४२०११९/४२०४१४ |
| १२ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ०६७-४२०१४० |
| १३ | जिल्ला मालपोत कार्यालय | ०६७-४२०१२९ |
| १४ | जिल्ला भू-संरक्षण कार्यालय | ०६७-४२०१२५ |
| १५ | जिल्ला प्राविधिक कार्यालय | ०६७-४२०२५६ |
| १६ | सिंचाइ विकास सब डिभिजन कार्यालय | ०६७-४२०१७५ |
| १७ | जिल्ला निर्वाचन कार्यालय | ०६७-४२०१०९ |
| १८ | जिल्ला हुलाक कार्यालय | ०६७-४२०१०८/४२०५२९ |
| १९ | कुश्मा नगर कार्यपालिकाको कार्यालय | ०६७-४२०१४१ |
| २० | महिला तथा बालबालिकाको कार्यालय | ०६७-४२०१०६ |
| २१ | कारागार कार्यालय पर्वत | ०६७-४२०१४२ |
| २२ | घरेलु तथा साना उद्योग विकास समिति | ०६७-४२०११८ |
| २३ | नापी कार्यालय | ०६७-४२०३१० |
| २४ | सिप विकास तालिम केन्द्र | ०६७-४२१११५ |
| २५ | नेपाल विद्यूत प्राधिकरण शाखा कार्यालय | ०६७-४२०१७७ |
| २६ | नेपाल टेलिकम जिल्ला कार्यालय | ०६७-४२०२४४/४२०३३३ |
| २७ | कृषि सामग्री कम्पनि लिमिटेड | ०६७-४२०१४३ |

| | | |
|---|---|---|
| २८ | नेपाल टेलिकम जिल्ला कार्यालय | ०६७-४२०२४४/४२०२३३ |
| २९ | साना सहरी सरसफाई आयोजना | ०६७-४२०४६५ |
| ३० | नेपाल रेडक्रस सोसाइटी | - |
| ३१ | ठूलीपोखरी प्राथमिक स्वास्थ्य केन्द्र | ९८४९१२१५३४ |
| ३२ | आर्थर डाँडाखर्क स्वास्थ्य चौकी | ९८४७६५३५८१ |
| ३३ | पाङ स्वास्थ्य चौकी | ९८५७६२५०५१ |
| ३४ | खौलालाँकुरी स्वास्थ्य चौकी | ९८४६४४१८६७ |
| ३५ | खुर्कोट स्वास्थ्य चौकी | ९८५७६२१६६८ |
| ३६ | दुर्लुङ स्वास्थ्य चौकी | ९८५६०३९२४९ |
| ३७ | चुवा स्वास्थ्य चौकी | ९८४७६३५८६६ |
| ३८ | पकुवा स्वास्थ्य चौकी | ९८४७६२५३४५ |
| ३९ | कटुवाचौपारी स्वास्थ्य चौकी | ९८५७६२१६३३ |
| ४० | पिपलटारी स्वास्थ्य चौकी | ९८४२०९५५०८ |
| ४१ | कृषि सेवा केन्द्र ठूलीपोखरी | - |

स्रोतः प्रशासन शाखा, कुश्मा नगरपालिका तथा जिल्ला स्वास्थ्य कार्यालय पर्वत, २०७४ ।

### ६.२ सुरक्षा इकाईहरु

नगरपालिकामा रहेका सूरक्षा इकाईहरूको विवरण यसप्रकार रहेको छः-

**तालिका नं. ६.२**

**सूरक्षा इकाईको विवरण**

| क्र. सं. | विवरण | स्थान | टेलिफोन नम्बर |
|---|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालय | कुश्मा | ०६७-४२०१९९/४२०२६२ |
| २ | सशस्त्र प्रहरी बल चण्डीका गण | कुश्मा | ०६७-४२०१५८/४२०४५८ |
| ३ | रणदल गुल्म, नेपाली सेना | कुश्मा | ०६७-४२०१५७ |
| ४ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | कुश्मा | ०६७-४२०१०४ |
| ५ | इलाका प्रहरी कार्यालय | ठूलीपोखरी | - |

### ६.३ विमानस्थलको विवरण

यस नगरपालिका क्षेत्रमा विमानस्थलको निर्माण गर्न सकिने सम्भावित स्थलहरू पनि रहेको देखिदैंन । सशस्त्र प्रहरी बल चण्डिका गण र नेपाली सेनाको व्यारेक रहेको स्थलमा तयारी अवस्थामा रहेका हेलिप्याडहरू रहेका छन् । यहाँ विभिन्न स्थलमा हेलिप्याड तयार गर्न सकिने स्थलहरू भने रहेका छन् ।

**तालिका नं. ६.३**

**विमानस्थलको विवरण**

| सि.नं. | विवरण | स्थान | अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | विमानस्थल | - | - | |
| २ | हेलिप्याड | कुश्मा न. पा.- ५ र ७ | चालु | |

### ६.४ शवदाह तथा पशु वधशालाको स्थिति

यस नगरपालिका क्षेत्रमा रहेको कालीगण्डकी र मोदीखोलाको किनार, मोदीवेनी, गोपाङ्घाट लगायतका विभिन्न स्थानमा शवदाहस्थल वा घाटहरू रहेको भए तापनि व्यवस्थित किसिमका विद्यूतीय शवदाह स्थल रहेका छैनन् । त्यस्तै नगरपालिका क्षेत्रमा व्यवस्थित किसिमका पशु वधशालाहरू पनि सञ्चालनमा आएका छैनन् । हालैमात्र वडा नं. ४ कुश्मा बजारमा व्यवस्थित पशु बधशाला स्थलको निर्माण सम्पन्न भईसकेको देखिन्छ । तर यो वधशाला सञ्चालनमा भने आईसकेको छैन । हालसम्म शवदाह तथा पशु बधशालाको अति आवश्यकता समेत ठानिएको छैन । क्रमशः यसलाई विकास गर्ने नगरपालिकाको सोच रहेको छ ।

**तालिका नं. ६.४**
**शवदाह तथा बधशालाको विवरण**

| सि.नं. | विवरण | स्थान | अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | शवदाह | - | - | - |
| २ | पशु बधशाला | कुश्मा न. पा. - ४ | निर्माण सम्पन्न भएको | सञ्चालन भैनसकेको |

## ६.५ कुश्मा नगरपालिकाभित्र सञ्चालनमा रहेका सञ्चारका साधनहरु

यस नगरपालिकाभित्र विभिन्न आम सञ्चारका माध्यमहरू रहेका छन् । स्थानीय रूपमा सञ्चालित एफ.एम./रेडियो हरूको पहुँच नगरक्षेत्रभरि नै रहेको छ । नगरक्षेत्रमा जिल्लाको सदरमुकाम कुश्मामा भएका एफ.एम. स्टेशनहरूको अतिरिक्त बागलुङ जिल्लाबाट प्रसारण हुने एफ.एम./रेडियोको पनि सेवा पुगेको छ । दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक रूपमा विभिन्न पत्रपत्रिकाहरू प्रकाशित हुने गर्दछन् । इण्टरनेट सुविधाको विस्तारका कारणका अनलाइन खबर पत्रिका पनि नगरक्षेत्रभित्र रहेका छन् ।

कुश्मा नगरपालिका क्षेत्रभित्र देहायअनुसारका सञ्चारका साधनहरू रहेका छन्:-

क. **रेडियो/एफएम तथा टेलीभिजनतर्फः**- रेडियो दिदीबहिनी, रेडियो शालीग्राम, रेडियो कुसुम, रेडियो पञ्चासे, कालीगण्डकी टेलीभिजन प्रा.लि., कालीगण्डकी केबल नेटवर्क प्रा. लि., पर्वत केबल नेटवर्क, प्रा. लि. ।

ख. **पत्रपत्रिकातर्फः**- मोदीकाली साप्ताहिक, शुभसन्देस साप्ताहिक, अभिमत साप्ताहिक, पर्वत खबर साप्ताहिक, धौलागिरि सञ्चार साप्ताहिक, अर्थवीट साप्ताहिक, अक्षर खवर साप्ताहिक, बुलेटन्युज साप्ताहिक, खबर डबली साप्ताहिक, न्यु कालीगण्डकी दैनिक, सहारान्युज दैनिक, धौलागिरि पोष्ट दैनिक, कुसुमपुर टुडे, समुदाय र श्रृजना त्रैमासिक, सगुन त्रैमासिक, नव माधुरी त्रैमासिक, कालीको सुसेली त्रैमासिक, शालीग्राम साप्ताहिक ।

ग. **अनलाइन खबर पत्रिकाः**- सूचनाकेन्द्र अनलाइन, धौलागिरि अनलाइन, २४ सञ्चार अनलाइन, पर्वत न्युज अनलाइन, सारथि न्युज अनलाइन, कालीगण्डकी न्युज डबली, सेतोसुर्य अनलाइन, नवदृष्टि अनलाइन, सूचना केन्द्र डटकम ।

## ६.६ नगरपालिकामा रहेका सहकारी संस्थाहरुको विवरण

कुनैपनि समाजको आर्थिक तथा सामाजिक विकासमा त्याहाँ स्थापित बैंक, सहकारी संगठन तथा वित्तिय संस्थाहरूले खेल्ने भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । नेपालमा राष्ट्रिय अर्थतन्त्रको तीनवटा खम्बामध्ये एक खम्बाका रूपमा सहकारी संगठन रहेको छ । यस नगरपालिकामा पनि विभिन्न कार्यप्रकृतिका सहकारी संस्थाहरू दर्ता भई सञ्चालन भईरहेका छन् । नगरपालिकामा रहेका सहकारी संस्थाहरूको विवरण तालिका नं. ६.५ मा प्रस्तुत गरिएको छः-

**तालिका नं. ६.५**
**नगरपालिकामा रहेका सहकारी संस्थाहरुको विवरण**

| क्र. सं. | सहकारी संस्थाको नाम | सदस्य सङ्ख्या | | | कार्यप्रकृति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | |
| १ | गुप्तेश्वर सहकारी संस्था लि. | ३३ | ४८३ | ५१६ | बचत/ ऋण | निष्क्रिय |
| २ | झादी दुग्ध उत्पादक सहकारी संस्था लि. | ३ | २५ | २८ | दुग्ध | निष्क्रिय |
| ३ | श्रीलक्ष्मी दुग्ध उत्पादक सहकारी संस्था लि. | ० | ० | ० | दुग्ध | खारेजी |
| ४ | लालेश्वर महादेव दुग्ध उत्पादक सहकारी संस्था लि. | २ | २४ | २६ | दुग्ध | सक्रिय |
| ५ | ग्रामीण सचेतना बचत तथा ऋण सहकारी संस्था लि. | १०६ | १४० | २४६ | बचत/ ऋण | सक्रीय |
| ६ | गहतेपोखरा दुग्ध उत्पादक सहकारी संस्था लि. | ० | ० | ० | दुग्ध | निष्क्रिय |
| ७ | जनसहयोगी दुग्ध उत्पादक सहकारी संस्था लि. | ० | २९ | २९ | दुग्ध | निष्क्रिय |
| ८ | ग्रामीण विकास दुग्ध उत्पादक सहकारी संस्था लि. | ११ | १९ | ३० | दुग्ध | निष्क्रिय |
| ९ | नवचेतना बचत तथा ऋण सहकारी संस्था लि. | १३ | २४ | ३७ | बचत/ ऋण | सक्रिय |
| १० | पर्वत जिल्ला दुग्ध उत्पादक सहकारी संस्था लि. | ० | ० | ० | दुग्ध | निष्क्रिय |
| ११ | नमुना दुग्ध उत्पादक सहकारी संस्था लि. | ३ | २८ | ३१ | दुग्ध | निष्क्रिय |
| १२ | धौलागिरि तरकारी उत्पादक सहकारी संस्था लि. | १५ | १९ | ३४ | तरकारी | सक्रिय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | सामुहिक उन्नती बचत तथा ऋण सहकारी सं. लि. | ० | २७ | २७ | बचत/ ऋण | सक्रिय |
| १४ | राडार बचत तथा ऋण सहकारी संस्था लि. | ० | ० | ० | बचत/ ऋण | खारेजी |
| १५ | धौलागिरि बचत तथा ऋण सहकारी संस्था लि. | १५ | १९ | ३४ | बचत/ ऋण | खारेजी |
| १६ | प्रगति महिला विकास बचत तथा ऋण सहकारी सं. लि. | ३७ | ० | ३७ | बचत/ ऋण | सक्रिय |
| १७ | प्रभातफेरी बचत तथा ऋण सहकारी संस्था लि. | ७ | २१ | २८ | बचत/ ऋण | खारेजी |
| १८ | पर्वत माछापुच्छ्रे बहुउद्देश्यीय सहकारी संस्था लि. | १३ | १२ | २५ | बहुउद्देश्यीय | निश्क्रिय |
| १९ | पर्वतीय विकास बचत तथा ऋण सहकारी संस्था लि. | २५ | ३० | ५५ | बचत/ ऋण | सक्रिय |
| २० | कालीगण्डकी बचत तथा ऋण सहकारी संस्था लि. | १६३ | ३२९ | ४९२ | बचत/ ऋण | सक्रिय |
| २१ | ग्रामीण दिगो विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ७ | १८ | २५ | बचत/ ऋण | खारेजी |
| २२ | महिला जागरण बचत तथा ऋण सहकारी संस्था लि. | ३२ | ० | ३२ | बचत/ ऋण | सक्रिय |
| २३ | कामधेनु महिला विकास बचत तथा ऋण सहकारी संस्था लि. | २६ | ० | २६ | बचत/ ऋण | सक्रिय |
| २४ | दीपज्योति महिला विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड | १५० | ० | १५० | बचत/ ऋण | सक्रिय |
| २५ | राडर मिलनसार बचत तथा ऋण सहकारी संस्था लि. | ६३ | ० | ६३ | बचत/ ऋण | सक्रिय |
| २६ | राडर मेलमिलाप बचत तथा ऋण सहकारी संस्था लि. | ७६ | ० | ७६ | बचत/ ऋण | सक्रिय |
| २७ | साना किसान कृषि सहकारी संस्था लि. | १९ | ३६ | ४५ | कृषि | सक्रिय |
| २८ | पर्वतीय महिला विकास बहुउद्देश्यीय सहकारी सं. लि. | ३४ | ० | ३४ | बहुउद्देश्यीय | सक्रिय |
| २९ | शुभलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. | ३९ | ५७ | ९६ | बहुउद्देश्यीय | सक्रिय |
| ३० | उन्नतशील महिला विकास बचत तथा ऋण सहकारी संस्था लि. | ३४ | ० | ३४ | बचत/ऋण | सक्रिय |
| ३१ | चनौटे वयवसाकि कृषि सहकारी संस्था लि. | १४२ | ९९ | २४१ | बचत/ऋण | सक्रिय |
| ३२ | राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ६० | १९६ | २५६ | बचत/ऋण | सक्रिय |
| ३३ | महालक्ष्मी नमुना बहुउद्देश्यीय सहकारी संस्था लि. | ४२८ | ४४१ | ८६९ | बहुउद्देश्यीय | सक्रिय |
| ३४ | कालिका बहुउद्देश्यीय सहकारी संस्था लि. | ८ | २० | २८ | बहुउद्देश्यीय | सक्रिय |
| ३५ | विसं स्मृति बहुउद्देश्यीय सहकारी संस्था लि. | ५ | २३ | २८ | बहुउद्देश्यीय | निश्क्रिय |
| ३६ | नव उदय बहुउद्देश्यीय सहकारी संस्था लि. | ६९ | ६४ | १३३ | बहुउद्देश्यीय | सक्रिय |
| ३७ | शिवालय बहुउद्देश्यीय सहकारी संस्था लि. | ३४ | ३५ | ६९ | बहुउद्देश्यीय | सक्रिय |
| ३८ | जनसेवा बहुउद्देश्यीय सहकारी संस्था लि. | १० | १५ | ३५ | बहुउद्देश्यीय | सक्रिय |
| ३९ | हिउँचुली बहुउद्देश्यीय सहकारी संस्था लि. | २५ | २५ | ५० | बहुउद्देश्यीय | सक्रिय |
| ४० | जन विकास बहुउद्देश्यीय सहकारी संस्था लि. | १३ | १३ | २६ | बहुउद्देश्यीय | सक्रिय |
| ४१ | अलपेश्वर बहुउद्देश्यीय सहकारी संस्था लि. | ७ | १८ | २५ | बहुउद्देश्यीय | सक्रिय |
| ४२ | पकुवा सिल्मी बहुउद्देश्यीय सहकारी संस्था लि. | ६ | १९ | २५ | बहुउद्देश्यीय | सक्रिय |
| ४३ | तपाइ हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि. | ३५ | ६५ | १०० | बहुउद्देश्यीय | सक्रिय |
| ४४ | काफलचौर बहुउद्देश्यीय सहकारी संस्था लि. | ४ | २१ | २५ | बहुउद्देश्यीय | खारेजी |
| ४५ | नवयुग बहुउद्देश्यीय सहकारी संस्था लि. | १२ | १३ | २५ | बहुउद्देश्यीय | सक्रिय |
| ४६ | परिवर्तन बहुउद्देश्यीय सहकारी संस्था लि. | १६ | ९ | २५ | बहुउद्देश्यीय | सक्रिय |
| ४७ | पिपलटारी बहुउद्देश्यीय सहकारी संस्था लि. | १०० | १३० | २३० | बहुउद्देश्यीय | सक्रिय |
| ४८ | भूमे बहुउद्देश्यीय सहकारी संस्था लि. | ५ | २२ | २७ | बहुउद्देश्यीय | सक्रिय |
| ४९ | पर्वत बहुउद्देश्यीय सहकारी संस्था लि. | १० | ६६ | ७६ | बहुउद्देश्यीय | सक्रिय |
| ५० | मिलनचोक बहुउद्देश्यीय सहकारी संस्था लि. | ४७ | ० | ४७ | बहुउद्देश्यीय | सक्रिय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५१ | जिल्ला सहकारी संघ | ० | ० | ० | | निश्क्रिय |
| ५२ | मैत्री बहुउद्देश्यीय सहकारी संस्था लि. | १० | २३ | ३३ | बहुउद्देश्यीय | निश्क्रिय |
| ५३ | पाङ उपभोक्ता सहकारी संस्था लि. | ८ | १७ | २५ | उपभोक्ता | निश्क्रिय |
| ५४ | समाजकल्याण बहुउद्देश्यीय सहकारी संस्था लि. | ३५ | १०० | १३५ | बहुउद्देश्यीय | सक्रिय |
| ५५ | हिमालय बहुउद्देश्यीय सहकारी संस्था लि. | ४३ | ९० | १३३ | बहुउद्देश्यीय | सक्रिय |
| ५६ | जहरेखोला बहुउद्देश्यीय सहकारी संस्था लि. | १३ | १५ | २८ | बहुउद्देश्यीय | सक्रिय |
| ५७ | फूल नर्सरी माहुरीपालन सहकारी संस्था लि. | १३ | १२ | २५ | माहुरीपालन | सक्रिय |
| ५८ | पञ्चासे पञ्चधाम बचत तथा ऋण सहकारी संस्था लि. | १८ | १२ | ३० | बचत/ऋण | सक्रिय |
| ५९ | अर्गानिक कफि सहकारी संस्था लि. | १६ | ६० | ७६ | कफि | सक्रिय |
| ६० | जनभावना बचत तथा ऋण सहकारी संस्था लि. | १२ | २३ | ३५ | बचत/ऋण | सक्रिय |
| ६१ | नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि. | ४ | २५ | २९ | बचत/ऋण | सक्रिय |
| ६२ | नारी बचत तथा ऋण सहकारी संस्था लि. | ६५४ | ० | ६५४ | बचत/ऋण | सक्रिय |
| ६३ | सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. | १० | १७ | २७ | बचत/ऋण | सक्रिय |
| ६४ | जिल्ला कफि सहकारी संघ लि. | ६ | ६ | १२ | कफि | सक्रिय |
| ६५ | कामना कृषि सहकारी संस्था लि. | १४ | १४ | २८ | कृषि | सक्रिय |
| ६६ | लक्ष्मी सामाजिक उद्यमी महिला सहकारी संस्था लि. | ५१० | ० | ५१० | उद्यमी | सक्रिय |
| ६७ | ज्ञादी जनज्योति बचत तथा ऋण सहकारी संस्था लि. | ६२ | १२७ | १८९ | बचत/ऋण | सक्रिय |
| ६८ | वैशाली कृषि सहकारी संस्था लि. | ४७ | ४६ | ९३ | कृषि | सक्रिय |
| ६९ | प्रतिफल बचत तथा ऋण सहकारी संस्था लि. | २७ | २८ | ५५ | बचत/ऋण | सक्रिय |
| ७० | पर्वत आदर्श कृषि सहकारी संस्था लि. | १० | १७ | २७ | कृषि | सक्रिय |
| ७१ | कोट कालीगण्डकी बचत तथा ऋण सहकारी सं. लि. | ४६० | ० | ४६० | बचत/ऋण | सक्रिय |
| ७२ | बचत तथा ऋण सहकारी संघ | ० | १७ | १७ | बचत/ऋण | सक्रिय |
| ७३ | ग्रामीण व्यवसायिक कृषि सहकारी संस्था लि. | ३० | ३३ | ६६ | कृषि | सक्रिय |
| ७४ | पर्वत सौगात उपभोक्ता सहकारी संस्था लि. | ७ | ३१ | ३८ | उपभोक्ता | सक्रिय |
| ७५ | नव सहारा बचत तथा ऋण सहकारी संस्था लि. | १३ | १९ | ३२ | बचत/ऋण | सक्रिय |
| ७६ | तमादी कृषि तथा पशुपालन सहकारी संस्था लि. | १४ | २० | ३४ | कृषि | सक्रिय |
| ७७ | न्यु श्रीलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | १७ | २४ | ४१ | बचत/ऋण | सक्रिय |
| ७८ | जिल्ला बहुउद्देश्यीय सहकारी संघ लि. | ० | २२ | २२ | बहुउद्देश्यीय | सक्रिय |
| ७९ | शिक्षक हित बचत तथा ऋण सहकारी संस्था लि. | ६० | २२८ | २८८ | बचत/ऋण | सक्रिय |
| ८० | ठूलीपोखरी व्यवसायिक पशुपालन कृषि सहकारी सं. लि. | ६ | २० | २६ | कृषि | सक्रिय |
| ८१ | कृष्णगण्डकी बचत तथा ऋण सहकारी संस्था लि. | ११ | ३७ | ४८ | बचत/ऋण | सक्रिय |
| ८२ | नमुना व्यवसायिक कृषि सहकारी संस्था लि. | ११ | २३ | ३४ | कृषि | सक्रिय |
| ८३ | सदावहार विश्वास कृषि सहकारी संस्था लि. | २० | २७ | ४७ | कृषि | सक्रिय |
| ८४ | माउण्ट धौलागिरि कृषि सहकारी संस्था लि. | ० | ० | ० | कृषि | सक्रिय |
| ८५ | पार्वती गुफा कृषि सहकारी संस्था लि. | २९ | ० | २९ | कृषि | सक्रिय |
| ८६ | चौतारी सञ्चार सहकारी संसथा लि. | १९ | ५१ | ७० | सञ्चार | सक्रिय |
| ८७ | पाठेश्वरी कृषि सहकारी संस्था लि. | ५ | ५० | ५५ | कृषि | सक्रिय |
| ८८ | पूर्णेश्वर कफि सहकारी संघ लि. | ० | ४१ | ४१ | कफि | सक्रिय |
| ८९ | परिवर्तन कृषि सहकारी संस्था लि. | ९ | १८ | २७ | कृषि | सक्रिय |
| ९० | प्रगति कफि सहकारी संघ लि. | ३२ | ३२ | ६४ | कफि | सक्रिय |
| ९१ | ग्रामीण विकास कृषि सहकारी संस्था लि. | ३० | २२ | ५२ | कृषि | सक्रिय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९२ | कुश्मा कृषि सहकारी संस्था लि. | २२ | २४ | ४६ | कृषि | सक्रिय |
| ९३ | उज्यालो बचत तथा ऋण सहकारी संस्था लि. | १५ | ३८ | ५३ | बचत/ऋण | सक्रिय |
| ९४ | शिवशक्ति दिव्यधाम व्यवसायिक कृषि सहकारी सं. लि. | ३ | २७ | ३० | कृषि | सक्रिय |
| ९५ | हाम्रो कृषि सहकारी संस्था लि. | ११ | १७ | २८ | कृषि | सक्रिय |
| ९६ | लालीगुराँस कृषि सहकारी संस्था लि. | १०३ | ० | १०३ | कृषि | सक्रिय |
| ९७ | मुक्तिनाथ कृषि सहकारी संस्था लि. | १ | २५ | २६ | कृषि | सक्रिय |
| ९८ | नगर विकास कृषि सहकारी संस्था लि. | १० | २८ | ३८ | कृषि | सक्रिय |
| ९९ | जय बुद्ध कृषि सहकारी संस्था लि. | १७३ | १७१ | ३४४ | कृषि | सक्रिय |
| १०० | विकास राष्ट्रिय एकिकृत पशु तथा कृषि सहकारी सं. लि. | १८ | ३७ | ५२ | कृषि | सक्रिय |
| १०१ | शुभकामना कृषि सहकारी संस्था लि. | २१ | ४२ | ६३ | कृषि | सक्रिय |
| १०२ | धनेश्वरी कृषि सहकारी संस्था लि. | १६ | ३५ | ५१ | कृषि | सक्रिय |
| १०३ | श्री दीपलक्ष्मी महिला कृषि सहकारी संस्था लि. | ५१ | ० | ५१ | कृषि | सक्रिय |
| १०४ | सीताराम कृषि सहकारी संस्था लि. | १५३ | ३०० | ४५३ | कृषि | सक्रिय |
| १०५ | पहिरे कृषि सहकारी संस्था लि. | ३२ | ० | ३२ | कृषि | सक्रिय |
| १०६ | चुवा व्यवसायिक कृषि सहकारी संस्था लि. | २१ | ५० | ७१ | कृषि | सक्रिय |
| १०७ | कालीगण्डकी मालढुङ्गा पशु तथा कृषि संस्था लि. | २१ | ५० | ७१ | कृषि | सक्रिय |
| १०८ | पाङ कृषि सहकारी संस्था लि. | १०० | १०७ | २०७ | कृषि | सक्रिय |
| १०९ | पौरखी कृषि सहकारी संस्था लि. | १९ | ३२ | ५१ | कृषि | सक्रिय |
| ११० | शंकरपोखरी जनसेवी कृषि सहकारी संस्था लि. | १२ | १५ | २७ | कृषि | सक्रिय |
| १११ | मातुभूमि कृषि सहकारी संस्था लि. | २ | २६ | २८ | कृषि | सक्रिय |
| | जम्मा | ५०५१ | ५००५ | १००५६ | | |

स्रोतः डिभिजन सहकारी कार्यालय, बागलुङ, २०७४ ।

नगरपालिकामा गठन भएका सहकारी संस्थाहरूको विवरण अध्ययन गर्दा आर्थिक वर्ष ०७४/०७५ सम्म १११ वटा सहकारी संस्थाहरू डिभिजन सहकारी कार्यालय बागलुङमा दर्ता भएको देखिन्छ । यी सहकारीमध्ये ६ वटा दर्ता खारेजीमा परेका, १२ वटा निष्क्रिय रहेका र ९३ वटा सहकारी मात्र सक्रिय रहेका देखिन्छन् । १११ वटा सहकारी संस्थाहरुमा रहेका कुल शेयर सदस्य (१००५६) मध्ये पुरूष (५००५) को तुलनामा महिला (५०५१) को सङ्ख्या बढी रहेको देखिन्छ । स्थापित सहकारी संस्था मध्ये कृषि सहकारी संस्था ३३ वटा सञ्चालनमा आएको देखिन्छ भने बचत तथा ऋण सहकारी संस्था दशवटा ३२ वटा सञ्चालनमा रहेका छन् । त्यसै गरी बहुउद्देश्यीय २६, दुग्ध सहकारी ९ वटा, उपभोक्ता सहकारी १ वटा, तरकारी फलफूल सहकारी १ वटा, उद्यमी सहकारी १ वटा, कफि सहकारी ४ वटा र सञ्चार सहकारी १ वटा सञ्चालनमा आएको देखिन्छ ।

### ६.७ नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका बैंक तथा वित्तिय संस्थाहरुको विवरण

पर्वत जिल्लाको सदरमुकाम रहेको स्थान समेत कुश्मा नगरपालिकाभित्र समावेश भएकोले यहाँ विभिन्न वाणिज्य बैंक, विकास बैंक तथा वित्तिय संस्थाहरू सञ्चालनमा रहेका छन् । यस किसिमका बैंकहरू सबै कुश्मा बजारमा नै सञ्चालित छन् । नगरपालिकाको ग्रामीण भेगमा अझैपनि बैंकिङ सूविधा पुग्न सकेको देखिदैन । वडा नं. २ खुर्कोटमा NIC Asia बैंकको काउण्टर सञ्चालन गरिएको छ । कुश्मा नगरपालिकामा सञ्चालनमा रहेका बैंक तथा वित्तिय संस्थाहरूको विवरण यसप्रकार रहेको छः-

**तालिका नं. ६.६**

**नगरपालिकामा रहेका बैंक तथा वित्तिय संस्थाहरुको विवरण**

| क्र. सं. | नाम | स्वरूप वा प्रकृति |
|---|---|---|
| १ | नेपाल बैंक लिमिटेड | वाणिज्य बैंक |
| २ | राष्ट्रिय वाणिज्य बैंक | वाणिज्य बैंक |
| ३ | कृषि विकास बैंक | विकास बैंक |
| ४ | गण्डकी विकास बैंक | विकास बैंक |
| ५ | काष्ठमण्डप डेभलपमेण्ट बैंक | विकास बैंक |

| | | |
|---|---|---|
| ६ | फेवा विकास बैंक | विकास बैंक |
| ७ | एभरेष्ट बैंक | वाणिज्य बैंक |
| ८ | देव विकास बैंक | विकास बैंक |
| ९ | कैलाश विकास बैंक | विकास बैंक |
| १० | प्रभु विकास बैंक | विकास बैंक |
| ११ | सेन्चुरी बैंक | विकास बैंक |
| १२ | ग्लोबल आइएमइ बैंक | वाणिज्य बैंक |
| १३ | एन. आइ .सि. एशिया बैंक | वाणिज्य बैंक |
| १४ | नेपाल बंगलादेश बैंक | वाणिज्य बैंक |
| १५ | गरिमा विकास बैंक | विकास बैंक |
| १६ | कुमारी बैंक | विकास बैंक |
| १७ | मेघा बैंक | वाणिज्य बैंक |
| १८ | कामना विकास बैंक | विकास बैंक |
| १९ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड | लघु वित्त संस्था |
| २० | जनसेवी लघुवित्त वित्तीय संस्था लिमिटेड | लघु वित्त संस्था |
| २१ | कालिका माइक्रो क्रेडिट डेभलपमेण्ट बैंक लिमिटेड | लघु वित्त संस्था |
| २२ | उन्नति माइक्रो क्रेडिट वित्तीय संस्था लिमिटेड | लघु वित्त संस्था |
| २३ | नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेड | लघु वित्त संस्था |
| २४ | नेपाल ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | लघु वित्त संस्था |
| २५ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | लघु वित्त संस्था |
| २६ | नेष्डो नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | लघु वित्त संस्था |
| २७ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | लघु वित्त संस्था |

स्रोतः नगरपालिकाका विभिन्न वडाका सामाजिक परिचालकहरूबाट प्राप्त सुचना तथा स्थलगत अवलोकन, २०७४ ।

## ६.८ नगरपालिका क्षेत्रमा रासायनिक मल बिक्री वितरण गर्ने सहकारी संस्थाहरु

यस नगरपालिकामा तपसिल बमोजिमका सहकारी संस्थाहरूले यस क्षेत्रका कृषकहरूलाई रासायनिक मल बिक्री बितरण गर्ने गर्दछन् ।

**तालिका नं. ६.७**

**रासायनिक मल बिक्री वितरण गर्ने सहकारी संस्थाहरु**

| क्र. सं. | बिक्रेता सहकारी संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | परिवर्तन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | कुश्मा न. पा. - १ |
| २ | अलपेश्वर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | कुश्मा न. पा. - ९ |
| ३ | पिपलटारी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | कुश्मा न. पा. - १० |
| ४ | हिंउचुली बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | कुश्मा न. पा. - ८ |
| ५ | समाज कल्याण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | कुश्मा न. पा. - २ |
| ६ | मैत्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | कुश्मा न. पा. - ६ |
| ७ | कालिका बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | कुश्मा न. पा. - १२ |
| ८ | पञ्चासे पञ्चधाम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | कुश्मा न. पा. -१४ |
| ९ | उन्नतशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | कुश्मा न. पा. - ३ |
| १० | साना किसान कृषि सहकारी संस्था लिमिटेड | कुश्मा न. पा. -११ |

स्रोतः जिल्ला कृषि विकास कार्यालय, पर्वत तथ्याङ्क पुस्तिका, २०७२।०७३ ।

## ६.९ नगरपालिकामा रहेका सुपथ मूल्यका सहकारी पसलको विवरण

यस कुश्मा नगरपालिकामा रहेका विभिन्न सहकारी पसलहरूमध्ये सुपथ मूल्यका पसलहरू सञ्चालन गर्ने सहकारी संस्थाहरूको विवरण यसप्रकार रहेको छः–

**तालिका नं. ६.८**
**सुपथ मूल्यका सहकारी पसलको विवरण**

| क्र. सं. | सहकारी संस्थाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | भूमे बहुउद्धेश्यीय सहकारी संस्था लि., खौलालाँकुरी | |
| २ | गोदाम नवउदय बहुउद्धेश्यीय सहकारी संस्था लि., शिवालय | |
| ३ | अलपेश्वर बहुउद्धेश्यीय सहकारी संस्था लि., कटुवाचौपारी | |
| ४ | जनविकास बहुउद्धेश्यीय सहकारी संस्था लि., खुर्कोट | |
| ५ | पिपलटारी बहुउद्धेश्यीय सहकारी संस्था लि., पिपलटारी | |
| ६ | हिउँचुली बहुउद्धेश्यीय सहकारी संस्था लि., चुवा | |
| ७ | परिवर्तन बहुउद्धेश्यीय सहकारी संस्था लि., पाङ | |
| ८ | साना किसान कृषि सहकारी संस्था लि., पकुवा | |
| ९ | कालिका बहुउद्धेश्यीय सहकारी संस्था लि., ठूलीपोखरी | |
| १० | पञ्चासे पञ्चधाम बचत तथा ऋण सहकारी संस्था लि., आर्थर | |

स्रोतः वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका, जिल्ला कृषि विकास कार्यालय, २०७४ ।

## ६.१० नगरपालिका क्षेत्रमा रहेका कृषि सेवा केन्द्र, उपकेन्द्र र कृषि समुहहरुको सङ्ख्यात्मक अवस्था

संघीय शासन ब्यवस्था शुरू हुनुभन्दा अघि स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार जिल्लाबाट विभिन्न ईलाकाहरूमा सेवा प्रवाह गर्ने ब्यवस्था थियो । जिल्लाका साविक धेरै इलाकाहरू तथा गाविसहरूमा सेवा केन्द्रमार्फत विषयगत कार्यालय अन्तर्गत जिल्ला कृषि विकास कार्यालय तथा जिल्ला विकास समितिले ब्यवस्थापनको काम गर्दै आएका हुन् । हालको कुश्मा नगरपालिका जिल्ला सदरमुकाममा रहेको र यो क्षेत्र जिल्ला कृषि विकास कार्यालयले हेर्दै आएको क्षेत्र हो । यो क्षेत्रभित्र जिल्ला सदरमुकाम कुश्मा वडगाउँस्थित रहेका जिल्ला कृषि विकास कार्यालयका भवनहरूको विवरण तल  तालिकामा उल्लेख गरिएको छ :-

**तालिका नं. ६.९**
**कृषि सेवाकेन्द्र, उपकेन्द्र, कृषि समुह**

| क्र. स. | वडा नं. | भवनको प्रकृति : ६ वटा | | | कैफियत |
|---|---|---|---|---|---|
| | | गोटा | कच्ची | पक्की | |
| १ | कृषि सेवा (सम्पर्क) केन्द्र शिवालय कुश्मा | १ | – | १ | |
| २ | वडा नं. ५ स्थित जिल्ला कृषि विकास कार्यालयका भवनहरू | ५ वटा | ३ वटा | २ वटा | |
| | जम्मा | ६ वढा | घ वटा | ३ वटा | |

स्रोतः जिल्ला कृषि विकास कार्यालय, पर्वत, २०७५ ।

माथिको तालिकाअनुसार कुश्मा नगरपालिकामा जिल्ला कृषि विकास कार्यालयका आफ्ना ५ वटा मात्र भवनहरू स्वामीत्वमा रहेका छन् । यी भवनहरू मध्ये ३ बटा भवनहरू पुराना तथा कच्ची प्रकृतिका रहेका छन । २ वटा भवनहरू आर.सी.सी.ढलान सहितका पक्कि भवनहरू उपयोगमा आईरहेका छन् । कुश्मा स्थित शिवालय मा.वि. नजिक एक पक्की भवन रहेको छ । यो भवनबाट कृषि सम्पर्क तथा सेवाका बारेमा कार्य भइरहेको तर यो भवनको स्वामित्व भने कृषि विकास कार्यालयमा नरहेको कृषि विकास कार्यालय श्रोतले जनाएको छ । यो नगरपालिकामा हालसम्म जम्मा ६ वटा मात्र कृषि केन्द्रका भवनहरू निर्माण भएका छन् ।

## ६.११ पशुसेवा केन्द्र, उपकेन्द्र र कृषक समुहका भवनको अवस्था

विकेन्द्रीकरणको माध्यमद्वारा सेवा प्रवाह गर्ने तत्कालीन राज्य सरकारको सोचअनुरूप विगतदेखि नै विषयगत प्रकृतिका सेवाहरू प्रवाह गर्नको लागि गा.वि.स, न.पा. तथा जिविसलाई विशेष अधिकार प्रत्यायोजन गरिएको थियो । विषयगत कार्यालयहरू मध्येको एक जिल्ला पशु सेवा कार्यालय पनि हो । यो कार्यालयको सेवालाई साविक गाविसस्तरमा प्रभावकारी ढंगले सञ्चालन गर्नको लागि जिल्ला परिषदको निर्णय अनुसार ईलाकास्तरमा सेवा कार्यालयको ब्यवस्था गरिएको थियो । जिल्लामा रहेका ११ वटा इलाकाहरूमा सेवा प्रवाह गर्ने ब्यवस्था अन्तर्गत जनताको बढी पहूँच हुने स्थानबाट सेवा प्रवाह गरिएको थियो । सेवा

प्रवाह गर्ने सन्दर्भमा सेवा केन्द्रलाई आवस्यक पर्ने भवन साविक स्थानीय सरकार, जनता, जिल्ला विकास समिति तथा नेपाल सरकारको सहयोगमा भवन निर्माण गर्ने गरिन्थ्यो भने यसरी सबै निकायहरूबाट स्रोत जुट्न नसक्ने स्थानहरूमा नीजि अर्थात ब्यक्तिको घरबाट सेवा प्रवाह भईरहेको अवस्था थियो । हाल नगरपालिकामा पशु सम्बन्धी सेवा प्रवाह गर्ने जिल्ला पशु सेवा कार्यालय यही क्षेत्रमा रहेका कारण पनि यहाँ छुट्टै सेवा केन्द्रको आवस्यकता नपरेको हो । कुश्मा नगरपालिकाभित्र रहेका जिल्ला पशु सेवा कार्यालयका भवनहरूको अवस्था तथा सेवा केन्द्रहरूका बारेमा तल तालिकामा उल्लेख गरिएको छः-

**तालिका नं. ६.१०**

**पशुसेवा केन्द्र, उपकेन्द्र, कृषक समुहको भवनको अवस्था**

| वडा नं. | भवन | भवनको प्रकृति | | | कैफियत |
|---|---|---|---|---|---|
| | | गोटा | कच्ची | पक्की | |
| ३ | जिल्ला पशुसेवा कार्यालय | ६ | ४ | २ | |
| ८ | पशु संकलन केन्द्र | १ | – | १ | |
| ११ | पकुवामा एक पशुसेवा भवन | १ | – | १ | सरकारी स्वामित्वमा नरहेको |
| | जम्मा | ८ वटा | ४ वटा | ४ वटा | |

स्रोतः जिल्ला पशु विकास कार्यालय, पर्वत, २०७५ ।

माथि तालिकामा उल्लिखित तथ्याङ्कअनुसार कुश्मा नगरपालिकामा पशु सेवा कार्यालयसँग सम्बन्धित जम्मा ८ वटा विभिन्न प्रकारका भवनहरू रहेका छन् । यी मध्ये जिल्ला कृषि विकास कार्यालयका कुश्मा वडागाउँस्थित ६ वटा भवनहरू रहेका छन् । उल्लिखित भवनहरूमा ४ वटा भवनहरू जिर्ण भइसकेका र २ वटा भवनहरू मात्र पक्की भएको जिल्ला पशुसेवा कार्यालय पर्वतले जनाएको छ । नगरपालिकाभित्र वडा नं. ११ पकुवामा एक ईलाकास्तरिय पशुसेवा कार्यालय सरकारी स्वामित्वमा रहेको छ भने वडा नं. ८ कटुवाचौपारीमा एक पशु संकलन केन्द्र रहेको छ । तर यो केन्द्र जिल्ला पशुसेवा कार्यालयको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको भए तापनि सरकारी स्वामित्वमा नरहेको ब्यहोरा उल्लेख छ । गाउँपालिकामा पशु सेवासँग सम्बन्धित भवनहरूका बारेमा माथि तालिकामा उल्लेख गरिएको छ ।

### ६.१२ नगरपालिकामा हुलाक सेवाको अवस्था

विगतका वर्षहरूमा जनताको सबैभन्दा विश्वासीलो सूचनाको आधार हुलाक सेवा थियो । नेपालमा हुलाक सेवाको इतिहास लामो छ । चिट्ठीपत्रहरू एक ठाउँबाट अर्को ठाउँमा पुर्याउने काम हुलाकमार्फत गरिन्थ्यो । व्यक्तिगत वा सरकारी सबै प्रकारका सूचनाहरू हुलाकीमार्फत प्रवाह हुने गर्दथे । जनताको विकास तथा सेवा गर्ने सरकारी निकायहरूमा हुलाक जनताको सबैभन्दा नजिकको साथी हो । अहिले विश्वमा विकसित भएको द्रुत प्रविधिका कारण हुलाकको काम कम्प्युटर मार्फत मेल, ईमेल, वेभसाइट, फ्याक्स, म्यासेज, म्यासेन्जर, भाइवर, आदिको प्रयोगमा व्यापकता आएको छ । अबका दिनहरूमा हुलाक कार्यालयलाई टेलीसेन्टरमा विकास गर्नसके हिजो जस्तै पुनः हुलाक सेवाको भूमिकालाई बढाउन सकिन्छ । पर्वत जिल्लाको सन्दर्भमा हुलाकलाई जोडेर हेर्दा पुरै पर्वत जिल्ला सबै ग्रामीण क्षेत्र भएको कारण प्रायः सबै साविक गाविसहरूमा हुलाकको ब्यववस्था गरिएको थियो । तर सबै वडाहरूमा हुलाकको सेवा प्रवाह गर्ने सरकारी भवनहरू भने थिएनन् । नगरपालिकामा हुलाक सेवा प्रवाह गर्ने भवनहरूको स्वामित्व र प्रकृतिका बारेमा तलको तालिका नं. ६.११ मा उल्लेख गरिएको छः-

**तालिका नं. ६.११**

**नगरपालिकाभित्र हुलाक सेवा केन्द्रको अवस्था**

| क्र. स. | बस्तीको नाम | भवनको प्रकृति : ......वटा | | | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | गोटा | कच्ची | पक्की | | |
| १ | पाङ | – | – | – | १ | अतिरिक्त सेवा |
| २ | खुर्कोट | – | – | – | २ | इलाकास्तरिय |
| ३ | दुर्लुङ | – | – | – | ३ | अतिरिक्त |
| ४ | शिवालय | – | – | – | ४ | जिल्ला हुलाक कार्यालयबाट सेवा प्रवाह भइरहेको । |
| ५ | शिवालय | २ | – | २ | ५ | |
| ६ | शिवालय | – | – | – | ६ | |
| ७ | शिवालय | – | – | – | ७ | |
| ८ | चुवा | – | – | – | ८ | अतिरिक्त |
| ९ | कटुवाचौपारी | – | – | – | ९ | अतिरिक्त |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | पिपलटारी | – | – | – | १० | अतिरिक्त |
| ११ | पकुवा | – | – | – | ११ | अतिरिक्त |
| १२ | ठूलीपोखरी | १ | १ | – | १२ | ईलाकास्तरीय |
| १३ | खौलालाँकुरी | – | – | – | १३ | अतिरिक्त |
| १४ | आर्थरडाँडाखर्क | – | – | – | १४ | अतिरिक्त |
| | जम्मा | ३ वटा | १ | २ | | |

स्रोतः जिल्ला हुलाक कार्यालय, पर्वत, २०७५ ।

नगरपालिकामा हुलाक कार्यालयको आफ्नो भवन नरहेको माथिको तालिकाले देखाएको छ । नगरपालिकामा हालसम्म कुनै पनि वडामा कच्ची वा पक्की कुनै प्रकृतिको भवन निर्माण भएको छैन । हुलाक कार्यालयले आफ्नो सेवा निजी घरबाट सञ्चालन गर्दै आएको छ । नगरपालिकाको वडा नं. ५ शिवालय कुश्मामा जिल्ला हुलाक कार्यालयका २ वटा पक्की भवन रहेका छन् । त्यसैगरी वडा नं. १२ ठूलीपोखरीमा ईलाकास्तरीय एक कच्ची भवन रहेको छ । हुलाक कार्यालयसँग सम्बन्धित सरकारी स्वामित्वमा रहेका जम्मा भवनको सङ्ख्या ३ रहेको छ ।

### ६.१३ साविक गाविस तथा हालका वडा कार्यालयहरुको भवनको अवस्था

नेपाल सरकारले २०१८ सालमा नेपाललाई ७५ जिल्लामा राजनैतिक विभाजन गरेपछि जिल्लामार्फत गाउँपञ्चायत हुँदै गाविसहरूको संस्थागत विकासमा जोड दिन थालियो । २०४७ सालको नेपालको संविधानभन्दा अगाडि पञ्चायती ब्यवस्थामा गाउँ पञ्चायतलाई अधिकार दिइएको थिएन । यिनीहरूले उठाउन पाउने करको दायरा सीमित थियो । २०४७ सालपछि पञ्चायतको नाम परिर्वतन भएर गाविसमा परिणत भयो । यसको संरचनागत बनोटमा पनि ब्यापक परिवर्तन गरियो । पञ्चको ठाउँमा अध्यक्ष लगायतका जनप्रतिनिधिहरूको ब्यवस्था गरियो । गाविसलाई सामान्य सेवा मात्र प्रवाह गर्ने निकायको रूपमा मात्र सीमित नराखी महत्त्वपूर्ण जिम्मेवार अभिभावकको रूपमा विकास गर्ने प्रयाश गरियो । २०५२ सालदेखि सिधै गाविसमा सरकारी बजेट जाने ब्यवस्था मिलाइयो । यो बजेटले तत्कालीन धेरै गाविसहरूले पहिला सेवा प्रवाहलाई सहज बनाउनको लागि आफ्नै स्वामीत्वको भवन बनाउने प्रयाश गर्दा धेरै भवनहरू निर्माण भए । भरखरै मात्र प्रयोगमा आएको संघीय संरचना अन्तर्गत गठित सरकारले पनि गाउँ तथा नगरपालिकाका भवनहरूको निर्माणमा विशेष जोड दिएको छ । यस नगरपालिकामा निर्माण भईसकेका भवनहरू तथा निर्माणाधिन भवनहरू र भवन नभएका वडाहरूको विवरण तल तालिकामा उल्लेख गरिएको छः-

**तालिका नं. ६.१२**

**हालका वडा कार्यालय/ नगरपालिकाका भवनहरुको अवस्था**

| वडा नं. | वडाको नाम | भवनको प्रकृति : ३ वटा | | | कैफियत |
|---|---|---|---|---|---|
| | | गोटा | कच्चि | पक्की | |
| १ | पाङ | १ | १ | ० | |
| २ | खुर्कोट | १ | १ | ० | |
| ३ | दुर्लुङ | १ | १ | ० | |
| ४ | शिवालय, कुश्मा | ० | ० | ० | |
| ५ | शिवालय, कुश्मा | ० | ० | ० | |
| ६ | शिवालय, कुश्मा | ० | ० | ० | |
| ७ | शिवालय, कुश्मा | ० | ० | ० | |
| ८ | चुवा | १ | १ | ० | |
| ९ | कटुवाचौपारी | १ | १ | ० | |
| १० | पिपलटारी | १ | १ | ० | |
| ११ | पकुवा | १ | १ | ० | |
| १२ | ठूलीपोखरी | १ | ० | १ | |
| १३ | खौलालाँकुरी | १ | १ | विद्यालयको भवनबाट सेवा प्रवाह | |
| १४ | आर्थरडाँडाखर्क | १ | १ | | |
| | जम्मा | १० | ९ | १ | |

श्रोतः कुश्मा नगरपालिकाका वडा कार्यालयहरूबाट प्राप्त विवरण, २०७५ ।

कुश्मा नगरपालिकाका १४ वटा वडाहरू मध्ये साविक शिवालय गाविस हाल नगरपालिकाका ४ वटा वडाहरूमा आफ्नो कार्यालय छैन । वडा नं. १ पाङ, वडा नं. २ खुर्कोट, वडा नं. ३ दुर्लुङ र वडा नं. ८ चुवाका वडा कार्यालयहरू आफ्नै स्वामित्वमा सञ्चालित छन् । तर यी भवनहरू पूर्णरूपमा पक्की भने छैनन् । वडा नं. ९ कटुवाचौपारी, वडा नं. १० पिपलटारी, वडा नं. ११ पकुवा, वडा नं. १२ ठूलीपोखरी र वडा नं. १४ आर्थर डाँडाखर्कमा सञ्चालित वडा कार्यालयहरू आफ्नै स्वामित्वमा सञ्चालित छन् । वडा नं. १२ ठूलीपोखरीको वडा कार्यालय भवन भने पक्की अर्थात आर.सी.सी. ढलान छ । वडा नं. १३ खौलालाँकुरीको कार्यालय भवन विद्यालयको स्वामित्वमा रहेको छ । कुश्मा नगरपालिका कार्यालयको आफ्नो स्वामित्वमा कुश्मास्थित वडागाउँमा भवन बनाउने जग्गा रहेको छ । हाल कुश्मा नगरपालिकाको कार्यालय नीजि भवनबाट सञ्चालन हुँदै आएको छ ।

### ६.१४ नगरपालिकामा वित्तिय अवस्था

कुश्मा नगरपालिका पर्वत जिल्लाको सदरमुकाममा अवस्थित नगरपालिका हो । यहाँ विगत १० वर्ष अगाडि सम्म ३ वटा राष्ट्रिय बाणिज्य बैंक, नेपाल बैंक लिमिटेड र कृषि विकास बैंक मात्र सञ्चालन हुँदै आएका थिए । नीजि क्षेत्रको भूमिका बढ्दै जाने सन्दर्भमा विभिन्न नामका थुप्रै विकासे बैंकहरूको भिड लाग्न थाल्यो । विकास बैंकका साथै अन्य प्राईभेट बैंकहरूको सङ्ख्यामा बृद्धि हुन गयो । नगरपालिकाभित्र सबैभन्दा बढी सरकारी तथा प्राईभेट बैंकहरू वडा नं. ६ कुश्मा बजारमा सञ्चालित छन् । सरकारको एक गाउँ एक सहकारी संस्था कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरेकोले प्रायः सबै वडाहरूमा सहकारी संस्थाको सख्यामा बृद्धि भएको देखिन्छ । सहकारीहरूको सङ्ख्या पनि सबैभन्दा बढी कुश्मा बजारमा सञ्चालित रहेका देखिन्छन् । कुश्मा नगरपालिका जिल्ला सदरमुकाम भएको क्षेत्र हुनुका कारण पनि जिल्लाका अन्य स्थानीय तहको तुलनामा यो नगरपालिकामा वित्तिय संस्थाहरूको सङ्ख्या बढी देखिएको हो । त्यसैगरी सहकारी कार्यक्रमलाई सरकारले पञ्चवर्षीय योजनामा प्राथमिकताको सूचिमा समावेश गरी साविक सबै गाविसहरूमा सञ्चालन गरेको कारण हाल सबै वडाहरूमा विभिन्न क्षेत्र समेट्ने प्रकृतिका सहकारीहरू सञ्चालित छन् । नगरपालिकामा रहेका विभिन्न वडाहरूमा गरी जम्मा ९३ वटा विभिन्न प्रकृतिका सहकारी संस्थाहरू सञ्चालित छन् । यो नगरपालिकामा लघुवित्तको कारोबार गर्ने फाईनान्स कम्पनिको सङ्ख्या पनि उल्लेख्य रहेको छ । उल्लेखित विवरणहरू तल तालिकामा समावेश गरिएको छः-

**तालिका नं. ६.१३**

**नगरपालिकामा वित्तिय अवस्थाको विवरण**

| क्र. सं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | सहकारी संस्था | ९३ |
| २ | वाणिज्य बैंक | ६ |
| ३ | विकास बैंक | १२ |
| ४ | वित्त कम्पनि | २ |
| ५ | लघुवित्त कम्पनि | ९ |

स्रोतः नगरपालिकाका वडा कार्यालय तथा सामाजिक परिचालक, २०७४

# अध्याय सात
# आर्थिक तथा सामाजिक विकासका अवसर, चुनौती र सम्भावनाहरु

यस अध्यायमा कुश्मा नगरपालिकाको दीर्घकालीन सोच, आर्थिक तथा सामाजिक विकासका अवसर, चुनौती तथा सम्भावनाहरूलाई प्रस्तुत गरिएको छ ।

**७.१ नगरपालिकाको दीर्घकालीन सोच**

"सबैको रहर, समृद्ध कुश्मा नगर" भन्ने मूल नारालाई सार्थक बनाउने गरी बदलिंदो राजनैतिक तथा सामाजिक परिवेशअनुरूप नगरक्षेत्र भित्रका आर्थिक, भौगोलिक, प्राकृतिक एवम् मानवीय साधन तथा स्रोतहरूको अधिकतम् र आदर्शतम् ढंगबाट उपयोग गर्दै जनसहभागितात्मक योजना कार्यान्वयन पद्धतिलाई आत्मसाथ गरी पारदर्शी, जवाफदेही तथा जनउत्तरदायी शासन सञ्चालनमार्फत् कृषि, उद्योग, जलस्रोत, वनजंगल, व्यापार तथा पर्यटनका माध्यमबाट सम्पूर्ण नगरबासीको जीवनस्तरमा परिणाममुखी परिवर्तनका संकेतहरू देखिने गरी समृद्ध नगरपालिकाका रूपमा स्थापित हुने दीर्घकालीन सोच यस नगरपालिकाको रहेको छ ।

**७.२ नगरपालिकाका अवसरहरु**

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना भएपश्चात् संघीय संरचनाअनुरूप स्थानीय तहहरूको गठन भएको छ । संविधानमा नै स्थानीय तहको गठन, अधिकार, दायित्व तथा कार्यक्षेत्र उल्लेख गरिएकोले विगतका स्थानीय निकायहरूको तुलनामा वर्तमानमा स्थानीय तहहरू कानुनतः बढी अधिकार सम्पन्न भएका छन् । यस सन्दर्भमा आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्त्वपूर्ण अवसर नगरपालिकालाई प्राप्त भएको छ । यस नगरपालिकाका विकास र समृद्धिका मूख्य अवसरहरूलाई निम्नरूपमा उल्लेख गर्न सकिन्छः-

- ❖ संवैधानिक रूपमा विभिन्न राजनैतिक, आर्थिक तथा प्रशासनिक अधिकारहरूको उपयोग गर्न सक्ने स्थिति रहेको ।
- ❖ प्राकृतिक तथा अन्य आर्थिक स्रोतहरूको परिचालनबाट नगरबासीको जीवनस्तरमा सुधार ल्याउन सकिने अवस्था रहेको ।
- ❖ विभिन्न पर्यटकीय तथा धार्मिक सम्पदास्थलको उपयोग गर्दै पर्यटन व्यवसायको विकास र विस्तारका माध्यमबाट नगरबासीको आर्थिक तथा जीवनस्तरमा सुधार ल्याउन सकिने स्थिति रहेको ।
- ❖ कालीगण्डकी तटीय क्षेत्रमा रहेको नदीजन्य बस्तुहरूको उपयोगबाट आन्तरिक राजश्व अभिवृद्धि गर्न सकिने अवस्था रहेको ।
- ❖ ऐतिहासिक तथा पौराणिक महत्त्व बोकेको पञ्चासे क्षेत्र, विभिन्न ऐतिहासिक कोटघरहरू, धार्मिक स्थलहरू तथा अन्य प्राकृतिक स्थलहरूलाई प्रमुख पर्यटकीय गन्तब्यस्थलका रूपमा विकास गर्न सकिने अवस्था रहेको ।
- ❖ नगरपालिकाका सबै वडाहरूमा सडक सञ्जाल, सञ्चार तथा विद्युतीकरण जस्ता विकासका आधारभूत पूर्वाधारहरूको सुविधा पुगेको ।
- ❖ व्यवसायिक कृषिलाई प्रवर्द्धन गरी पशुपालन, तरकारी, फलफूल आदि जस्ता व्यवसायको माध्यमबाट पर्याप्त लाभ लिन सकिने अवस्था रहेको ।
- ❖ राजनैतिक परिवर्तनसंगै नगरबासी जनतामा देखिएको उत्साह र विकास तथा समृद्धिप्रतिको उत्कट चाहनालाई संस्थागत गर्न सकिने अवसर रहेको ।
- ❖ जलस्रोत र वनजंगलको भरपुर रूपमा उपयोग गर्न सकिने अवस्था रहेको ।
- ❖ कालीगण्डकी जलयात्रा, कालीगण्डकी र मोदीखोलामा निर्माण भएका र निर्माणाधीन नेपालकै अग्ला र लामा झोलुङ्गे पुलहरू । कुश्मा बलेवा जोड्ने यान्त्रिक पुल, बञ्जी पुल तथा बलेवा विमानस्थलको उपयोग गर्दै पर्यटन व्यवसायलाई विस्तार गर्न सकिने अवस्था रहेको ।
- ❖ कालीगण्डकी करिडोरसंग सडक सञ्जाल जोडिएकोले यसबाट पर्यटन तथा व्यापार व्यवसायमा विस्तार गर्न सकिने अवस्था रहेको ।
- ❖ उपलब्ध प्राकृतिक स्रोत र संस्कृतिलाई एकिकृत गरी विकास र समृद्धिको मार्गमा लगाउन सकिने अवसर रहेको ।

## ७.३ नगरपालिकाका समस्या तथा चुनौतीहरु

यस कुश्मा नगरपालिकामा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका प्रशस्त सम्भावनाको संगसंगै चुनौतीहरू पनि त्यति नै मात्रामा रहेका छन् । यस क्षेत्रको विकास र पहिचानको प्रमुख समस्या भनेको नै दीर्घकालीन र दिगो किसिमको सामाजिक तथा भौतिक विकासका पूर्वाधारको माध्यमबाट नगरबासीको जीवनस्तरमा उल्लेख्य रूपमा पविर्तन ल्याउन कसरी सकिन्छ भन्ने हो । नगरपालिकामा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सन्दर्भमा निम्न चुनौती एव समस्याहरू रहेका छन्ः-

- वर्तमान संविधानले नगरपालिकालाई राजश्व सङ्कलन र आर्थिक स्रोत परिचालनका सम्बन्धमा अधिकारहरूको व्यवस्था गरेको भए तापनि सोही अनुसारको आर्थिक, प्रशासनिक संरचना तथा मानव संशाधनको उचित व्यवस्था गर्न नसकेसम्म आन्तरिक राजश्व सङ्कलनमा अपेक्षित रूपमा ठूलो फड्को मार्न सक्ने कार्य पनि चुनौतीपूर्ण देखिन्छ ।
- नगरपालिकाको कुश्मा बजारमा रहेका ४ वटा वडा बाहेक अन्य सबै वडाहरू ग्रामीण क्षेत्रमा रहेका छन् । धेरैजसो भू-भागमा वनक्षेत्र, चरनपाखा, खोला, बगर, भीर पाखा र भिरालो जमिन भएकोले कृषिको आधुनीकिकरण गरी व्यवसायिक कृषिलाई अघि बढाउने कार्य पनि चुनौतीपूर्ण नै छ ।
- विगतमा स्थानीय निकायले जस्तै वर्तमानमा पनि नगरपालिकाबाट विनियोजित बजेट धेरैजसो भौतिक पूर्वाधारमा मात्र केन्द्रीत भएको र मानव संसाधन विकास तथा सामाजिक क्षेत्रमा कम बजेट छुट्टयाउने परम्परालाई परिवर्तन गर्नुपनि चुनौतीपूर्ण रहेको छ ।
- नगरपालिकाका विभिन्न वडाहरूमा विभिन्न प्रकारका नयाँ नयाँ फलफूल, तरकारी, पशुपालन जस्ता व्यवसायहरू शुरू गरे तापनि यिनीहरूका लागि बजारको पहिचान नगरेसम्म कृषकहरूलाई यसतर्फ दीर्घकालीन रूपमा आकर्षित गराउने कार्य चुनौतीपूर्ण छ ।
- नगरपालिकाका १४ वटै वडाहरूमा मोटरबाटो पुगे तापनि सदरमुकाम क्षेत्र बाहेक अधिकांश ग्रामीण सडकहरू साँघुरा, जीर्ण तथा कच्ची रहेका छन् । यसले गर्दा सडक यात्रा जोखिमपूर्ण र खर्चिलो बन्दै गएको छ । सबै वडाहरूमा पुग्ने सडकमार्गलाई कालोपत्रे गर्ने तथा कम्तीमा पनि ग्र्याबलिङसम्म गर्ने कार्य चुनौतीपूर्ण छ ।
- पर्यटकीय विकासको उच्च सम्भावना बोकेको पञ्चासे क्षेत्र पर्यावरणीय दृष्टिले उपयुक्त र प्राकृतिक सौन्दर्यताको दृष्टिले मनोरम स्थल हुँदाहुँदैपनि सडक यातायातको सहज पहुँच नभएकोले सजिलैसंग यस क्षेत्रमा पुग्न सकिने अवस्था छैन । भौगोलिक अवस्था तथा पर्यावरणीय दृष्टिले अति संवेदनशील क्षेत्र भएकोले विकासका पूर्वाधारहरूको विस्तार गर्न यहाँ त्यति सजिलो रहेको छैन ।
- बढ्दो शहरिकरण संगसंगै उत्पन्न हुने फोहारमैलालाई उपयुक्त ल्याण्डफिल्ड साइटको निर्माण गरी व्यवस्थापन गर्ने कार्य पनि चुनौतीपूर्ण रहेको छ ।
- ऐतिहासिक तथा धार्मिक सम्पदास्थलहरूको संरक्षण र संवर्द्धनपट्टि सम्बन्धीत निकायको कम चासो रहनु ।
- सडक, शिक्षा, स्वास्थ्य, सिंचाई, खानेपानी, सञ्चार जस्ता भौतिक पूर्वाधारको विकास सँगसँगै नगरबासीहरूको आर्थिक अवस्थामा सुधार र परिवर्तन ल्याउने कार्य चुनौतीपूर्ण देखिन्छ ।

## ७.४ नगरपालिकाका विकासका सम्भावनाहरु

विश्वका अतिकम विकसित राष्ट्रहरूमध्येमा हाम्रो देश नेपाल पनि पर्दछ । प्राकृतिक साधन तथा स्रोतको प्राचुर्यता हुँदाहुँदै पनि तिनीहरूको अधिकतम् ढंगबाट परिचालन र उपयोग हुन नसक्दा आर्थिक विकासका दृष्टिले पिछडीएको अवस्थामा नेपाल रहेको छ । लामो समयसम्मको योजनावद्ध विकासको बाबजुद्पनि समृद्धि र उन्नतिको अपेक्षित परणिामको अनुभव गर्न अझैसम्म सकिएको छैन । देशको समग्र स्थिति जस्तै पहाडी भू -धरातल भएको पर्वत जिल्लाको मध्ये क्षेत्रमा अवस्थित यस नगरपालिकाको पनि रहेको छ । यहाँ रहेका विभिन्न धार्मिक सम्पदास्थलहरू, पर्यटकीय स्थलहरू, अनुपम प्राकृतिक सौन्दर्यता, प्राकृतिक स्रोत तथा साधनको प्राचुर्यता, लघु उद्यम विकास, कृषि विकास, व्यवसायिक तरकारी खेती र पर्या-पर्यटनको प्रबल सम्भावना बोकेको यस नगरपालिकामा सामाजिक, आर्थिक तथा पर्यटन विकासका प्रशस्त सम्भावनाहरू रहेका छन् । नगरपालिका क्षेत्रभित्रका आर्थिक स्रोतहरूको पहिचान गरी तिनबाट पर्याप्त राजश्व सङ्कलन गर्दै केन्द्रीय र प्रादेशिक सरकारबाट प्राप्त हुने अनुदान रकमको समेत उपयोगसहित आर्थिक विकासको गतिलाई अघी बढाउँदै समृद्धि र उन्नतिको शिखरमा पुग्न सक्ने बलियो सम्भावना र अवसर नगरपालिकामा रहेको छ । यो नगरपालिका ढुङ्गा, गिटी, बालुवा, जडिबुटी, वनपैदावर आदिजस्ता प्राकृतिक स्रोत तथा साधनहरूले धनी रहेको छ । यस किसिमका स्रोत तथा साधनको आदर्शतम् तरिकाबाट उपयोग र परिरचालन गर्नसके आर्थिक रूपले सबल बन्न सक्ने सम्भावना रहेको छ । नगरपालिकाको समृद्धि भनेको नै नगरबासीहरूलाई आर्थिक रूपले सबल बनाई उनीहरूको जीवनस्तरमा सुधार ल्याउनु हो ।

केन्द्रिकृत राज्यप्रणालीबाट उपेक्षित जस्तै बन्दै गएको समाज र समुदायको विकासको जिम्मेवारी अब स्थानीय तहमा आइपुगेको छ । आफ्नो नगरपालिकालाई समृद्ध बनाउन के कस्तो योजना बनाउने, के कस्ता कार्यक्रमहरू सञ्चालन गर्ने, आर्थिक स्रोतको व्यवस्थापन कसरी गर्ने भन्ने बारेमा निर्णय गर्ने अधिकार अब आफैसंग आइपुगेको छ । यसकारण पनि नगरपालिकाको

विकास र समृद्धिका अवसरहरू तथा सम्भावनाहरू के कस्ता छन त्यसमा बहस र छलफल गरी अघी बढ्नु अपरिहार्य भएको छ । संविधानले अधिकार प्रदान गर्दैमा मात्र स्थानीय तहहरू स्वतः समृद्धिको तहमा पुग्ने होइनन् । ति अधिकारको प्रयोग र कार्यान्वयन गर्ने कुरा मुख्य चुनौतीको विषय हो । विगतका स्थानीय निकायहरूको भन्दा वर्तमानमा गठन गरिएका स्थानीय तहहरूको क्षेत्र फराकिलो भएकोले प्राकृतिक तथा आर्थिक स्रोतको एकत्रिकरण पनि भएको छ । नगरपालिकाको क्षेत्रभित्र छरिएर रहेका आर्थिक तथा प्राकृतिक स्रोतहरूको उपयुक्त र योजनावद्ध तरिकाबाट उपयोग तथा परिचालन गर्न सक्ने हो भने समुन्नत नगरपालिकाको निर्माण हुन गई नगरबासीको आर्थिकस्तर तथा जीवनस्तरमा समेत परिवर्तन ल्याउन सकिने अवसर रहेको छ । कुश्मा नगरपालिकामा आर्थिक, सामाजिक तथा पर्यटकीय विकासका प्रचुर सम्भावना र अवसरहरू रहेका छन् । व्यवसायिक कृषि, पर्यटन तथा लघु उद्यम विकासका प्रशस्त सम्भावना यहाँ रहेका छन् । दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यसहित राजनैतिक दल, जननिर्वाचित प्रतिनिधि, नागरिक समाज, बुद्धिजीवी तथा सम्पूर्ण संघसंस्थाको सामुहिक एक्यवद्धता र भावनालाई जागृत गर्न सकियो भने आर्थिक, प्राकृतिक, मानवीय तथा धार्मिक, सांस्कृतिक स्रोत र सम्पदाले धनी यस नगरपालिकाको समृद्धि र उन्नति अवश्यमभावी रहेको देखिन्छ ।

अनुपम प्राकृतिक सौन्दर्यताले भरिपूर्ण तथा पौराणिक महत्त्व बोकेको पञ्चासे, ऐतिहासिक कोटघरहरू, धार्मिक स्थलहरू, कालीगण्डकी र मोदीखोलामा रहेका अग्ला र लामा झोलुङ्गे पुलहरू आदिजस्ता महत्त्वपूर्ण सम्पदास्थलहरूले यस नगरपालिका धनी रहेकोले पर्यटन विकासका प्रशस्त सम्भावनाहरू यहाँ रहेका छन् । नगरपालिकाको विकासको मूख्य सम्भावना भनेको नै पर्यटन, व्यवसायिक कृषि, व्यापार व्यवसाय तथा लघु उद्यमको विकास हो ।

यस किसिमका प्राकृतिक धार्मिक स्थलहरूको सांस्कृतिक, पर्यटकीय तथा आर्थिक विकासको सम्भावनालाई केलाउँदा यसको विकासले यस क्षेत्रका विपन्न, दलित, सिमान्तकृत जातजाति, महिला, पिछडिएको वर्ग समुदायको आर्थिक स्तरमा परिवर्तन ल्याउन सकिन्छ या सकिदैंन र समावेशीमुलक विकास हुन सक्छकी सक्दैन भन्ने कुरालाई पनि ध्यान दिनुपर्ने हुन्छ । यस नगरपालिकामा रहेका ऐतिहासिक तथा धार्मिक सम्पदास्थलहरूको पहिचानसहित समग्र नगरपालिकाको विकासका लागि निम्न आधार तथा सम्भावनाहरूलाई यथार्थतामा परिणत गर्न सकेमा कुश्मा नगरबासीहरूको आर्थिकस्तरमा सुधार गरी जीवनस्तरमा परिवर्तन ल्याउन सकिने सम्भावनाहरू रहेका छन् । यस कुश्मा नगरपालिकामा रहेका आर्थिक, तथा पर्यटकीय विकासका सम्भावनाहरूलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छः-

- कुश्मादेखि बलेवा, कटुवाचौपारी र मुडिकुवा जोड्ने नेपालकै अग्ला र लामा मानिएका झोलुङ्गेपुलहरू, यान्त्रिक पुल, बञ्जीपुल आदिको अझै व्यापक प्रचार प्रसार गर्न सक्ने हो भने आन्तरिक तथा बाह्य पर्यटकहरूलाई नगर क्षेत्रमा भित्र्याउन सकिने बलियो सम्भावना रहेको छ ।
- नगर क्षेत्रभित्र रहेका दुर्लुङकोट, खौलाकोट, जुम्ली ठाना ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण स्थलहरू भएकोले कोट परिसरमा रहेका ऐतिहासिक वस्तु र संरचनाहरूको उत्खनन् गरी तिनलाई मध्यकालीन शैलीमा नवनिर्माण गर्न सक्ने हो भने पर्यटकहरूका लागि ती आकर्षक सम्पत्ति हुनसक्ने बलियो संभावना रहेको छ । यी कोटहरूमा पूजिने देवी भगवती तथा भूमेदेवप्रति यस क्षेत्र लगायत छिमेकी जिल्लाका मानिसहरूको पनि अगाध आस्था र विश्वास रहेकोले धार्मिक पर्यटनको धेरै संभावना यहाँ रहेको छ । व्यापक प्रचार प्रसार गरी यस क्षेत्रको ऐतिहासिक र धार्मिक महत्त्वलाई आम मानिसहरूका बीचमा लैजान सके पर्यटन विकासका लागि ठूलो योगदान पुग्न सक्ने देखिन्छ ।
- मोदी र जलजला गाउँपालिकासंग सहकार्य गरी कुश्मा बजारलाई आधार मानी दुर्लुङकोट, लेसपार, सहस्रधारा, कालाञ्जर हम्पाल पर्वत हुँदै घोडेपानीसम्म पुग्ने एउटा मनोरम पदयात्रा मार्गको सञ्चालन गर्न सकेमा कालञ्जर पर्वत, हम्पालको लेक, जलजला, सिर्पू, सहस्रधारा आदिजस्ता धार्मिक तथा पर्या-पर्यटनका लागि प्रचुर सम्भावना बोकेका क्षेत्रहरूलाई समेट्दै नगरपालिकाको पर्यटन व्यवसायलाई विस्तार गर्न सकिने सम्भावना रहेको छ ।
- कुश्मादेखि अल्पेश्वर गुफा, पूर्णेश्वर शिवालय मन्दिर, ठूलीपोखरी, बाटुलेचौर, खौलाकोट, जुम्लीठाना हुँदै पञ्चासेसम्म पुग्ने नयाँ पदमार्गको सञ्चालन गर्ने हो भने धार्मिक पर्यटनको विस्तार गर्न सकिने बलियो सम्भावना रहेको छ ।
- कुश्मा नगरक्षेत्रभित्र रहेका गुप्तेश्वर गुफा, अल्पेश्वर गुफा तथा मोदीवेनीको महिमालाई व्यापक प्रचार-प्रसार गर्न सके धार्मिक पर्यटनको विकाससँगै आन्तरिक र वाह्य पर्यटकका लागि आकर्षण केन्द्रका रूपमा यी क्षेत्रलाई स्थापित गर्न सकिने सम्भावना रहेको छ ।
- कालीगण्डकी लोकमार्ग, मध्य पहाडी लोकमार्ग जस्ता राष्ट्रिय गौरवका सडकहरू कुश्मा नगरपालिकाको मुख्य भाग हुँदै जाने भएकोले यी मार्गहरूको उपयोगबाट व्यापार व्वसाय वृद्धिका लागि प्रशस्त लाभ लिन सकिने संभावना रहेको छ ।
- पोखरा हुँदै प्रसिद्ध तीर्थस्थल मुक्तिनाथसम्म सडकमार्ग प्रयोग गरी जाने आउने तीर्थयात्रीहरूलाई एकरातको बसाई कुश्मामा बस्ने व्यवस्था मिलाई यहाँका चर्चित गुफा तथा अग्ला लामा पुलहरूको अवलोकन गराउने प्रबन्ध मिलाउन सक्ने हो भने यहाँको पर्यटन विकासलाई ठूलो टेवा पुग्ने सम्भावना देखिन्छ ।
- कुश्मा नगरपालिकाभित्र रहेको मोदीवेनीधाम, म्याग्दीको गलेश्वर र मुक्तिक्षेत्रको धार्मिक महिमाको पहिचानसहित यी सम्पदास्थललाई धार्मिक करिडोरका रूपमा विकास गर्न सक्ने हो भने धार्मिक पर्यटनको बलियो सम्भावना यहाँ रहेको देखिन्छ ।

- निर्माणाधीन कालीगण्डकी करिडोरको समेत उपयोग गरी यहाँको व्यापार व्यवसाय तथा पर्यटन व्यवसायलाई विस्तार गर्न सकिने संभावना रहेको छ ।
- धार्मिक तथा सांस्कृतिक रूपमा यो क्षेत्र महत्त्वपुर्ण छ । यो क्षेत्रको भेषभुषा, संस्कृति, रहनसहन तथा रीतिरिवाज आदिलाई आर्थिक तथा पर्यटन विकाससंग सम्वद्ध गराउन सकिने सम्भावना रहेको छ ।
- नगरपालिका क्षेत्र भित्रका विभिन्न ऐतिहासिक कोटघरहरू, धार्मिक स्थलहरू लगायत अन्य पर्यटकीय सम्पदास्थलहरूको व्यापक मात्रामा प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटकहरूको महत्त्वपूर्ण गन्तब्यस्थलका रूपमा यी क्षेत्रलाई विकास गर्न सकिने सम्भावना रहेको छ ।
- नगरपालिकाको आर्थरमा रहेका होमस्टेलाई विस्तार तथा स्तरोन्नती गर्ने एवम् दुर्लुङ, खौलालाँकुरी र ठूलीपोखरीमा पनि होमस्टे सञ्चालन गर्न सकिने सम्भावना रहेकोले यसबाट पर्यटकहरूलाई खान बस्नका लागि सजिलो हुने, स्थानीयबासीको आय आर्जनमा वृद्धि ल्याउन, स्थानीय उत्पादनमा वृद्धि गर्न, रोजगार सिर्जना गर्न, अर्थोपार्जन गर्न तथा संस्कृतिको आदान प्रदान गर्न सकिने प्रवल सम्भावना रहेको छ ।
- सङ्ग्रहालय, संस्कृतिको जर्गेना, ऐतिहासिक वस्तुहरूको प्रचार प्रसार संरक्षण, प्रवर्द्धन, मेला पर्व महोत्सव सञ्चालन गरी आय आर्जनमा वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
- नगरपालिकाको वडा नं. ३ दुर्लुङ र वडा नं. १३ खौलालाँकुरीमा रहेको जुम्लीठानामा प्याराग्लाइडिङ गर्न सकिने स्थलहरू रहेकोले यसको व्यापक अध्ययन गरी  साहसिक पर्यटनको विकास गर्न सकिने सम्भावना रहेको छ ।
- आर्थर डाँडाखर्क, खौलालाँकुरीको माथिल्लो भेग र दुर्लुङको माथिल्लो भेगमा च्याउ, टिमुर तथा सिल्टीमुर खेती विस्तार गर्न सकिने बलियो सम्भावना रहेको छ ।
- नगरक्षेत्रभित्र बाँझो बन्दै गएको जग्गा र अन्नबाली कम उत्पादन हुने जग्गामा सामुहिक तथा सहकारी कृषि प्रणालीका माध्यमबाट व्यवसायिक रूपमा पशुपालन तथा कृषि व्यवसायलाई विस्तार गर्न सकिने बलियो सम्भावना रहेको छ ।
- ठूलीपोखरी, दुर्लुङ र खौलालाँकुरी, पिपलटारी र कटुवाचौपारीका विभिन्न भागहरूलाई लप्सी  उत्पादनको पकेट क्षेत्रका रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।
- नगरपालिकाका विभिन्न स्थानमा भैरहेको बेमौसमी तरकारी खेती तथा आलुखेती लगाउने कृषकहरूलाई प्रोत्साहीत हुनेगरी बजार व्यबस्थापन र मल बिउ आदिको ब्यवस्था गरी कृषकहरूको आय आर्जनमा वृद्धि ल्याउन सकिने सम्भावना रहेको ।
- नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन क्षेत्रहरूमा चिराइतो, रूद्राक्ष, अलैची, कागती, अम्रिसो, बेसार आदिजस्ता बोट विरूवाहरू लगाई त्यसैमा आधारित लघु उद्योगहरू सञ्चालन गर्न सकिने सम्भावना रहेको छ ।
- नगरक्षेत्रभित्रका सामुदायिक वनबाट प्राप्त वनस्पति र काष्ठजन्य वन पैदावरहरूको उपयोगबाट अधिकतम् लाभ लिनका लागि नगरपालिकाबाटै त्यसको नियन्त्रण तथा व्यवस्थापन गर्न सकेमा आन्तरिक राजश्वमा वृद्धि ल्याउन सकिने बलियो सम्भावना रहेको छ ।

### ७.५ निश्कर्ष

सङ्घीय शासन प्रणालीलाई आत्मसाथ गरेको नेपालको वर्तमान संविधानअनुसार गठित विभिन्न स्थानीय तहहरू मध्येको एक यस नगरपालिकाभित्र रहेका पर्यटकीय र धार्मिक सम्पदास्थलहरू, प्राकृतिक साधन तथा स्रोतहरू, मानव पूँजी एवम् अन्य भौतिक सम्पत्तिको प्रचुर मात्रामा उपयोग गर्न सके नगरपालिकाले आर्थिक विकासमा ठूलो फड्को मार्न सक्ने देखिन्छ । नगरपालिकाले निश्चित सोच, उद्धेश्य र लक्ष्य सहित रणनैतिक योजना तयार गरी सो अनुसारका आवधिक तथा वार्षिक योजना र कार्यक्रमहरू निर्माण गरी व्यापक जनसहभागिताको परिचालनसहित विविध कार्यक्रमहरू सञ्चालन गर्न सक्ने हो भने समृद्ध नगरपालिकाका रूपमा यसलाई स्थापित गराउन सकिने बलियो सम्भावना रहेको छ । कालीगण्डकीको तिरदेखि आर्थर डाँडाखर्कसम्म फैलिएको यस नगरपालिकामा अनेकौं प्रकारका प्राकृतिक स्रोत साधनहरू रहेका छन् । संविधानअनुसार तोकिएका अधिकार र स्रोतहरूलाई विवेकपूर्ण तरिकाले परिचालन गर्दै आन्तरिक राजश्वलाई बढाउन सक्ने हो भने पनि यहाँको विकासमा ठूलो योगदान पुग्न सक्ने देखिन्छ । नगरपालिकाका सबै वडामा आवश्यक भौतिक पूर्वाधारहरूको पर्याप्तता नहुनु, सबै वडामा सडक सञ्जाल पुगेको भए तापनि यीनिहरूको स्तरोन्नति गर्ने कार्य खर्चिलो देखिनु, रोजगारीका अवसरहरू सिर्जना गरी युवाशक्तिलाई विदेशीनबाट रोक्ने जस्ता कार्य चुनौतीपूर्ण देखिएका छन् । नयाँ परिवर्तित राजनैतिक संरचनाअनुसार निर्वाचित जनप्रतिनीधिहरूलाई विकास योजना निर्माण तथा कार्यान्वयनका सम्बन्धमा पर्याप्त ज्ञान दिलाई यहाँ रहेका क्रियाशील राजनैतिक दल, सरकारी कार्यालय, संघ संस्था, वुद्धिजीवी तथा सम्पूर्ण सरोकारवाला निकायसंग समन्वय गर्दै नगरपालिकाभित्र रहेका आर्थिक तथा मानवीय साधन स्रोतको समुचित उपयोग गर्दै अगाडि बढ्न सक्ने हो भने केही वर्षमै एक समृद्ध र समुन्नत नगरपालिकाका रूपमा स्थापित गराउन सक्ने महान अवसर रहेको छ । नगरपालिकाको विकासका लागि पर्यटन, प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक, जलस्रोत, वन पैदावर, दुग्धजन्य पदार्थ, व्यवसायिक पशुपालन तथा तरकारी खेती गर्न सकिने बलिया आधारहरू रहेका छन् । व्यवसायिक कृषि प्रणालीमा जोड दिई प्रतिस्पर्धात्मक खेती प्रणालीअनुरूप कृषकहरूलाई आर्थिक अनुदान  उपलब्ध गराउने गरी कृषि योजना

तयार गरी कार्यान्वयन गर्ने, स्थानीय स्रोत साधनको परिचालन हुने खालका लघु उद्यमहरूको सञ्चालन गर्ने, महिलाहरूलाई योजनावद्ध रूपमा सहकारीताको माध्यमबाट उत्पादनशील कार्यमा आवद्ध गराउने, राजनैतिक र सामाजिक सहिष्णुता कायम गर्ने, नगरपालिकाको समग्र विकासका लागि योजनाविद्, अर्थशास्त्री, बुद्धीजीवीहरूका बीचमा व्यापक छलफल कार्यक्रम सञ्चालन गर्नेजस्ता कार्यहरू अघि बढाउन सक्ने हो भने नगरपालिकाको समग्र विकासको अवस्थालाई गति प्रदान गर्न सकिन्छ ।

### ७..६ सुझाव

कुनैपनि क्षेत्रको भौगोलिक बिशिष्टता, सांस्कृतिक तथा धार्मिक मान्यता, जनसहभागिता र राज्यको चासो भएमा मात्र त्यहाँको विकास संभव हुन्छ । यस नगरपालिकामा रहेका धार्मिक तथा पर्यटकीय सम्पदास्थलहरूलाई आर्थिक तथा पर्यटन विकासका रूपमा विकास गर्नु अत्यन्त जरूरी छ । यहाँ विद्यमान आर्थिक तथा प्राकृतिक स्रोत साधनहरूको पहिचान गरी सानो स्तरमा सञ्चालन गर्न सकिने रोजगारमूलक साना तथा लघु उद्यमहरू खोलिनुपर्दछ । यस क्षेत्रमा रहेका प्राकृतिक र धार्मिक सम्पदास्थलहरूको अवलोकनमा आउने पर्यटकहरूका लागि संरक्षण, बाटोघाटो, दृश्यावलोकन गर्ने ठाउँ, खाने बस्ने हाटेल, मनोरञ्जन दिलाउने साधन आदिको उचित व्यवस्थापन गर्न ढिलाई गर्नु हुँदैन । कृषि, पर्यटन, लघु उद्यम, पशुपालन, फलफूल खेती आदिको विकास र विस्तारमा जोड दिई यीनिहरूलाई जीवननिर्वाहमुखी मात्र नबनाई व्यवसायिक रूपमा अघि बढाउन सकेमा नै जनअपेक्षा अनुरूप नगरपालिकाको विकास र समृद्धिको गतिलाई नयाँ शिखरमा पुऱ्याउन सकिन्छ । यस क्षेत्रको समग्र विकासका लागि देहाय अनुसारका कार्यहरू गर्नु पर्ने देखिन्छ :-

- नगरपालिका क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक, भौगोलिक र प्राकृतिक स्रोतहरूको पहिचान गरी यी क्षेत्रको संरक्षण र विकासका लागि केन्द्रीय सरकार, प्रादेशिक सरकार, जिल्ला समन्वय समिति एवम् छिमेकी गाउँपालिका र नगरपालिकाहरूसंग समन्वय गरी विशेष कार्यक्रम र योजनाका साथ अघि बढ्नु पर्ने ।
- नगर क्षेत्रमा निर्माण गरिएका पुराना सत्तल, पाटी, पौवा जीर्ण अवस्थामा रहेकोले यिनीहरूको जिर्णोद्धार गरिनु पर्ने ।
- वातावरणमैत्री मान्यतालाई अंगिकार गरी विकास निर्माणका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- नगरपालिकाका विभिन्न वडाहरूमा रहेको कृषियोग्य तर बाँझो रहेको जमिनलाई सकेसम्म सदुपयोग गर्ने गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।
- नगरपालिकाभित्र प्राविधिक विषयतर्फ पढाइ हुने प्राविधिक शिक्षालयको सञ्चालन गर्ने ।
- नगरपालिकाभित्रका कृषक, लघु उद्यमी तथा अन्य व्यवसायीलाई सस्तो ब्याज दरमा कर्जा उपलब्ध गराउने संगठित बित्तीय संस्थाहरूका शाखाहरू ग्रामीण तहसम्म स्थापना गर्नमा पहल गर्ने ।
- नगरपालिका क्षेत्रभित्र रहेका काष्ठजन्य तथा गैरकाष्ठजन्य वन पैदावरहरूलाई उचित र व्यवस्थित तरिकाले बेच विखन गर्ने प्रबन्ध मिलाइ नगरपालिकाको आन्तरिक आयमा वृद्धि गराउनेतर्फ आवश्यक कार्य गर्ने ।
- नगरपालिकाभित्र रहेका विभिन्न ऐतिहासिक सम्पदास्थल, मठ मन्दिर, देवालय तथा अन्य पर्यटकीय स्थलहरूको पहिचान खुल्ने गरी व्यापक प्रचार प्रसार गर्ने ।
- नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोत तथा साधनको अधिकतम् ढंगबाट परिचालन गर्ने गरी उपयुक्त किसिमको योजना तथा कार्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउने ।
- नगरपालिकाको समग्र विकासका लागि गुरूयोजना तयार गर्ने र सो अनुसार आवधिक तथा वार्षिक योजना तथा कार्यक्रमहरू तय गरी आवश्यक बजेटको व्यवस्थासहित विकास कार्यलाई अघी बढाउने ।
- कुश्मा नगरपालिका भित्रका विभिन्न धार्मिक तथा पर्यटकीय सम्पदास्थलहरूको विकास र विस्तार गर्नका लागि वृहत पर्यटन विकास गुरूयोजना निर्माण गरी सो अनुसारका योजनाहरू कार्यान्वयनमा ल्याउने ।
- पर्वत जिल्लाको उत्तरी भागमा स्थित कालञ्जर हम्पाल पर्वत तथा जलजला भन्ने स्थल पौराणिक, प्राकृतिक तथा पर्यटकीय दृष्टिले अत्यन्तै महत्त्वपूर्ण स्थल भएकोले नगरपालिकाले जलजला तथा मोदी गाउँपालिकासंग सहकार्य गरी नीजि क्षेत्रको सहभागितामा कुश्मा बजार आसपासबाट दुर्लुङकोट, हलजुरे हुँदै सिर्पुसम्म पुग्ने केबलकारको निर्माणको वातावरण सिर्जना गर्ने ।
- नगरपालिका भित्रका सडकहरूलाई फराकिलो बनाई स्तरोन्नती गर्दै लैजानुपर्ने ।
- नगरपालिकाभित्रका समाजशास्त्री, अर्थशास्त्री, इन्जीनियर्स, डक्टर, प्राध्यापक, शिक्षक तथा सेवानिवृत राष्ट्रसेवकहरूको रोस्टर खडा गरी नगरपालिकाको विकास निर्माणमा तिनीहरूको ज्ञानको सदुपयोग गर्ने । विशेष गरेर गुरूयोजना, आवधिक योजना तथा रणनीतिक योजना निर्माण तथा कार्यान्वयनका सन्दर्भमा सकेसम्म नगरपालिकाभित्रकै अर्थशास्त्री, समाजशास्त्री, योजनाविद्हरूको सहयोग लिने ।
- नगरपालिकाभित्रका कुन वडामा के कस्ता किसिमका आर्थिक तथा प्राकृतिक स्रोत साधन रहेका छन् त्यसको पहिचान गरी परिचालन गर्नका लागि आवश्यक कार्यक्रमहरू ल्याउने ।
- नगरक्षेत्रभित्र रहेका ग्रामीण बस्तीहरूमा प्राकृतिक प्रकोपले गर्दा बालीनालीमा ठूलो क्षेति पुग्ने गरेकोले कृषकहरूलाई बाली बीमा वा कृषि बीमाको व्यवस्था गर्ने ।

- नगरपालिकाका १४ वटै वडाहरूमध्ये प्रत्येक वडालाई कुनै विशेष उत्पादनको पहिचान दिने गरी एक गाउँ एक उत्पादनको योजना बनाई कार्यान्वयन गर्ने ।
- नगरबासीहरूको आय आर्जनका लागि सामुहिक तथा सहकारी खेतीका माध्यमबाट नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वनको अधिकतम् उपयोगका लागि वन क्षेत्रभित्र रूद्राक्ष, चिराइतो, बोधिचित्त, अलैंची, कागती, बेसार, अम्रिसो आदिका बोटविरूवाहरू लगाउने । यसका लागि सम्बन्धीत वडा कार्यालयहरूले व्यवस्थापन गर्ने ।
- नगरपालिकाका सबै वडाहरूमा मोटरबाटो पुगेकोले साविक गा.वि.स. का केन्द्र रहेका ठाउँसम्म वर्षभरि नै यातायातका साधनहरू सञ्चालन हुने गरी भइरहेका सडकमार्गहरूको ग्याबलिङ गरी स्तरोन्नती गर्दै लैजाने ।
- आन्तरिक तथा बाह्य पर्यटनलाई टेवा पुर्‍याउने गरी कुश्मा बजार तथा नगरपालिकाको अन्य क्षेत्रमा सञ्चालन हुँदै आएका होटेल तथा रेष्टुरेण्टहरूको सेवालाई अझै स्तरीय बनाउनमा प्रेरित गर्ने ।
- निजी व्यवसायी तथा संघ संस्था सबैलाई करको दायराभित्र समाहित गरी कर राजश्वलाई बढाउने । नगरपालिकाभित्रका नागरिकहरूलाई प्रगतिशील कर प्रणालीको अनुसरण गरी घरधुरी कर तथा एकिकृत सम्पत्ति कर लगाउने ताकि यसबाट आन्तरिक राजश्वमा वृद्धि गर्न सकियोस ।
- योगदानमा आधारित वा समपुरक कोष खडा गरी सार्वजनिक निजी साझेदारीमा भौतिक पूर्वाधार निर्माणको कार्यलाई अघी बढाउने ।
- नगरपालिकाभित्रका नगरबासीहरूलाई आफ्नो टोल र गाउँ आफै बनाऔं भन्ने भावनाको जागरण ल्याउने कार्यक्रम ल्याई उनीहरूलाई विकास निर्माणका कार्यमा प्रत्यक्ष सहभागी गराई जनसहभागितामा वृद्धि गर्ने ।
- नगरपालिकामा क्रियाशील राजनैतिक दलहरूबीच यहाँको समग्र विकास र समृद्धिका लागि आपसि समन्वय र सहकार्य गरी अघी बढ्ने ।
- स्थानीय स्तरको योजना तर्जुमा तथा कार्यान्वयनको क्रममा जनसहभागितात्मक योजना निर्माण र कार्यान्वयन प्रक्रियालाई जोड दिने ।
- नगरपालिकाले वार्षिक बजेट तथा कार्यक्रममा टुक्रे योजनालाई प्राथमिकता नदिई आवधिक योजना बनाई दीर्घकालीन महत्त्वका योजनाहरूलाई प्राथमिकता दिई अघि बढ्ने ।
- नगरपालिकाले आफ्नो दुरदृष्टि, लक्ष्य तथा निश्चित उद्देश्यहरूको स्पष्ट किटान गरी एक वर्ष, तीन वर्ष तथा पाँच वर्ष रणनीतिक योजना निर्माण गरी सोहीअनुसारका वार्षिक कार्यक्रमहरू कार्यान्वयनमा ल्याउने ।
- स्थानीय तहमा केन्द्रित रहने गरी साझेदारी शासन प्रणालीमा जोड दिने ।
- नगरपालिकाले आफ्नो सरकारी कार्यका लागि आवश्यक पर्ने जनशक्ति थप गर्दा स्थानीयबासीलाई नै नियुक्ति गर्न प्राथमिकता दिने ताकी केही हदसम्म भएपनि बसाइसराइलाई रोक्न सकियोस ।
- विभिन्न प्रकारका सिपमूलक तथा आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरी युवा जनशक्तिलाई स्वरोजगारमूलक पेशा व्यवसायतर्फ आकर्षित गराउने ताकी बढ्दो बेरोजगारीलाई केही हदसम्म भएपनि कम गर्न सकियोस ।
- नगरपालिकामा विभिन्न जातिहरूको बसोबास रहेकोले तीनिहरूको संस्कृतिको जगेर्ना गर्ने । दुर्लुङ, ठूलीपोखरी तथा खोलालाँकुरीमा होमस्टे सेवा थप गरी आर्थर डाँडाखर्कमा सञ्चालित होमस्टेबाट भइरहेको सेवालाई थप विस्तार र स्तरोन्नति गर्ने ।
- आफ्ना जिम्मेवारी के के हुन? तिनलाई प्राप्त गर्न के के सिप, जनशक्ति र स्रोत चाहिन्छ? आफुले नजानेका विषय कसरी र कहाँबाट सिक्न सकिन्छ भन्नेतर्फ नगरपालिकाका निर्वाचित प्रतिनिधिले ध्यान दिनुपर्ने ।
- प्रारम्भमा नगरपालिकाले आफ्नो जिम्मेवारी भित्रका कति काम कसरी गर्न सकिन्छ ? र त्यसलाई प्रदेश तथा संघले कसरी के के विषयमा सघाउनुपर्दछ भन्ने कार्ययोजना बनाउन वडाका जनप्रतिनिधिहरूलाई प्रेरित गर्ने ।
- कुश्मा नगरपालिकाको नयाँपुलबाट शुरू हुने जलयात्रामा आउने पर्यटकहरूबाट जलयात्रा शुल्क लिने व्यवस्था गर्न सकियो भने नगरपालिकाको आम्दानीमा वृद्धि गर्न सकिन्छ ।
- कुश्मा नगरपालिकाभित्र भित्रिएको विप्रेषण आयलाई बैंक तथा वित्तिय संस्थाहरूमार्फत परिचालन गराई सकेसम्म व्यवसायिक कृषि, लघु उद्यम आदिजस्ता रोजगारी सिर्जना गर्ने र उत्पादनशील क्षेत्रमा लगानी गर्नका लागि विभिन्न किसिमका योजना तथा कार्यक्रम ल्याउने ।

# अनुसूची –१

कुश्मा नगरपालिकाले चालु आर्थिक वर्ष ०७४/०७५ का लागि चालुतर्फ कुल रू. ६,८२,३३,०००/- ( अक्षरूपी छ करोड बयासी लाख तेत्तिस हजार) र पुँजीगततर्फ विषयगत कार्यालयका लागि विनियोजित रकम समेत गरी रू. १८,०६,७२,०००/-( अक्षरूपी अठार करोड छ लाख बहत्तर हजार) बराबरको बजेट नगर सभाबाट पारित गरेको छ । यस आर्थिक वर्षका लागि पुँजीगततर्फ विनियोजित बजेट तथा वार्षिक योजना र कार्यक्रमहरूको विवरण यसप्रकार रहेको छ ।

**क. नगरपालिकास्तरबाट सञ्चालन हुने योजना तथा कार्यक्रम र विनियोजित रकमः**

| क्र. सं. | कार्यप्रकृतिअनुसार क्षेत्रगत रूपमा योजना तथा कार्यक्रमको विवरण | विनियोजित रकम (रू. हजार ) | कैफियत |
|---|---|---|---|
| १ | पूँजीगत सुधार खर्च भवन | १५०५ | |
| २ | फर्निचर तथा फिक्चर्स | ४८०० | |
| ३ | मेशिनरी औजार | २००० | |
| ४ | सवारी साधन | ३००० | |
| ५ | सार्वजनिक निर्माण ठूला पूर्वाधार | ४६५०० | |
| ६ | पूँजीगत सुधार खर्च पूँजीगत निर्माण | ७००० | |
| ७ | सफ्टवेयर निर्माण र खरिद खर्च | १५०० | |
| ८ | निवेदन तथा आवश्यकताका आधारमा सम्बोधन गरिएका योजनाहरू | ७००० | |
| ९ | समपुरक कोष लगायतका अन्य कोष | १०००० | |
| १० | लक्षित वर्ग विकास कार्यक्रम | ६००० | |
| ११ | ल्याण्डफिल्ड साइट | ५००० | |
| १२ | सौर्य सडकबत्ति | ३००० | |
| १३ | वडागत योजनाहरूका लागि विनियोजन | ५४३६७ | |
| १४ | विषयगत कार्यालयका लागि विनियोजन | २९००० | |
| | पूँजीगततर्फ जम्मा खर्च | १८०६७२ | |
| १६ | चालु खर्च | ६८२३३ | |
| १७ | जम्मा खर्च | २४८९०५ | |

स्रोतः कुश्मा नगरकार्यपालिकाको कार्यालय, पर्वत, २०७४ ।

**ख. वडास्तरबाट सञ्चालन हुने योजना तथा कार्यक्रम विवरण (प्रत्येक वडामा विनियोजन गरिएको पूँजीगत तर्फको रकमबाट खर्च हुने गरी स्वीकृत गरिएका योजनाहरुको विवरण):–**

| वडा नं. | कार्यप्रकृतिअनुसार क्षेत्रगत रूपमा योजनाहरूको समष्टिगत विवरण योजनामा विनियाजित रकम तथा योजना सङ्ख्या | | | | | जम्मा रकम रू. हजारमा | योजना सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| | आर्थिक विकास तथा कृषि विकासतर्फ | सामाजिक विकास (लक्षित वर्ग, सिंचाई, शिक्षा, खानेपानी) | पूर्वाधार विकास (सडक निर्माण, मर्मत संभार तथा स्तरोन्नती) | वातावरण तथा विपद व्यवस्थापन | संस्थागत विकास,सेवा प्रवाह र सुशासन | | |
| १ | १५० | १६३५ | १९५० | २०० | १३० | ४०६५ | ३६ |
| २ | २१५ | १७५५ | १६५५ | ७० | ३१० | ४००५ | ४३ |
| ३ | ४५० | १९९५ | ९४५ | १५० | ४०० | ३९४० | ४० |
| ४ | ३०० | १२५० | २३२५ | १०० | २०५ | ४१८० | २० |
| ५ | १६० | ६७० | २७५० | ९० | ३८० | ४०५० | २४ |
| ६ | ० | ९०० | २४८५ | ० | ५०० | ३८८५ | २१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | ७६५ | १११० | १६१० | १०० | ६५० | ४२३५ | २७ |
| ८ | ४०० | १७५० | १५५० | ० | ४०० | ४१०० | १४ |
| ९ | ३०० | १८५० | १७५० | ५० | ५० | ४००० | ३३ |
| १० | ३०० | ९५० | १८५० | ० | २० | ३१२० | ३४ |
| ११ | १५० | १६९५ | २०४० | १०० | २५० | ४२३५ | ४७ |
| १२ | २५० | १९८२ | १००० | ५० | २७५ | ३५५७ | ४४ |
| १३ | ६०५ | ११२५ | १६५० | ० | २४५ | ३६२५ | ३२ |
| १४ | ४०० | ५६० | १९५० | ० | ८५० | ३७६० | २९ |
| जम्मा | ४४४५ | १९२२७ | २५५१० | ९१० | ४६६५ | ५४७५७ | ४४४ |

स्रोतः नगरविकास योजना, कुश्मा नगर कार्यपालिकाको कार्यालय, पर्वत, २०७४ ।

# अनुसूची- २

**कुश्मा नगरकार्यपालिकाबाट पारित गरिएका विभिन्न ऐन तथा नियमावली तथा कार्यविधिको विवरण**

१. कुश्मा नगरपालिकाको विनियोजन ऐन- २०७४ ।
२. कुश्मा नगरपालिकाको आर्थिक ऐन- २०७४ ।
३. कुश्मा नगरपालिकाको शिक्षा ऐन - २०७५ ।
४. कुश्मा नगरपालिकाको सहकारी ऐन - २०७५ ।
५. कुश्मा नगरपालिकाको कृषि ऐन - २०७५ ।
८. कुश्मा नगरपालिकाको नगरसभा सञ्चालन कार्यविधि - २०७४ ।
९. कुश्मा नगर कार्यपालिकाको बैठक सञ्चालन कार्यविधि - २०७४ ।
१०. कुश्मा नगरपालिकाका पदाधिकारीहरूको आचार संहिता - २०७४ ।
११. कुश्मा नगर कार्यपालिकाको कार्यसम्पादन कार्यविधि - २०७४ ।
१२. स्थानीय तहको योजना तथा बजेट दिग्दर्शन - २०७४ ।
१३. कुश्मा नगर कार्यपालिका कार्यविभााजन नियमावली - २०७४ ।
१४. कुश्मा नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण कार्यविधि - २०७४ ।
१५. कुश्मा नगरपालिकाको घ वर्गका निर्माण व्यवसायी इजाजत पत्र कार्यविधि - २०७४ ।

# अनुसूची -३

**नगरपालिका क्षेत्रभित्र रहेका प्रमुख  धार्मिक तथा पर्यटकीय सम्पदास्थलहरुको परिचय**

हिमालयको काखमा अवस्थित हाम्रो देश नेपाल धार्मिक, सामाजिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको धनी राष्ट्रका रूपमा विश्वभर परिचित छ । हजारौं नदीनालाहरूद्वारा सिंचित र अनुपम प्राकृतिक तथा धार्मिक सम्पदास्थलहरूका कारण पावन पुण्यभूमिका रूपमा नेपाललाई पुकारिँदै आएको पाईन्छ । पर्वत जिल्लाको मध्य क्षेत्रमा अवस्थित यस कुश्मा नगरपालिका विविध प्राकृतिक, धार्मिक, ऐतिहासिक, पौराणिक तथा पर्यटकीय स्थलहरूले धनी रहेको छ । भूरे टाकुरे राजाको शासनकाल र बाइसी चौबीसी राज्यको शासनकालमा स्थापना गरिएका कोटमन्दिर तथा किल्ला, प्राकृतिक स्थल, विभिन्न धार्मिक स्थल तथा मठमन्दिरहरू एवम् अग्ला र लामा मानिएका झोलुङ्गे पुलहरू, बञ्जीपुल आदि नगरपालिकाका पर्यटकीय विकासका आधारहरूका रूपमा देखिएका छन् । यी धार्मिक, प्राकृतिक तथा पर्यटकीय सम्पदास्थलहरू रहेका क्षेत्रमा सञ्चार, सडक, विद्युतीकरण तथा अन्य भौतिक पूर्वाधारहरूको यथोचित रूपमा विकास गर्न सकेमा यस कुश्मा नगरपालिकाको आर्थिक, सामाजिक तथा पर्यटन विकासमा ठूलो टेवा पुग्ने देखिन्छ । यहाँ नगरपालिकाभित्र रहेका केही प्रमुख ऐतिहासिक, धार्मिक तथा संभावित पर्यटकीय स्थलका रूपमा विकास गर्न सकिने स्थलहरूका बारेमा उल्लेख गरिएको छ ।

**१. दुर्लुङकोट**

वर्तमान पर्वत जिल्ला र मध्यकालीन समयमा तत्कालीन पर्वत राज्यअन्तर्गत रहेका विभिन्न कोटहरूमध्ये दुर्लुङकोट पनि एक हो । साविकको दुर्लुङ गा.वि.स. वडा नं. १ र हाल कुश्मा नगरपालिका वडा नं. ३ को कोटथर भन्ने स्थानमा दुर्लुङकोट अवस्थित छ । दुरको अर्थ टाढा र लुङको अर्थ डाँडा, पहाड र टाकुराले घेरिएको जमिन भन्ने हुन्छ । टाढा टाढासम्म लस्करै डाँडा रहेको भूभाग भएकोले यसको नाम दुरलुङ (दुर्लुङ) राखिएको हुनुपर्दछ । वर्तमान लमजुङको दुराडाँडाबाट गुरूङहरूको समूह यहाँ आई बसोबास गरेकोले यस ठाउँको नाम दुर्लुङ रहन गएको हो भन्ने जनश्रुति यहाँ रहेको छ । पर्वत राज्यको गठन हुनुभन्दा पूर्व भुरेटाकुरे राजाहरूका पालामा भने यो राजाहरू बसोबास गर्ने ठाउँ  थियो । दुर्लुङकोट तत्कालिन पर्वत राज्य अन्तर्गत पर्ने भए तापनि यहाँ पर्वत राज्यको राजधानी भने थिएन । संभवतः पर्वत राज्यको शासनकालमा यो एउटा प्रमुख सैनिक अड्डाको रूपमा रहेको थियो । बहादुर शाहको नायबीकालमा पर्वत राज्य आक्रमण गर्ने क्रममा पर्वत जिल्लाको पूर्वी दिशाबाट काजी दामोदर पाण्डे र जगजीत पाण्डे मातहतको विशाल गोरखाली फौजले पर्वतमाथि आक्रमण गरेको थियो । त्यसबखत लामो समयसम्म पर्वत राज्यको फौजले गोरखाली फौजलाई मोदीनदी तर्न दिएका थिएनन् । पर्वत र गोरखाको त्यस लडाइँमा पर्वतका सेनापति धर्मराज मल्ल र भीमदत्त मल्लको फौज यही दुर्लुङकोटमा रहेको थियो र यहींबाट उनीहरूले लडाइँको प्रबन्ध मिलाएका थिए (मेचीदेखि महाकाली, २०३१ः ४५२) ।

पर्वत, बागलुङ, म्याग्दी, स्याङजा, गुल्मी आदि जिल्लाका धेरै ठाउँहरू र सुन्दर हिमालहरूको दृश्यावलोकन गर्न सकिने पहराको अग्लो थुम्कामा दुर्लुङकोट रहेको छ । तत्कालीन समयमा राजाहरूले कोटघरहरूलाई शक्तिपीठ, शस्त्रअस्त्रको भण्डारण र पूजा गर्ने स्थलका रूपमा प्रयोग गर्दै आएको पाइन्छ । दुर्लुङकोट पनि सामरिक दृष्टिले अत्यन्तै महत्त्वपूर्ण स्थानमा रहेको देखिन्छ । दुर्लुङकोट स्थापनाको समय सम्बन्धमा ठोस तथ्य फेला पार्न नसकिए तापनि यो मध्यकालमा नै स्थापना भएको हुनुपर्दछ । पर्वतका राजाले आफ्ना भाइ छोराहरूलाई विभिन्न ठाउँको सुरक्षा गर्ने जिम्मेवारी दिने क्रममा दुर्लुङकोटको जिम्मा पनि कुनै एक भाइखलकलाई दिएको हुनुपर्दछ । राणाशासनकालमा दुर्लुङकोटलाई यस क्षेत्रको राजश्व संकलनको प्रमुख केन्द्र बनाइएको थियो । दुर्लुङकोटमा तत्कालीन दरबार तथा भवनहरूको अवशेष त बाँकी छैनन् तर कोट परिसरमा तत्कालीन समयमा प्रयोग हुने गरेका ओखलहरू अहिले पनि देख्न सकिन्छ (रेग्मी र पन्त, २०७४) ।

दुर्लुङकोटमा जलसिम्भु नामका भूमेथान र चण्डी भगवतीको मन्दिर रहेको छ । वि. सं. २०७२ मा आएको भूकम्पले चण्डी भगवतीको मन्दिरमा क्षेति पुऱ्याएकोले यसको पुनर्निर्माण गरिएको छ । यसका साथै पछिल्लो समयमा आएर सप्तदेवी थान र हालैमात्र लक्ष्मीनारायणको मन्दिर निर्माण गरिएको छ । पर्वत राज्य नेपालमा एकीकरण भएपछि केही समयसम्म कुश्मास्थित दशनामी सन्यासीहरूबाट कोटघरको रेखदेख तथा पूजाआजा हुने गरेको पाइन्छ । उनीहरूबाट कोटघरमा पूजाआजा भइरहेकोमा स्थानीयबासीहरूबाट कोटपूजालाई व्यवस्थित रूपबाट सञ्चालन गर्नु पर्ने कुरा महशुस गरी पण्डित, पूजारी, उपासु, द्वारे आदिको प्रबन्ध गरी तिनीहरूलाई पारिश्रमिकको समेत व्यवस्था गरेको देखिन्छ । वि.सं. १८७५-१८७७ तिर पण्डित पूजारी खोज्ने क्रममा शरीरमा देवता चढ्ने व्यक्तिको खोजी कार्य हुँदा खुर्कोट निबासी मोतीलाल उपाध्यायलाई भेटाइ मूल पुरोहित बनाएका थिए (पौडेल, २०६२ः ५०) । पूजारीमा मोतीलाल उपाध्याय र कुश्माका देवु पाध्या आचार्यका सन्तति, उपासुमा कुश्माकै भण्डारी र खत्री तथा द्वारेमा दुर्लुङ बिसाउनाका गिरीको व्यवस्था गरी निजहरूलाई यस क्षेत्रमा पर्ने विभिन्न स्थानको जग्गा मामुलित गुठीका रूपमा व्यवस्था गरेको पाइन्छ । साविक शिवालय, चुवा, खुरकोट, दुर्लुङ र सिल्मीका स्थानहरूमा दुर्लुङकोटका नाममा गुठी जग्गा रहेको र पूजारी, उपासु तथा द्वारेको जिम्मेवारी पाएका व्यक्तिहरूका सन्ततिहरूले उपभोग गर्दै आएका छन् ।

दुर्लुङकोटको पूजा आजामा हुने खर्च व्यवस्थापनका लागि आर्थिक कठिनाइ भएकोले तत्कालीन समयमा नरसिङ गिरीले

नेपाल सरकारमा एउटा विन्तीपत्र चढाएका थिए । यसै विन्तीपत्रका उपर कार्यवाही हुने क्रममा दुर्लुङकोटको गुठी जग्गाका सम्बन्धमा वि.सं. १९११ जेठ ४ गते बिहिवारका दिन नेपाल सरकारका तर्फबाट तत्कालीन स्याङ्जा नुवाकोटस्थित जङ्गी अड्डाबाट सुवेदार जमिन सिंह खटिइ आइ कटुवालबाट घोक राख्न लगाई कचहरी बसाली यस क्षेत्रका विभिन्न व्यक्तिहरूलाई विभिन्न स्थानको गुठी जगगाको  भोगचलन गर्ने अधिकार दिई त्यस जग्गाको आयस्ताबाट कोटमा हुने पूजआजाका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीको व्यवस्था गर्नुपर्ने जिम्मेवारी तोकीदिएका थिए (यस सम्बन्धी व्यहोरा उल्लेख भएको नेपाली कागजमा लेखिएको भोगपत्रलाई जस्ताको तस्तै उतार गरिएको पत्र दुर्लुङकोटका पूजारी बावुराम पौडेलसँग सुरक्षित रहेको छ) । यसप्रकार दुर्लुङकोट सरकारी कोटका रूपमा सञ्चालित हुँदै आएको देखिन्छ । कोटको नाममा रहेको गुठी जग्गा भोगपत्रमा उल्लेख भएका व्यक्तिहरूका सन्ततिहरूले हालसम्म आवादी गरिरहेका छन् । उनीहरूले तोकिएअनुसारको जिम्मेवारी वहन गर्ने र पूजा सामग्री कोटघरमा लैजाने कामसमेत गर्दै आएका छन् ।

ऐतिहासिक महत्त्व बोकेको र मध्यकालीन समयमा स्थापना भएको दुर्लुङकोट वरिपरिको जग्गामा स्थानीयबासीले खेतीपाती गर्दै आएका छन् । कोटमन्दिर तथा अन्य संरचनाहरू रहेको स्थान धेरै साँघुरो रहेको छ । कोटको पूर्वपट्टि पैयुँको रूखको फेदमा जलसिम्भु नामका भूमेको थान रहेको छ । यसको सम्मुखमा पश्चिमपट्टि चण्डीदेवीको मन्दिर रहेको छ । भूमेथान नजिकै सप्तदेवीको थान रहेको छ । चण्डीदेवीको पुरानो मन्दिर वि.सं. २०७२ को भूकम्पबाट क्षतिग्रस्त भएकोले चण्डीको मूर्ति रहेको स्थानलाई परिवर्तन नगरी त्यही स्थानमा नयाँ पक्की मन्दिर निर्माण गर्न लागिएको छ । भूमेथानको अगाडिपट्टि मौलो रहेको स्थानमा बोका पाठाको मात्र बलि दिइन्छ । चण्डीदेवीको अगाडिपट्टि रहेका दुईवटा मौलामध्ये एकातिर राँगाको र अर्कोतिर बोका/पाठाको बलि दिने गरिन्छ । हाल कोट परिसरलाई कम्पाउण्डवाल र तार-जालीसहित सुरक्षित गरिएको छ । यस परिसरमा View टावर निर्माणको कार्य हुँदैछ । लक्ष्मीनारायणको मन्दिर निर्माण सम्पन्न भइसकेको छ । तत्कालीन समयमा घोडा राखिने तबेला रहेको स्थानमा Ncell  कम्पनी र भूमेको थान अगाडिपट्टि नेपाल टेलिकमले विशाल रिपिटर टावर स्थपना गरेका छन् । यी टावरहरू कोट परिसरमा स्थापना गर्न दिनु उचित थियो या थिएन भन्नेबारेमा स्थानीय सरोकारवालाहरू केही बताउन चाहँदैनन् । कोट परिसरमा भूमेथान रहेको स्थानको पूर्वपट्टिको भाग केही बढी भिरालो भएको र विगतमा स्थानीयबासीहरूले त्यहाँबाट ढुङ्गा निकाल्ने काम गरेकोले त्यस ठाउँमा अहिले पहिरो गएको छ । त्यस पहिरोले भूमेथान, चण्डीदेवीको मन्दिर रहेको थान र सप्तदेवी थान रहेको स्थललाई खतरा पुऱ्याएको छ । स्थानीय सुवेदार सुकबहादुर गुरुङको अध्यक्षतामा रहेको दुर्लुङकोट व्यवस्थापन तथा संरक्षण समितिले कोटमन्दिरको व्यवस्थापन तथा विभिन्न भौतिक संरचनाहरूको निर्माण कार्य गर्दै आइरहेको छ । विगतमा लगाईएको महायज्ञबाट संकलित रकमबाट यस कोटघरमा भौतिक पूर्वाधारहरूको निर्माणकार्य भइरहेको छ । दुर्लुङकोटको संरक्षण र यस ठाउँमा विभिन्न किसिमका भौतिक पूर्वाधारहरूको निर्माणमा नेपाल सरकार, जिल्ला समन्वय समिति पर्वत, सांसद क्षेत्र विकास कोष, कुश्मा नगरपालिका, गैर सरकारी संघ संस्था, साविकका छिमेकी गा.वि.स.हरू, वैदेशिक रोजगारीमा रहेका र विदेशमा बसोबास गर्ने दुर्लुङबासी नेपालीहरू तथा स्थानीयबासीहरूले आर्थिक तथा भौतिक सहयोग पुऱ्याउँदै आएको देखिन्छ ।

ऐतिहासिक कोटघरहरूमा देवी, भूमेठाकुर आदिको पूजा गर्ने चलन अद्यापि चलिरहेको पाइन्छ । यस दुर्लुङकोटमा जलसिम्भु नामका भूमे र देवी चण्डीको पूजा गर्ने गरिन्छ । दुर्लुङकोटका भूमे नबोल्ने भएकोले यिनलाई जलसिम्भु भूमे भनिएको हो भन्ने भनाइ रहेको छ । यस भूमेकोटमा जेष्ठ शुक्ल पक्षको पञ्चमीदेखि पछाडिको पहिलो मंगलवार (यो दिन छुटेकाहरूले दोस्रो मंगलवार), बडा दसैं, चैते दसैं र मंसिर महिनामा शुक्ल पक्षको दिवाली पूर्णिमा पक्षको पञ्चमी तिथि कटाई त्यस पछिको पहिलो मंगलवारका दिन विधि विधानअनुसार भूमेको पूजा गर्ने प्रचलन रहेको छ । यस पूजालाई उँभौली पूजा पनि भनिन्छ । यस दिन विशेष गरेर जलसिम्भु भूमे र उनका पार्श्ववर्ती सिद्ध, वराह, कडा र पहरेका झाँक्री, नागभेल, रांगरागीदोष, नरसिङ, चण्डी, थानपति गरी आठवटा इष्टदेवको भूमेथान रहेको पैयुँको बोटको पूर्वोत्तर दिशामा कुण्डहरू बनाई पूजा हुने गर्दछ । जेठ शुक्ल पक्षको पञ्चमी तिथिपछिको पहिलो मंगलवार लावा, रोटी, खिर आदिले भूमेको पूजा गरिन्छ । कोटको गुठीबाट नियमको सातसयको पाठोको बलि दिएपछि मात्र अन्य व्यक्तिहरूले आ-आफ्नो भाकलअनुसार लगेका बोका/पाठाहरूको बलि दिईन्छ । भोगदिने काम शुरू भइसकेपछि आफ्ना इच्छाले जुनसुकै समयमा बोका/पाठा लगेर भोग दिन पाइँदैन । यो मंगलवार छुटेकाहरूले त्यसपछिको मंगलवार मात्र अग्नि पूजा नगरिकन धुप मात्र हालेर एउटै पूजाविधि अनुसार पूजा गर्ने गर्दछन् । ज्येष्ठ महिनामा हुने भूमेपूजाको दिनमा हजारौं भक्तजनहरू यहाँ जम्मा हुने गर्दछन् भने सयौंको सङ्ख्यामा बोका/पाठाको बलि दिइन्छ । भूमेकोटमा मंसिरमा पनि दिवाली पक्षको पञ्चमीपछिको पहिलो मंगलबार उँधौली पूजा गरिन्छ । यस दिन पनि जलसिम्भु भूमेलगायत उनका पार्श्ववर्ती सबैको पूजाआजा हुने गर्दछ । यो बेला हुने पूजामा भक्तजनहरूको घुइँचो धेरै हुँदैन भने ज्येष्ठमा हुने भूमे पूजामा जस्तो बलि पनि धेरै आउँदैनन् ।

यस भूमेकोटमा बडा दसैंको समयमा घटस्थापनादेखि दशमीका दिनसम्म नियमित रूपमा विधि विधानअनुसार पूजा हुने गर्दछ । भूमे र झाँक्रीको थान भएकोले थानमा छाना छाइएको छैन । खोपामा दियो र कलश राखेर गाईका गोबरको ढिस्का बनाई भूमे र झाँक्रीको पूजा गरिन्छ । देश विदेशमा यात्रा गर्दा होस् वा नोकरीमा रहेका बेला कुनै आपद् विपत् पऱ्यो भने यहाँका भूमेको स्मरण गर्नाले त्यसबाट जोगिन्छ भन्ने अगाध विश्वास यस क्षेत्रका मानिसहरूमा रहेको छ । भूमे देवताप्रतिको विश्वास र ऐतिहासिक स्थल दुर्लुङकोटको संरक्षण र कोटलाई व्यवस्थित तरिकाले सञ्चालन गर्नका लागि यस भेगका मानिसहरूले

ठूलो परिमाणमा आर्थिक संकलन गरेका छन् । भूमेथानमा दैनिक पूजा नचल्ने भए तापनि हाल यहाँ देवीको मूर्ति स्थापना गरी नियमित रूपमा पूजाआजा हुँदै आइरहेको छ ।

पर्यटन विकासका लागि बलियो संभावना बोकेको भए तापनि यस कोटक्षेत्रका केही समस्या तथा चुनौतीहरू रहेका छन् । कोटमन्दिरको पूर्वपट्टि गएको पहिरोले यसको सुरक्षामा चुनौती थपिदिएको छ । दुर्लुङकोट क्षेत्रमा स्तरीय होटेल तथा रेष्टुरेण्टहरूको स्थापना तथा सञ्चालन नभएकोले यहाँ घुम्न आउने पर्यटकहरूले खानेकुराहरूको सामान्य व्यवस्था स्वयं गर्नुपर्ने स्थिति रहेको छ । पर्यटकहरूको घुइँचो लाग्ने स्थिति नबनेसम्म स्तरीय होटेल तथा रेष्टुरेण्टको स्थापना हुनसक्ने स्थिति पनि देखिदैन । कोट परिसरमा स्थापना गरिएका नेपाल टेलिकम र Ncell कम्पनीका टेलिफोन टावरहरूले यस कोटको प्राकृतिक सौन्दर्यतालाई बिगारिदिएका छन् । तसर्थ यी टावरहरू यहाँका लागि उपयुक्त होइनन् । बन्दै गरेको भ्यू टावर र नेपाल टेलिकमको टावर एकदमै नजिक रहेका हुनाले टावरमा जाने मानिसहरूलाई विकीरणको प्रभाव पर्न सक्दछ । ऐतिहासिक कोट रहेको स्थानमा निर्मित यस किसिमका भौतिक संरचनाहरूको कारण ऐतिहासिक धरोहरहरू ओझेलमा पर्दै गएका छन् ।

ऐतिहासिक महत्त्व बोकेको दुर्लुङकोट प्रशस्त पर्यटकीय संभावना रहेको क्षेत्र हो । कुश्मा सदरमुकामबाट दुई घण्टा जतिको पैदल यात्रा र सडक मार्गको प्रयोग गरे एक घण्टाको अवधिमा त्यहाँ पुग्न सकिन्छ । अग्लो पहाडको थुम्कामा रहेको र अनेकौं हिम श्रृंखलालगायत पर्वत, बागलुङ, म्याग्दी, स्याङजा, गुल्मी, कास्कीलगायतका जिल्लाका भू-भागहरू अवलोकन गर्न सकिने भएकोले यसलाई सुगम पर्यटकीय स्थलका रूपमा विकास गर्न सकिने बलियो संभावना रहेको छ । कोटमा रहेका चण्डीदेवी र भूमेदेवप्रति यस क्षेत्रलगायत छिमेकी जिल्लाका मानिसहरूको पनि अगाध आस्था र विश्वास रहेकोले धार्मिक पर्यटनको झनै धेरै संभावना रहेको छ । कोट परिसरमा रहेका ऐतिहासिक वस्तु र संरचनाहरूको उत्खनन् कार्य गरी तिनलाई मध्यकालीन शैलीमा नवनिर्माण गर्न सक्ने हो भने पर्यटकहरूका लागि ती आकर्षक सम्पत्ति हुने कुरामा दुईमत रहँदैन । निर्माण भइरहेको भ्यू टावरबाट यस क्षेत्रवरिपरिका अनेकौं दृश्यहरू अवलोकन गर्न सकिन्छ । व्यापक प्रचार प्रसार गरी यस क्षेत्रको ऐतिहासिक र धार्मिक महत्त्वलाई आम मानिसहरूका बीचमा लैजान सके पर्यटन विकासका लागि ठूलो योगदान पुर्‍याउन सक्ने देखिन्छ । कुश्मादेखि दुर्लुङ हुँदै कालाञ्जर हम्पाल पर्वतसम्म पुग्ने एउटा मनोरम पदयात्रा मार्गको सञ्चालन गर्न सकेमा दुर्लुङकोटको महत्त्व अझै बढ्न जाने देखिन्छ । कुश्मा नगरपालिका क्षेत्रभित्र पर्ने यो कोटको पर्यटकीय विकासका लागि नगरपालिका र कुश्माको आसपासमा रहेका गुप्तेश्वर गुफा, अल्पेश्वर गुफा, यान्त्रिक पुल, अग्लोस्थानमा रहेका लामा लामा झोलुङ्गे पुल, कालीगण्डकीमा हुने र्‍याफ्टिङ र बन्दै गरेको बञ्जी जम्पिङ स्थललाई समेत एकीकृत पर्यटकीय प्याकेजका रूपमा विकास गरेर लैजान सकियो भने दुर्लुङकोटको सामाजिक, सांस्कृतिक, आर्थिक तथा जनजीवनमा यथोचित विकास गर्न सकिने उच्च संभावना रहेको देखिन्छ । पर्यटकीय क्षेत्रका रूपमा दुर्लुङकोटको विकासका लागि सबै क्षेत्रका मानिसहरू लागेको खण्डमा यस क्षेत्रमा व्यापार, व्यवसाय र रोजगारीसमेतमा बृद्धि भई आर्थिक उन्नतिका लागि टेवा पुग्न जाने देखिन्छ ।

## २. खुर्कोट

पर्वत जिल्लामा रहेका विभिन्न कोटहरूमध्ये साविक खुर्कोट गा.वि.स. वडा नं. ९ र हाल कुश्मा नगरपालिका वडा नं. २ कोटगाउँमा स्थित कोट खुर्कोट हो । यस कोट कहिले स्थापना भएको हो भन्ने बारेमा ऐतिहासिक तथ्य भेटिंदैन । यस क्षेत्रमा शासन गर्ने भुरेटाकुरे राजाका पालामा यस कोटको स्थापना भएको हुन सक्ने अनुमान लगाउन सकिन्छ किनकि यस जिल्लाका धेरैजसो कोटहरू त्यही समयमा स्थापना भएको देखिन आउँछ । खास गरेर मल्ल राजाको शासनकालमा देउपुर, दुर्लुङ, बाजुङ आदि यस क्षेत्रका भेगहरूमा राजपरिवारका सदस्यहरू आई बसोबास गर्ने क्रममा दरबारहरूको निर्माण गर्दा कोटघरको पनि निर्माण गरिएको हुनसक्ने अनुमान गर्न सकिन्छ । माथि डाँडामा कोटघर र त्यसको सीधा तल रहेको लक्ष्मीनारायणको मन्दिर आडको चाक्लो ढुङ्गामा मानिसको पैताला, गाईको खुर र लौरोको आकृतिको पदचिन्ह रहेको हुँदा यस ठाउँको नाम 'खुर कोट' हुँदै खुर्कोट रहन गएको हो भनिन्छ(रेग्मी र पन्त, पूर्ववत) । यस कोट मन्दिर परिसरमा एउटा देवी भगवतीको मन्दिर र त्यसभन्दा अलिकति माथि सिंभुनाथ भूमेको थान रहेको छ । दुर्लुङका भूमेलाई जलसिंभु भूमे भनिन्छ भने यहाँका भूमेलाई सिंभुनाथ भूमे भनिन्छ । यस कोटको नाममा विगतमा विभिन्न ठाउँहरूमा मामुलित गुठी जग्गा रहेकोमा गुठी उपभोग गर्ने व्यक्तिहरूले नै आ -आफ्नो नाममा दर्ता गरेकोले हाल यस कोटको नाममा गुठी जग्गा रहेको छैन । यस कोट परिसरमा एउटा सत्तल रहेको छ भने आवश्यक रेखदेख र संरक्षणको अभावमा मन्दिर जीर्ण अवस्थामा पुगेको छ । मीनबहादुर रेग्मीको अध्यक्षतामा रहेको खुर्कोट संरक्षण तथा व्यवस्थापन समितिले यस कोटमा हुने पूजा सञ्चालन र अन्य रेखदेख गर्दै आएको छ ।

यस कोटमा अन्य कोटहरूमा जस्तै बडादसैंको नवरात्रभर र चैतेदसैंमा अष्टमीका दिन तथा भूमेथानमा उँधौली र उँभौलीको पूजा गरिन्छ । कोटका पूजारीमा उपाध्याय ब्राह्मण रहने, उपासुमा यहींका क्षेत्रीहरू रहने परम्परा रहेको छ । बडादसैंको समयममा घटस्थापनाका दिनदेखि दशमीको दिनसम्म पूजाआजा चल्दछ । द्वितीयाका दिन मन्दिरभित्र जमरा राखिन्छ । भूमेको पुजा गर्दा बोका र पाठाको मात्र बलि दिने गरिन्छ । खिर, रोटी, लावा तथा गाईको दूध आदिले पनि भूमेको पूजा गर्ने गरिन्छ ।

पर्वत जिल्लाको सदरमुकाम नजिकै भएर पनि यो कोट त्यति चर्चामा आएको पाइँदैन । दुर्लुङ, पाङ, खुर्कोट र कुश्मातिरका मानिसहरू यो कोटमा पूजाआजा गर्न आउने गर्दछन् । यो कोट ऐतिहासिक महत्त्वका दृष्टिले पनि त्यति चर्चामा आउन सकेको छैन । कुश्मा सदरमुकामबाट पैदल दुई घण्टा जतिमा र जीपमा एक घण्टाको यात्रामा यस कोटमा पुग्न सकिन्छ । खुर्कोटमा

रहेको लक्ष्मीनारायण मन्दिर र कोटगाउँमा रहेको कोटघर तथा भूमेथानको व्यापक प्रचार प्रसार गर्न सक्ने हो भने नगरपालिकाको पर्यटन विकासमा ठूलो सहयोग पुग्न सक्ने देखिन्छ ।

**३. खौला भूमेकोट**

कुश्मा नगरपालिकाभित्र रहेका विभिन्न ऐतिहासिक कोटघरहरू मध्ये तत्कालीन बाइसी चौबीसी राज्यको समयमा सतहुँ राज्य अन्तर्गतको एउटा प्रसिद्ध कोटका रूपमा साविक खौलालाँकुरी र ठूलीपोखरी गा.वि.स.को सीमाना खौला - ८ र हाल कुश्मा नगरपालिका -१३ खौलामा रहेको खौला भूमेकोटलाई मानिन्छ । खौला भूमेकोटको स्थापनाको समय सम्बन्धमा ठोस ऐतिहासिक प्रमाण भेटिदैन । चौबीसी राज्यका पालामा सतहुँ राज्यअन्तर्गत यस खौला क्षेत्र पर्ने भएकोले यस कोटको स्थापना पनि मध्यकालमा नै भएको हुन सक्ने अनुमान गर्न सकिन्छ । झादीफाँटको सिरानमा रहेको अग्लो टाकुरामा यो कोट रहेको छ । सतहुँ राज्यको राजधानी सतहुँकोटमा रहेको थियो । खौलाकोटमा तत्कालीन सतहुँ राज्यका राजा यो भेगमा आउँदा बसोबास गर्ने दरबार रहेको हुन सक्ने देखिन्छ । नेपालमा स्थापित मध्यकालीन कोटघरहरू भएका स्थानमा कि त तत्कालीन राज्यको राजधानी रहेको देखिन्छ कि त सैन्य पोष्ट वा अड्डा रहेको देखिन्छ । खौलाकोटमा पनि संभवतः सतहुँ राज्यको सैन्य किल्ला रहेको हुनुपर्दछ । पर्वत राज्यसँग पटक पटक खिचलो परिरहने र सतहुँभन्दा पर्वत बलियो र शक्तिशाली भएकोले पर्वतबाट सुरक्षित हुनका लागि सतहुँकोटे राजा महिपति खानले सतहुँकोटबाट आफ्नो राजधानी स्याङजाको पुतलिखेतमा सारेका थिए । खौलाकोट पनि सामरिक दृष्टिले अत्यन्तै महत्त्वपूर्ण र उपयुक्त स्थानमा रहेको देखिन्छ । यस कोटमा तत्कालीन समयका महत्त्वपूर्ण हतियार र बहुमूल्य सामग्रीहरू रहेकोमा विगतमा मन्दिरको धुरी फोडेर त्यहाँ रहेका हतियार तथा अन्य सामग्री चोरी भएका थिए । यहाँ तत्कालीन समयको एउटा पुरानो खड्ग रहेको छ । बलि दिने बेलामा पहिलो सरकारी बलि दिएपछि यसमा रगत छर्किएर राखिन्छ । वि. स. २०५५ सालतिर चोरी भएका केही सामान गोप्य रूपमा केही व्यक्तिले कोटमा ल्याएर बुझाएका थिए भन्ने कुरा हाल कुश्मा नगरपालिका वडा नं १३ का वडा अध्यक्ष रहेका जंगबहादुर के.सी.ले कुराकानीका क्रममा बताउँछन् । खौला भूमेकोट सरकारी कोटमा दर्ता भएको कोट हो । शाहवंशीय राजा महेन्द्रका पालासम्म नेपाल सरकारबाट कोटखर्चका लागि भनि पहिला बजेट गोरखामा आउने गर्दथ्यो । यसपछि गोरखाले सतहुँकोटमा पठाउने र सतहुँकोटले खौलाकोटमा बजेट पठाउने चलन थियो । यो थिति रहुञ्जेलसम्म खौलाकोटमा बडादसैंका बेला कालरात्रीका दिन बलि दिएको बोकाको दाहिने फिलो वा साँप्रो तेलमा डुबाएर काठमाडौं राजदरबारमा पठाउने गरिन्थ्यो । यस कोटमा स्थानीय पौडेल, सुवेदी र तिमिल्सिना थर भएका ब्राह्मणहरू पूजारी रहने र उपासु अर्थात् कर्तामा के.सी. र कार्की थरका क्षेत्रीहरू रहने व्यवस्था छ । खौला, ठूलीपोखरी, कार्कीनेटा, विचारीचौतारा, रानीस्वाँरा, पीपलटारी, आर्थर आदि विभिन्न ठाउँहरूबाट यहाँ मानिसहरू पूजाआजा गर्न आउने गर्दछन् । यस कोटका नाममा विगतमा विभिन्न ठाउँमा गुठी जग्गाको व्यवस्था गरिएकोमा भूमिसुधार कार्यक्रम लागु भएपछि जग्गा नापी हुने क्रममा गुठी जग्गाको भोगचलन गर्दै आएका व्यक्तिहरूले नै आ-आफ्नो नाममा गुठीको जग्गा दर्ता गराएकाले हाल यस कोटको नाममा गुठी जग्गा रहेको छैन ।

यस खौला भूमेकोटमा भूमेथान र देवी भगवतीको मन्दिर समेत रहेको छ । बडादसैंको नवरात्र, चैत्राष्टमी र ज्येष्ठी पूर्णिमाका दिन यहाँ विशेष पूजाआजा हुने गर्दछ । बडादसैंका बेला घटस्थापनाको दिनदेखि नै पूजा शुरू गरिन्छ । द्वितीयाका दिन कोटमा जमरा राखिन्छ । सप्तमीका दिन फूलपाती बढाइँ धुमधामका साथ गरिन्छ । फूलपाती लिन कालीगण्डकीमा जाने क्रममा वितलव  क्षेत्रमा आँगनमा सुकाइएका विस्कुन उठाएर ल्याए पनि कसैले उजुरवाजुर नगर्ने चलन यहाँ विगतमा रहेको थियो भन्ने जनश्रुति रहेको छ । यस कोटमा कालरात्रीभन्दा अघिल्लो दिनसम्म बलि चढाइँदैन । कालरात्रीमा सरकारी राँगा र बोकाको बलि दिएपछि नवमीका दिन वरिपरिका विभिन्न ठाउँबाट मानिसहरूले भाकल गरेका बोका, पाठा, परेवा, कुखुरा र राँगाको बलि चढाइन्छ । यस कोटमा रहेको भूमेथानमा ज्येष्ठी पूर्णिमाका दिन धुमधामका साथ भूमेपूजा गरिन्छ । यसबेला भूमेलाई राँगा बाहेक बोका पाठा र परेवाको मात्र भोग दिने गरिन्छ । कोटका नाममा कुनै पनि कोष नरहेकोले भक्तजनबाट चढाइएको भेटी तथा चन्दादाताहरूबाट उठेको रकमबाट कोटमा हुने पूजाआजाको खर्च व्यवस्थापन गरिँदै आएको पाइन्छ । हाल खडक बहादुर के.सी.को अध्यक्षतामा रहेको समितिले खौला भूमेकोटको संरक्षण तथा व्यवस्थापन गर्दै आएको देखिन्छ ।

खौलाकोटको नजिकै रहेको ऐतिहासिक स्थल जुम्लीठाना, राजा दशरथसंग जोडिएको ठूलीपोखरीको बाटुलेचौरमा रहेको देवी भगवती र श्रवणकुमारको मन्दिर, ठूलीपोखरीमा रहेको पुरानो पोखरी (हाल सुख्खा रहेको), डहरेको लेक आदिजस्ता क्षेत्रलाई समेटेर एकीकृत प्याकेजका रूपमा योजना निर्माण गरी अघि बढ्न सक्ने हो भने यस कोटको पनि प्रचुरमात्रामा पर्यटकीय विकासको संभावना रहेको छ । बाहिरबाट जाने दर्शनार्थीका लागि कुश्मा सदरमुकामदेखि झण्डै डेढ घण्टाको बस यात्रा र कुश्मा झादी जोड्ने अग्लो झोलुङ्गे पुल तरेर साइकलचोक हुँदै खौलासम्म पुग्ने पैदलमार्गबाट करिब दुईदेखि तीन घण्टाको समयमा खौला भूमेकोटसम्म पुग्न सकिन्छ । यसबाहेक यस कोटक्षेत्र रहेका वरिपरिका स्थानहरूबाट यहाँसम्म आउने स्थानीयबासीहरू भने पुराना बाटाहरूको प्रयोग गरी आउने गर्दछन् ।

## ४. पाङ तत्तरकोट कालिका

पर्वत जिल्लामा रहेका विभिन्न ऐतिहासिक कोटहरू मध्येमा कुश्मा नगरपालिका वडा नं. १ पाङ (साविक पाङ गा. वि.स. वडा नं. ६ ) मा रहेको तत्तरकोट कालिका पनि एक हो । यो कोटको स्थापना कहिले गरिएको थियो भन्ने सम्बन्धमा आधिकारिक प्रमाण भेटिदैंन । तर पनि मल्लकालीन समयमा बाइसी चौबीसी राज्यको शासनकालमा पर्वत राज्यको स्थापना हुनुभन्दा पूर्व यस भेगमा भूरे टाकुरे राजाहरूको अस्तित्व रहेको वखत यो कोट स्थापना गरिएको हुनसक्ने कुरा स्थानीयबासी बुढापाकाहरू बताउँछन् । पाङ, नागलीवाङ र बनौं क्षेत्रका मानिसहरूले विशेष रूपमा यस कोटलाई मान्दै आएको पाइन्छ । प्रचार प्रसारको कमीको कारण कम चर्चामा रहेको कोट भए तापनि यस भेगमा प्रमुख शक्तिपीठका रूपमा यो कोटलाई मानिन्छ । तत्तरकोट कालिका रहेको स्थानलाई गाँव भनिन्छ । ज्योतिष विद्याका लागि नेपालमा कहलिएको पाङ गाउँको हालको बस्ती विस्तार हुनुभन्दा पहिलेको बस्ती यही गाँवमा रहेको थियो । अहिलेपनि धेरै पंगालीहरूको जग्गा जमिन यस गाँवमा रहेको छ । यस कोटको वरिपरी रहेको जग्गामा खन्दा पुराना भाँडाकुँडा, खरानी तथा अन्य सामानहरू भेटिन्छन् । कास्की, पर्वत, बागलुङ, म्याग्दी र गुल्मी जिल्लाका स्थानहरू अवलोकन गर्न सकिने अत्यन्तै सुन्दर र रमणीय स्थानमा यस कोट रहेको छ । मन्दिरदेखि उत्तरपट्टि रहेको ठूलो ढुङ्गाको छपनिमुनि रहेको ओढारमा तत्कालीन समयमा खरखजाना तथा हात हतियार राख्ने गरिन्थ्यो । यस ओढारमा १५-२० जनासम्म मानिसहरू बस्न सकिन्छ । यस कोटमा तरवार, खुँडा, ढाल जस्ता केही पुराना हात हतियारहरू रहेको भए तापनि सूरक्षाको कारण मन्दिरमा विशेष पूजा हुने नवदुर्गाको समयमा बाहेक अन्य समयमा यहाँका उपासु अर्थात कर्ताहरूले आफ्नो घरमा लगेर राख्ने गर्दछन् ।

यस कोटमा हुने पूजाआजाका समयमा बली दिनका लागि कर्णाली क्षेत्रको सिंजा भन्ने ठाउँबाट घर्ती क्षेत्रीहरू ल्याई बसालिएको स्थानलाई अहिले सिंधाली (सिंजालीबाट सिंधाली भएको ) भनिन्छ । यस कोटका पूजारीमा पौडेल र सुबेदी थरका उपाध्याय ब्राम्हण रहने र उपासु अर्थात कर्तामा सिंधालीमा बसोबास गर्ने क्षेत्रीहरू रहने व्यवस्था छ । तत्कालीन समयमा यस भेगमा रहेका तालुकदारहरूले बसालिदिएको थितिअनुसार सिंधालीमा रहेका घर्ती क्षेत्री बाहेक अन्य कुनैपनि जातका मानिसले यस कोटमा बली दिने बोका पाठाको मार हान्न पाउँदैनन् (तेजनाथ रिजालसंग मिति २०७५ असार ५ मा गरिएको कुराकानीमा आधारित ) । यस कोटमा विशेष गरेर नवदुर्गाको समयमा पूजाआजा हुने गर्दछ । यहाँ दैनिक र नियमित पूजाआजा हुँदैन । कोटमा हुने पूजाआजामा आवश्यक पर्ने सामग्रीहरूको व्यवस्थापन गर्न र कोटमन्दिर सञ्चालनका लागि पाङ र नागलीवाङका विभिन्न स्थानमा करिब ४३ मुरी धान फल्ने खेत गुठीका रूपमा राखिएको छ । यही गुठीको जग्गा कमाउने व्यक्तिहरूले नै पूजाआजाका सामग्री, फूलपाती र कालरात्रीका दिन चढाइने बलीका लागि बोका पाठा, राँगा, मेडोका सामग्री तथा पूजारीलाई दिने दक्षिणा आदिको व्यवस्था गर्ने गर्दछन् । कोट मन्दिरमा पूजाआजा गर्दा केही त्रुटी भयो भने गाउँमा अनिष्ट हुन्छ भन्ने विश्वास यस क्षेत्रका मानिसहरूमा रहेको छ । कोटमन्दिरमा कुमार केटोले पूजा गर्नुपर्ने चलन रहेको भए तापनि वर्तमानमा कुमार पूजारीको व्यवस्था गर्न कठिनाई हुँदै गएको कुरा स्थानीयबासीले बताउँछन् ।

## ५. कुश्मा बलेवा यान्त्रिक पुल

कुश्मा नगरपालिकाभित्र रहेका विभिन्न पर्यटकीय स्थलहरू मध्ये केबलकार शैलीमा नेपालका प्राविधिकहरूद्वारा कालीगण्डकीमाथि निर्माण गरिएको कुश्मा बलेवा जोड्ने यान्त्रिक पुल पनि पर्दछ । पर्वत उद्योग वाणिज्य संघको पहलमा स्थानीय व्यवसायी तथा बासिन्दाहरूको रू. ४ करोडको लगानीमा यस पुल निर्माण गरिएको हो । यस पुलको लम्वाई ५५८ मिटर रहेको छ भने कालीगण्डकीको करिब २६२ मिटर अग्लो गल्छीमा यसको निर्माण भएको छ । पर्यटन र अन्य व्यवसाय प्रवर्द्धन गर्ने साथै सामाजिक सेवा विस्तार गर्ने उद्देश्यले वि.सं. २०६९ साल फाल्गुण २१ गतेका दिनदेखि यो पुल सञ्चालनमा ल्याईएको हो । यस पुलले कुश्मालाई बलेवा विमानस्थल सँग पनि जोड्छ । विगत लामो समयदेखि सञ्चालनमा नरहेको बलेवा विमानस्थल बागलुङ नगरपालिकाको विशेष पहलमा वि. सं. २०७४ चैत्र ९ गतेदेखि पूनः सञ्चालनमा आएकोले कुश्मा र बलेवालाई जोड्ने एक महत्त्वपूर्ण माध्यमका रूपमा यो पुल रहेको देखिन्छ ।

यस यान्त्रिक पुलले बलेवा र कुश्मालाई जोडेर डेढ घण्टाको यात्रालाई दश मिनेटमा सिमित गरेको छ । दैनिक सयौं मानिसहरूले यस पुलको प्रयोग गर्ने गरेका छन् भने आन्तरिक पर्यटकलाई समेत यसले आकर्षित गरेको छ । बलेवा विमानस्थल नजिकैबाट कालीगण्डकी करिडोर निर्माण भैसकेको र विमानस्थल पनि सञ्चालनमा आएकोले यी पूर्वाधारको भरपुर उपयोग कुश्मा नगरपालिकाले गर्न सक्ने देखिन्छ । बागलुङ नगरपालिका, बलेवाबासी स्थानीय र केवलकारका सञ्चालकहरूसंग सहकार्य गरी यसको बढीभन्दा बढी उपयोग गर्दै आन्तरिक र बाह्य पर्यटकहरूलाई समेत यहाँ भित्र्याउन सकिने देखिन्छ । यस पुलको मुख्य बिन्दु कुश्मा नगरपालिकामा पर्ने भएकोले पनि नगरपालिकाको एउटा प्रमुख पर्यटकीय गन्तब्यको रूपमा यो पुल रहन सक्ने देखिन्छ ।

## ६. नेपालकै लामा तथा अग्ला मानिएका कालीगण्डकी र मोदीखोलामा निर्मित झोलुङ्गे पुलहरु

पर्वत जिल्लालाई अहिले लामा तथा अग्ला झोलुङ्गे पुलहरूको जिल्लाका रूपमा पनि चिनिदै आएको छ । कुश्मा बजारका विभिन्न स्थानबाट बागलुङको बलेवा क्षेत्र तथा पर्वत जिल्लाका कटुवाचौपारी र मुडिकुवालाई जोड्ने गरी निर्माण गरिएका

यी पुलहरूको अवलोकनका लागि दैनिक सयौं पर्यटकहरू आउने गर्दछन । यसबाट यहाँको व्यापार व्यवसायको विस्तारमा प्रत्यक्षतः ठूलो सहयोग पुगेको छ । यी पुलहरूको व्यापक प्रचार प्रसार गरी पुलका आसपासका क्षेत्रमा नगरपालिकाले पार्क तथा बगैंचाहरूको निर्माण गर्न सक्ने हो भने पर्यटन व्यवसायलाई थप टेवा पुग्न सक्ने देखिन्छ । सुन्दर खालका पार्कहरूको निर्माण गर्ने र यीनको अवलोकन गर्न आउने पर्यटकहरूबाट थारै भएपनि शुल्क लिने व्यवस्था मिलाउन सक्ने हो भने नगरपालिकाको आन्तरिक आयमा समेत वृद्धि हुन जान्छ । प्रसिद्ध तीर्थस्थल मुक्तिनाथ, दामोदरकुण्ड, गलेश्वर, महारानीथान, पञ्चकोट, कालिका भगवती मन्दिर, मोदीवेणीधाम गुप्तेश्वर गुफा आदिको दर्शन गर्न आउने तीर्थयात्रीहरू कुश्मा बजारमा झरेर यी पुलहरूको अवलोकन गर्न सक्ने भएकोले पनि  यी पुलहरूको महत्त्व व्यापक रूपमा बढ्दै गईरहेको छ ।

डिभिजन कार्यालय र स्थानीय उपभोक्ता समितिको सहयोगमा निर्माण गरिएको पर्वत जिल्ला तथा कुश्मा नगरपालिका क्षेत्रमा कुश्मा र ज्ञादी  जोड्ने नेपालकै पहिलो लामो र अग्लो पुल कुश्मा ज्ञादी झोलुङ्गे पुल हो । मोदीखोलाको यति अग्लो गल्छीनाबाट पुल बनाउने कुरा गर्दा मानिसहरू कमैले मात्र विश्वास गर्ने र पत्याउने गर्दथे । यो ठाउँबाट पुल बन्न सक्छ भनेर कुरा गर्नेलाई मानिसहरूले गिज्याउने गर्दथे । शिवशर्मा पौडेलको संयोजकत्वमा गठित १२ सदस्यीय उपभोक्ता समितिले यो पुलको निर्माणकार्यको व्यवस्थापन गरेको थियो भने मिनप्रसाद श्रेष्ठ र सुर्यप्रकाश पौडेल सल्लाहकारका रूपमा यस समितिमा रहेका थिए । यो पुल करिब रू. एक करोड ४५ लाख लागतमा निर्माण सम्पन्न भएको हो । वि.सं २०६५ बैशाख २६ गतेका दिन शिलान्यास गरिएको यस पुलको उद्घाटन २०६६ फाल्गुण २४ गते तत्कालीन संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङ्गले गरेका थिए । कुल लम्बाई ३४४ मिटर र मोदीखोलाको सतहभन्दा १३५ मिटरमाथि रहेको यस पुलले एक घण्टाको दुरीलाई १५ मिनेटमा छोटाएको छ । अहिले दैनिक हजार जनाभन्दा बढी मानिसहरू यस पुलबाट आवत जावत गर्ने गर्दछन् । कटुवाचौपारी, पिपलटारी, मुडिकुवा, शंकरपोखरी, कार्कीनेटा, ठूलीपोखरी, खौला थापाठाना आदि गाउँका मानिसहरूलाई कुश्मा सदरमुकाम आउन जान यसले धेरै सुविधा पु¥याएको छ भने कुश्माको व्यापार व्यवसायमा पनि वृद्धि गराएको छ । यसको अवलोकन गर्नको लागि छिमेकी जिल्लाहरू देशका विभिन्न भागहरूबाट आन्तरिक पर्यटकहरू समेत आउने गर्दछन् । पुलको वारी तथा पारी दुबैतर्फ होटेल तथा रेष्टुँराको सञ्चालन गरिएकोले यस पुलको अवलोकन गर्न आउने मानिसहरूलाई खाजा नास्ता तथा खानपनिका लागि सुविधा पुगेको छ ।

पर्वत जिल्लामा रहेको नेपालकै अग्लो र लामो पुलका रूपमा रहेको कुश्मा ज्ञादी जोड्ने झोलुङ्गे पुललाई पछि पार्दै दोस्रो पुलका रूपमा कुश्मादेखि बलेवाको कैया जोड्ने झोलुङ्गे पुलको निर्माण भएको हो । कुश्मा ज्ञादी जोड्ने अग्लो तथा लामो पुल निर्माणको सपना साकार भएपछि कालीगण्डकीमाथि निर्माण भएको यस झोलुङ्गे पुलको सञ्चालन वि. सं. २०७१ भाद्र महिनादेखि भएको हो । यस पुलको लम्बाई  ३४७ मिटर र उचाई १५६ मिटर रहेको छ । यस पुलको समुद्घाटन तत्कालिन उपप्रधान, संघीय मामिला तथा स्थानीय विकासमन्त्री प्रकाशमान सिंहबाट मिति २०७१ साल फागुन २ गते शनिवारका दिन भएको थियो । यस पुलले पनि कुश्मा र बलेवा बीचको करिब एक घण्टाको पैदल दुरीलाई १५ मिनेटमा छोटो पारिदिएको छ । पुलबाट प्रसिद्ध मोदीवेणी धाम तथा कालीगण्डकी र मोदीखोलाको सुन्दर संगमस्थलको दृश्यावलोकन गर्न सकिन्छ । पुलको पारीपट्टि बलेवा क्षेत्रमा स्तरीय र सुन्दर पार्क सहितको रिसोर्ट तथा रेष्टुँराको सञ्चालन गरिएको छ । यसबाट पुलको अवलोकन गर्न आउने पर्यटकलाई खान बस्नमा सुविधा पुगेको छ । यस पुलको निर्माण भएपछि बागलुङ जिल्लाका बलेवा लगायत दक्षिणी क्षेत्रका मानिसहरूलाई पोखरा, वुटवल, काठमाडौं तथा देशका विभिन्न भागमा जान आउनका लागि सजिलो भएको छ । यस पुलको निर्माणले कुश्मा नगरलाई कालीगण्डकी करिडोरसंग जोडिनका लागि पैदलमार्गको पहुँचलाई सहज बनाईदिएको छ ।

पर्वत जिल्लामा तेस्रो अग्लो र लामो पुलका रूपमा वि. सं. २०७३ पौष महिनादेखि सञ्चालनमा आएको एक अर्को पुल कुश्मा मुडिकुवा जोड्ने झोलुङ्गे पुल हो । वि. सं. २०७२ साल पौष १७ गतेका दिन तत्कालीन प्रधानमन्त्री सुशिल कोइरालाबाट शिलान्यास गरिएको यो पुल मोदीखोलामाथि निर्माण गरिएको छ । यस पुलको लम्बाई ३५९ मिटर र उचाई १५५.७० मिटर रहेको छ । मुक्तिनाथ एण्ड ओम गीता जेभीले करिब एक करोड छहत्तर लाख उनान्सय हजारको लागतमा यस पुलको निर्माण कार्य सम्पन्न गरेको हो । यस पुलले पर्वत जिल्लाका दक्षिण क्षेत्रका धेरै गाउँहरूलाई कुश्मा सदरमुकामसम्मको पहुँच सहज तुल्याईदिएको छ ।

कुश्मा नगर क्षेत्रमा निर्माण हुन गईरहेको अग्लो तथा लामो एक अर्को पुल कुश्मा खरेहादेखि कटुवाचौपारीको अधिकारीफाँट जोड्ने पुल हो । मोदीखोलाको गल्छीनामा निर्माण कार्य अघि बढाईएको यो पुलको लम्बाई ३५९ मिटर लामो हुनेछ । यो पुलको अनुमानित लागत दुई करोड बीसलाख रूपिया बराबर रहेको छ ।

### ७. कुश्मा नेपाने जोड्ने बञ्जी पुल

कुश्मा नगर क्षेत्रमा पर्यटन व्यवसाय विस्तारका लागि ठूलो योगदान पु¥याउन सक्ने विश्वास तथा अपेक्षा गरिएको अर्को एक महत्त्वपूर्ण स्थल कुश्मा र बागलुङ नगरपालिकाको बलेवा जोड्ने गरी निर्माण कार्य अघि बढाईएको बञ्जी पुल हो । कालीगण्डकीको विशाल खोचमाथि निर्माण हुँदै गरेको यस बञ्जी पुलको लम्वाई ५२५ मिटर र उचाई करिब २२८ मि. बराबर रहेको छ । पर्यटन क्षेत्रमा साहसिक पर्यटन खेलका रूपमा मानिने बञ्जी जम्पिङ स्वदेशी तथा विदेशी पर्यटकहरू दुबैका लागि प्रमुख आकर्षक स्थलका रूपमा स्थापित हुँदै गईरहेको छ । कुश्मा नगर क्षेत्रका स्थानीय व्यवसायी तथा पर्यटन व्यवसायीहरूको

नीजि लगानीमा यस बञ्जी पुलको निर्माण कार्य भईरहेको छ । यति अग्लो उचाईमा निर्माणाधीन यस बञ्जी पुल विश्वमै पहिलो भएको मानिएको छ । पुल, बञ्जी, स्वीङ, रिसोर्ट, पार्क तथा अन्य आवश्यक पूर्वाधारहरू निर्माणका लागि करिब १३ करोड बराबर लागत लाग्ने निर्माण व्यवसायीहरूले बताउँछन् ।

## ८. मोदीबेनी

कुश्मा नगरक्षेत्र रहेको एक प्रसिद्ध धार्मिक सम्पदास्थल मोदीवेणी/मोदीबेनी धाम हो । माधवी गंगा (मोदीखोला) र विश्वमै शालग्राम पाईने एकमात्र नदी कृष्णगण्डकी (कालीगंगा) को संगम स्थलमा अवस्थित मोदीबेनी पावन क्षेत्रका रूपमा परिचित रहेको छ । विभिन्न पुराणहरूमा यसको महिमा बारेमा वर्णन गरिएको पाइन्छ । पर्वत जिल्लाको सदरमुकाम कुश्मा बजारबाट ४ किलोमिटरको दूरीमा रहेको छ । कुश्मा बजारबाट २.८ किलोमिटरको पैदलयात्रा गरेपछि करिब २०० मिटरको ढलान गरिएको सिंढी ओर्लदासाथ मोदीबेनी आइपुग्छ । मोदीबेनीमा भगवान विष्णुले नरसिंह अवतार (आधा मानिस र आधा सिंहको शरिर) लिएर हिरण्यकश्यपु नाम गरेको असुरलाई बध गर्नुभएको कुरा स्कन्दपुराणमा उल्लेख गरिएको छ । वि.सं १८९० मा श्री जयराम दासले नरसिंह शालिग्राम भगवानको स्थापना गर्नु भएपछि हालसम्म उहाँका अनुयायीहरूले शालिग्रामको पूजा गर्दै आएका छन् । दास बैरागीको नाममा सम्बोधन गरिने निम्मार्ग समुदायका पूजारीहरूले शालिग्रामको पूजा गर्ने गर्दछन् । पूजारीको स्थान भने स्वतः पूजारीका सन्तानहरूमा जाने गर्दछ । शालिग्रामको पूजा दैनिक तीन पटक गरिन्छ । बिहान गाइको दूधले शालिग्रामको स्नान गराइसकेपछि श्रीखण्ड चढाइन्छ । दिनको समयमा जल अर्पण गरिन्छ भने रातीको समयमा दुध, फलफूल चढाउनुका साथै आरति पनि गर्ने गरिन्छ ।

माघे संक्रान्ति, नरसिंह चतुर्दशी र हरिशयनी तथा हरिवोधनी एकादशीको दिन हजारौंको संख्यामा भक्तजनहरू यस स्थानमा बराहको पूजा गर्न जम्मा हुने गर्दछन् । ऐतिहासिक समयमा भारत र चीन जाने प्रचलित बाटोमा पर्ने यस स्थानमा भारतीय यात्रीहरू दर्शन गरेर जाने गर्दथे । हाल पोखरा बागलुङ राजमार्ग सञ्चालनमा आएपछि यो ऐतिहासिक बाटोले आफ्नो अस्तित्व पनि विस्तारै गुमाउँदै गएको छ ।

यस पवित्र स्थल नजिकका मुडिकुवा, कुश्मा, बलेवा लगायतका स्थानीय बासिन्दाहरू मिलेर बि.सं. २०६८ मा विशाल होम तथा महायज्ञ आयोजना गरिएको थियो । यस यज्ञबाट ८० लाख रूपियाँ संकलन भएको थियो । यस रकमबाट शवदहन स्थल, १०८ धारासहितको स्नानस्थल, हवन गृह, अतिथि गृह, बृद्धाश्रम, प्रहरी चौकी, स्वास्थ्य चौकी लगायतका पूर्वाधारहरू निर्माण गर्ने योजना रहेकोमा केही योजना पुरा भइसकेका छन् भने बाँकी पुरा हुने क्रममा रहेका छन् । मोदीबेनीको वृहत्तर विकासका लागि स्पष्ट गुरूयोजना तथा कार्ययोजनाको निर्माण गरी प्राचिनकालका कुटीका विशेषताहरूसँग मेल खाने गरी वा प्राचिन बास्तुकलासँग सामञ्जस्य हुने गरी आधुनिक संरचनाहरू निर्माण गर्नु जरूरी देखिन्छ । ठूला संरचनाहरू भन्दा पनि साना साना संरचनाहरू वा साधारण प्रकारका भुईँ तला भएका भवनहरू र पर्याप्त मात्रामा फलफूल वा फूलहरूका बोटविरूवा लगाई सुन्दर पार्कको निर्माण भएमा यो क्षेत्र एउटा अलौकिक आनन्दको अनुभूति प्रदान गर्ने क्षेत्रका रूपमा स्थापित हुन सक्ने देखिनछ । विशेष गरी भगवान विष्णुलाई तुलसी, पारीजात, पीपल, कुश, कपुर, कल्की, अशोक, धुपी एवं गुलाब आदि मन पर्ने भएकोले पार्कमा यस खालका विरूवाहरू रोप्नु उत्तम हुन्छ । स-साना पोखरी र तिनमा कमलका फुलहरू भएमा अझ आकर्षक हुने निश्चित छ । कालीगण्डकी किनारका अन्य धार्मिकस्थलहरू जस्तै रिडी, सेतीबेनी, देवघाट, त्रिवेणी, जैमुनीघाट, सहस्रधारा दिव्यधाम, गलेश्वर र मुक्तिनाथ आदि स्थलहरूसँग मोदीवेनीको सम्बन्ध स्थापित गरी धार्मिक करिडोरको अवधारणासहित योजना निर्माण गरी आवश्यक कार्यप्रक्रिया अघि बढाउन सक्ने हो भने यस क्षेत्रको धार्मिक पर्यटनमा ठूलो योगदान पुग्नसक्ने देखिन्छ ।

## ९. गुप्तेश्वर गुफा

कुश्मा नगर क्षेत्रमा रहेका पर्यटकीय स्थलहरूमध्ये प्रख्याति कमाएको प्रसिद्ध गुप्तेश्वर गुफा पनि हो । प्राचीन, धार्मिक, ऐतिहासिक एवं पर्यटकीय दृष्टिले महत्त्वपूर्ण, प्राकृतिक देवी देवताहरूको सुन्दर आकृतिहरूले भरिपूर्ण, भक्तहरूको मनोकांक्षा पुरा हुने नेपालकै ठूलो लामो एवं अलौकिक गुफा, गुप्तेश्वर गुफा हो । पौराणिक मान्यताअनुसार महादेवले पार्वतीलाई छल गरी गायव भएपछि उनको खोजिमा भौंतारीरहेकी पार्वतीले यस गुफामा बसेर गुप्त रूपमा महादेवको आराधना गरेपछि महादेव प्रसन्न भई पार्वतीका सामु प्रकट भएका थिए भन्ने जनविश्वास रहेको छ । यसकारण यस गुफाको नाम गुप्तेश्वर रहन गएको हो भन्ने भनाई छ । लिच्छवी शासनकालमा कश्मिरका राजा जयापिडले नेपालमाथि आक्रमण गर्दा अरमुड्डी भन्ने शासकले जयापिडका सेनालाई खत पारी जयापिडलाई पक्रेर लामो समयसम्म यही गिरीदुर्ग नामबाट परिचित गुप्तेश्वर गुफामा बन्दी बनाई राखेका थिए भन्ने कुराको अनुमान इतिहासकारहरूले गरेका छन् । अरमुड्डीले जयापिडलाई पक्रेको स्थान कुश्मा बजारको पश्चिमपट्टि रहेको अरमाडी/अर्मादी थियो जुन शव्द अरमुड्डीबाट अपभ्रंश भई बनेको हो भनिन्छ (श्रेष्ठ,२०५९) । वि. सं. २०१६ सालमा तत्कालीन राजा महेन्द्र र प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोईराला यस क्षेत्रको भ्रमणमा आउँदा दुबैजनाले यस गुफाको अवलोकन गरेका थिए । भ्रमण टोलीमा रहेका इतिहासकार तथा संस्कृतिविद् सत्यमोहन जोशीले गुप्तेश्वर गुफाको बारेमा लेख लेखी प्रचारप्रसार गरेपछि तत्कालीन सरकारले कक्षा सातको पाठ्यक्रममा यस गुफाको परिचयलाई समावेश गरेको थियो । यसपछि यो गुफाको महिमा झनै बढेर गएको थियो ।

कुश्मा नगरपालिका वडा नं. ४ स्थित डम्डारे खोलाको किनारमा यो गुफा रहेको छ । पहिले पहिले कुश्मा बजारमा मकै खान भालु आउने र यही दुलोमा लुक्ने भएकोले यसलाई भालुदुलो नामले पनि चिनिन्थ्यो । गुप्तेश्वर गुफा कुश्मा बजारको उत्तर पश्चिमी दिशामा पोखरा बागलुङ राजमर्गदेखि करिब ८०० मिटरको दुरीमा अवस्थित छ । करिब २ किलोमिटर लम्बाई भएको अनुमान गरिए तापनि यस गुफामा प्रवेश गरी घुम्नको लागि सम्भाव्य दूरी मात्र १५० मिटर रहेको छ । वि.सं. १९९१ चैत्र महिनामा कुश्माबजार निवासी रत्नबहादुर कार्की, दलबहादुर राना मगर, श्यामप्रसाद जोशी, धनबहादुर जोशी, सर्वे खत्री, रूपनारायण श्रेष्ठ आदिले यो गुफा पत्ता लगाएका थिए । यी व्यक्तिहरूले गुफा पत्ता लगाएको कुरा कुश्मा बजारमा फैलिएपछि भोलिपल्ट पण्डित भवानीप्रसाद उपाध्याय, कुलपति उपाध्याय, दुर्गादत्त उपाध्याय तथा खगराज उपाध्यायहरू समेत गुफाभित्र प्रवेश गरी गुफाभित्रका विभिन्न आकृतिहरूलाई विभिन्न पौराणिक स्थल र देवी देवताको नामाकरण गरेका थिए ।

यस गुफाको विशेषता भनेको गुफाभित्र बनेका अत्यन्तै मनोरम आकृतिका शिव, पार्वती, विष्णु, लक्ष्मी, सरस्वती आदि देव देवीको संरचनाहरू हुन् । प्रचण्ड गर्मीको समयमा पनि गुफाभित्र वातानुकुलित भवनमा बसेजस्तो शितलताको आभुति हुन्छ । भूमिगत पानीको बहावका कारण चुनढुङ्गाको क्षयीकरणले बनेका यी विभिन्न देवी देवताको आकृति स्वयं भगवानकै कलाकृति हो भन्ने जनविश्वास रही आएको छ । कुश्मा र यसको छेउछाउमा गरी करिब ३८ रोपनीमा फैलिएको यस गुप्तेश्वर गुफालाई हाल जिल्ला प्रशासन कार्यालयद्वारा वि.सं. २०५० मा स्वीकृति प्राप्त "गुप्तेश्वर धार्मिक तथा पर्यटकीय विकास संस्था" ले रेखदेख तथा व्यवस्थापन गरिरहेको छ । स्थानीयबासीहरूको आर्थिक सहयोग एवम् आन्तरिक तथा वाह्य स्रोतहरूको परिचालन गरी गुफाको संरक्षण र व्यवस्थापनका लागि गुफा परिसरमा विभिन्न प्रकारका संरचनाहरू निर्माण गरिएको छ । कुश्मा बजारबाट गुप्तेश्वर गुफा पुग्ने सुगम पदमार्ग भए तापनि हाल आएर समितिले गुप्तेश्वर गुफा र कालीगण्डकी जोड्ने एउटा अर्को बाटो खोल्न तत्परता देखाएको छ । यसका साथै गुप्तेश्वर गुफालाई केवलकारको बिन्दुसम्म जोड्ने अर्को मार्ग सञ्चालन भएको छ । गुफा रहेको क्षेत्रमा भिरालोपन बढी भएको कारणले यस गुफा नजिकै अन्य धेरै पूर्वाधारहरूको विकास गर्न त्यति सहजता भने देखिदैन ।

यस गुफामा महाशिवरात्री, बालाचतुर्दशी र श्रावण महिनामा पूजाआजा गर्न आउनेको ठूलो भिड लाग्ने गर्दछ । दैनिक रूपमा सयौं सङ्ख्यामा टाढा टाढाबाट मानिसहरू यस गुफाको अवलोकन गर्न आउने गर्दछन् । ४० वर्ष पहिलेदेखि भारतको राजस्थानबाट नागा महात्मा बालयोगि शिव गिरि/ बोलवम गिरि (उमेर ८५ वर्ष) यस गुफामा आएर बस्न थालेपछि गुफाको प्रचार प्रसार तथा महिमा विस्तारै बढेर जान थालेको हो भन्ने कुरा यहाँका स्थानीयबासीहरू बताउँछन् । यस गुफामा श्रद्धालु भक्तजनहरूले प्रदान गरेको आर्थिक सहयोगबाट सदावर्त सेवा सञ्चालन गरिएको छ । गुफाको अवलोकन गर्न आउने मानिसहरूलाई मात्र होइनकी गुफा वरिपरि आउने बाँदरहरूलाई समेत रोटी बनाएर खुवाउने गरिन्छ । गुप्तेश्वर गुफा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण स्थल रहेकोमा कसैको पनि दुईमत छैन । यो गुफा नगरक्षेत्रको मात्र नभएर चार नम्बर प्रदेशकै प्रमुख पर्यटकीय सम्पदास्थलका रूपमा स्थापित हुन सक्ने संभावना रहेको छ । सघन वृक्षारोपण कार्यक्रमको माध्यमबाट करविर, बेलपत्र, धतुरो, रूद्राक्ष, आँक, जहर, बगनवेली, चमेली जस्ता बोटविरूवाहरू गुफाको वरिपरि रोपण गर्ने हो भने गुफाको आकर्षण अझै बढ्न सक्ने देखिन्छ । गुप्तेश्वर गुफाको वरिपरि कुस लगाएमा कुश्मा बजारको बास्तविक पहिचान पनि झल्काउन सकिने देखिन्छ । आन्तरिक पर्यटकलाई आकर्षित गरिरहेको यस गुफाले बाह्य पर्यटकलाई पनि आकर्षित गर्न सक्ने बलियो सम्भावना रहेको छ । यसका लागि कुश्मा नगरपालिकाले वृहत्तर पर्यटन गुरूयोजना निर्माण गरी यहाँका पर्यटकीय क्षेत्रहरूको विकास र विस्तारमा विशेष पहल गर्नुपर्ने देखिन्छ ।

### १०. सहश्रधारा दिव्यधाम

कुश्मा नगरपालिका वडा नं. १ पाङस्थित सहस्रधारामा सहस्रधारा दिव्यधाम रहेको छ । पानीको श्रोतको रूपमा र धार्मिक दृष्टिले ज्यादै महत्वपूर्ण यस सहश्रधारामा ठाडो ढुङ्गाको भिरालो स्थानबाट सहस्र झरना झरीरहेको देख्न सकिन्छ । कृष्णगण्डकीको उत्तरी किनारपट्टि रहेको ठाडो ढुङ्गे पहराको फेदबाट अनवरत रूपमा बगीआउने सहस्र फोहोरालाई नै सहस्रधारा भनिन्छ । पौराणिक महत्त्व बोकेको स्थान भएकोले यसलाई सहस्रधारा दिव्यधाम भनिएको हो । सहस्रधाराको मुख्य विशेषता भनेको नै यहाँको पानी कहिल्यैपनि धमिलो हुँदैन । संधै सफा र कञ्चन जल प्रवाहित भईरहेको देखिन्छ । ऋषितर्पणीका दिनदेखि यहाँ रहेका पानीका फोहोरा बढ्ने गर्दछन् ।

पहिला पहिला दामोदरकुण्ड तथा मुक्तिनाथ जाने तीर्थयात्रीहरूले यहाँ स्नान गरेर त्यसतर्फ जाने गर्दथे । पौराणिक कथनअनुसार माता पार्वतीले गंगा स्नान गरेर फर्कने क्रममा प्यास लागि मुख खोल्दा माथिबाट पवित्र जलधारा प्रवाहित भई माता पार्वतीको प्यास मेटिएको र सोहीवखत सहस्रधारा उत्पत्ती भएको हो भन्ने किंवदन्ती रहेको छ । पौराणिक महत्त्व बोकेको पर्वत जिल्लाको उत्तरी भागमा रहेको कालञ्जर हम्पाल पर्वतबाट उत्पत्ती भई यस ठाउँमा सहस्रधारा प्रवाहित भएको जनविश्वास रहेको छ । दामोदरकुण्ड तथा मुक्तिनाथबाट उत्पत्ती भई बगेकी प्रसिद्ध शालग्रामयुक्त कृष्णगण्डकीको समिपमा सहस्रधारा दिव्यधाम रहेको छ । देवी पार्वतीको जन्म यही सहस्रधाराभन्दा ३ किलोमिटर माथि रहेको पाङमा भएको भन्ने जनविश्वास रहेको छ भने भगवान शिव र देवी पार्वती यसै ठाउँमा भेटने गरेको किम्वदन्ती रहेको पाइन्छ । अहिलेपनि मुक्तिनाथ र दामोदरकुण्ड जाने भक्तजनहरू यस सहश्रधारामा स्नान गरेर मात्र त्यँहा जाने गर्दछन् ।

सहश्रधारासम्म पुग्ने पक्की बाटोको निर्माण कार्य सम्पन्न भइसकेको छ । १०८ वटा गौमुखी धाराहरू, भगवान शिवको ढुङ्गामा

कुँदिएको विशाल मुर्ति, मन्दिर, पूजारीका लागि विश्रामस्थल, दुईवटा प्रवेशद्वार, पोखरीजस्ता संरचनाहरू निर्माण भईसकेका छन् । यस क्षेत्रका केही संरचनाको विकासको लागि बाँसघारीको फँडानी गरिएकोले यहाँ भू-क्षय हुने संभावना बढेको छ । यस धामका नाममा करिब डेढ रोपनीजति जग्गा रहेको छ । यस जग्गामा आर्थिक स्रोतको व्यवस्थापन गरी धर्मशाला, पार्क तथा अन्य आवश्यक संरचना निर्माण गर्ने योजना सहस्रधारा दिव्यधाम समितिको रहेको छ । यस क्षेत्रको वृहत्तर विकासका लागि वि.सं. २०७१ मंसिर २२ देखि २९ गतेसम्म आयोजना गरिएको महायज्ञबाट संस्थापक सदस्यता शुल्क सहित एक करोड दुई लाख बराबर रकम संकलन भएको थियो । यसै रकमबाट यहाँ विभिन्न किसिमका संरचनाहरूको निर्माण गरिएको हो ।

सहश्रधारामा रहेको भिरालो जग्गा/जमिन कमजोर प्रकृतिको रहेको छ । यस क्षेत्रको विकासको निम्ति कृष्णबहादुर क्षेत्रीको अध्यक्षतामा ९ सदस्यीय सहश्रधारा दिव्यधाम विकास समिति स्थापना गरिएको छ र यस क्षेत्रको विकासको लागि पोखरास्थित परोपकार महासंघका अध्यक्ष भागवत भाष्कर कमलनयन गौतमले पनि विशेष अभिरूची देखाउनु भएको छ । कुश्मा नगरपालिकाको सन्दर्भमा यो धाम पर्यटकको निम्ति अर्को एक महत्वपूर्ण क्षेत्र हुनसक्ने देखिन्छ । कृष्णगण्डकीको किनारमा रहेका मोदीबेनीधाम, सहस्रधारा, गलेश्वर, मुक्तिनाथ तथा दामोदरकुण्डसम्म पुग्ने धार्मिक पर्यटकीय सर्किटको निर्माण गर्न सक्ने हो भने धार्मिक पर्यटकको बलियो संभावना यहाँ रहेको छ ।

### ११. पार्वती गुफा

कुश्मा नगरपालिका वडा नं. १ पाङ गाउँमा अवस्थित ४० मिटर चौडाइ र १०० मिटर लम्बाई भएको गुफा पार्वती गुफाको नामले चिनिन्छ । यहाँका स्थानीयबासी छविलाल पौडेलले यस गुफाभित्र शिवलिङ्ग र पार्वती रहेको पत्ता लगाउनु भएको थियो । हालसम्म यस गुफाको लागि कुनै विशेष कार्यक्रमहरू गरिएको छैन । तथापि स्थानीयबासीले यस गुफामा देवी पार्वतीलाई कुल देवता मानेर पूजा अर्चना गर्ने गरेका छन् भने भगवान शिवको लिङ्ग पनि स्थापना गरिएको छ । पार्वती गुफाको संरक्षणका लागि पार्वती गुफा संरक्षण तथा पर्यटन क्षेत्र विकास समिति स्थापना गरिएको छ । यो गुफामा अन्य गुफामा जस्तो आकर्षण नभएतापनि यहाँ एक शिवमन्दिर स्थापना गरे आन्तरिक पर्यटकलाई आकर्षित गर्न सकिन्छ ।

### १२. साङ्‌ङाङ दोर्जे छोलिङ गुम्बा, आर्थर डाँडाखर्क

कुश्मा नगरपालिकाको वडा नं. १४ आर्थर डाँडाखर्कमा रहेको साङङाङ दोर्जे छोलिङ गुम्बा वि.सं. १८३६ मा स्थापना गरिएको थियो । विसं. २०१८ मा यस गुम्बाको जिर्णोद्धार गरिएको थियो । शुरूमा यस गुम्बा अन्तरगत रहेको गुठीको अधिनमा ३० मुरी धान फल्ने जमिन रहेपनि पहिरोको कारणले केही जग्गा विनास भएपछि हाल केवल १२ मुरी धान फल्ने जमिन मात्र बाँकी रहेको छ । बाह्य पर्यटकको आकर्षणको केन्द्र हुनसक्ने मौलिक वास्तुकला भएको यस गुम्बामा भिक्षुहरूलाई ३ महिनादेखि एक वर्षसम्म पढाउनका लागि दुइवटा कोठा रहेका छन् । पर्यटकको खासै चहलपहल नहुने यस गुम्बामा पर्यटकहरू बाटो पर्दा भने छिर्ने गर्छन् । गुरूङ समुदायको बाहुल्यता रहेको यस गाउँमा साँस्कृतिक पर्यटनको सम्भावना धेरै रहेको छ । आफ्नो कला, धर्म संस्कृति, रितीरिवाज अनि डोङको संरक्षण गरिरहेका गुरूङ्ग संस्कृति बाहेक यहाँ रहेको बौद्ध ध्यान केन्द्र पनि बाह्य पर्यटकको लागि राम्रो आकर्षणका विषयहरू हुन सक्छन् (जिविस, पर्वत, २०७०) ।

### १३. बाटुलेचौर

कुश्मा नगरपालिकाभित्र रहेका विभिन्न पर्यटकीय स्थलहरू मध्ये पौराणिक महत्त्वको स्थल बाटुलेचौर हो । हिन्दू धार्मिक ग्रन्थ रामायणका पात्र दशरथसँग सम्बन्धित यस बाटुलेचौर कुश्मा नगरपालिका वडा नं. १२ ठुलीपोखरीमा रहेको छ । हाल स्याङजा जिल्लामा पर्ने बाङसिङ गाउँमा राजा दशरथद्वारा भुलवश चलाएको धनुषवाण लागेर श्रवणकुमारका बाबुआमा (दशरथका दिदी भिनाजु) को मृत्यू भएको भन्ने किंवदन्ति रहेको छ । राजा दशरथले सो आफ्नो पापबाट मुक्ति पाउन यसै बाटुलेचौरमा ठुलो यज्ञ गरेको र देवीले उनलाई दर्शन दिएको भन्ने जनविश्वास रहेको छ । उक्त स्थानमा हाल पनि यज्ञ कुण्डस्थलहरू देख्न पाइन्छ । यद्यपि यहाँ रहेको कुवा तथा धाराको पानी कार्किनेटा तर्फकाले खानु हुँदैन भन्ने विश्वास रहेकोले अहिलेपनि कसै कसैले पानी खाने गर्दैनन् । बाटुलेचौरबाट हिमश्रृङ्खला र कालीगण्डकी उपत्यकाको मनोरम दृश्य देख्न सकिन्छ । त्यसका अलावा यहाँ कृतिनाथ उपाध्यायले निर्माण गर्नुभएको भगवान शिव र देवी कालिकाको मन्दिर रहेको छ । तथापी यो क्षेत्र पनि संरक्षणकै पर्खाइमा छ । यहाँ तारवार गरिए पनि त्यो भत्केको छ भने केही अनाधिकृत झुपडीहरू पनि बनाइएका छन् । यस बाटुलेचौरको पौराणिक कथनको महिमालाई प्रचार प्रसार गरी यस क्षेत्रमा रहेका अन्य पर्यटकीय स्थलहरूसंग यसलाई जोड्न सकियो भने पर्यटकीय स्थलको रूपमा विकसित हुन सक्ने संभावना यस स्थानको रहेको छ ।

### १४. ठूलीपोखरी

कुश्मा नगरपालिका वडा नं. १२ मा रहेको मानवनिर्मित पोखरी "ठूलीपोखरी" पनि यहाँको एक ऐतिहासिक र चर्चित स्थान हो । यही पोखरीको नामबाट यस ठाउँको नाम ठूलीपोखरी गाउँ रहन गएको हो । करिब ५ रोपनी बराबर क्षेत्रफलमा फैलिएको

यस पोखरीमा वर्षायाममा दुई महिना जति पानी जम्मा हुने भए तापनि अन्य समय भने सुख्खा रहने गर्दछ । जनता सुदर्शन मा. वि. को प्राङ्गण छेउमा रहेको यो पोखरी मानवनिर्मित पोखरीहरू मध्ये यस क्षेत्रमा सबैभन्दा ठूलो भएकोले यसको नाम ठूलीपोखरी रहन गएको हो भन्ने भनाई रहेको छ । झादी वितलव निवासी नेपालका भुतपूर्व प्रधानमन्त्री एवम् मुख्तीयार महामहोपाध्याय रंगनाथ पौडेलका सहोदर भाइकी छोरी चन्द्रवदनाले वि. सं. १९०७ मा यस पोखरीको निर्माण गर्न लगाएकी थिईन् भन्ने कुरा जनता सुदर्शन मा. वि. को स्वर्ण स्मारिकामा यमबहादुर क्षेत्रीले उल्लेख गरेका छन् (क्षेत्री, २०७३) । यही स्मारिकामा पिताम्वर शर्मा नेपालीले यो पोखरी रंगनाथ पौडेलका वंशज पण्डित राम शर्माले वि. सं. १९०७ को आसपासमा निर्माण गर्न लगाई उनकी धर्मपत्नी चन्द्रवदनाले प्रतिष्ठा गरेको कुरा उल्लेख गरेका छन् भने महेश्वर शर्माले रंगनाथ पौडेलकी छोरीकी छोरी चन्द्रवदनाले यो पोखरी बनाउन लगाएकी थिइन भनी भनेको सुनेको कुरा वताएका छन् ।

तत्कालिन समयमा यो पोखरी अहिलेको भन्दा धेरै ठूलो रहेको थियो । पोखरीको छेउतिरको केही भाग भत्किएर गएपछि रंगनाथ पौडेलका सन्ततिहरूले बनाएका थिए । विगतमा पोखरीको वरिपरि सुन्तलाका बोटहरू रापिएको र विभिन्न प्रकारका फूलहरू रोपिएको भए तापनि अहिले सुख्खा पोखरी मात्र देखिन्छ । वितलव माइत भएकी चन्द्रवदनाको विवाह ठूलीपोखरीमा भएको थियो । हिन्दु धर्म संस्कृतिअनुसार परलोकपछि वैकुण्ठको बास पाउनका लागि चौतारी पोखरीहरू बनाउने र चौतारीमा वर, पिपलका विरूवाहरू रोप्ने प्रचलनअनुसार चन्द्रवदनाले काठमाडौंको रानीपोखरी जस्तै एउटा मानवनिर्मित पोखरी र ठूलीपोखरीदेखि मोदीवेनीसम्म जाने आउने बाटोमा ढुङ्गाको सिंढी लगाउने इच्छा मुख्तीयार रंगनाथ पौडेलसंग जाहेर गरेपछि उनको सहयोगमा चन्द्रवदनाले यो पोखरीको निर्माण गर्न लगाएकी थिईन भन्ने कुरा यहाँका स्थानीयबासी बुढापाकाहरू बताउँछन् ।

ऐतिहासिक यस पोखरीमा पानी जम्मा हुन छोडेपछि वि. सं. २०२२ -२०२३ सालतिर जनता सुदर्शन मा. वि. सञ्चालनका लागि आवश्यक पर्ने खर्च जुटाउने उद्देश्यले स्थानीयबासीको पूर्ण समर्थन नहुँदा नहुँदैपनि विद्यालय परिवारले पोखरी जोतेर खेती गर्न शुरू गरेको भए तापनि यसले निरन्तरता भने पाउन सकेन । यो पोखरी १० महिनाजति सुख्खा रहन्छ । वर्षाको समयमा लगातार पानी परेर पोखरी आसपासका क्षेत्रमा मूल फुट्ने र देवीथानदेखिको भेलपानी बगेर पोखरीमा जम्मा हुन आएमा पानी भरिन्छ । अन्य कुनैपनि स्थानबाट स्थायी रूपमा पोखरीमा पानी आउने स्रोतहरू रहेका छैनन् ।

पोखरीको वरिपरिका भित्ता र पानी भासिनसक्ने संभावित भुइंलाई ढलान गरी नजिकैका खोलाहरूबाट कुलो खनी वर्षायाममा पानी ल्याई पोखरीमा जम्मा गर्ने, पोखरीको वरिपरि तारजाली लगाई सुन्दर बंगैचाको निर्माण गर्ने, पोखरीमा कमलका फूलहरू लगाउने र हाँसहरू पाल्ने हो भने विद्यालय प्राङ्गण छेउमै रहेको यो पोखरी यस ठाउँको शोभादायक स्थल बन्न सक्दछ । यो पोखरीलाई चौरका रूपमा छाड्ने र खेती गर्नुभन्दा राम्रो विकल्प पानीको स्रोत खोजी पोखरीको पुनर्निर्माण गरी वास्तविक पानी भएकै "ठूलीपोखरी" को पहिचान दिने काम गर्न सक्ने हो भने पोखरी निर्माताले जुन उद्देश्य राखेर पोखरी खनाएकी थिईन् त्यो पनि पुरा हुने र एउटा आकर्षक पर्यटकीय स्थलका रूपमा यसलाई विकास गर्न सकिने सम्भावना रहेको छ । ठूलीपोखरी, बाटुलेचौर, खौलाकोट र जुम्लीठानालाई एकिकृत पर्यटकीय विकासको प्याकेजमा समाहित गर्न सकेको खण्डमा कुश्मा नगरपालिकाको महत्त्वपूर्ण पर्यटकीय गन्तब्यस्थलका रूपमा यसलाई स्थापित गर्न सकिन्छ ।

## १५. भग्नावशेष पाङ दरबार

बाइसी चौबीसी राज्यको शासनकालमा पर्वत राज्य आर्थिक र सामरिक दृष्टिले बलियो राज्यका रूपमा मानिन्थ्यो । पर्वत जिल्लाको मोदीखोला भन्दा पश्चिमका क्षेत्रहरू पर्वत राज्यमा समाहित थिए । पर्वत राज्यको राजधानी म्याग्दीको बेनी र ढोरठानामा/ ढोलठानामा रहेको थियो । पर्वत राज्यका प्रथम राजा आनम्म (आनन्दवम) थिए भने अन्तिम राजा कीर्तिवम मल्ल थिए । वि. सं. १८४३ आश्विन १४ गतेका दिन गोरखाली सेनाले राजधानी बेनीलाई कब्जा गरी पर्वत राज्यमाथि विजयको ध्वजा फहराएपछि कीर्तिवम मल्ल आफ्नो राज्य छोडी ढोरको बाटो हुँदै नवाव बजीजको राज्य वलिरामपुरमा शरण लिन पुगे । यीनको मृत्यु त्यहीं भयो । पछि भिमसेन थपाले कीर्तिवम मल्लका जेठा छोरा राजविक्रम र माहिला विक्रमार्कलाई वनारसको मदानीपुरबाट झिकाई भिरकोटको सखाममा माना चामलको व्यवस्था गरी राखेका थिए । वि.सं. १८९४ मा राजविक्रमका छोरा विजयवमलाई पर्वत जिल्लाको पाङमा बसोबास गर्ने व्यवस्था मिलाइएको थियो । यसरी कीर्तिवम मल्लका नाति पाङमा बसोबास गर्न थालेपछि यस दरबारको निर्माण गराएका थिए । करिब १६० वर्ष पहिले निर्मित पाङ दरबार अहिले भग्नावशेष अवस्थामा रहेको छ । दरबारको कुनै नाम निशाना रहेको देखिदैंन । विजयवमका सन्तानहरू अहिले पाङ लगायत विभिन्न स्थानमा बसोबास गर्न थालेका छन् । दरबारको भौतिक स्वरूप वर्तमानमा नरहेको भए तापनि दरबार परिसरमा बगैचा र नृसिंह भगवानको मन्दिर भने हालसम्म पनि रहेका छन् । पाङ दरबार रहेको जमिन बिक्री भइसकेको छ । दरबार रहेको स्थानको सम्बन्धित जग्गादातासंग नगरपालिकाले सहकार्य तथा समन्वय गरेर दरबारको जग्गा अधिकरण गरी ऐतिहासिक महत्त्वको यस भग्नावशेष पाङ दरबारलाई मल्लकालीन शैलीमा पुनर्निमाण गर्ने र आवश्यक भौतिक संरचनाहरू निमार्ण गरी सो ठाँउलाई अतिथि गृहको रूपमा स्थापना गर्न सकिन्छ । साथै पौराणिक महत्त्व बोकेको र ज्योतिष विद्याको केन्द्रको रूपमा विगतमा चर्चित पाङ क्षेत्रलाई एक प्रमुख पर्यटकीय गन्तब्यस्थलका रूपमा विकास गर्न सकिने बलियो सम्भावना रहेको छ ।

## १६. जुम्लीथान/जुम्लीठाना

कुश्मा नगरपालिका भित्रका विभिन्न ऐतिहासिक तथा धार्मिक सम्पदास्थलहरू मध्ये साविक खौलालाँकुरी गा.वि.स. वडा नं. ४ र हाल कुश्मा नगरपालिका वडा नं. १३ मा पर्ने जुम्लीथान पनि एक हो । जुम्लीथान क्षेत्रको केही भाग फलेवास नगरपालिकामा पनि पर्दछ । समुद्री सतहबाट करिब १७०० मिटर उचाईमा अवस्थित जुम्लीथान ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय स्थलका दृष्टिले महत्त्वपूर्ण क्षेत्र मानिन्छ । नगरपालिकाको केन्द्र कुश्मा बजारबाट करिब १४ कि.मि. कच्ची मोटरबाटोबाट पुग्न सकिने यो स्थान भूरे टाकुरे राजाहरूका पालामा प्रमुख केन्द्र र सैन्य किल्ला रहेको थियो । भूरे टाकुरे राजाका पालामा किल्ला बनाई बसेको छेउठान र माझठान भनेर चिनिने स्थानमा तत्कालीन किल्लाका अवशेषहरू रहेको देख्न सकिन्छ । जुम्लाबाट यस क्षेत्रमा राज्य गर्न आएका जुम्लीहरूले निर्माण गरेको देवीको थान र मठहरूको थापना गरी पूजा गर्ने गरेकोले यस ठाउँको नाम जुम्लीथान वा जुम्ली ठाना रहन गएको हो भन्ने कुरा स्थानीय बुढापाकाहरू बताउँछन् । करिब ६०० वर्ष पूर्व भूरे टाकुरे राजाहरूको दरबार रहेको यस जुम्ली ठानामा हाल उक्त दरबारका तीन विभिन्न आकर्षक भग्नावशेष देख्न पाइन्छ । तीनमध्ये दुई भग्नावशेष निजी जग्गा भित्र पर्दछन् भने एक भग्नावशेष सामुदायिक वनक्षेत्र भित्र पर्दछ । बाइसी चौबीसी राज्यका पालामा यो क्षेत्र सतहुँ राज्यमा पर्दथ्यो । सतहुँ र पर्वत राज्यको बीचमा बारम्बार कचिङ्गल परिरहने भएकोले पर्वत राज्यमाथि निगरानी राख्नका लागि सतहुँ राज्यको सामरिक दृष्टिले महत्त्वपूर्ण किल्लाका रूपमा जुम्ली ठाना रहेको थियो ।

वरिपरि घना जङ्गल र बीचमा देवीको मन्दिर रहेको यो ठाउँ अत्यन्तै मनमोहक र रमणीय रहेको छ । यस मन्दिरमा बालाचतुर्दशीका दिन स्थानीय तथा छिमेकी गाउँ, स्याङ्जा र कास्की जिल्लाबाट बाजागाजा र भजन किर्तनसहित सत्बीज छर्न आउनेहरूको घुइचो लाग्ने गर्दछ । स्थानीय बुढापाकाहरूको भनाईअनुसार यस ठाउँमा एउटा गुफा रहेको थियो । भूरे टाकुरे राजाका पालामा शिकार खेल्ने क्रममा मृग र कुकुर भाग्दै भाग्दै जाँदा यस गुफाभित्र पसेको र यी कहाँ गए भनि खोज्दै जाँदा करिब एक कि. मि. जति तल काहुनेको भिरबाट निस्केका थिए । यसलाई आधार मानी वि.सं. २०७४ बैशाखमा स्थानीय युवाहरूले करिब ३२ फिट जति उत्खनन् कार्य गरेका पनि थिए । गुफाको भौगोलिक अवस्था र आधुनिक प्रविधिको अभावका कारण गुफाको बाँकी खण्ड उत्खनन् गर्न सकिएको छैन ।

जुम्लीथान प्राकृतिक दृश्यहरूको सुन्दरताले भरिपूर्ण रहेको छ । यहाँबाट धवलागिरि तथा अन्नपूर्ण हिमश्रृंखला अन्तर्गत पर्ने सबैजसो हिमालहरूको दृश्यावलोकन गर्न सकिन्छ । पर्यटकीय तथा जैविक विविधताले भरिपूर्ण रहेको पञ्चासे, डहरे देउराली, खौलाकोट, बाटुलेचौर लगायत पर्वत, बागलुङ, स्याङजा, कास्की र गुल्मी जिल्लाका ठाउँहरूको दृश्यावलोकन गर्न सकिन्छ । यस ठाउँमा गएर सुस्ताउँदा एउटा छुट्टै प्रकारको आनन्द र शान्तिको अनुभव गर्न सकिन्छ । स्थानीयबासीहरू वनभोजका लागि यहाँ आउने गर्दछन् । झट्ट हेर्दा कास्कीको सराङकोटको झल्को समेत दिने यस ठाउँमा साहसिक पर्यटन खेल प्यारग्लाइडिङको पनि बलियो सम्भावना रहेको छ । कुश्मा नगरपालिकले यस प्रकारको ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको सुन्दर र रमणीय प्राकृतिक स्थलको विकास र विस्तारमा विशेष ध्यान दिनु जरूरी देखिन्छ । यसको संरक्षण तथा विकासका लागि स्थानीयबासीसंग सहकार्य गरी नगरपालिकाले आवश्यक कार्ययोजनाका साथ अघि बढ्नुपर्ने देखिन्छ । यस प्रकारका ऐतिहासिक महत्त्वका यी भग्नावशेषहरूको स्वामित्व नगरपालिकाले निजी व्यक्तिबाट आँफुमा स्थानान्तरण गर्नुपर्दछ । साथै यी ऐतिहासिक महत्वका स्थानहरूको सिमाङ्कन उचित तरिकाबाट गर्नुपर्दछ । भग्नावशेष वरिपरी उम्रेका घाँसपातलाई उखेलेर यो भग्नावशेषहरू स्पष्टरूपमा देख्न सकिने बनाउनु पर्दछ । विभिन्न स्थानमा रहेका भग्नावशेष अवलोकन गर्न एउटा पैदलमार्गको विकास गरिनु जरूरी देखिन्छ ।

## १७. धनेश्वर महादेव शिवालय मन्दिर

कुश्मा नगरपालिकामा रहेका विभिन्न मठमन्दिर तथा देवालयहरू मध्ये जिल्लाको सदरमुकाम कुश्माको शिवालयचोकदेखि करिब १०० मिटर उत्तर पूर्वमा रहेको शिवालय मन्दिर पनि एक हो । यो मन्दिर बि. सं. १९१७ मा मासको पिठो र ढुङ्गाबाट निर्माण गरिएको हो भन्ने भनाई रहेको छ । कुश्माबजार निवासी स्वर्गीय राधा गिरि/राधिका गिरिले आफ्ना ससुरा धनराज गिरिको पूण्य बढोस भनेर उनको नाममा शिवलिङ्गको स्थापना गरी "धनेश्वर महादेव शिवालय मन्दिर" को निर्माण गरेकी थिईन् । यस मन्दिर निर्माणमा माटो, काठ, सिमेन्ट आदिको प्रयोग भएको छैन । यसमा रहेको चौकोश समेत ढुङ्गाबाट बनाईएको छ । पोखरा बागलुङ राजमार्गको निर्माण नहुँदासम्म मुक्तिनाथ जाने तथा आउने तीर्थयात्रीहरूले यस शिवालय मन्दिरमा पूजाआजा गर्दथे । यसै शिवालय मन्दिरको नामबाट तत्कालिन शिवालय गा.वि.स.को नाम रहेको हो । ऐतिहासिक महत्त्वका रूपमा रहेको यस मन्दिरमा शिवरात्री, बालाचतुर्दशी तथा जनै पूर्णिमाका अवसरमा बिशेष पूजाआजा हुने गर्दछ । बालाचतुर्दशीमा शत्बीज समेत छर्ने गरिन्छ । हाल यस मन्दिरमा नित्य पूजाआजा हुने गर्दछ । तत्कालिन अवस्थामा कुश्मामा पानीको श्रोत नभएका कारण यस मन्दिरको नजिकै इनार खनिएको थियो । वर्षायाममा यस इनारमा पानी आउने र हिउँदमा खरेहाबाट कुलो/डुँडबाट पानी ल्याई राख्ने गरिन्थ्यो । करिब ४० फिट गहिरो र ५० फिट लम्बाइ भएको यस इनारका चारैतर्फका भित्तामा ढुङ्गाको पर्खाल लगाई मजबुत इनार निर्माण गरिएको थियो । तत्कालिन अवश्थामा खानेपानी, आगोलागिमा आगो निभाउने लगायतका कार्यमा यस इनारको पानी प्रयोग हुने गर्दथ्यो । वर्तमानमा कुश्मा बजारमा पहिले जस्तो खानेपानीको समस्या नरहेकोले यस इनारको प्रयोग अत्यन्तै कम मात्रामा हुने गरेको छ । हाल यस इनारलाई ढलान गरी चापाकलबाट बिशेष समस्या पर्दा मात्रै पानी झिक्ने गरिएको

छ । यस शिवालय मन्दिरको व्यापक प्रचार-प्रसार र ब्यवस्थापनमा जोड दिई धार्मिक पर्यटकहरूको आकर्षण बढाउनु पर्ने देखिन्छ ।

### १८. अल्पेश्वर गुफा र झादीचौर

अल्पेश्वर गुफा पर्यटकीय दृष्टिले कुश्मा नगरपालिका क्षेत्रको अर्को एक महत्वपूर्ण स्थल हो । कुश्मा नगरपालिका वडा नं. ९ कटुवाचौपारीमा रहेको झादीचौर र उत्तर पूर्वी स्थानमा रहेको अलपेश्वर गुफालाई पर्यटन प्रवर्द्धनको दृष्टिले एकै स्थलको रूपमा हेर्न सकिन्छ । झादीचौर १.५ किलोमिटर लामो र ३०० मिटर चौडा छ । हजारौं चमेराको बासस्थान अल्पेश्वर गुफामा रहेको छ । यो गुफा १ किलोमिटर लामो रहेको छ । गुप्तेश्वर गुफा जस्तै यो गुफामा पनि भूमिगत पानीको वहावका कारण चुनढुङ्गाको क्षयीकरणले गर्दा विभिन्न आकृति बनेका छन् । यस गुफाको संरक्षण र प्रवर्द्धनमा लागेको अलपेश्वर गुफा संरक्षण तथा पर्यटन केन्द्रले गुफाभित्र थुप्रै सिढीं बनाएता पनि गुफाको केही भागमा अझै पनि हिंड्न कठिनाई हुन्छ । यसको अतिरिक्त समितिले प्रवेशद्वारमा शिव मन्दिर र भजनगृह पनि स्थापना गरेको छ  । धार्मिक हिसाबले यस गुफाको प्रवर्द्धन गर्नु एउटा अवधारणा भए तापनि यो गुफालाई बैज्ञानिक अध्ययनको लागि खुला गर्नु उपयुक्त देखिन्छ । अल्पेश्वर गुफाले विद्यालयका बालबालिकालाई भौगोलिक अध्ययन, चुनढुङ्गा र पानी बीचमा हुने रासायनिक प्रक्रिया तथा चमेराहरूको बासस्थानको बारेमा अध्ययन गर्न मद्दत पुऱ्याउन सक्छ । यो बाहेक विभिन्न गुफाहरूको पारिस्थितिकीय प्रणालीको अध्ययन अलपेश्वर गुफाले सिर्जना गरेको अर्को पक्ष रहेको छ ।

अल्पेश्वर गुफालाई थप पर्यटकीय स्थलका रूपमा विकास गर्नका लागि नगरपालिका तथा सम्बन्धित वडाले विभिन्न कार्यहरू गर्नुपर्ने देखिन्छ । झादीचौरमा वनस्पति बगैंचा बनाइ पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ । यसको दिगोपनको लागि प्रवेश शुल्क र बोटविरूवाको बेच विखनबाट आर्यआर्जन गर्न सकिन्छ । अलपेश्वर गुफामा धार्मिक पर्यटकका अतिरिक्त बैज्ञानिक अध्ययनमा पर्यटकहरू बढी आकर्षित हुन सक्ने देखिन्छ ।

### १९. जलयात्रा आधारस्थल

नेपालका अधिकांश हिमनदीहरूमा जलयात्राको बलियो सम्भावना रहेको छ । साहसिक पर्यटनका लागि जलयात्रा विश्वमै प्रसिद्ध खेलका रूपमा मानिन्छ । कुश्मा नगरपालिका वडा नं. २ नयाँपुलबाट शुरू भई कालीगण्डकी जलविद्यूत आयोजनाको ड्यामसाइडसम्म करिब ६० कि.मि. लामो कालीगण्डकी नदीको जलयात्रा विश्वमै प्रसिद्ध छ । तीन दिनको यो जलयात्राको पहिलो दिन मोदीबेनीसम्म पुग्दछ भने दोस्रो र तेस्रो दिन क्रमशः रानीपानी र मिर्मिबाट यात्रा अगाडि बढाउन सकिने अवस्था रहेको छ । साहसिक पर्यटन प्रवर्द्धनको लागि कालीगण्डकीमा गरिने जलयात्रा एउटा राम्रो आकर्षण हुन सक्दछ भने यसको पर्याप्त प्रचार प्रसार गरेर दैनिकरूपमा पर्यटक भित्र्याउन सके कुश्मा नगरक्षेत्रका व्यवसायीहरूले राम्रो आय आर्जन गर्न सक्ने सम्भावना रहेको छ । यस जलयात्राको अधारस्थल नयाँपुलमा स्थानीय पर्यटन व्यवसायीले व्यवस्थित किसिमको रिसोर्ट र पूर्वाधारहरूको निर्माण गरेका छन् । यसले जलयात्रामा आउने पर्यटकहरूलाई सुविधा पुग्ने देखिन्छ ।

### २०. पञ्चासे

पर्वत जिल्लाकै महत्त्वपूर्ण धार्मिक, ऐतिहासिक र मनोरम प्राकृतिक स्थलका रूपमा मानिएको पञ्चासे क्षेत्रको केही भाग कुश्मा नगरपालिका वडा नं. १४ आर्थर डाँडाखर्कमा पर्दछ । सुन्दर हिमालहरू तथा मनोरम प्राकृतिक सौन्दर्यताको दृश्यावलोकन गर्न पाइने यो क्षेत्र जैविक विविधताले भरिपूर्ण क्षेत्र मानिन्छ । कास्की, स्याङजा र पर्वत जिल्लाको संगमस्थलमा रहेको यो क्षेत्रमा पर्यटन विकासको उच्च सम्भावना रहेको छ । कुश्मा नगरपालिकाको मात्र नभएर चार नम्बर प्रदेशकै प्रमुख पर्यटकीय स्थलका रूपमा यो क्षेत्र स्थापित भएको छ । सुन्दर, शान्त प्राकृतिक वातावरणभित्र रमाउन चाहाने मानिसहरूलाई ध्यानका लागि यो क्षेत्र प्रख्यात मानिन्छ । स्वदेशी तथा विदेशी धेरै व्यक्तिहरूले यसको धार्मिक महत्त्वका बारेमा व्यापक अध्ययन अनुसन्धान गरेका छन् ।

पञ्चासेको ४ वटा मुख्य विशेषताहरू रहेका छन् । ती हुन्:- दृश्यावलोकन स्थल, पाँच नदीको उद्गम, दुलर्भ जडिबुटी तथा धार्मिक स्थल । समुन्द्र सतहबाट २५१७ मिटरको उचाइमा रहेको पञ्चासेबाट अन्नपूर्ण हिमश्रृङ्खलाको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ । यहाँबाट देखिने पहाड, ताल, फाँट र खोलाहरूको दृश्यावलोकनबाट मानिसहरू कहिल्यैपनि तृप्त हुन सक्दैनन् । यसका अलावा पानीको मुलको श्रोत थाहा नभएको पोखरी देखेर जो कोहीपनि अचम्भित हुनु स्वभाविकै मानिन्छ । जङ्गलको बीचमा रहेको ११० मिटर लम्बाई, २५ मिटर चौडाई र १० मिटर गहिराई भएको यो पोखरी अत्यन्त कंचन रहेको छ । यो पोखरीको वरिपरि बाक्लो जङ्गल रहेको भए तापनि पोखरीमा पात भने एउटा पनि देखिदैन । पोखरीमा खसेका पातहरू चराहरूले टिपेर लैजान्छन् भन्ने जनविश्वास यहाँ रहेको छ ।

पञ्चासेबाट उत्पत्ति हुने हरपन खोला, अँधेरी खोला, रती खोला, जहरेखोला र आँधीखोला कास्की स्याङजा र पर्वत जिल्ला भएर बग्दछन् । ११३ प्रजातिका जङ्गली अर्किड/सुनाखरी पाइने पञ्चासेमा लालीगुराँस, रहचन्, खस्रु, फलाँट जस्ता रूखका प्रजातिको बाहुल्यता रहेको छ । प्राकृतिक सुन्दरताले भरिपूर्ण पञ्चासे धार्मिक दृष्टिले पनि ज्यादै सम्पन्न रहेको छ । यहाँस्थित सिद्धबाबा, पञ्चासे सरोवर र वराह मन्दिरको विशेष धार्मिक महत्त्व रहेको छ । धार्मिक ग्रन्थअनुसार च्यवन ऋषिले ध्यान गर्ने स्थल यही पवित्र

भूमि पञ्चासे थियो । पञ्चासे क्षेत्रमा महान योगीहरू आर्य हिमाद्री मातारूपी परम्परामा योगाभ्यास गरेका किम्बदन्तीहरू रहेका छन् । आफ्नो वनबासको समयमा पञ्च पाण्डवहरू आई पञ्चासेको दर्शन गरेका कहानीहरू यहाँ रहेका छन् । पञ्चासेको योग परम्पराको साक्षात प्रमाण वार्षिक मेला हो जहाँ आजसम्म पनि सिद्धबाबा गुफाको टुप्पोमा संस्कृतका सुक्तगान गरिन्छ । हाल यस स्थानमा बालाचर्तुदर्शी, शिवरात्री, फागुपुर्णिमा र बुद्धपुर्णिमाको दिन हजारौं भक्तजनहरू पूजा आजा गर्न आउने गर्दछन् । प्रत्येक वर्ष करिब २०,००० पर्यटक आउने अन्नपूर्ण हिमश्रृङ्खलासँगै जङ्गलले घेरिएको सुन्दर चरन क्षेत्र देखिने यस क्षेत्रको मुख्य आकर्षक पैदलमार्ग कुश्मा-डिमुवा-चित्रे-पञ्चासे भए तापनि पञ्चासे पुग्ने अन्य ५ पदमार्गहरू पनि रहेका छन् ।

पञ्चासेलाई अन्नपुर्ण सर्किट र सिरूवारीसँग जोड्न सके पञ्चासेको पर्यटन विकासमा थप बल पुग्नेछ । पञ्चासेको पर्यटन विकाससँगसँगै पूर्वाधार विकासको लागी चौतर्फि सहयोग आइरहेको छ । नेपाल सरकार सँगसँगै विश्व वन्यजन्तु कोष, अमेरिकी सहयोग नियोग, संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम, आइयुसिएन, जर्मनी सरकार, युएससी क्यानडा जस्ता दातृ निकाय र नेपाल पर्यटन बोर्डले पनि पञ्चासेको विकासको लागि सहयोग पुऱ्याएका छन् । सुन्दर र जैविक विविधताले भरिपूर्ण यस पञ्चासे क्षेत्रको व्यापक प्रचार प्रसार गरी विकास र विस्तार गर्न सकेमा कुश्मा नगरपालिकाको आर्थिक तथा पर्यटकीय विकासमा ठूलो योगदान पुग्न सक्ने बलियो संभावना यहाँ रहेको छ ।

## २१. पाङ गाँउ

कुश्मा नगरपालिका वडा नं. १ मा रहेको पाङ गाउँ सयौं वर्ष अगाडिदेखि नै ज्योतिष विद्याका लागि प्रख्यात थियो । पर्वत पाङका पण्डितहरू ज्योतिष विद्यामा निकै अगाडि थिए । ज्योतिष विद्यामा पनि फलित ज्योतिष विषयमा पर्वतको पाङले तत्कालीन गण्डक प्रसवण क्षेत्रमा निकै प्रसिद्धि पाएको देखिन्छ । बाइसी चौबीसी राज्यको शासनकालमा पर्वत राज्य अन्तर्गत पर्ने पाङलाई पर्वत राज्यका राजाहरूले विद्या आर्जन गर्ने प्रमुख केन्द्रका रूपमा स्थापित गरेका थिए । राजा मलेवम मल्लका पालामा थलाहरी आनन्द रेग्मीका वंशजका घरमा निशुल्क ज्योतिष विद्या पढाउने गरिन्थ्यो (श्रेष्ठ, २०५९) । वर्तमान समयमा यस गाउँमा केही ज्योतिषीहरू रहेको भए तापनि विगतमा जस्तो ज्योतिष विद्याको अद्यापन भने हुँदैन । पुरातात्विक सामग्रीका आधारमा पाङमा करिब ३५०० देखि ४००० वर्ष पुराना सामग्री र ५- ७ हजार वर्ष पुरानो मानव सभ्यताको प्रमाण मिलिसकेको तथ्य पुरातात्विक विभागको खोज अनुसन्धानबाट पुष्टि भईसकेको छ । प्रचीनतम् माटाका घडा, पुराना वाणका टुक्रा, श्रीकृष्णको बालमुर्ति, पुरानो मानव गुफा वा तपस्थलीले यस ठाउँमा ज्यादै पुरानो मानव सभ्यता मौलाएको पुष्टि हुन्छ । पौराणिक मान्यताअनुसार माता पार्वतीको जन्म भएको स्थान पनि यही पाङ नै रहेको विश्वास मानिएकोले पनि यस गाउँको एउटा छुट्टै पहिचान रहेको छ । जनविश्वास अनुसार साविक पाङ गा.वि.स.को वडा नं. ६ मा रहेको ओमकारेश्वर मन्दिर नजिक माता पार्वतीको जन्म भएको थियो । इतिहासकार योगि नरहरिनाथले गम्भिर खोजका आधारमा पार्वतीको जन्म भएको स्थान यही पाङ नै हो भनेर ठोकुवा गरेका छन् । भगवान् शिव र पार्वती सहश्रधारामा गएर नुहाउने अनि घाम ताप्नका लागि धैरेनी जाने गर्दथे भन्ने कर्ण परम्परा यहाँ रहेको छ । भगवान शिव र पार्वती ध्यान गर्नका लागि हम्पाल कालञ्जर पर्वतमा समेत जाने गर्दथे । यसकारण पनि नेपालको अधिकांश ठाँउका मानिसहरू यो ठाँउ भ्रमण गर्न आउने गर्दछन् । पाङ गाउँको पौराणिक तथा ऐतिहासिक महत्त्वको बारेमा व्यापक प्रचार प्रसार गर्न सकेमा ऐतिहासिक खोज अनुसन्धान गर्ने अनुसन्धातालाई यो गाउँ एउटा प्रमुख केन्द्रका रूपमा स्थापित गर्न सकिने संभावना रहेको छ ।

## २२. अर्मादी

कुश्मा नगरपालिकाभित्र रहेका विभिन्न ऐतिहासिक स्थलहरूमध्ये वडा नं. २ मा रहेको अर्मादी पनि एक हो । लिच्छवी शासनकालमा अरमुड्डी भन्ने सामन्त शासकले जयापीड विनयादित्य भन्ने कश्मिरी राजालाई पक्रन सफल भएको स्थानको नाम नै अरमुड्डीबाट अरमाडी हुँदै अर्मादी रहन गएको हो भन्ने तथ्य इतिहासकारहरूले उजागर गरेका छन् । नवौं शताव्दीको अन्त्यतिर अरमुड्डी धवलागिरि क्षेत्रको सामन्त शासकका रूपमा रहेको पाइन्छ । भारतीय साहित्यकार कल्हणद्वारा रचित कश्मिरका राजाहरूको विजयगाथा उल्लेख गरिएको राजतरंगिणीमा अरमुड्डीको नाम रहेको छ । कश्मिरका राजा जयापीडले शुर गरेको पूर्वी राज्यको विस्तार अभियानमा उनी अरमुड्डीले राज्य गरेको यस क्षेत्रमा पनि आईपुगेका थिए । अरमुड्डीको राज्य धवलागिरि हिमालको काखतिर रहेको थियो भन्ने भनाई छ । जयापीडको फौजसंग मुकाविला गर्न नसकी आफ्ना सेनाहरू पूर्वपट्टि भाग्न थालेपछि अरमुड्डीले आफ्नो फौजलाई अर्मादी नजिकै कालीनदी पारिपट्टि (अहिलेको गुप्तेश्वर गुफामा) लगेर राखी कालीगण्डकीमा बाँध बाँध्न लगाएका थिए । अरमुड्डीका सेनालाई लखेटदै आएका जयापीडका सेनाहरू कालीनदीमा पानीको वहाव कम देखेर नदीपारी तर्न खोज्दा पारीपट्टि रहेका सेनाले नदीको बाँध भत्काएपछि जयापीडका सेनालाई नदीले बगाइलगेको थियो । यसपछि अरमुड्डीले जयापीडलाई पक्रेर अर्मादीको पूर्वपट्टि कालीनदी भन्दा अलि माथि रहेको गिरिदुर्ग अहिलेको गुप्तेश्वर गुफामा बन्दी बनाई राखेका थिए । पछि कश्मिरका मन्त्री देवशर्माले बुद्धिमतापूर्ण तरिकाले उनलाई छुटाएर लगेका थिए । जयापीड जस्तो शक्तिशाली राजालाई कैद गर्न सफल भएको उपलक्ष्यमा यो स्थानको नाम राजाको नाममा अरमुडी राखिएको हुनुमा धेरै सम्भावना छ (श्रेष्ठ, पूर्ववत) । यस किसिमका ऐतिहासिक स्थलहरूका बारेमा अझै थप खोज अनुसन्धान गरी यीनिहरूको व्यापक प्रचार प्रसार गर्न सकेमा कुश्मा नगरपालिकाको पर्यटन विकासमा ठूलो योगदान पुग्न सक्ने देखिन्छ ।

# सन्दर्भसामग्री सूची

केतवि (२०६८), राष्ट्रिय जनगणना वर्ष - २०६८, काठमाडौंः केन्द्रीय तथ्याङ्क विभाग ।
जिविस तथा पविस (२०७०), जिल्ला पर्यटन विकास गुरूयोजना, कुश्माः जिल्ला विकास समिति पर्वत तथा पर्वत विकास समाज काठमाडौं ।
मल्ल, मोहन बहादुर (२०२८), पर्वतको इतिहास, प्राचिन नेपाल पत्रिका ।
मेचीदेखि महाकाली, भाग ३, पश्चिमाञ्चल विकास क्षेत्र (२०३१), काठमाडौंः श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग ।
रेग्मी, हिरालाल र सरोजराज पन्त (२०७४), पर्वत जिल्लाका ऐतिहासिक कोटहरू, कुश्माः जिल्ला समन्वय समिति, पर्वत ।
वानियाँ, चन्द्रप्रकाश (२०६६), विलोकन, स्मारिका, मल्लाज माझफाँटः विद्याज्योती मा.वि., पर्वत ।
शर्मा, लक्ष्मु (२०७४), स्थानीय तह निर्वाचन २०७४ एक झलक, कुश्माः जिल्ला निर्वाचन कार्यालय, पर्वत ।
श्रेष्ठ, टेकबहादुर (२०५९), पर्वत राज्यको ऐतिहासिक रूपरेखा, काठमाण्डौः नेपाल र एशियाली अनुसन्धान केन्द्र ।
वार्षिक प्रतिवेदन, जिल्ला स्वास्थ्य कार्यालय, पर्वत, २०७४ ।
वार्षिक प्रतिवेदन, कृषि विकास कार्यालय, पर्वत, २०७४ ।
वार्षिक प्रतिवेदन, डिभिजन सहकारी कार्यालय, बागलुङ, २०७४ ।
वार्षिक प्रतिवेदन, जिल्ला वाल कल्याण समिति, ०७२/०७३ ।
योजना पुस्तिका, कुश्मा नगर कार्यपालिकाको कार्यालय, पर्वत, २०७४ ।
स्वर्ण महोत्सव स्मारिका, जनता सुदर्शन मा. वि. ठूलीपोखरी, २०७३ ।


पाङ्को बिष्णु नारायण मन्दिर


गायत्री मन्दिर



गोपाङ्ग घाट गुम्बा



नव निर्मित दुर्लुङ्ग कोट



कुश्मा मुडिकुवा झोलुङ्गे पुल



महाबिर मुर्ती



पाङ्ग सिदलीमा पाईने लालिगुराँस



दुर्लुङ्गमा पाइने किवी फल


सेतो झरना



दुर्लुङ्ग गाउँ



कुश्मा मुडिकुवा झोलुङ्गे पुल


आनन्द गुम्बा


ज्ञादि खौला कोट मन्दिर


मोदि खोला